ISSN 2350-8523

# इसीलीम
# ISILIM

(अर्धबार्षिक दुमी किरात राई भाषिक पत्रिका)

*(Half Yearly Dumee Language Magazine)*

२०७७ थो (वर्षा) २२ खीस्सी (अंक) २१-२२ येलो थो ५०८१ चुकुलेयाम्लो (हिउँद ऋतु) Feburary 2021



## महाधिवेशन विशेषाङ्क





खो.जि.प्र.का. द. नं. १२६/०५५

"सानुवा चाम्सो तोइसीक्ती: नु:मुलु लम्सो प्रोइसीक्ती"
(अचेततामा रुमलियौं: सचेततामा अघि सरौं ।)

# दुमी किरात राई फन्सीकीम

केन्द्रीय कार्य समिति

बाक्सिला, खोटाङ (स्थापना : २०५५)

## केन्द्रीय कार्यसमितिको पदाधिकारीहरूको नामावली

| | | |
|---|---|---|
| अध्यक्ष<br>डा. नेत्रमणि राई<br>मो. ९८५१०९०७१२ | उपाध्यक्ष<br>समिर राई<br>मो. ९७४११४६०८३ | उपाध्यक्ष<br>बमबहादुर राई<br>मो. ९८४१४८५७५२ |
| उपाध्यक्ष<br>जानुका राई<br>मो. ९७४१०५३३९५ | महासचिव<br>तेजमाया राई<br>मो. ९८४१४८८६९३ | सचिव<br>कीर्ति कुमार राई<br>मो. ९८४१०७५८८३ |
| सचिव<br>माइतिराज राई<br>मो. ९८६२८१८५६३ | सचिव<br>हेमन्त राई<br>मो. ९८६०८७७२०८ | कोषाध्यक्ष<br>शिव कुमार राई<br>मो. ९७४३०२३७७६ |
| सह-कोषाध्यक्ष<br>अनिता राई<br>मो. ९८४१४८८६९२ | सह-कोषाध्यक्ष<br>सरिता राई<br>मो. ९८६६५४३४१० | सह-कोषाध्यक्ष<br>शुभकुमार राई<br>मो. ९८११७४७२८० |
| सदस्य<br>ऋषिश्वर राई<br>मो. ९९५१२१९२६६ | सदस्य<br>दुर्गाशोभा राई<br>मो. ९८२३५०७९८७१ | सदस्य<br>सन्तोष दुमी<br>मो. ९८४३०६२३४४ |
| सदस्य<br>मातेराज राई<br>मो. ९८५११५२३९६ | सदस्य<br>नविन राई<br>मो. ९८५१०५३७०२ | सदस्य<br>सम्पूर्णा राई<br>मो. |
| सदस्य<br>प्रताप राई<br>मो. ९८६१६१४४७७ | सदस्य<br>दिनेश राई<br>मो. ९८१७७८९८५५ | सदस्य<br>दिवश राई<br>मो. ९८१७७८९८५२ |

# इसीलीम ISILIM

अर्धबार्षिक दुमी किरात राई भाषिक पत्रिका

वर्ष २२ अंक २१-२२ २०७७
जि.प्र.का. दर्ता नं. ४५/०५६, काठमाण्डौ

**सल्लाहकार :**
सह-प्रा. चतुरभक्त दुमी राई
पूर्व सांसद श्री टंक दुमी राई
क्या. श्री पर्ज बहादुर दुमी राई
डा. नेत्रमणि दुमी राई

**सम्पादक :**
तेजमाया दुमी राई
कीर्ति कुमार दुमी राई
सुरेश दुमी राई
अर्पणा दुमी राई

**सह-सम्पादक :**
मेनु दुमी राई
गिनिता दुमी राई

**प्रकाशक:**
दुमी किरात राई फन्सीकीम

**कम्प्यूटर डिजाइन/मुद्रण :**
सर्वदा प्रिन्टिङ सोलुसन प्रा.लि.
ज्वागल-१०, ललितपुर
मो. ९८५११९८५७६

**पत्राचार ठेगाना**
इसीलीम दुमी किरात राई भाषिक पत्रिका
पो. ब. नं.: २०२११, काठमाण्डौ
फोन नं.: ०१-४९१५०७२
Email: dumiradu.055@gmail.com
Web: www.dumikiratraifansikim.org.np

**मूल्य:** ने.रु. १७५/-, भारु. १५०/-, H.K. $ 30, सिंगापुर/ब्रुनाई $ 10, U.K. 5, US $ 7

## विषयसूची

### (क) मूल खण्ड

| क्र.स. | लेख/शीर्षक/लेखक | पृष्ठ नं. |
|---|---|---|
| १. | दुकिराफः उत्भव .../चतुरभक्त सत्म दुमी राई | १ |
| २. | खक्चीलीपुको कथा/जगत बहादुर सरचु दुमी राई | ३१ |
| ३. | सन्दर्भः व्यक्ति/व्यक्तित्व/सन्तोष दुमी | ३४ |
| ४. | Hope/Shrishti Dumi Rai | ३७ |
| ५. | किरात माड्खीमको... सचेन दुमी राई | ३८ |
| ६. | म र मेरो दुमी वंशप्रतिको...मेनु सत्म राई | ४२ |
| ७. | अमरलता र किरात... सुमन दीम्मचु दुमी राई | ४९ |
| ८. | साल्दाइलाई चिठी... हेमन्त खबचु दुमी राई | ५२ |
| ९. | आत्मकथा/सन्तोष दुमी | ५३ |
| १०. | तीनचुला/दुर्गाबहादुर मुरह दुमी राई | ५४ |
| ११. | मेरो पहिचान/विजया सत्म दुमी राई | ५५ |
| १२. | चुलो/सहजित दुमी राई | ५७ |
| १३. | यस्तै छ संस्कृति.../निलप्रसाद रदु राईचु | ५८ |
| १४. | यो मेरो विछोडको.../डम्बर ब. हलक्सु दुमी राई | ५९ |
| १५. | उद्यान/युबराज दुमी रदु "छिद्र" | ६० |
| १६. | प्रिय/ ई. उत्सव खवचु दुमी राई | ६१ |
| १७. | Unimagined.../Sophi Dumi Rai | ६२ |
| १८. | ऊ/रेनु राई | ६३ |
| १९. | Glimpse from.../Neehangma Halaksu | ६४ |
| २०. | कठै ती नारी योद्धा/बिनु दुमी राई | ६५ |
| २१. | बुवा/सुशान्त हलक्सु | ६५ |
| २२. | गजल/सजुन दुमी राई | ६६ |
| २३. | समय/संयोग हलक्सु दुमी राई | ६६ |
| २४. | इसीलीम समृद्धि कोष | ६८ |
| २५. | दुमी वंश कोष | ७५ |
| २६. | दुकिरा छैंठौ महाधिवेशन आर्थिक सहयोगदाताहरू | ७६ |
| २७. | दुकिरा आर्थिक प्रतिवेदन | ८६ |
| २८. | पहिलो वार्षिक प्रतिवेदन/दुकीराफ | १३२ |
| २९. | दुमी संस्था 'दुकिराफ' .../डा. नेत्रमणि राई | १३७ |
| ३०. | इसीलीमपो तुम (सम्पादकीय) | १४६ |
| **(ख) सुलाम खण्ड** | | ९०-१०१ |
| **(ग) साप्तेल खण्ड** | | १०३-१२७ |

### आवरण तस्विरहरू

दुमी बसोबास क्षेत्रबाट उत्तरतर्फको दृष्यको साथमा २०७६ साल कार्तिक २, ३ र ४ गते खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. १२ जालपामा सम्पन्न दुकिराफ छैंठौ महाधिवेशनका झलकहरू ।

## दुमी किरात राई (थर) अन्तर्गतका ७ सामे, २१ पाछाहरू

| क्र.सं. | पाछा | इसीलीम अंक | सामे (सामेत) | | सामे संख्या | बलम्देल् |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| १. | हलक्सु | ४ | दीक्पा | दीक्मा | १ | लड्खु, सप्तेश्वर |
| २. | हजुर | १२ | | | | |
| ३. | वालक्पा | ५ | | | | |
| ४. | खारुबु | ७ | | | | |
| ५. | खवचु | ७ | छछुपु | छेकुमा | २ | भुताप्सु पहरा, दारेगौडा र चिउरीखर्क बीच भाग |
| ६. | रीप्लचु | ९ | | | | |
| ७. | जीपुचु | १२ | | | | |
| ८. | राईचु | १२ | | | | |
| ९. | तुरचु | १२ | | | | |
| १०. | छाचुङ | ८ | | | | |
| ११. | वालक्पु | १३ | बुसुरु | युयुमा | ३ | साइखा नेउखा |
| १२. | हरसी | ११ | | | | |
| १३. | सरचु | १३ | | | | |
| १४. | दीम्मचु | ७ | | | | |
| १५. | हम्रुचु | ११ | | | | |
| १६. | रंकासु | ३ | छछपा | छेकामा | ४ | साम्फेलु (चिलिम ढुंगा) |
| १७. | रत्कु | ४ | | | | |
| १८. | हदी | ४ | | | | |
| १९. | सत्म | ४ | ब्राक्सुपा | ब्राक्सुमा | ५ | लीक्पादेल् |
| २०. | लुप्पो | ६ | धीक्मी | धीखामा | ६ | नक्ती |
| २१. | मुरह | ४ | बसपा | बसमा | ७ | तुल्सीडटार |

*स्रोतः इसीलीम, अंक-१ (२०५६), अंक-९ (२०६३)*



## 'सत्य बाहेक असत्य कुराहरूलाई समयको हुरीले उडाएर लैजाने छ ।'
## दुमी किरात राई फन्सीकीम : उत्भव, कार्य सम्पन्नता र चुनौतीहरू



-चतुरभक्त राई
*दुकिराफ पूर्व अध्यक्ष तथा संरक्षक*

### १. भूमिका

किरात राईहरूको २८/२९ वटा भाषिक समुदायहरूमध्ये दुमी एक हो । दुमीहरूको एकमात्र साझा गौरवशाली भाषिक, सांस्कृतिक संस्था दुमी किरात राई फन्सीकीम हो । दुमीहरूको भाषा, संस्कार, संस्कृति, इतिहास र वंशावलीको संरक्षण र संवर्द्धन २०४३ सालतिरै शुरु भएको हो । फन्सीकीमको औपचारिक स्थापना २०५० सालमा र बैधानिक स्थापना २०५५ सालमा गरिएको हो । यसले विगतदेखि जे कार्य गर्दै आयो दुमीहरूको भाषा संस्कार संस्कृतिकै लागि गरिआएको छ । सबैसँग हातेमालो गर्दै काम गर्नु पर्ने अवस्था भएकाले सजिलो अवश्य थिएन तैपनि फन्सीकीम दुमीकै हितको लागि दुइदशक बढी समर्पित रह्यो । विगतभन्दा वर्तमान र भविष्यमा गर्नु पर्ने अनेकौं कार्यहरू तपाई हाम्रो काँधमा आएको छ यसलाई चुनौतीको रूपमा लिदै संसारभरी छरिएर रहेका दुमीहरूलाई एकसुत्रमा आवद्ध गरी आफ्नो मौलिक पहिचानलाई स्थापित गर्दै सबै एक भएर लड्नुको विकल्प छैन । त्यो साझा थलो भनेकै दुमी किरात राई फन्सीकीम हो ।

### २. लेखको उद्देश्य

१. दुमी किरात राई फन्सीकीमको उद्भवबारे प्रकाश पार्नु
२. फन्सीकीमले अहिलेसम्म गरेका उपलब्धिहरूलाई प्रकाश पार्नु
३. फन्सीकीमको चुनौतीबारे प्रकाश पार्नु

### ३. दुमी किरात राई फन्सीकीम : संस्थाको रूपमा उत्भव

सङ्गठनका सदस्यहरू जव भावनात्मक एकतामा समर्पित हुन्छन् तव संस्थाको जन्म हुन्छ । तसर्थ सङ्गठन र संस्था एउटै होइन । बरु संस्थाको पहिलो खुड्किलो चाहीं संगठन हो । तसर्थ फन्सीकीम सरकारी निकायमा दर्ता हुन अघि यो संगठन मात्र थियो भने २०५५ मा प्रजिअको कार्यालय खोटाङमा दर्ता भएपछि यसले संस्थाको रूप धारण गरेको हो । संस्थाको निर्माण समाज परिवर्तनको उद्देश्यले गरिने भएकाले दुमी किरात राई फन्सीकीम पनि दुमीहरूको भाषा, धर्म, संस्कार संस्कृति वंशावली संरक्षण संवर्द्धनका लागि स्थापित गरिएको संस्था हो ।

फन्सीकीमको निर्माण एउटा युगको सन्देश थियो र आज पनि त्यही रूपमा अस्तित्वमा रहेको छ । यसर्थ समय, विचार, आवश्यकता, सिद्धान्त र मानवीय इच्छाको द्वन्दात्मक संघर्षको उपज नै दुमी किरात राई फन्सीकीम हो । यो सामाजिक, धार्मिक, सांस्कृतिक, भाषिक, इतिहास वंशावलीको संरक्षण गर्ने संस्था भएकाले यो सामान्य क्लवहरू, वाचलनालयहरू भन्दा माथि उठेको बौद्धिक अभ्यास गर्ने एक केन्द्रीय थलो पनि हो ।

### ४. संस्थाको संवैधानिक तथा कानूनी आधार

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १८ र १९ द्वारा प्रद्धत्त धर्म तथा संस्कृति सम्बन्धी हकको उपयोग गरी नेपालको संस्था दर्ता ऐन, २०३४ को दफा २ को उपदफा 'क' अनुसार २०५५ साल असोज ३० गते जिल्ला प्रशासन कार्यालय खोटाङ दिक्तेलमा दर्ता गरिएको हो । यसको दर्ता नं

१२६/०५५ हो (परिशिष्ट-१)। फन्सीकीम विशुद्ध सेवामूलक संस्था हो। यसले अन्य सङ्घ संस्थाहरूसँग मिलेर जातीय उत्थानको कार्य र राज्यकोसमेत उपरोक्त हितसँग सम्बद्ध कार्यमा एकाकार भएर कार्य गर्न सक्नेछ।

**५. दुमी किरात राई फन्सीकीम स्थापनाको पृष्ठभूमि**

दुमी किरात राई फन्सीकीम आज जुन रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा संस्थाको रूपमा कार्यरत रहेको छ त्यसको स्थापनाको आफ्नै पृष्ठभूमि रहेको छ। फन्सीकीम भाषिक एवं जातीय उत्थानसँग जोडिएको संस्था हो जो राजनीतिक चेतना र जागरणको आन्दोलनसँग पनि यसको सरोकार रहेको छ। यसको स्थापनाका केही पृष्ठभूमिहरूलाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिनेछ।

**५.१. माझकिरातमा उठेका राजनीतिक आन्दोलनहरू**

माझकिरातमा विशेषत २००७ सालमा नारदमुनि थुलुङ, रामप्रसाद राईहरूले राणाहरूको विरुद्ध उठाएको राजनीतिक आन्दोलन जसले भोजपुर र खोटाङ्लाई निकै प्रभाव पारेको थियो। खोटाङमा त्यसबेला मुगाधन राई, गजुरमान राईहरूले नेतृत्व समालेका थिए। वि.सं २०१८ सालमा खोटाङमा सर्वधन राईहरूले पञ्चायत विरुद्धमा गरेका आन्दोलनले माझकिरातभरी नै जनचेतनाको लहर स्थापित गरेको थियो। सातसालको क्रान्तिमा धेरै दुमी व्यक्तित्वहरूले भाग लिएका थिए। अठार सालमा खोटाङको उत्तरी क्षेत्रमा पञ्चायत विरुद्धमा भएका आन्दोलनका स्थलहरू बास्पानी, साल्पा, माक्पा, ऐसेलुखर्क जस्ता ठाउँहरू संवेदनशील अवस्थामा थिए। त्यसबेला बाह्य आवाज उठाउन नसके तापनि भित्री रूपमा राजनीतिक रङ्ग जनमानसमा उठीसकेको थियो।

**५.२. नागरिक अधिकारको खोजीमा काठमाडौंमा द्यौसी भैलो र साकेला सिली प्रदर्शनको कार्यक्रम**

वि.सं २०३४ तिर काठमाडौंमा खोटाङका अग्रज युवाहरू हिमाली क्लब गठन गरी द्यौसी भैलोको माध्यमबाट जनचेतना जगाउने कार्यक्रमहरू गर्दथे। त्यसबाट प्रभावित भएर खोटाङका उत्तरीक्षेत्रका हामी केही युवाहरूले पनि जनहित संगठन नामको क्लब स्थापना गरी साँगीतीक अभ्यास गर्ने, रसिद काट्ने कार्य थाल्नी गरिएको थियो। तर यी सबै पञ्चायतको आशय विरुद्ध हुने अवस्था रहेकाले संगठनले गति लिन सकेन।

**५.३. २०३६ को विद्यार्थी आन्दोलन र जनमत संग्रह २०३७**

वि.सं २०३६ सालमा पाकिस्तानमा पूर्व प्रधानमन्त्री जुलफिकर अलिभुट्टोलाई सैन्य सरकारले फाँसी दिएपछि काठमाडौंका विद्यार्थीहरू पाकिस्तानी राजदुतावासमा विरोधपत्र दिन जाँदा पञ्चायत सरकारले गरेको हिंसात्मक दमनको परिणामले २०३७ सालमा पञ्चायत कि बहुदल विषयक जनमत संग्रह गर्नु परेको थियो। त्यसबेला नेपालको भूमिगत पार्टीको अवस्था अलि खकुलो भएकाले राजनीतिक जागरण ल्याएको थियो।

जनमत सङ्ग्रमा बहुदल पक्षको हार भएपनि त्यो सेरोफेरोले जनतामा ल्याएको जातीय जागरणले एउटा स्वरूप ग्रहण गर्न लागेको थियो। त्यसबेला द्यौसी भैलोको माध्यमबाट गीत, कविता, सङ्गीतको अभ्यास गरी राजनीतिक स्वतन्त्रताको अभ्यास गर्दथे। किरात राईहरूको समुदायमा सांस्कृतिक चाडको रूपमा शहरीक्षेत्रमा साकेला नाचेर स्वतन्त्रताको अभ्यास गर्दथे। यसले सुनसरी धरान लगायत काठमाडौंमा विशेषत त्रि वि होस्टल कीर्तिपुरका विद्यार्थीहरूमा प्रभाव पार्दै आएको थियो।

तर यत्तिखेर नेपालमा कम्युनिष्ट राजनीति गर्नेले संस्कृतिसँग सम्बन्धित संसारिक मायाप्रेमका गीतहरू गाउन हुँदैन यसले प्रतिकृयावादीहरूको पृष्ठापोषण गर्छ भन्ने जडसुत्रवादी शोचले घर गरेको थियो। तर यो चिन्तन लामो समयसम्म जीवीत रहन सकेन। यसै क्रममा २०३८ सालमा शंकरदेव क्याम्पस काठमाडौंमा पहिलोपटक सार्वजनिक रूपमा साकेला नाचेर राईहरूले सांस्कृतिक अधिकारको प्रदर्शन गरेका थिए। नेवारहरूले पनि नेपाल संवतलाई लिएर भिन्तुना महोत्सव गर्न थालेका थिए। जातीय अभियानको रूपमा उठेको मगुराली (मगर, गुरुङ, राई, लिम्बु) संगठन (गुरुङ, २००४: १४०) र पछि शेतामगुरालीको रूपमा संगठित संगठनहरू जनजातिहरूको राजनीतिक चेतना अभिवृद्धि गर्ने अभियानको स्रोत पनि बन्न गयो। यो कार्य बाह्य रूपमा सांस्कृतिक अभियान भए पनि भित्रीरूपमा राजनीतिक थियो।

**५.४. किरात राईहरूको प्रकाशन : कोड्पी, पारुहाङ र छहरा**

किरात राईहरूको समुदायमा घल राईद्वारा २०३६-०३८ सालतिर प्रकाशित गरिदै आएको 'कोड्पी' (कलिया), टङ्क राईद्वारा प्रकाशित 'पारुहाङ' पत्रिका र गोपाल राईको पत्रिका 'छहरा' ले किरात जागरणमा एउटा आयाम थपेको थियो। यसले संस्कार संस्कृति, किरात लिपी संरक्षण र थोरबहुत राजनीतिक शिक्षालाई पनि जग हालेको थियो।

**५.५. दुमी किरात राईहरूको अध्ययनमा विदेशी विद्वानहरूको आगमन**

सन १७९३ देखि नै इष्ट इण्डिया कम्पनी हुँदै पश्चिमा विद्वानहरू नेपाल आउन थालेका थिए। यसै क्रमम कर्नेल कर्क्प्याट्रिक पहिलो चोटि नेपाल आएको देखिन्छ। तर दुमी भाषाको विषयमा कुरा उठाउने पहिलो पश्चिमी विद्वान ब्राइन हड्सन हुन्, जो ब्रिटिश रेजिडेण्ट भई नेपाल आएका थिए। ब्राइनले १८५७ मा लेखेको हिमालयन भाषासम्बन्धी लेखको अध्ययनबाट दुमीभाषाको जानकारी भएको कुरा जर्ज भन्द्रीमले उनका पुस्तक 'अ ग्रामर अफ दुमी' मा व्यक्त गरेका छन्। (भन्द्रीम : ८)। जर्ज भन्द्रीम १९८६ (२०४३) मा दुमी भाषाको अध्ययन गर्न बाक्सिला आएका थिए।

भन्द्रीमभन्दा अघि २०३६ सालतिर स्वीस विश्वविद्यालयबाट माइकल अपिज पनि दुमी किरात राईहरूको अध्ययनको लागि प्रारम्भिक सर्वेक्षण गर्न खोटाङ बाक्सिला आइपुगेका थिए तर उनलाई गाइड गर्ने र प्रेरित गर्ने मानिस नभएकाले पछि उनको अध्ययन पश्चिमी मगरहरूको अध्ययनमा केन्द्रित भयो। पछिल्लो समयमा उनी २०६६ सालमा पुन : धामीशास्त्र (शामानिजम) को अध्ययन गर्न नेशनल म्युजियम कोरियाका अन्वेषक प्रा. डा. यङजङसनको टिमसँग बाक्सिला आएका थिए।

त्यस्तै २०३८ तिर जर्मन विश्वविद्यालयबाट मार्टिन ग्याञ्जले पनि दुमी राईहरूको अध्ययनका लागि सर्भे गर्न आएका थिए तर यथेष्ट तथ्याङ्क प्राप्त हुने स्थिति नरहेपछि उनको पनि अध्ययन अन्तिममा संखुवासभाको लोहरूङ राईहरूमा केन्द्रित रह्यो।

**५.६. दुमी भाषाको शब्दकोश बनाउने सल्लाह प्रारम्भ, २०४२ सालतिर**

म आफू २०४१ सालताका दिक्तेल क्याम्पसमा पढाउने काम गर्थें। खोटाङको जिल्ला शिक्षा कार्यालय दिक्तेलमा रहेकाले प्रायः हेडमास्टरहरू हरेक महिनामा दिक्तेल आइरहनु पर्थ्यो। यसै सन्दर्भमा माक्पा नोरङगाउँका घरायसी नाताले दाइ पर्ने भानु प्रा.वि लेवाका प्रधानाध्यापक जगत हलक्सु दीक्पा दुमीराईसँग दिक्तेलमा अचानक भेट भयो। त्यही भेटमा दुमीभाषा कसरी सिक्ने भन्ने प्रसङ्ग उठ्यो। कुरै कुरामा दुमीको शब्दकोश बनाउँ भन्ने सल्लाह भयो। केही समयपछि जालपा मा वि का शिक्षक प्रतिमान राईसँग पनि दिक्तेलमा नै भेट भयो त्यसबेला मैले जगतजीसँग भएको कुरा सबै सुनाएँ। उहाँ बढो सकारात्मक हुनु भयो। त्यसैले दिक्तेलको भेटघाट टाढा हुन्छ त्यसैले दशैंको विदा शुरु भएपछि हाम्रै भेकतिर अरुलाई पनि बोलाई बैठक गर्नु पर्छ भन्ने कुरा आयो। सोही अनुसार २०४३ सालको दशैं अगाडि रावाखोला र तापखोला फेदीमा बैठक बस्ने

सल्लाह भयो ।

**५.७. रावाखोला, तापखोला दोभान फेदीको भेला, २०४३**

माथि भनिएझैं २०४३ साल असोजको दशैं विदा शुरुभएपछि नोरङका जगत हलक्सु, जालपाका प्रतिमान र टंक राई, मालदेलका रामकुमार राइचु राई र चिउरीखर्कका नरभक्त सत्म राई र म स्वयं रावाखोला र तापखोला दोभान फेदीमा एउटा बैठक बसियो । हाम्रो भेलाले शब्दकोशको लागि शब्द संकलन गर्ने र दुमी जागरण र प्रचारका लागि एक पत्रिका निकाल्ने सल्लाह गरी हामी छुट्यौं ।

**५.८. दिक्तेल बैठक, २०४३**

जगत राई र प्रतिमान राई शिक्षा कार्यालय दिक्तेल आउनु भएको मौका पारेर पुनः २०४३ साल पौष ९ गते दिक्तेलको रत्नपार्कमा मैरे कोठामा हाम्रो तीनैजनाको संयुक्त भेलाले नेपाली बृहत शब्दकोशको आधारमा शब्दकोश बनाउने सल्लाह भई सोही दिन रू. १३७।५० (सय सैतीस रूपैया पचासपैसा) को मसलन्द (फुलस्केप, कार्बन र डटपेन, भीमजोशीको दोकान) बाट खरिद गरी कामको शुरुवात गरियो **(हेर्नुहोस् बिल समावेश परिशिष्ट-१)।**

यस कार्यमा केही पछि नोरङबाट ईश्वरमान हलक्सु राई र वीरुमान थुलुङ राई (रिब्दुङ, ढोडेनी), बाक्सिलाबाट जयप्रसाद हदी राईसमेत आवद्ध रहनु भयो । उहाँहरू दुवैजना दिक्तेल क्याम्पसका विद्यार्थी भएकाले मलाई भेटघाटको कार्य पनि सजिलो भएको थियो । यसबेला दिन, बार, महिना, गन्ती, सांस्कृतिक रुखविरुवाहरूको नाम, दिशा जनाउने नामहरू संकलन भएका थिए। दुमी वंशावलीको खोज गर्ने कार्य थालनी हुँदा सामे, पाछाहरूसमेत संकलन हुन थाल्यो । उक्त कार्यमा धनरूप राई, भीमलसिंह राई र नक्सो टेकबहादुर मुरह राई, मौलीधन रङकासु राईहरूको सहयोग रहेको थियो । त्यतिखेरदेखिको सामे र पाछाको संकलनले वंशावलीको निर्माणमा गोरेटो खन्ने काम गऱ्यो ।

**५.९. भाषाशास्त्री जर्ज भान्द्रिमसँग भेटघाट, २०४३**

वि सं २०४३ को भाद्रतिर लेडेन युनिभर्सिटी हल्याण्डका भाषा अनुसन्धानशास्त्री जर्ज भन्द्रिम तिलुङ राईको अध्ययन गर्न खोटाङ दिक्तेल आएका थिए । त्यहीबेला दिक्तेलबजारमा उनीसँग मेरो अपूर्व भेट हुन गयो । उनी तिलुङ राईको खोजिमा थिए तर तीनचार दिनसम्मको खोजीमा पनि कुनै जानकारी प्राप्त नभएपछि उनी परियोजना परित्यागगरी काठमाडौं नै फर्किने शुरसार गर्न लागे । यही समयमा मैले दुमी राईको भाषा अध्ययन गर्ने दिशातर्फ उनको ध्यान आकृष्ट गर्न थालें । जवाफमा उनले दुमीको क्षेत्रगत अध्ययन नगरी निर्णय नलिने कुरा स्पष्ट त राखे ।

त्यसपछि क्षेत्रगत अध्ययनका लागि भनी हामी दुइजना जालपा, चिउरीखर्क हुँदै बाक्सिला हालकुम लप्टन भीमलसिंह राईकोमा ठोक्किन पुग्यौं । भन्द्रीमले भीमलसिंहको हाउभाउ र प्रस्तुतीलाई निकै गहिरिएर एकरात अध्ययन गरे । त्यसपछि भोलीपल्ट लेडेन युनिभर्सिटीले दुमी भाषाको अध्ययन गर्न प्रोजेक्ट अवश्य स्वीकृति देला भन्ने आशा छ भन्दै बाक्सिला बजारमा एउटा कालो छाता किनेर उनी लामीडाँडातिर लागे । म दिक्तेलतिर लागें ।

एउटा संयोग नै मान्नु पर्छ भन्द्रीमलाई लेडेन युनिभर्सिटीले दुमीभाषाको अध्ययन गर्ने परियोजना स्वीकृत गरेछ । त्यसपछि बाक्सिलामा भीमलसिंह मुरहको घरमा लगभग ६ महिना बसेर दुमी भाषाको अध्ययन गरे । त्यसपछि **'अ ग्रामर अफ दुमी'** शीर्षकमा एक पुस्तक प्रकाशन गरे । यो पुस्तकको प्रकाशन अघि र पछि मलाई दुइटा पत्र लेखेका थिए । नेपाली हस्तलिपिमा लेखिएको पत्रको व्यहोरा पछिल्लो अंकहरूमा दिइने वाचा गर्दछु । **स्मरण रहोस दुमी भाषामा आधारित भएर अङग्रेजीमा लेखिएको यो पहिलो पुस्तक हो जसमा मुद्दुम तथा संस्कृति पक्षलाई समेत समेटिएको छ ।**

**५.१०. किरात राई सांस्कृतिक तदर्थ समिति, २०४५ को प्रभाव**

पञ्चायतको उत्तरार्धतिर लिम्बु, याक्खा, सुनुवार, शेर्पा आदिको जातीय संस्थाको बिजारोपण हुने क्रममा २०४५ साल श्रावण २२ गते काठमाडौंमा बमबहादुर राईहरूले किरात राइ सास्कृतिक तदर्थ समिति स्थापना गरी राईहरूलाई जागरणमा ल्याउने प्रयत्न गरेका थिए । उक्त कुरा म दिक्तेलबाट काठमाडौं आएको समयमा त्यही कमिटीका एकजना साथीले रामशाहापथको हिडाइमा कुरा राख्दै कमिटीमा उतातिरको (खोटाङ जिल्ला) प्रतिनिधि बसीदिनु पऱ्यो भनेका थिए । मैले हुन्छ पनि भनेका थिएँ तर त्यसपछि के भयो थाहा भएन । तर मलाई त्यसको एउटा छाप बसेको थियो ।

**५.११. पञ्चायत विरुद्धको आन्दोलन र आदिवासी जनजातिहरूको जागरण**

आदिवासीहरूमा गोपाल गुरुङको 'नेपाली राजनीतिमा अदेखा सच्चाई' शीर्षक कृतिले मङ्गोलहरू राजनीतिक प्रशासनिक सत्ताबाट विमुख भएको चित्र प्रस्तुत गर्दथ्यो । त्यस्तै मङ्गोल न्यासनल अर्गनाइजेसनको गठन, जनताको पञ्चायत विरुद्धको संयुक्त जनआन्दोलन, २०४६ ले पञ्चायत ढलेपछि नेपालमा किरात राईहरूलाई भाषिक संरक्षण, संवर्द्धन र विकासको लागि जातीय एकता गर्नमा एउटा मार्ग प्रशस्त गऱ्यो ।

**५.१२. किरात राई यायोक्खाको गठन, २०४७ को प्रभाव**

किरात राई सांस्कृतिक तदर्थ समिति गठन भएको लगभग ३ वर्षमा २०४७ भाद्र २२ र २३ ' किरात राई यायोक्खा' नामक संस्थाको गठन हुन पुग्यो । यसले किरात राईहरूको समुदायमा निकै ठूलो आशाको किरण पैदा गऱ्यो । संविधानत त्यसबेला नेपाल अधिराज्यको संविधान २०४७ धारा ६ ले पहिलो पटक नेपालमा बोलिने सबै मातृभाषाहरू नेपालका राष्ट्रिय भाषा हुन भन्ने मान्यता प्रदान गरेको थियो । मातृभाषीहरूको लागि यो एउटा ऐतिहासिक उपलब्धि थियो ।

**५.१३. दुमीहरूको बृहत बाक्सिला भेला : २०५० र दुमी किरात राई फन्सीकीम चुबल तदर्थ समितिको गठन**

केन्द्रमा किरात राई यायोक्खा स्थापना भए पनि त्यहाँबाट सबै भाषा संस्कृतिको उत्थानमा भूमिका खेल्न सक्ने स्थिति थिएन । त्यसैले दुमीको आफ्नै भाषा, संस्कृति र इतिहास संरक्षणको लागि एउटा संस्था नै खडा गर्नु पर्छ भन्ने शोचको कारण २०५० साल कार्तिक २३ गते सोमवारका दिन खोटाङ बाक्सिलामा खार्मी, जाल्पा, बाक्सिला, सप्तेश्वर र माक्पाको दुमी राईहरूको पुग नपुग ५२ जनाको भेला सम्पन्न भयो । त्यस भेलामा युके प्रतिनिधि जगतबहादुर हदी राई र तत्काल जनमुक्ति पार्टीका सक्रीय नेता गोपाल किरातीकोसमेत उपस्थिति रहेको थियो ।

उक्त भेलामा भएका रोचक क्षणहरूमा भीमलसिंह मुरह र जनक राइचुराई जस्ता पुर्खाहरूको वीचमा नौलो चिनजान र ढोगभेट भई आफ्नै दुमी भाषामा संवाद गरेको पाउँदा उपस्थित जनहरूमा खुसीको लहर छाएको थियो । पुर्खाहरूलाई संस्थाको नाम राख्न संगठन, भेट्ने ठाउँ वा केन्द्रलाई दुमी भाषामा रूपान्तरण गर्न अनुरोध गरियो । त्यसमा रावाखोला वारीका पुर्खाहरू- भीमलसिंह मुरह, जनक राइचु र धनरूप सत्म राईहरूले "फन्सीकीम" नामक शब्द चयन गरे । फन्सीकीम शब्दप्रति माक्पाली प्रतिनिधिहरू तीर्थबहादुर वालक्पा, धनबहादुर वलक्पाहरूले "फन्सीकीम भनेको माक्पातिर छुट्नु भन्ने अर्थ हुन्छ, हामी चाहीं थुन्सिकिम भन्छौं" भन्ने तर्क राखे ।

त्यसबेला धनरूप राईले भने -"नभेटीकन छुटिने कुरा नहुने भएकाले फन्सीकीमलाई भेट्ने अर्थमा लिनु मनासिव हुन्छ ।"

यस भनाइप्रति कुनै प्रतिकृया केही नआएकाले फन्सीकीममा सहमति भयो । त्यसपछि केन्द्रलाई दुमी भाषामा रूपान्तरण गर्न लगाइयो ।

यताका पुर्खाहरूले केन्द्रलाई चुब (मुदु) भन्ने अर्थ दिए उता माक्पातिरकाले भेट्ने ठाउँलाई चुबल भन्नु पर्छ भन्ने तर्क आयो । यसबारे कतैबाट प्रतिकृया नआएकाले "दुमी राई फन्सीकीम चुवल" भन्ने नाम राखियो ।

उक्त नामप्रति डुङडुङका तेजबहादुर राईले किरात राई यायोक्खा भनेजस्तै हामीले पनि "किराती शब्द छोड्नु हुँदैन" भन्ने तर्क राखेपछि "दुमी किरात राई फन्सीकीम चुबल" भन्ने नाम राखियो । यही नामलाई इन्द्रसिंह सत्म राईले निर्णयमा लिखितबद्ध गरेका थिए ।

संगठनको नाम जुरेपछि त्यसको कार्यकारिणी समिति बनाउनु पर्ने भएकाले यही भेलाले चतुरभक्त राईको संयोजकत्वमा १० सदस्यीय समिति र सल्लाहकारहरू भएको निम्नानुसार तदर्थ समिति गठन गरेको थियो ।

**दुमी किरात राई फन्सीकीम चुबल तदर्थ समिति २०५० कार्तिक २३ गते सोमबार गठित सल्लाकारसहित १७ सदस्यीय समिति (स्थान : बाक्सिला)**

१. अध्यक्ष : चतुरभक्त सत्म राई, सप्तेश्वर चिउरीखर्क
२. उपाध्यक्ष : बलराम सरचु राई, खार्मी
३. सचिव : नन्दप्रसाद लुप्पो राई, बाक्सिला सिम्पानी
४. सह सचिव : दिपेन्द्र दिम्मचु राई, बाक्सिला चोखुम
५. कोषाध्यक्ष : तेजबहादुर सत्म राई, सप्तेश्वर डुङडुङ
६. सदस्य : धनकुमार दिम्मचु राई, बाक्सिला, चोखुम,
७. " : तीर्थबहादुर हजुर राई, माक्पा बेब्ला
८. " : धनबहादुर हजुर राई, माक्पा इलिम
९. " : विकास हम्मुचु राई, जाल्पा, ससर्का
१०. " : जनक राइचु राई, जाल्पा, ससर्का

**सल्लाहकारहरू**

१.: धनरूप सत्म राई, सप्तेश्वर, चिउरीखर्क,
२. भीमलसिंह मुरह राई, बाक्सिला, हाल्कुम,
३. अलेखबहादुर थुलुङ राई, खार्मी, कुम्देल,
४. मौलिधन रङ्कासु राई, बाक्सिला, सिम्पानी

**संझनामा रहेसम्म, अन्य उपस्थिति दुमीजन-**

१. गोपाल खम्बु राई, जनमुक्ति पार्टी, २. जगतबहादुर हदी राई, युके, ३. कृष्णध्वज रङकासु राई, सिम्पानी, ४. इन्द्रसिंह सत्म राई, चप्लेटी, ५. खगेन्द्र हलक्सु राई, माक्पा लेवा, ६. गणेशभक्त सत्म राई, चिउरीखक, ७. सिद्धिबहादुर लुप्पो राई, चिउरीखर्क, ८. ढाकमसेर सत्म राई, चिउरीखर्क ,९. गोकुलमान राईचु राई, मालदेल, १०. लखबहादुर राई आदि ।

**५.१४. दुमी किरात राई फन्सीकीम दर्ताको कानूनी प्रकृया**

तदर्थ समिति गठन भए पनि त्यसलाई क्रियाशील बनाउन कठिन भइरहेको थियो । म आफू पनि पेशाले गर्दा भोजपुर क्याम्पस पुगेको थिएँ । तत्काल संस्थालाई यथासक्य चाडैं प्रजिअ कार्यालय दिक्तेलमा दर्ता गनुपर्ने विषयमा पूर्व सांसद टंक राईको विशेष सल्लाह आइरहन्थ्यो । मेरो काँधमा त्यसबेला फन्सीकीमलाई संस्थाको रूपमा दर्ता गरी प्रथम महाधिवेशन सम्पन्न गराउनु पर्ने जिम्मेवारी थियो । तसर्थ संस्था दर्ताको लागि विधान तयारगरी पुषको विदामा बाक्सिला आई सचिव नन्दप्रसाद राईलाई कमेण्टको लागि दिएकोमा उनी काठमाडौंतिर लागेकाले सो ड्राफ्ट उता उतै अलमलिएर हरायो । यसले गर्दा संस्था दर्ताको कार्य नौ महिना पर टाँगिन पुग्यो ।

काम खट्टै भएकाले पुरानो खेस्रो कागजबाट पुनः विधान तयारगरी २०५५ साल असोज बुधवारका दिन पृथ्वी मा वि को चउरमा भेलाभई तेजबहादुर राई, दीपेन्द्र राई इन्द्रसिं राई, दानबहादुर राई, तीर्थबहादुर वालक्पा राई, धनरूप सत्मराई आदिसँग दफावार छलफल गरी विधाँन तयार गरियो । तत्काल संस्थाको नाम छरितो बनाउन चुबल झिकियो र दुमी किरात राई फन्सीकीम मात्र भनियो । यही प्रकृयाले दुमी किरात राई फन्सीकीमको विधान तयार भयो ।

त्यसपछि तत्काल सचिवको अनुपस्थितिमा उपसचिव दिपेन्द्र राईको सहयोगमा संस्था दर्ताको लागि समितिका सदस्यहरूको नागरिकता र फोटोहरू संकलन गरियो । त्यही डकुमेण्ट लिएर म प्रमुख जिल्ला अधिकारीको कार्यालय दिक्तेल पुगें । तर संयोगवश उनी दशैं विदा हुन अगाडि नै काठमाडौं लागीसकेका रहेछन् । त्यसैले काम नहुने बुझी रित्तो हात फर्कनु पऱ्यो ।

दशैंपछि पुनः दिपेन्द्रजीसँग दिक्तेल गइयो । नयाँ प्रजिअ रामेश्वर प्रसाद घिमिरे नामका आएका रहेछन् । उनी एकाविहानै मुखमा रुमाल बाँधेर छद्मभेषमा एकजना प्रहरीसँग दिक्तेलबजार घुमघाम गरेको देखियो । यसपालीको सि डि यो कडा छ भन्ने सुनियो । जे त पर्ला भनी निवेदन दर्ता गरियो तर सञ्चालक समितिका सदस्यहरूको प्रहरी प्रतिवेदन नबुझि दर्ताको प्रकृया अगाडि नबढाउने भन्ने आदेश भयो । समय छोटो भएकाले डि एस पि बाटै प्रतिवेदन बनाउन सकिन्छ कि भनी झिनो आशामा डि एस पि कार्यालय गइयो कर्ण घलेलाई लिएर, तर तत्काल उनी एकहप्ताको लागि हलेसी गस्तीमा गएको र उताउतै काठमाडौं जानसक्ने भन्ने आशय बुझियो ।

डि एस पी आउने नआउने टुङ्गो नभएकाले उनलाई पर्खनु भन्दा दौडादौड गरेर स्थानीय प्रहरी कार्यालयबाटै प्रतिवेदन बनाउन छिट्टो हुने शोच गरियो । त्यतिखेर माक्पातिरको प्रहरी प्रतिवेदन प्रहरी कार्यालय आफैले झिकाइदिने वचन पनि दिए । तर काम गर्ला नगर्ला भनी कर्ण घलेलाई सो कामको सहयोगी जिम्मेवारी दिई हामी बाक्सिला फर्क्यौं ।

बाक्सिला फर्केपछि प्रहरी प्रतिवेदन बनाई दिक्तेल पुगीयो । संयोगले माक्पातिरको प्रहरी प्रतिवेदन पनि आइपुगेको रहेछ । सो पनि संकलनगरी निवेदन पेश गरियो तर पातलो फुलिस्केपमा टाइप गरेको विधान बैद्य नहुने भन्ने भएकाले पुनः पहाडे कागजमा प्र जि अ कार्यालयकै कर्मचारी श्याम श्रेष्ठलाई १५।१५ पृष्ठको तीनवटा विधान टाइप गर्न लगाइयो ।

त्यसपछि सबै डकुमेण्ट एकमुष्ट गरी बुझाएपछि विधानमा सामान्य संशोधनसहित 'दुमी किरात राई फन्सीकीम' को नाममा संस्था दर्ता गरियो । त्यसबेला फन्सीकीमले १२६।०५५ दर्ता नंबर पाएको थियो । समाज कल्याण परिषदमा यसको आवद्धता नं ३४९६२/२०६९ हो । यसको आफ्नै पान नम्बर पनि रहेको छ ।

**६. संस्थाको राष्ट्रिय महाधिवेशनहरू र गठित कार्य समितिका पदाधिकारी सदस्यहरू-**

२०५५ सालमा संस्था दर्ता भएदेखि २०७४ सालसम्म जम्मा ६ वटा महाधिवेशनहरू सम्पन्न भई विभिन्न कार्यसमितिहरू निर्माण भएका छन्-

**६.१. प्रथम राष्ट्रिय महाधिवेशन, २०५५ र गठित प्रथम केन्द्रीय कार्य समिति**

संस्था स्थापनापछि ३ महिनाभित्रमा संस्थाको प्रथम महाधिवेशन सम्पन्न गरी प्रजिअ कार्यालयमा लिखित जानकारी गराउनु पर्ने भएकाले हामी त्यसको तयारीमा जुट्यौं । म तत्काल भोजपुर क्याम्पसमा क्याम्पस प्रमुखको समेत जिम्मेवारी लिएको हुनाले हिउँदे विदाको अवसर पारी पौष २१ र २२ गते पहिलो महाधिवेशन सम्पन्न गर्ने निर्णय गरियो ।

तत्काल एउटा गाविसलाई एउटा निकाय मानी बाक्सिला, जाल्पा, खार्मी, सप्तेश्वर, माक्पा, नेर्पा, दिक्तेललाई सातजनासम्म प्रतिनिधित्व हुने गरी पत्र लेखियो । बाह्य जिल्लाको हकमा जिल्लालाई निकाय मानेर काठमाडौं र धरानका दुमीहरूलाई

पत्र लेखियो । दुमीको अधिवेशनका कुरा सुनेर धनकुटातिरका दुमीहरू विना पत्र नै उपस्थित रहे । तर ती साथीहरू अहिलेसम्म सम्पर्गमा छैनन् । प्रमुख अतिथिको रूपमा खोटाङ १ नम्बर क्षेत्रका पूर्व सांसद टंक राईलाई निमन्त्रणा गरियो ।

पृथ्वी मा.वि. को भवन परिसरलाई महाधिवेशनको स्थल बनाइयो । बारीमा भान्साको डेरा बनाइयो । सप्तेश्वरका प्रतिनिधि र स्वयंसेवकहरूलाई मासको दाल र बाक्सिला तर्फकालाई गुन्द्री, साग, करेला, दाउराको जिम्मेवारी तोकियो । खाद्य डिपोबाट चामल किनियो । स्वयंसेवकहरूले भान्सा पकाएर ख्वाए । यस्तै रितले दुइदिनसम्म यो अधिवेशन चल्यो ।

तर पहिलो दिन आफूलाई ज्यादै खल्लो लाग्यो । कारण अधिवेशनका जिम्मेवारी लिएका र दर्ता प्रकृयामासमेत दुःख खेपेका उपसचिव दिपेन्द्रजी कुनै खबरै नगरी अधिवेशन हुने दिन बिहानै धरान हिड्नु भएछ । त्यो दिनको व्यवस्थापन मिलाउन सल्लाहका लागि म विहानै उठेर उहाँको घर पुग्दा सो बारे जानकारी पाएर म त छांगाबाट खसेझैं भएँ । त्यस्तै खार्मीतर्फ जिम्मेवारी लिएका व्यक्ति तेजराज दिम्मचु राईसमेत दोस्रो दिन मात्र आइपुगे । तथापि कुनै हिसाबले दुइदिने महाधिवेशन चल्यो । महाधिवेसनमा दुमी भाषाको महत्व, दुमीहरूको बसोवास क्षेत्र, ऐतिहासिक गढी, सांस्कृतिक थातथलोहरूको पहिचान र संरक्षण, वंशावली संकलन विषयमा छलफलका विषयहरू उठेका थिए । ६० वटा जत्ति पुराना नयाँ पुस्तक तथा पत्रिकाहरू संस्थाको सम्पत्तिको रूपमा पुस्तकालयको थाल्नी होस् भनी जालपाका पूर्व प्रधानपञ्च रामबहादुर खबचु राईबाट उद्घाटन पनि गराईयो ।

महाधिवेशनको वन्दसत्रले टंक राईको संयोजकत्वमा एक निर्वाचन मण्डल पनि गठन गर्‍यो । निर्वाचन मण्डलले आगामी दुकिराफको कार्यकारिणी समितिको चयन निम्नानुसार चयन गर्‍यो ।

**प्रथम महाधिवेशन २०५५ पौष २१ र २२ बाट निर्मित कार्यकारिणी समितिको विवरण (स्थान : बाक्सिलाबजार)**

**प्रमुख अतिथि : पूर्व सांसद टंक राई**

१. अध्यक्ष : चतुरभक्त सत्म राई, सप्तेश्वर,चिउरीखर्क
२. उपाध्यक्ष : तेजबहादुर सत्म राई, सप्तेश्वर, डुड्डुङ
३. सचिव : रणबहादुर सत्म राई, बाक्सिला, अङखा
४. सह सचिव : तेजराज दिम्मचु राई, खार्मी, तुर्खा
५. कोषाध्यक्ष : दानबहादुर हदी राई, बाक्सिला, हाल्कुम
६. सदस्य : धनरूप सत्म राई, सप्तेश्वर, चिउरीखर्क
७. " रत्नबहादुर रङकसु राई, बाक्सिला, माक्पालीडाँडा
८. " : अम्बरबहादुर हदी राई, बाक्सिला, हाल्कुम
९ " : तीर्थबहादुर हजुर राई, माक्पा, बेब्ला
१०. " : भीम हलक्सु राई, माक्पा, नोरङ
११. " : रामबहादुर खबचु राई, जाल्पा, खरदेल
१२. " : बडीप्रसाद राई, जाल्पा
१३. " : भगीराज राई, खार्मी
१४ " : फूलमाया राई, बाक्सिला, माक्पालीडाँडा
१५. " : मेमुकला सत्म राई, सप्तेश्वर, तुल्सिङटार

(केन्द्रीय कार्य समितिको वैठकद्वारा पदपूर्ति)

**यो कार्य समितिले** दुमी वसोवास भूगोलको केन्द्रीयता, दुमीहरूको इतिहासको उठान, अवधारणाको उठान र भूमिका निर्वाह जस्ता विभिन्न कारणले बाक्सिलालाई केन्द्र बनाइयो र मेरै घरको अन्तिम फ्लोरलाई फन्सीकीमको कार्यालय बनाई पाँचकुमार राईद्वारा निर्मित साइनबोर्डसमेत बनाई झुण्ड्याइयो । फन्सीकीम भवन नबन्दासम्म लगभग १६ वर्षसम्म केन्द्रीय कार्यकारी समितिको कार्यालय यसैमा रह्यो ।

**६.२. दुकिराफको दोस्रो राष्ट्रिय महाधिवेशन : २०५७ पौष १५ र १६ गते । (स्थान : बाक्सिला बजार)**

गठित केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको विवरण-

१. अध्यक्ष : चतुरभक्त सत्म राई, सप्तेश्वर,चिउरीखर्क
२. उपाध्यक्ष : पाँचकुमार दिम्मचु राई, बाक्सिलाचोखुम
३. सचिव : भीम हलक्सु राई, माक्पा, नोरङ
४. सह सचिव : किशोर हदी राई, बाक्सिला, दशकते
५. कोषाध्यक्ष : दानबहादुर हदी राई, बाक्सिला, हाल्कुम
६. सदस्य : धनरूप सत्म राई, सप्तेश्वर, चिउरीखर्क
७. " : सिद्धिबहादुर लुप्पो राई, सप्तेश्वर,चिउरीखर्क
८. " : मेमुकला सत्म राई, सप्तेश्वर, तुल्सिङटार
९ " : अप्सरा रङकासु राई, बाक्सिला, सिम्पानी
१०. " : सङ्गीता तुरचु राई, खार्मी तुर्खा
११. " : पदम रङकासु राई, बाक्सिला, गौरुङटोल
१२. " : तीर्थबहादुर हजुर राई, माक्पा, बेब्ला
१३. " ध्रुबराज सरचु राई, नेर्पा
१४ " : कासकुमार सरचु राई, दिक्तेल, सोल्मा
१५. " : जसबहादुर राईचु राई, जाल्पा, ससर्का
१६. " नेत्रमणि हलक्सु राई, माक्पा, नोरुङ

(केन्द्रीय कार्य समितिको वैठकद्वारा पदपूर्ति)

**६.३. दुकिराफको तेस्रो राष्ट्रिय महाधिवेशन : २०६२ बैसाख ३० गते शुक्रबार (स्थान : बाक्सिलाबजार)**

गठित केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको विवरण-

१. अध्यक्ष : चतुरभक्त सत्म राई, सप्तेश्वर, चिउरीखर्क
२. उपाध्यक्ष : क्या. नैनबहादुर सत्म राई एमएमबार, काठमाडौं
३. उपाध्यक्ष : छत्रकुमार लुप्पो राई, बाक्सिला बजार
४. महासचिव : भीम हलक्सु राई, माक्पा, नोरङ
५. सचिव : नेत्रमणि हलक्सु राई, काठमाडौं
६. सह सचिव : मधुकला दिम्मचु राई, बाक्सिला चोखुम
७. कोषाध्यक्ष : अशोक खबचु राई, जाल्पा खरदेल
८. सह कोषाध्यक्ष : दुर्गबहादुर रङकासु राई, बाक्सिला गैरीगाउँ
९. सदस्य : धनप्रसाद सरचु राई, पाथेका
१०. " सुजन हदी राई, बाक्सिला, हाल्कुम
११ " : अप्सरा रङकासु राई बाक्सिला, सिम्पानी
१२. " : गुणराज हलक्सु राई, संखुवासभा माङ्तेवा
१३. " : सनदकुमार लुप्पो राई, सप्तेश्वर चिउरीखर्क
१४. " : सौगात लुप्पो राई, बाक्सिला बजार
१५. " : सुरेशकुमार सरचु राई, दिक्तेलबजार
१६ " : टिकाबहादुर सत्म राई, सप्तेश्वर, दारेगौंडा
१७. " : देवकुमार तुरचु राई, खार्मी, तुर्खा

**६.४. दुकिराफको चौथो राष्ट्रिय महाधिवेशन : २०६६ जेठ २०, २१ र २२ (स्थान : बाक्सिला बजार)**

**प्रमुख अतिथि : सांसद श्री रामकुमार राई, पासाङ**

१. अध्यक्ष : चतुरभक्त सत्म राई, सप्तेश्वर,चिउरीखर्क
२. उपाध्यक्ष : छत्रकुमार लुप्पो राई बाक्सिला बजार
३. उपाध्यक्ष : ऋषिश्वर सरचु राई, खार्मी, रूदालुङ
४. महासचिव : नेत्रमणि हलक्सु राई, माक्पा, नोरङ
५. सचिव : समिर रङकासु राई, बाक्सिला, सिम्पानी
६. सचिव : नृप सत्म राई, सप्तेश्वर चिउरीखर्क
७. कोषाध्यक्षःगुणराज वलक्पा राई, सङ्खुवासभा,माङ्तेवा
८. सह कोषाध्यक्ष : दुर्गबहादुर रङकासु राई, बाक्सिला, गौरुङटोल
९. सदस्य : सनदकुमार लुप्पो राई, सप्तेश्वर,चिउरीखर्क
१०. " : जानुका राई, बाक्सिला, बाक्सिला बजार,
११. " : मौलकुमार हरसी राई, खार्मी, बिखेर्कु
१२. " : रत्नमणि दिम्मचु राई, बाक्सिला, चोखुम
१३ " : श्याम सरचु राई, खार्मी, रुयल
१४. " : पर्जबहादुर दिम्मचु राई, धरान, भोटेपुल
१५. " : बमबहादुर जिपु राई, जाल्पा, पुरानगाउँ

**६.५. दुकिराफको पाँचौ राष्ट्रिय महाधिवेशन : २०७३ कार्तिक ८,९ र १० (स्थान : बाक्सिलाबजार)**

**प्रमुख अतिथि : श्री बलराम राई, खार्मी, समाजसेवी**

१. अध्यक्ष : चतुरभक्त सत्म राई, सप्तेश्वर, चिउरीखर्क
२. उपाध्यक्ष : ऋषिश्वर सरचु राई, खार्मी, रूदालुङ
३. उपाध्यष : समिर रङकासु राई, बाक्सिला सिम्पानी
४. उपाध्यक्ष : बमबहादुर जिपु राई, जाल्पा, पुरानगाउँ
५. महासचिव : डा. नेत्रमणि हलक्सु राई, माक्पा, नोरङ

६. सचिव : खगेन्द्र सत्म राई, सप्तेश्वर, चिउरीखर्क
७. " : कीर्तिकुमार हलक्सु राई, माक्पा, नोरङ
८. " : भूमिराज दिम्मचु राई, धरान, भोटेपुल
९ कोषाध्यक्ष : तेजमाया मुरह राई, बाक्सिला, हल्कुम
१०. सह कोषाध्यक्ष : अनिता हदी राई, काठमाडौं
११ सह कोषाध्यक्ष : शिवकुमार दिम्मचु राई, बाक्सिला बजार
१२. सह कोषाध्यक्ष : शुभकुमार राई खार्मी
१३. सदस्य : जानुका रङकासु राई, बाक्सिला बजार
१४." : मौलकुमार हस्सी राई, खार्मी बिखेर्कु
१५." : कृष्णकुमार लुप्पो राई, बाक्सिला बजार
१६." : दुर्गाशोभा रङकसु राई, काठमाडौं
१७." : माइतीराज सत्म राई, सप्तेश्वर,
१८" : प्रताप राई, खार्मी
१९." : हेमन्त खबचु राई, जाल्पा, खरदेल
२०." : मिना सत्म राई, सप्तेश्वर, चप्लेटी हाल धरान
२१." : जयराम वलक्पा राई, माक्पा बेब्ला

(बैठकद्वारा मनोनयन)

**६.६. दुकिराफको छैटौं राष्ट्रिय महाधिवेशन : २०७६ कार्तिक २, ३ र ४ गते (स्थान : जालपा, मा वि. दिक्तेल-रूपाकोट-मझुवागढी नगरपालिका)**

**प्रमुख अतिथि श्री कृष्णकुमार राई, अध्यक्ष, केपिलासगढी गापा**

१. अध्यक्ष : डा. नेत्रमणि हलक्सु दीक्पा दुमीराई, माक्पा, नोरङ
२. उपाध्यक्ष : समिर राई, केपिलासगढी गाउँपालिका, बाक्सिला
३. उपाध्यक्ष : बमबहादुर जिपुचु राई, दिक्तेल रूपाकोट मझुवागढी न.पा जालपा
४. उपाध्यक्ष : जानुका रङकासु राई, केपिलासगढी गा.पा., बाक्सिला
५. महासचिव : तेजमाया मुरह राई, केपिलासगढी गाउँपालिका बाक्सिला
६. सचिव : कीर्तिकुमार हलक्सु राई, ऐसेलुखर्क गाउँपालिका, माक्पा
७. सचिव : हेमन्त खबचु राई, दिक्तेल रूपाकोट मझुवागढी न.पा.जालपा
८. सचिव : माइतीराज सत्म राई, केपिलासगढी गा.पा., सप्तेश्वर
९. कोषाध्यक्ष : शिवकुमार दिम्मचु राई, केपिलासगढी गा.पा., बाक्सिला
१०. सह-कोषाध्यक्ष : अनिता हदी राई, केपिलासगढी गा. पा. बाक्सिला
११. सह कोषाध्यक्ष : सरिता सरचु राई, दिक्तेल रूपाकोट मझुवागढी
१२. " : शुभकुमार राई
१३. सदस्य : ऋषिश्वर सरचु राई, दिक्तेल रूपाकोट मझुवागढी न.पा,
१४. " : दुर्गा रङकासु राई, काठमाडौं
१५. " : सन्तोष राई, केपिलासगढी गाउँपालिका, डुङडुङ
१६. " : नविन रङकासु राई, केपिलासगढी गा. पा.. दाम्थला
१७. " : मातेराज सत्म राई, ऐसेलुखर्क गाउँपालिका,माक्पा
१८. " : सम्पूर्णा राई
१९ " : प्रताप राई
२०. " : दिनेश राई
२१. " : दिवश राई

छैटौं महाधिवेशनमा दार्जीलिङका प्राज्ञ सचेन राई, सिक्किमका एस के राई र साथीहरूको उपस्थिति थियो। त्यसैगरी दिङला, भोजपुरबाट पनि पदमबहादुर राई, गोपालसिं राई, कुबेर राई र साथीहरूको उपस्थिति रहेको थियो।

**७. दुमी किरात राई फन्सीकीमले अहिलेसम्म गरेका कार्य तथा उपलब्धिहरू**

अनौपचारिक रूपमा लगभग ३४ वर्ष र औपचारिक रूपमा २२ वर्षको अन्तरालमा फन्सीकीमले चाहेजति काम गर्न निश्चय नै सकेन होला, तथापि शिर निहुराई हाल्नुपर्ने अवस्था भने पक्कै छैन। फन्सीकीमले अहिलेसम्म सम्पन्न गरेका कार्य तथा उपलब्धिहरूलाई निम्नानुसार औंल्याउन सकिन्छ-

**७.१. नेतृत्वदायी कार्य**

जहाँ भाषा हराउँछ त्यहाँ संस्कार संस्कृति मनाउन कठिन हुन्छ। विद्यालयमा नेपाली, अंग्रेजी भाषाको प्रचलन, धर्म संस्कार संस्कृतिमा पनि हिन्दूधर्मको प्रभाव, हिन्दूधर्मबाटै प्रभावित साधुधर्म, ओमनन्द आत्मानन्द, सत्यहाङमा पन्थ, बाह्यबाट आयातित क्रिश्चियानिटी जस्ताको प्रभावले किरातको मौलिक धर्ममा पर्दै गएको ओझेलले दुमी राईहरूले आफ्नो पहिचान गुमाउदै लगेको अवस्थामा दुमी किरात राई फन्सीकीमको जन्म भई यसले ती कहालीलाग्दो अवस्थाबाट पहिचान, संस्कार संस्कृति, भाषा, इतिहास जसलाई नेपाल सरकारले ध्यान पुऱ्याउन सकिरहेको थिएन र छैन त्यसको संरक्षण, संवर्द्धन र विकासको लागि योजना बनाउने र कार्यान्वयन गर्ने नेतृत्व गर्दै आएको छ र उक्त कार्य निरन्तर रहने छ।

**७.२. दुकिराफ किराया अन्तर्गतको भाषिक संस्था**

फन्सीकीमले साठीकै दशकदेखि किरात राई यायोक्खाको एक भाषिक संस्था र पदेन सदस्यको रूपमा रहेर यायोक्खाको आह्वानमा आदिवासी, जनजाति उत्पीडीत वर्ग र समुदायहरूको हक अधिकार स्थापित गराउने कार्यको साथै गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक, समावेशी प्रतिनिधित्वको माग, जातीय, भाषिक, सांस्कृतिक र ऐतिहासिक पहिचानको आधारमा राज्यको पुनर्संरचना जस्ता माग लगायत किरात स्वायत्त राज्यको अभियान अन्तर्गत चलाइएको विभिन्न आन्दोलनहरूमा किरात राई यायोक्खालाई साथ दिई आएको छ।

**७.३. दुमी भाषा संरक्षण, संवर्द्धनका निमित्त गरिएका कार्यहरू**

अनौपचारिक रूपमा २०४३ सालतिरैबाट दुमीभाषाको शब्द संकलन गर्ने प्रयत्न गरियो र २०५६ सालमा संस्थाको उपसचिव तेजराज दिम्मचु राई खार्मीको संयोजकत्वमा गठन भएको 'दुमी शब्दकोश निर्माण समिति' हुँदै काठमाडौंमा विशेषत यो कार्य नेत्रमणि हलक्सु राई, रामकुमार राईचु राई जाल्पा, सुजन हदी राई बाक्सिला र चतुरभक्त राईले शब्दकोश सम्बन्धी विविध छलफल गर्दै कार्य अगाडि बढायो।

शुरुमा नेत्रमणि राईको कोठा धोबीचौर, त्यसपछि बेबिलोन नेशनल स्कूल नयाँ बानेश्वर, हेमन्त लुप्पो राईको कार्यालय कोटेश्वर र धोबीघाट ललितपुरमा नेत्रमणि राईकै प्रशिक्षणमा कक्षा सञ्चालन हुँदै आयो। यति नै बेला "बास्सी" (पाठ्य विषय) समेतको तयारी पनि राईद्वारा नै गरी पठन-पाठनलाई अघि बढाइएको थियो।

**७.३.१. 'इसिलिम' भाषिक पत्रिका दर्ता-२०५६**

दुमीहरूले आफ्नै पत्रिका प्रकाशन गर्नु पर्छ भन्ने २०४३ सालको रावाखोला तापखोला दोभान फेदीको बैठकदेखिको चाहना २०५६ मा आएर इसिलिम पत्रिका दर्ताको प्रकृया शुरुयात गरियो। त्यसबेला फन्सीकीमको अध्यक्ष नै सम्पादक भएर दर्ता गर्नु पर्दछ भन्ने कुरा आएको थियो। तर अध्यक्षलाई मात्र बढी भार बहन नगरीयोस भन्ने मेरो आफ्नो कुरा आएपछि नेत्रमणि राईमा यो जिम्मेवारी रहेमा उपयुक्त हुन्छ भन्ने कुरा आयो। तर उहाले पनि यो प्रस्ताव अस्वीकार गर्नु भएकाले रामकुमार राइचु जो महेन्द्र रत्न क्याम्पस ताहाचलमा प्राध्यापन गर्दथे उनको नाममा इसिलिम पत्रिका दर्ता गरियो। इसिलिम पत्रिकाको दर्ता २०५६ साल चैत्र ११ गते प्रमुख जिल्ला अधिकारीको कार्यालय काठमाडौंमा गरिएको हो। यसको दर्ता नम्बर ४५।२०५६ रहेको छ (हेर्नुहोस् दर्ताको प्रतिलिपि फोटो **परिशिष्ट ३ मा**)।

**७.३.२. 'इसिलिम' को प्रथम प्रकाशन, २०५६ र अविछिन्न अन्य प्रकाशनहरू**

इसिलिम पत्रिका दर्ता गरिएपछि पहिलो अंक २०५६ साल असोजमा प्रकाशन

गरियो । त्यसपछि, दोस्रो अंक-२०५७, तेस्रो-२०५७, चौथो-२०५८, पाँचौ-२०५९, छैटौं-२०६०, सातौं-२०६१, आठौं-२०६२, नवौं-२०६३, दसौं-२०६४, एघारौं-२०६५, बाह्रौं-२०६६, तेह्रौं-२०६७, चौधौं-२०६८, पन्ध्रौं-२०६९, सोह्रौं-२०७१, सत्रौं-२०७४, अठारौं-२०७४, उन्नाइसौं-२०७५, बिसौं- २०७६ । बीचमा केही अन्तर भई अन्य समयमा लगातार प्रकाशनमा रहेको छ । भाषा, धर्म, संस्कृति, अनुसन्धानात्मक लेख, दुमी नेपाली भाषामा कविता, रचनात्मक लेख, वंशावली जस्ता विषयहरू इसिलिम प्रकाशनका स्तम्भ भएका छन् ।

**७.३.३. दुमी भाषाको ध्वनी तथा वर्णमाला पहिचान**

२०६१ सालमा त्रि वि भाषा विज्ञान केन्द्रीय विभाग कीर्तिपुरको निर्देशन तथा प्रा.डा. माधवप्रसाद पोखेल र प्रा.डा. नोवलकिशोर राईहरूको बौद्धिक सहयोगमा खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर, माक्पा क्षेत्रमा भाषा बोल्न जान्ने सहभागीहरूको भेलाबाट दुईदिने कार्यशाला गोष्ठी सञ्चालन गरी २५ वटा व्यञ्जन र १३ वटा स्वरहरूको आधिकारिक पहिचान आफ्नै पहलकदमीबाट भयो । हुन त यस अगाडि पनि बाक्सिला क्षेत्रलाई आधार मानी सन १९९३ मा जर्ज भन्द्रीमद्वारा ध्वनी तथा वर्णमालाको पहिचान भएको थियो ।

**७.३.४. 'चेन्सुलाम' को शुरुयात, २०६२**

दुमी भाषालाई बोलचालको माध्यमबाट अभ्यास गर्ने उद्देश्यले २०६२ साल असार ११ गतेबाट एशोसियट वचत तथा ऋण सहकारी संस्थाको कार्यालय चाबहिलमा दुमी भाषा कक्षा सञ्चालन भएको थियो ।

**७.३.५. खाजाबासमा गरिएको १७ दिने भ्रमण र 'तुमलाम' को प्रकाशन, २०६४**

नेत्रमणि राई, तेजमाया राई, राजेन्द्र खबचु राई, अशोक राई, मनकुमारी राई, उत्सब राई, विशाल राई र यो स्तम्भकारसमेतको अध्ययन भ्रमण टोलीले दुमी भाषा, वंशाली, संस्कार संस्कृतिका अध्ययन, दुमी स्वडेस शब्दको सङ्कलन र जनसंख्या टिपोटको लागि तत्काल २०६४ साल बैशाख २४ गतेदेखि जेठ ७ गतेसम्म लगभग १७ दिनसम्म खाजाबासका गाउँहरूको भ्रमण गरेको थियो । यस टोलीले केपिलासगढी, खार्मीभूमे र चिलिमदुङ्गाको पनि अवलोकन गर्दै ऐसेलुखर्क बजारमा पहिलोचोटी खाजावासको बृहत साकेला प्रदर्शन गरेको थियो । तत्काल ऐसेलुखर्क बजारका आदरणीय सरहरू इश्वर राजभण्डारी र लबकुमार राईहरूको सहयोग प्राप्त भएको थियो । खाजाबासको उक्त १७ दिने भ्रमणको उपलब्धिलाई प्रकाश पार्न २०६४ सालको असारमा 'तुमलाम' नामक एक कृतिको प्रकाशन गरिएको थियो ।

**७.३.६. २०६४ –२०६६ को दुमीभाषा सम्बन्धी फुटकर प्रकाशनहरू**

इसिलिमको १० औं अंकभित्रै 'सुलाम' को प्रकाशन २०६४ बाट शुरुभई अहिलेसम्म जारी छ भने २०६५ सालमाओदेलपो मीन्सी 'मेरो गाउँको सम्झना', कुलुछिदु 'बाढी-पहिरो' र २०६६ सालमा ओप्पो चुः सानु 'मेरो बालअबोधता', लीमु हुस्सङ्यो 'खर डढाइपठाउँदा' जस्ता प्रत्यक्ष अनुभवमा आधारित कथाका स-साना फुटकर प्रकाशनहरू आएका छन् । दुमी भाषा सिक्न चाहनेको लागि एउटा पाठ्यपुस्तकको रूपमा कार्य गर्न सक्ने यसको महत्व झल्कन्छ ।

**७.३.७. दुमी शब्दकोश प्रकाशन, २०६८**

दुमी शब्दकोश प्रकाशन गर्ने हेतुले २०४३ बाटै दुमी भाषाका शब्दहरू सङ्कलन गर्न थालिएकोमा २०६४ सालमा 'खाजाबास' क्षेत्रको १७ दिने भ्रमण हुँदै २०६८ सालमा ऐतिहासिक रूपमा नेत्रमणि राईको प्रमुख सम्पादकत्वमा "दुमी-नेपाली-अङ्ग्रेजी शब्दकोश" प्रकाशित भएको छ । संस्था स्थापना भएपछि दुमी भाषा संरक्षणको क्षेत्रमा भएको यो एक ऐतिहासिक उपलब्धि थियो ।



**७.३.८. 'दुमी ब्र चप्लाम' (दुमी भाषा लेखन), २०७४ र 'दुमी जीसी' (दुमी बोली) भाग-१ -पुस्तकको प्रकाशन, २०७५**

दुमी भाषा लेखाइमा एकरूपता ल्याउन, सजिलो गरी लेखपढ गर्न र पठन-पाठनमा सहजता ल्याउन **२०७४ सालमा** 'दुमी ब्र चप्लाम' र भाषा बोलचालमा सहयोग पुऱ्याउन, बोलाइमा सरल ढङ्गले अभ्यस्त गराउने उद्देश्यले **२०७५ मा 'दुमी जिसी'** डा. नेत्रमणि राईकै लेखनमा दुईटा महत्वपूर्ण पुस्तकहरू फन्सीकीमले प्रकाशनमा ल्याएको छ । बाह्य मुलुकबाट प्रकाशित डा. राईकै "दुमीको ग्रामर" नेपालीमा प्रकाशित हुन सकेमा अझै दुमी व्याकरणको "फाइनेस्ट ट्रिटिज" हुनेछ ।

**७.३.९. दुमीभाषामा गीत रिकर्ड, २०५७**

दुमी भाषामा गीत लेखन, श्वर र संगीत दिने कार्यबाट भाषालाई परिष्कृत र संरक्षण गर्दै लैजान नेत्रमणि हलक्सु राईको रचना र गायक शान्तिराम राईको श्वर संगीतमा २०५७ मा "एनीहौं अप्ती नामतोरी" (लौ न है सूर्य उदायो), २०५९ मा निज राईकै लेखन र सन्तोष दुमीको श्वर संगीतमा "थुनामफारबबी (हिमाली काखमा), जीतेन राईको गायन र संगीतमा "नाम्पारु" (स्वछन्द आकाश), सन्तोष दुमीको सङ्गीत तथा चर्चित गायक राजेशपायलको स्वरमा सुक्ली लुपो सुप्तुलु 'तीन ढुङ्गाको पितृचुला' रिकर्ड भएका छन् । यसरी नै सन्तोष दुमीकै सङ्गीत तथा सन्तोष दुमी र देबेश दुमीराईको स्वरमा नुगोबी ताम... 'मनमनै यो मन...' बोलका दुमी ठेट भाकाको गीतहरू रिकर्ड भएका छन् ।

**७.३.१०. 'हिदुक्मा' को प्रकाशन, २०७५**

तेजमाया मुरह राईद्वारा रचित "हिदुक्मा" नामको कविता संग्रह दुमीभाषामा लेखिएको पहिलो कवितात्मक पुस्तक २०७५ सालमा आदिवासी जनजाति उत्थान प्रतिष्ठानले प्रकाशन गरेको हो । यसमा उल्लेख भएका कवियत्रीका कविता सारसंग्रह दुमीभाषा अध्ययनको लागि एउटा स्रोत पुस्तक हुन सक्ने छ ।

**८. धर्म, संस्कार संस्कृति, इतिहास, पुरातत्व र वंशावली संरक्षणसम्बन्धी कार्य**

दुमी किरात राई फन्सीकीमले प्रक्षेपण गरेको उद्देश्यहरू- धर्म, संस्कार संस्कृति र इतिहासको संरक्षण र सम्बर्धनका निमित्त गरिएका कार्यहरूलाई निम्नानुसार औंल्याउन सकिन्छ -

**८.१. राष्ट्रिय जनगणनामा किरात राई जातिको धर्ममा किरात लेखाउने अभियानमा सहयोग**

वि सं २०४८ को राष्ट्रिय जनगणनाबाट किरात धर्मको पहिचान दिने अभियान विशेषत चार किरात संस्था- किरात राई यायोक्खा, किरात याक्थुङ चुम्लुङ, किरात सुनुवार सेवा समाज र किरात याक्खा छुम्मा सम्मिलित किरात समन्वय समितिको प्रयासबाट धर्मको महलमा 'किरातधर्म' राख्ने अभियानलाई अगाडि बढाएको हो । दुकिराफ किरायामा भाषिक संस्थाको रूपमा आवद्ध भएपछि फन्सीकीमले त्यही अभियानलाई जारी राख्न सहयोग पुऱ्याउँदै आएको छ । आगामी जनगणनामा दुमी राईहरू जहाँ रहे पनि धर्मको महलमा किरात, मातृभाषाको महलमा दुमी लेखाउने, जातिको महलमा राई लेखाउने आह्वान छैटौं महाधिवेशन २०७६ मा पनि जारी गरिएको छ । २०७८ मा हुने जनगणनामा पनि धर्मको महलमा किरात, मातृभाषाको महलमा दुमी, पितृभाषाको महलमा पनि दुमी, जातिको महलमा राई, छिमेकी भाषाको महलमा कुनै एक राईजातिको भाषा जनाउँदा हुनेछ ।

**८.२. संस्कार संस्कृति संरक्षणसम्बन्धी कार्य**

संस्कार संस्कृति कुनै पनि जातिको पहिचान हुने भएकाले फन्सीकीमले दुमीहरूको संस्कार, संस्कृति संरक्षणका लागि निम्न कार्यहरू गर्दै आएको छ-

**८.२.१. दुमी साकेला, साकेला सिलीको पहिचान र एकरूपता कायम गरेको**

फन्सीकीम स्थापना हुन अघिसम्म जालपा, खार्मी बाहेक अन्य दुमी गाउँहरूमा भूमेपूजाको परम्परा भए पनि साकेला सिलीको परम्परा थिएन । भूमे पूजा र सिली भएको ठाउँमा पनि मौलिक सिलीको बारेमा स्पष्ट पहिचान भएको थिएन । भूमेपूजामा सामुहिकीकरणको भावना थिएन । नयाँ भूमे निकाल्ने प्रथाको पनि अन्त्य भइसकेको थियो ।

उक्त परिप्रेक्ष्यमा फन्सीकीम स्थापना भएपछि उधौली उभौलीमा वर्षको दुइपटक आफ्नै मौलिक सिलीनाच्ने प्रचलनको शुरुआत गरियो । बाक्सिला, सप्तेश्वर, ऐसेलुखर्क, माक्पा, काठमाडौं आदिमा साकेला सिली नाच्ने प्रचलन स्थापित भएको छ । सिलीको पहिचान अन्तरगाउँको रूपमा सामुहिकीकरण भएको छ । दुमीको सिली एकोहोरो हुन्छ र रिसिया गाइन्छन् भन्ने पहिचान भएको छ । सिली संस्कृतिमा आएको अभियानले मालदेल, साबालुङ, रूदालुङ, सप्तेश्वर, दामथला, दशकते जस्ता ठाउँहरूमा नयाँ साकेला भूमेको स्थापना हुन सकेको छ ।

**८.२.२. काठमाडौंमा दुमीहरूको साकेला नाच**

२०५८।५९ सालसम्म काठमाडौंमा दुमीहरू बान्तवा वा चामलिङको सिली समुहमा मिसिएर जानी नजानी खुट्टा हल्लाउनु पर्ने अवस्था थियो । काठमाडौंमा दुमकिम निर्माण गरेपछि टुँडीखेलमा साकेला शुरु गरियो तर थोरै संख्या भएकाले स्वयं दुमीहरू आएर नाच्न हिच्किचाउँथे तर यायोक्खा वा चामलिङको साकेला टिममा भने उनीहरू निसंकोचकासाथ नाच्थे ।

उक्त मानसिक लघुताभासलाई चिर्नको लागि काठमाडौंमा दुमीहरूको खोजी र व्यापक प्रचारप्रसार गरियो । क्याप्टेन नैनबहादुर राईको गृह निवास महाराजगञ्जमा रत्नमाया राईको संयोजकत्वमा २०६२ मा दोलोकुम्मा समिति, काठमाडौं गठन गरी सिलीको पहिचान गरी तालीम प्रदान गरियो । सिलीको पहिचान र सिलीहाङपा सिलीहाङमाको खोजी भई केदार राइचु, महेन्द्र राइचु र यसपछि उत्सब खबचुहरूले उक्त भूमिका निर्वाह गर्न थाले र यो क्रम जारी छ । अहिले काठमाडौंमा दुमीको आफ्नै साकेला नाचगान दमदारकासाथ सम्पन्न हुन्छ । अब लाज मानेर अर्काको हुलमा मिसिन जानु पर्ने अवस्था छैन ।

**८.२.३. धरानमा दुमकिम कार्यालयको पहलमा साकेला भूमेको स्थापना र साकेला सिलीको शुरुयात**

धरान सेउतीमा दुमकिम भवन निर्माण भएपछि साकेला भूमेसमेत स्थापना गरी उधौली उभौलीमा सिली नाच्ने परम्परालाई स्थायीरूपमा स्थापित गरेर दुमीको इतिहास र अस्तित्वलाई धरानमा पहिचानयुक्त बनाइसकेका छन् । धरान दुमकिम पूर्वतिर बसोवास गर्ने सम्पूर्ण दुमी राईहरूका लागि एक महत्वपूर्ण साझा आस्थाको थलो निर्माण भएको गौरव गर्न सकिन्छ ।

**८.२.४. मारुनीनाच र गीतको संरक्षणमा जोड**

दुमी समुदायले मारुनी नाचलाई संस्कृतिकै रूपमा अवलम्बन गरी आएकाले फन्सीकीमको स्थापना भएपछि यसको निरन्तरता कायम रहोस भनी २०५२ साल पौष १९ गते वुधवार सर्वप्रथम फन्सीकीमको आयोजनामा पृथ्वी मा वि बाक्सिलाको प्राङ्गणमा मारुनी नाचको आयोजना गरिएको थियो । त्यसबेला सप्तेश्वर डुङडुङ्का मादले रामबहादुर राई, बाक्सिला माक्पालीडाँडाका बमबहादुर हदी राई (कपुरे), बाक्सिला चोखुमका जगतबहादुर दिम्मचु राई र खार्मी रूदालुङका पूर्णबहादुर दिम्मचु राईका टोलीहरूले अ-आफ्नो गाउँको मारुनी प्रदर्शन गरेका थिए ।

त्यस्तै २०५९ मा फन्सिमिकै निर्णयमा रामबहादुर सत्मराईको टोलीले सप्तेश्वरमा र बमहादुर हदीराईको समुहले बाक्सिलामा मारुनी नचाई दुमीगाउँको संस्कार संस्कृति संरक्षणमा सहयोग पुऱ्याएको थियो । त्यसैगरी काठमाडौंमा २०५८ सालको तिहारमा फन्सीकीमकै पहलमा सप्तेश्वर चप्लेटीका प्रेमबहादुर सरचु राईको निर्देशनमा मारुनी नाच नचाइएको थियो । त्यो क्रम अहिलेसम्म हरेक तिहारहरूमा कायम नै रहेको छ । यो क्रम बढ्दो रूपमा काठमाडौंमा रहने माक्पाली दुमीहरूबाट पनि हरेक साल मारुनी नाच लगाउने प्रचलनलाई ब्युँताउँदै आएको पाइन्छ ।

**८.२.५. मिथक, किंवदन्ती तथा लोककथाहरू नामक कृतिको प्रकाशन**

दुमी समुदायको संस्कार संस्कृति क्षेत्रमा लामो समयदेखि कार्य गरिरहँदा पाइएका अनुभव, ज्ञान र घट्ना परिवेशका अनेकौं कथा कहानीहरूलाई यो स्तम्भकारले "**दुमी किरात राई समाजमा पाइने मिथक, किंवदन्ती तथा लोककथाहरू : एक विश्लेषणात्मक अध्ययन**" नामक पुस्तक पनि २०७३ सालमा आदिवासी जनजाति प्रतिष्ठानको सहयोगमा प्रकाशन गरेको छ ।

**८.२.६. यलम्बर दिवसको शुरुयात, २०७६**

केपिलासगढी गाउँपालिकास्थित ऐतिहासिक केपिलासगढीलाई पहिचान र जिर्णोद्धार गरिएपछि २०७६ सालको माघ महिनाको पहिलो दिनबाट यलम्बर दिवसको रूपमा धुमधाम साकेला सिली प्रदर्शन गर्ने परम्पराको थाल्नी पनि फन्सीकीमले गरेको छ । गढीको अस्तित्व नै मेटिइसकेको अवस्थामा अहिले यो किरातको लागि मात्र होइन सबै जातिहरूको शुभकामना आदान प्रदान गर्ने थलो भएको छ ।

**८.२.७. सिलकहरूको संग्रह**

बिबाह उत्सबमा गायीने आफ्नै परिवेशमा आधारित प्रकृति, मानव, व्यवहार, संस्कृति, प्रेमाभाव आदिलाई जनाउन राईपाराको चुद्के सिलकका तुक्काहरू जो हाम्रै पुर्खाहरूले रचेका लगभग २०० वटा सिलकहरू स्तम्भकारले संकलन गरी किरात राई प्रज्ञापरिषद मार्फत प्रकाशन हुने प्रज्ञा पत्रिकामा २०७४ सालमा प्रकाशनमा ल्याएको छ । त्यसलाई भविष्यमा इसिलिममा पनि प्रकाशनमा ल्याउने स्तम्भकारको चाहना छ ।

**८.२.८. मुद्दुम संरक्षणसंबन्धी कार्य**

मुदुमले प्राणीजगतदेखि पृथ्वी, आकाश, बायु, खोलानाला, भीरपहराको अध्ययन, वन, जङ्गल, जरीबुटी, मन्त्र आदिको सृष्टि र अध्ययनलाई समेट्दछ । त्यसभित्र मानवको जीवनपद्धति तथा संस्कार संस्कृति पक्षलाई अझै मूलरूपमा दिसानिर्देश गर्दछ । यस सम्बन्धी पनि थोरबहुत काम हुँदै आएका छन् र तर प्रकाशनमा आउन बाँकी रहेका छन् ।

**९. दुमी वंशावली संकलन र प्रकाशनको कार्य**

शासकहरूको मात्र राजनीतिक इतिहास र वंशावली हुन्छ भन्ने शताब्दियौंदेखिको धारणाबाट मुक्त भई शासित जातिहरूको पनि इतिहास र वंशावली हुन्छ भन्ने तथ्यलाई उजागर गर्न फन्सीकीमले वंशावलीको संकलन गरी इसिलिममार्फत प्रकाशन गर्दै आएको छ । यससम्बन्धी निम्न कार्यहरू भएका छन्-

**९.१. दुमीको वंशावली संकलन र प्रकाशन पहिलो अभियान, २०५६-२०६७**

'इसिलिम' को प्रथम अङ्क २०५६ सालबाट वंशावलीको प्रकाशन शुरु भई २०६७ मा प्रकाशित १३ औं अङ्कमा आइपुग्दा २१ वटै पाछाको वंशावली प्रकाशन भएको छ । दुमीको वंशावलीलाई सिंगो ठेलीको रूपमा प्रकाशन गर्न यो एउटा अध्ययन र सुझाव संकलनका लागि मात्र प्रकाशन गरिएका थिए । प्रकाशन पछि विशेष रूपमा महिलाहरूले महिलाको वंशावली हुन्छ हुँदैन ? हाम्रो नाम वंशावलीमा किन लेखिएन जस्ता कुराहरू उठाएकाले हामीलाई आगामी वंशावली प्रकाशनका लागि मार्गनिर्देश भएको छ ।

**९.२. दुमी वंशावली संकलन : दोस्रो अभियान, २०६८**

यसअघि प्रकाशित वंशावलीमा छुटभएको महिलाहरूको पनि वंशावली समेट्न, पूर्व प्रकाशनमा भएका टुटफुटलाई सुधार गर्न र एउटा सिंगो ठेलीको रूपमा प्रकाशन गर्ने उद्देश्यकासाथ २०६८ मंसिर १३ गतेबाट २५ गतेसम्म संस्थाका सचिव नृप सत्म राई र यो प्रस्तोता स्वयंले 'खाजाबास' क्षेत्रको स्थलगत

भ्रमण गरी वंशावलीको प्रति उपलब्ध गराई तीनमहिना भित्रमा फिटब्याक पेश गर्ने भनिएको थियो, तर त्यसको रेस्पोन्स आजसम्म पनि कसैबाट भएन ।

**९.३. दुमी वंशावली सङकलन : तेस्रो अभियान २०७४**

२०७४ मा सम्पन्न दुकिराफको पाँचौ महाधिवेशन पश्चात पुन : वंशावली सम्बन्धी खाजाबास लगायत बाह्य जिल्ला संखुवासभा, सुनसरी, उदयपुर, इलाम, ताप्लेजुङ, मोरङ र बाह्य देशमा भारतको दार्जीलिङ र युकेबाटसमेत दुमीको महिला पुरुषको वंशावली टिपनको कार्य समाप्त भई कम्प्युटर टाइपको कार्यलाई अगाडि बढाई राखिएको छ। यसलाई निकट भविष्यमा नै प्रकाशन गर्ने प्रयासमा रहेको जानकारी अनुरोध छ ।

**१०. दुमी किरात राई फन्सीकीमको लागि जग्गा व्यवस्थापन गर्ने कार्य द्रुतगतिमा अगाडि बढेको**

दुमी समुदायको सेरोफेरोमा अन्य धर्म सम्प्रदायको कार्यालय भवन, चर्चहाउस, गुम्बा, शिवालय बनिरहँदा रैथाने मानिने आदिवासी दुमी राईको भने एउटा घरघडेरी पनि नभई रहेको अवस्थामा दुमीहरूको लागि एउटा हिनतावोधको स्थिति थियो । त्यसैलाई पुरागर्न निम्न कार्यहरू सम्पन्न भएका छन्-

**१०.१. चन्द्रछिरिङ राईबाट फन्सीकीम भवन निर्माणका निमित्त निशुःल्क जग्गा दान-२०६६**

फन्सीकीमको कार्यालय भवन निर्माण गर्न बाक्सिलाबजार निवासी शिक्षक चन्द्रछिरिङ हदी राईबाट २०६६ पौष २० गते एकरोपनी जग्गा बाक्सिला बजारमा फन्सीकीमका निमित्त निशुःल्क रूपमा मालकार्यालय खोटाङबाट राजीनामा पास गरिदिनुभई दुमीहरूको शिर उच्च बनाइदिनु भएको छ ।

**१०.२. साक्सिला निवासी लुप्पोहरूद्वारा फन्सीकीमलाई जग्गा हस्तानतरण**

फन्सीकीम भवनको दक्षिण पश्चिमतर्फ रहेको लगभग १ रोपनी जग्गा साक्सिला निवासी हर्कराज राई, छत्रकुमार राई, काजी राई, र रत्नमाया राईहरूले आफ्नो निगरानीमा रहेको जग्गा घरसारी कागज गरी फन्सीकीमलाई २०६६ सालमा हस्तानतरण गरिएको छ । उक्त जग्गामा निकट भविष्यमा नै नयाँ संरचना निर्माण गर्ने उपयुक्त योजना बनिरहेको छ ।

**१०.३. फन्सीकीम केन्द्रीय कार्यालय भवनको निर्माण**

केपिलासगढी गापा अन्तर्गत बाक्सिला बजारमा संस्थाको आफ्नै कार्यालय भवन निर्माण गरिएको छ । यसलाई २०६६ सालमा शुरुयात गरियो र ७६ सालमा मात्र पुरा गरियो । उक्त भवन बाक्सिला, खार्मी, जाल्पा र सप्तेश्वर गाविसबाट प्रदान गरिएको रकम र द्यौसी भैलो आदिबाट प्राप्त भएको लगभग ६ लाख रूपैया र २०७३ साल बैशाख १५ गते संस्थाका सल्लाहकार श्री शुभराज राईबाट संकलित र हस्तानतरित रू. १,८०,३४७।- गमक राईबाट संकलित रकम रू. १,२५,४३०।- र युकेवासी दुमी किरात राई फन्सीकीमका शुभेक्षुक दाज्युभाई दिदीबहिनीहरूबाट मेजर दिलकुमार रङकसु राईको नेतृत्वमा संकलित रकम रू १०,६८,१९१।- गरी जम्मा १३,७४,३४७।- (तेह्रलाख चौहत्तरहजार नौसय सैतीस रूपैया) बाट निर्मित भवन फन्सीकीमको केन्द्रीय कार्यालय भवनको रूपमा रहेको छ ।

**क. फन्सीकीम भवनमा दाताहरूको नाम ताम्रपत्रमा उल्लेख गरी राखिएको**

फन्सीकीम भवनलाई पूर्णता दिन पछिल्लो समयमा यु के निवासी दुमी दाजुभाई दिदीबहिनीरू र नेपालका केही विशेष दाताहरूको नाम ताम्रपत्रमा उल्लेख गरी भवन परिसरमा राखिएको छ । अन्य दाताहरूको नाम इसिलिममा प्रकाशन गरिएको छ । विशेष दाताहरू एवं विशिष्ट योगदान गर्ने व्यक्तित्वहरूको नाम राख्ने योजना रहेको छ ।

**ख. सुबुलु 'शक्तिशिला' को स्थापना, २०७६**

बाक्सिलास्थित बाघचलेडाँडा निकटमा मोटरबाटो खन्दा प्राप्त भएको पाँचखम्बे अमूर्तकलामा



आधारित शिला जो प्रकृतिको अनुपम बर्दान हो, त्यो बेबारिसे अवस्थामा रहेकाले २०७६ माघ ११ गते लगभग २१ जना साथीहरू र गाउँपालिकाको डोजरबाट सकुशल उदार गरी फन्सीकीम भवनको प्राङ्गणमा लगेर स्थापित गरिएको छ । यो शिलालाई भीमसेनशिला, पारु- नायम, पाँचकन्नेदेवी जे सोच्यो त्यही हुन्छ । त्यसैले यसको साझा नाम शक्तिशिला वा साकालु राखिएको हो ।

**१०.४. लप्टन श्री पर्जबहादुर राईबाट दुमकिम धरानलाई निशुःल्क रूपमा जग्गा प्रदान, २०६९**

धरानमा दुमी राईहरूको बाक्लो वस्ती बस्न थालेपछि लप्टन पर्जबहादुर दिम्मचु राईको पहलमा दुमकिम गठन र सञ्चालन हुने सिलसिलामा लप्टन राईकै सदासयताले २०६९ साल असार २५ गते सोमवार धरान सेउतीस्थित आफ्नै नाममा रहेको नम्बरी साढे ७ धुर जग्गा दुमी किरात राई फन्सीकीमको नाममा माल कार्यालय सुनसरीमा निशुःल्क राजीनामा पास गरिदिनु भई नेपालको पूर्वी क्षेत्रमा दुमीराईहरूको शिर उच्च बनाई दिनुभएको छ । यसले दुमीहरूको गौरब र उचाइमा एउटा योगदान थप भएको छ ।

**१०.५. चन्द्रप्रसाद दुमी रङकासु राईबाट फन्सीकीमलाई जग्गा हस्तानतरण, ७ जनवरी २०१३**

बाक्सिला बजार निवासी हाल हङकङमा कार्यरत चन्द्रप्रसाद रङकसु राई र उहाँको सहोदर दिदी बहिनीहरूको सामुहिक सल्लाहबाट फन्सीकीम भवनको दक्षिणपाटोमा रहेको खरभीरपाखो रातोपानीसम्म र रातोपानीदेखि उकालो बाटोदेखि पश्चिम भञ्ज्याङसम्मको सबै जग्गा फन्सीकीमलाई उपलब्ध गराउने भनी ७ जनवरी २०१३ मा हङकङमा फन्सीकीमका तर्फबाट अध्यक्ष चतुरभक्त राई र दाताहरूबीच घरसारी लिखित संझौता भएको छ (**परिशिष्ट ४** ) ।

**१०.६. सत्म रङकसु रूसुकिम दामथलाले फन्सीकीमको नाममा जग्गा खरिद, २०६९**

फन्सीकीमको कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले सप्तेश्वरस्थित 'सत्म रङकसु रुसुकिम दाम्थला'ले सोहीस्थानमा २०६९ सालमा परशुराम रङकासु राईबाट रूपैया ५८,०००।- अक्षेरीपी अन्ठाउन्न हजारमा २ रोपनी १ आना जग्गा खरिद गरी भूमे देवताकोसमेत स्थापना गरी उधौली उभौलीमा साकेला सिली प्रदर्शन गर्दै आएको छ ।

**११. ऐतिहासिक केपिलासगढी, चिनागढी संरक्षणको कार्य**

एकिकरण अघिकै मल्लकालीन पुरानो केपिलासगढी, चिनागढीको इतिहास संरक्षण गर्न फन्सीकीमले ठूलो जिम्मेवारी निर्वाह गर्दै रहँदा निम्न कार्यहरू सम्पन्न गरेको छ-

**११.१. नक्षो अष्टबहादुर हदी राईबाट केपिलासगढीमा फन्सीकीमलाई जग्गा दान, २०६७**

नेपाल एकिकरण युद्धमा केपिलासगढीमा किरात राजा निगुहाङ र रोकोवासीको हार भएपछि गढीको अवस्था छिन्नभिन्न भई व्यक्ति-व्यक्तिको नाममा जग्गा दर्ता र किनवेच भई गढीको पहिचान गुमीसकेको अवस्थामा २०६७ साल पौष ११ गते सप्तेश्वर निवासी नक्षो श्री अष्टबहादुर हदी राईबाट ३ रोपनी १० आना ० पैसा ३ दाम जग्गा फन्सीकीमलाई दिक्तेल माल कार्यालयमा निशुःल्क रूपमा राजीनामा पास गरिदिनु भएकाले गढीको संरक्षणमा पहिलो अभियान शुरुयात भएको छ । यसले सम्पूर्ण दुमी लगायत केपिलासगढी गाउँपालिकाकै महिमा र नेपालको राष्ट्रिय इतिहास निर्माणमा ठूलो योगदान पुर्‍याएको छ ।

**११.२. केपिलासगढीमा जग्गा खरिद : २०६८**

केपिलासगढीको क्षेत्रलाई एकठ्ठा गर्न अत्यन्त आवश्यक भएकाले साक्सीला निवासी धनकुमारी बस्नेतको नाममा रहेको केपिलासगगढीको

आवादी जग्गा उहाँकै सुपुत्रहरू- वीरबहादुर वस्नेत, टंक वस्नेत र हिरा वस्नेत समेतको सुसहयोग र सल्लाहमा हालको परेड मैदान भनी जनाइएको ३ रोपनी २ आना मैदानी जग्गा रूपैया ३,०००००।- (अक्षेरीपी तीनलाखमा) २०६८ साल माघ १७ गते मंगलबारका दिन दिक्तेल माल कार्यालयमा दुकिराफको नाममा राजिनामा पास गर्न सफल भइएको छ। गढी विस्तार गर्न गरिएको यस कार्यले निश्चय नै राष्ट्रिय इतिहासको निर्माणमा योगदान पुऱ्याउँने छ भन्ने विश्वास रहेको छ।

**११.३. चिनागढीमा गोपाल बस्नेतको जग्गा दोस्रो पटक खरिद : २०७६**

केपिलासगढीकै परिसरभित्र रहेको तर पुरानो नाम चिनागढी रहेको जग्गालाई पनि संरक्षणमा ल्याउन आवश्यक भएकाले साक्सिला निवासी जग्गावाल गोपाल बस्नेतबाट २ रोपनी १२ आना २ पैसा ३ दाम जग्गाको दाम रूपैया ३,०००००।-(तीनलाख) र सो जग्गामा बृक्षारोपण गरी वन बनाउने व्यक्तिलाई रू. ३०,०००।- मा खरिद गरी जम्मा तीनलाख तीसहजारमा फन्सीकीमको नाममा २०७६ साल कार्तिक १७ गते माल कार्यालय दिक्तेलमा राजीनामा पास गरिएकाले अर्को उल्लेखनीय कार्य भएको छ। **अत अहिलेसम्म बि सं. २०६६ देखि २०७६ सम्म दुमी किरात राई फन्सीकीमले व्यवस्थापन गरेको र यवस्थापन गर्न बाँकी रहेका जग्गाहरूको विवरण यस प्रकार रहेको छ –**

**१. निशुःल्क दानको रूपमा प्राप्त हुन आएपछि राजीनामा पासगरी ल्याइएको जग्गाहरू–**

| क्र.सं | जग्गा धनी | जग्गाको क्षेत्रफल | योगदान भएको स्थल | जग्गा प्राप्तिको विधि | राजीनाम पास गरिएको मिति |
|---|---|---|---|---|---|
| १. | चन्द्रछिरिङ हदी राई | १ रोपनी | बाक्सिला बजार | निशुःल्क दान | २०६६।९।२० |
| २ | नक्षो अष्टबहादुर हदी राई | ३ रोपनी १० आना ० पैसा ३ दाम | केपिलासगढी | निशुःल्क दान | २०६७ ।९। ११ |
| ६ | लप्टन पर्जबहादुर राई | साडे ७ धुर | धरान सेउती | निशुःल्क दान | २०६९।३। २५।२ |
| | जम्मा जग्गा | लगभग ६ रोपनी | | | |

**२. फन्सीकीमले गन्तागन्ती क्यासमा खरिद गरेको जग्गाहरू–**

| क्र सं | जग्गा धनी | जग्गाको क्षेत्रफल | खरिद गरिएको स्थल | जग्गा प्राप्तिको विधि | राजीनामा पास मिति |
|---|---|---|---|---|---|
| १ | धनकुमारी बस्नेतबाट | ३ रोपनी २ आना | केपिलासगढी | रु ३ लाखमा खरिद | २०६८।१०।१७ |
| २ | गोपाल बस्नेतबाट | २ रोपनी १२ आना २ पैसा ३ दाम | केपिलासगढी | रू. ३ लाख, तीस हजारमा खरिद | २०७६।७ १७ |
| ३ | पर्शुराम राईबाट | २ रोपनी १ आना | सप्तेश्वर, दामथला | सत्म रङकसु रूसुकिम दाम्थलाले फन्सीकीमको नाममा खरिद गरेको रू.५८,०००।- लागतमा | २०६९ साल |
| | जम्मा जग्गा | ७ रोपनी १५ आना २ पैसा तीन दाम | | | |

**३. फन्सीकीमलाई निशुःल्क दानको रूपमा हस्तानतरण गरिएको तर संस्थाको हकभोगमा कानूनी रूपमा नआइसकेको जग्गाहरू**

| क्र.सं | जग्गा धनी | जग्गाको क्षेत्रफल | योगदान गरिएको स्थल | जग्गा प्राप्तिको विधि | हस्तानतरण मिति |
|---|---|---|---|---|---|
| १ | हर्कराज राई, छत्रकुमार राई, काजी राई, रत्नमाया राई | लगभग एक रोपनी | फन्सीकीमको भवनको पश्चिम र दक्षिण गैरा | घरसारी कागजको रूपमा फन्सीकीमलाई निशुःल्क दान गरिएको जग्गा जहाँ अहिले किरात राई साझा चुल्हाघर र संग्रहालय बन्दैछ। | २०६६ |
| २ | चन्द्रप्रसाद दुमी राई | लगभग ८-१० रोपनी पाखो खरभिर र बाँसघारी जग्गा | फन्सीकीम भवनबाट दक्षिण सीमा रातोपानीकुवासम्म तेर्सो बाटो र ठाडो बाटोदेखि भञ्ज्याङ पश्चिम | बुबा मौधन राई र आमा शुभलक्ष्मी राईको नाममा फन्सीकीमलाई निशुःल्क दान दिने संझौता भएको | ७ जनवरी २०१३ मा स्थान हङकङ |
| | जम्मा | लगभग १० रोपनी | | | |

**४. हाललाई भोगचलनको लागि संझौता भई फन्सीकीमलाई हस्तानतरण गरिएको तर पछि खरिद गर्नु पर्ने ऐतिहासिक किरात सशीढुङगा जग्गा**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सुसे थुलुङ राई | लगभग ८ आना | घलेगाउँ जालपा | फन्सीकीम र दुमकिम जालपाको मातहतमा रहने | २०७६ कार्ति २ |

पुनश्च :

१. दुकिराफले ऐतिहासिक केपिलासगढीमा गढी संरक्षणको लागि खरिद गरेको खुद जग्गा ९ रोपनी ८ आना ३ पैसा २ दाम रहेको छ।

२. केपिलासगढीमा सरकारी संरक्षणमा समेत लगभग १ रोपनी जग्गा रहेको छ भने चप्लेटी सामुहिक रानीवन क्षेत्रको सिरान जग्गाहरूमासमेत गढीका भग्नावशेष खाईहरू रहेका छन्। यसो हुँदा ११ रोपनी भन्दा बढी जग्गा गढीको दायरामा रहेको छ।

३. सप्तेश्वर दामथलामा फन्सीकीमकै नाममा किनिएको २ रोपनी १ आना जग्गा रहेको छ।

४. दाता लप्टन पर्जबहादुर, चन्द्रछिरिङ र हर्कराज राई समुहले दिएको जग्गा र चन्द्रप्रसाद दुमी राईले प्रदान गरेको जग्गा सबै एकमुष्टमा २५।२६ रोपनी जग्गा संस्थाको रहेको देखिन्छ। तर दाता चन्द्रप्रसाद राईतर्फको जग्गाको विषयमा अझै यथाशिघ्र संस्थाले दातासँग भलोकुमारी गरी

जग्गाको सुनिश्चित्ता गर्न अत्यन्त आवश्यक भएको देखिन्छ।

५. सुसे थुलुङबाट संभौता अनुसार हस्तानतरण भई दुकिराफको छैटौं महाधिवेशनताका उद्घाटनसमेत गरिसकिएको ऐतिहासिक किरात सशीढुङ्गाको लागि जग्गादातासँग संस्थाले चाँडोभन्दा चाँडो प्रकृयामा जानु पर्ने।

६. एकमुष्ट रूपमा संस्थाको जग्गा लगभग २६ रोपनी रहेको पाइन्छ।

७. माक्पा, नोरङ र साब्रुमा दुमीको नाममा उपभोग भइरहेको जग्गा तथा भौतिक सम्पदाहरूको वस्तुस्थिति के कस्तो हो। फन्सीकीमसँग आवद्ध हुन सक्ने वा नसक्ने बुझ्न बाँकी रहेको छ।

**११.५. केपिलासगढी पर्यापर्यटन प्रवर्द्धन तथा जिर्णोद्धार कार्यक्रम, २०७६ सम्पन्न**

केपिलासगढी क्षेत्रलाई संरक्षण गर्न, प्रचारमा ल्याउन र पर्यापर्यटन प्रवर्द्धनको कार्यमा सहयोग पुऱ्याउने प्रबल उद्देश्यले २०७६ सालको सरकारी बजेटबाट प्रदेश नं १ अन्तर्गतको डिभिजन वन कार्यालय खोटाङको मातहतबाट दुमी किरात राई फन्सीकीमले ऐतिहासिक केपिलासगढी क्षेत्रमा **केपिलासगढी पर्यापर्यटन प्रवर्द्धन तथा जिर्णोद्धार कार्यक्रम समितिको जिम्मेवारीमा** तत्कालसम्म गढीमा रहेका कोतघर, जेल, भवनका भग्नावशेष र शत्रुछेक्ने लोपोन्मुख विभिन्न खाईहरू, परेड मैदान, सेण्ट्रीपोष्ट, सुरक्षा आडढुङ्गा रहेको भग्नावशेषको संरक्षण र जिर्णोद्धार गर्ने कार्य सम्पन्न गरिएका छन्। यस कार्यमा वन डिभिजनसम्म परियोजनाको स्रोतलाई पहिलाउने पुनित कार्यमा केपिलासगढी गाउँपालिकाको अध्यक्ष श्री कृष्णकुमार राईको विशेष योगदान रहेको छ।

**क. चौतारोको निर्माण र दाताहरूको नामावली ताम्रपत्रमा प्रतिस्थापित गरिएको**

केपिलासगढीमा निशुःल्क जग्गा उपलब्ध गराउने विशिष्ट व्यक्तित्व सप्तेश्वर पोक्लु निवासी नक्षो श्री अष्टबहादुर हदी राई र सपरिवारको सम्मानमा एक सम्मानित चौतारो बनाई ताम्रपत्रमा योगदानको उल्लेख गरी स्थापित गरिएको छ। त्यसैगरी परेड मैदानको ३ रोपनी जग्गा खरिद गर्दा योगादान गर्ने दाताहरूको नामावली **केपिलासगढी पर्यापर्यटन प्रवर्द्धन तथा जिर्णोद्धार समितिको तर्फबाट** ताम्रपत्रमा निर्माणगरी २०७६ साउनमा केपिलासगढी परिसरमा स्थापित गरिएको छ।

**ख. राँकेबजार र यलम्बर दिवस मनाउने कार्य नयाँ शैलीबाट शुरुयात**

मनोरञ्जनको रूपमा सँधै घिनुडाँडामा लाग्ने साउने संक्रान्तिको राँकेबजार २०७६ सालबाट केपिलासगढीमा लाग्न शुरुयात भएको छ भने माघ १ गते सक्रान्तिको दिन केपिलासगढीमा पहिलो किरात राजा यलम्बरको नाममा यलम्बर दिवससमेत सोही सालबाट मनाउन शुरुयात गरिएको छ। अहिले विद्यालयहरूबाट शैक्षिक भ्रमणका लागिसमेत केपिलासगढीमा आउने गरेका छन्। त्यसक्रममा बाक्सिलाबाट बेबी क्यारिएर इङ्लिस स्कूल, जालपाबाट जालपा मावि र ज्योती मा वि (इङ्लिीस स्कुल) र सप्तेश्वरबाट थर्पु मा वि ले विद्यार्थीहरूको शैक्षिक भ्रमण गराई स्थानीय राजनीतिक इतिहासको जानकारी गराइसकेका छन्। अनौपचारिक रूपमा भ्रमण गर्न आउने नेपाली पर्यटकहरू पनि फाट्टफुट्ट रूपमा आउने गरेको देखिन्छ।

**१२. जालपास्थित किरात ऐतिहासिक ससीलु 'संझौताढुङ्गा' को संरक्षण, २०७६**

उहिले खबचु र हम्रुचुवीच आपसी विवाह नगर्ने, भैंभगडा नगर्ने, परिआएको बखत एकजुट हुने भनी जाल्पा घलेगाउँस्थित एउटा ढुङ्गामा बसेर संभौता गरी ढुङ्गालाई प्रमाणस्वरूप काटेर डोब लगाए, मालिङ्गोको दुई चुङ्गोको पानीलाई एकै चुङ्गोमा मिसाए, दुई चुङ्गे रगतलाई एकै चुङ्गेमा मिसाए र रातो अचना चिसो छपना गरेर भाई बाँधिई



एकताको प्रदर्शन गरेको साक्षात ससीढुङ्गालाई लामो प्रयत्नपछि २०७६ साल कार्तिक २ र ३ गते जालपामा सम्पन्न दुकिराफको छैटौं राष्ट्रिय महाधिवेशनताका सुशे थुलुङ राईको हकभोगमा रहेको लगभग ८ आना ढुङ्गे जग्गालाई संस्थाको संरक्षणमा ल्याई उद्घाटनसमेत गरिएको छ।

**१३. ऐतिहासिक सांस्कृतिक स्थलहरूलाई पहिचानमा ल्याउने कार्य**

माथि उल्लेख भएको केपिलासगढी, चिनागढी, सशीढुङ्गा लगायत दुमीको भूगोलभित्र अस्तित्वविहिन स्थितिमा रहेको ऐतिहासिक पुरातात्विक सास्कृतिक सम्पदाहरू जो उदारको पर्खाइमा बसेका छन् त्यसलाई लेख, रचनामार्फत प्रचार-प्रसारमा ल्याउने कार्यहरू गरिएका छन्। तीनीहरू हुन-

१. **दुङकुलु** – बाक्सिला सिम्पानीस्थित दुमीहरूको उत्पत्तिथलो।

२. **चुचुदह** – चोखुम र राँटीगाउँ वीचको हरसी, दिम्मचु, सरचु, वालक्पा र हम्रुचु पाछाको एतिहासिक सांस्कृतिक स्थल।

३. **तोदिप्पु बासस्थान (बोब्लेओढार)**– सिम्पानी गाउँमाथि रहेको रत्कु, हदी र रङकासुको ऐतिहासिक पुर्खा तोदिप्पु शिकार खेल्दा बस्ने घर

४. **बरमेधारा**– बाक्सिलाबजार नजिकै रहेको रत्कु, हदी, रङकासु, लुप्पो र सत्महरूले पानी खाने मूल पुर्ख्यौली पँधेरो।

५. **माखिपाको समाधी**– दुङकुलुबाट माक्पा पुगेर रस्तीवस्ती बसाएका गान्पा रतेपाको सन्तान खारुबु, हलक्सु, वालक्पा, र हजुरपाछाको ऐतिहासिक भूमि माक्पा

६. **राईचुको उत्पत्तिथलो राइचु पोखरी**– पोखरी गुरुङ्गाउँस्थित लोपभैसकेको ऐतिहासिक किरात पोखरी

७. **चिलिमढुङगा**– रत्कु, हदी, रङकासुहरूको पुर्खाहरू शिकार खेल्ने थातथलो, बलमदेल, र काखैमा रहेको नक्तीखोला जो लुप्पोको बलमदेल मानिन्छ।

८. **ढोलटाँसे** – पत्करु सिरानमा रहेको सबैले मानी आएको गोठमा बस्ने अर्खौले, ठोकारे र बाहिङ्गेनी कमिनीको किंवदन्तीसँग जोडिएको भूमि ढोलटाँसे जसको मुदुमी नाम रूपेलु हो।

९. **ढालतरबारडाँडा**– बाक्सिला, सुङदेल र खार्ताम्छा वीचमा पर्ने साम्पाङभाषी सुभाङ्गीनामको राजाको शासकीय किल्ला।

त्यसैगरी संरक्षणको अभावमा अलपत्र परेर वसीरहेको रावाखोला, तापखोला दोभानस्थित सप्तेश्वर महादेव, माक्पाको छेन्तानी बाजेको थान, खार्मीको भूमे, कुमदेलको पोखरीको कथाहरू पनि लेख रचनामा भएका छन्।

**१४. पहिचान प्रदर्शनको कार्य**

दुमीको पहिचानको लागि निम्न कार्यहरू सम्पन्न गरिएका छन्-

**१४.१. दुमीहरूलाई राष्ट्रीय अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान गराउने कार्य**

भट्ट हेर्दा सामान्य लाग्ने तर किरात राईको समुन्द्रमा दुमी को हो ? कहाँ वस्छन् ? उनीहरूको पनि भाषा छ र ? दुमी राईहरू पनि हुन्छन् र ? म त बान्तवा, चामलिङ, साम्पाङ, खालिङ, बाहिङ, नाछिरिङ राई मात्रै सुनेको थिएँ भन्ने व्यक्तिहरूको कमी थिएन। यस्तो अवस्थामा रहेका दुमी राईहरूलाई चिनाउने कार्य गर्दै आएको छ।

**१४.२ दुमीहरूको सामे र पाछाको पहिचान**

फन्सीकीम स्थापना हुनुअघि दुमीहरूको सामे र पाछामा नै दुमीहरू अलमलमा थिए भने महासमुन्द्र किरात राईहरूभित्र दुमीहरूको पहिचान समुन्द्रमा पानीको थोपा जस्तो मात्र थियो। रावाखोला वारी र पारी वसोवास गर्ने दुमी राईहरूमा हामी सबै दुमी राईहरू हौं भन्नेसम्म स्पष्ट पहिचान भएको थिएन। फन्सीकीम स्थापना भएपछि दुमीहरू ७ सामे र २१

पाछामा विभाजित छन् भन्ने स्पष्ट पहिचान भएको छ ।

**१४.३. दुमीहरूको आगमन, थातथलो र हाल बसोवासको पहिचान**

दुमी राईहरू ख्वालुङबाट आएका हुन भन्ने पुर्खाको भनाई रहेको छ । यसलाई कसैले बराहक्षेत्र पूर्वको भूमि र कसैले हलेसी क्षेत्र भनेका छन् । बराहक्षेत्र पूर्वबाट बसाइसरी आउने दुमीहरू कोशीनदी पछ्याउँदै चतरा, बराहक्षेत्र, त्रिवेणीघाट हुँदै अरुण पछ्याएर भोजपुरको सिक्तेलमा आए । सिक्तेलपछि दिक्तेल आए । कोही त्रिवेणीबाट सुनकोशी हुँदै दुधकोशी पछ्याएर हलेसी आइपुगे । त्यसपछि दिक्तेल र हलेसीबाट दुङकुलु दुमदेल (सिम्पानी) आए । त्यसपछि त्यहाँबाट पनि नेपाल एकिकरण अघि र पछि यत्रतत्र छरिन पुगे भन्ने किंवदन्ती पाइन्छ । यी कुराहरू पहिचान र बुझाइमा ल्याउन फन्सीकीमले प्रयत्न गरेको छ ।

**दुमीहरूको हालको बसोवास क्षेत्र**

**अ. नेपाल भित्रका जिल्लाहरू–**

१. **खोटाङ** – बाक्सिला, जाल्पा, खार्मी, सप्तेश्वर र माक्पा, ख्वालुङपछिको मुख्य थातथलो मानिन्छ । यहाँबाटै स्वदेश विदेशमा छरिएर गएका हुन । खोटाङमा सुङ्देल, खार्ताम्छा, ममतेम, गारा, सारालुङ, तोमाने, भाङ्गु, पाथेका नाखाम, चोखाने, नेर्पा, सोल्मा, बतासे, कुभिण्डे हाँचेका, महेश्वरी राईगाउँ, राइसिङ्गे र चिउरीवासतिर बसोवास रहेको छ ।

२. **भोजपुर** – दिङ्ला, दिल्पा केराबारी

३ **उदयपुर** - पछिल्लो समयमा कटारी सिमलवास, कटारी जौवारी, गाइघाट, बसाहा बजार, बर्खेडाँडा, बनेलपानी, भागलपुर, बेलका बाँधडाँडा र एविसीटप्पुमा वसोवास गर्नेहरू ।

४. **संखुवासभा** – खाँदवारी, रातमाटे, माङ्तेवा, बुडिल्डटार,.ताम्कु र याम्दाङ ।

५. **सुनसरी** – पछिल्लो समयमा धरानबजार, तरहरा, चौतारीचोक, चक्करघट्टी सालवन्दी, शुक्रबारे, राजाबास प्रकाशपुर, इटहरी नयाँटोल, कान्छीचोक, तेत्रोचोक, बराहा वीचपानी, हाँसपोसा, .चतराबजार, चतरा पुनर्वास क्षेत्र, चतरा रेलवेलाइन, कोशी टप्पु ।

६. **मोरङ** – लेटाङ कमलपुर, लेटाङ खेरुवा, बेलबारी, बिराटनगर,.डाँगीहाट, इटाहरा र टंकीसुनुवारी ।

७. **झापा** – दमक, बिर्तामोड, शनिस्चरे, सुरुङ्गा, सितापुरी ।

८. **इलाम** – सल्लेरी पचेबुङ, गोर्खे सानोबाङ्गीम, कमेरेगाउँ, मङ्गलबारे, मझुवा, फाकफोकथुम दुमीडाँडा, सुम्बेक ।

९. **पाचथर** – रबिबजार, खेसाङ, ओलने, च्याङथापु ।

१०. **ताप्लेजुङ** – फुङलिङ, डुम्रिसे, सादेवामा पनि पहिले नै गएका दुमीहरू वसोवास गर्दछन् । केही दुमीहरू तांकुबाट सादेवा गएर बसेकाहरू छन् ।

११. **काठमाडौंको विभिन्न क्षेत्र** – बौद्ध, जोरपाटी, रामहिटी, नयाँबानेश्वर, कीर्तिपुर, महाराजगञ्ज, नखीपोट ।

१२. **ललितपुरमा** – लगनखेल, ढोलाहिटी,

१३. **भक्तपुरमा** – बालकोट, बोडे,

**आ. मुलुक बाहिर**

१. **भारतको दार्जिलिङ र त्यस सेरोफेरोमा बसोवास भएका दुमीक्षेत्रहरू–**

सुकिया घुमवस्ती, कागझोडा, मानपुर, चौरस्ता, लोवार बाउखोला, सिमनटार, माम्रीङवस्ती, माम्रीङ चिया बगान, बिजनवारी, चुङथुङ, लिजायल, तुङसुङवस्ती चौरस्ता, पुसिना बैंक टि स्टेट, लाप्चु पेसोक टि स्टेट, दली ब्लुमफिल्ड, तक्द टि स्टेट, फुप्सिरिङ पात्लेवासमा वसोवास रहेको छ ।

त्यस्तै मिरिक, गोपालधारा टि स्टेट, सियोक टि स्टेट, थर्बु टि स्टेट, रूम्ताङ टि स्टेट, मुण्दाकोटी टि स्टेट र रिखिहाटमा दुमीहरूको वसोवास रहेको छ ।



२. खर्साङका विभिन्न क्षेत्रहरू - चटकपुर, मकैवारी टि स्टेट

३. आसाम,

४. सिक्किम- जोरथाङ, सिङताङ, .उत्तरी सिक्किम उपरजङ्गु

अन्य देशहरूमा भुटान, बर्मा र पछिल्लो समयमा युकेमा दुमी राईहरू वसोवास गर्न थालेका छन् । भुटानमा कतिपय नेपाली मुलका मानिसहरूलाई भुटान सरकारले जबरजस्त देशनिकाला गर्दा दुमी राईहरू पनि त्यसको घानमा परी झापामा रिफ्युजी क्याम्पमा बसोवास गर्न लाग्दा त्यहाँबाट पनि रिफ्युजिकै रूपमा अमेरिका पुगेको जानकारी पाइन्छ ।

**१४.४. आदिवासी जनजातिगत भाषाको कविगोष्ठीमा सहभागीता**

आदिवासी जनजाति प्रतिष्ठानले वार्षिक रूपमा सम्पन्न गर्ने भाषिक कविगोष्ठीहरूमा दुमी समुदायबाट पनि भाग लिएर कविता वाचन गर्ने र प्रकाशन गर्ने कार्य गरिरहेको छ ।

**१४.५. राष्ट्रिय नाचघर, काठमाडौंमा दुमी सांस्कृतिक कार्यक्रम प्रदर्शन २०६१**

दुमी किरात राई फन्सीकीम र प्रारम्भिक कार्य समिति काठमाडौंको संयुक्त प्रयासमा २०६१ साल भाद्र २१ गते राष्ट्रिय नाचघर काठमाडौंमा आफ्नो भाषा, धर्म, संस्कार संस्कृतिलाई बचाउनु पर्दछ भनेर दुमीहरूकोतर्फबाट इतिहासमै पहिलो पटक एक भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ । चाह्यो भने दुमीहरूले गर्न नसक्ने कार्य केही छैन भन्ने उदाहरण हो यो ।

**१४.६. दुमी दिवस (दुमी मिन्सी), २०६२**

दुमीराईहरू पनि यो देशमा छन है भनेर देखाउन फन्सीकीम दर्ता भएको कार्तिक २३ गते भएतापनि त्यही दिनको संझनामा काठमाडौंस्थित चाइना वरल्ड दरबार मार्गमा २०६२ मंसिर २५ गते शनिवारका दिन "प्रकृतिको सम्मान पित्रिको मान, मौलिक किरात धर्म हाम्रो पहिचान" नाराका साथ पहिलो पटक दुमी दिवस सम्पन्न भएको थियो । २०६३ भाद्र २४ बाट छिरियाम्लोको अवसर पारेर दुमी राईहरूवीच शुभकामना आदान प्रदान गर्ने कार्यक्रमको पनि थाल्नी भएको छ ।

**१४.७. दुमी एकताको लागि वनभोजको कार्यक्रम**

काठमाडौंमा दुमीहरूको एकता प्रर्दशनको लागि २०५७ सालदेखि नै वनभोजको कार्यक्रम गर्न शुरुयात गर्न थालेको हो । वनभोजलाई दुमीहरूमाझ एकआपसमा चिनजान र भाइचाराको सम्बन्धलाई दरीलो बनाउँदै भाषा, धर्म, संस्कार संस्कृति, इतिहास र वंशावलीको संरक्षण गर्ने माध्यमको रूपमा प्रयोग गरिएको छ । यस्तो वनभोजका कार्यक्रम धरान दुमकिमले पनि आयोजना गरेर दुमीहरूको एकताको लागि प्रयत्न गरिरहेको छ । यसबाट मर्दाको मलामी र बाँच्दाको जन्तीको रूपमा दुमीहरूलाई सामुहिकीकरण गर्नमा जोड दिइआइएको छ ।

**१४.८. दुमी उत्थानको लागि द्यौसी भैलो कार्यक्रम**

२०५६ सालतिरबाटै दुमीहरूको पहिचान, संस्कार संस्कृतिको संरक्षण र इसिलिम प्रकाशनमा सहयोग पुगोस भन्ने अभिप्रायले हरेक तिहारमा काठमाडौं र धरानमा द्योसी भैलो कार्यक्रम सम्पन्न गर्ने गरेको छ । द्यौसीबाट उठेको दानलाई फन्सीकीम तथा दुमकिमको उत्थानमा खर्च गरिएको छ ।

**१४.९. दुकिराफको अन्य भाषिक संस्थाहरूसँगको सह सम्बन्ध**

दुमी किरात राई फन्सीकीम जस्तै समान विशेषता र समान हैसियत बोकेका १८ वटा किरात राई भाषिक संस्थाहरू किरायाभित्र रहेका छन् र ति सबै संस्थाहरूसँग फन्सीकीमको सह सम्बन्ध रहेको छ ।

**१४.१०. बाह्य मुलुकसम्म फन्सीकीमको पहुँच**

यत्तिखेरसम्म फन्सीकीमको अन्तर्राष्ट्रिय सम्बन्ध भारतको आसाम, दार्जिलिङका दुमी राईहरू र

भर्खरै नेपालबाट विदेशमा वसोवास गर्न पुगेका हङकङ, बेलायत, क्यानाडा, अमेरिका, यु.ए.ई, अष्ट्रेलियासँग जीवीत सम्बन्ध स्थापित भएको छ । त्यहाँबाट दुमी बन्धुहरूले फन्सीकीमलाई भरपुर सहयोग पुऱ्याइराख्नु भएको छ । बाह्य मुलुकसँग जोड्ने दुमी वेभसाइड निर्माण गरिएका छन् ।

**१४.११. राजनीतिक अधिकारको खोजीमा संलग्न**

फन्सीकीम विशुद्ध सामाजिक संस्था भएता पनि यसले किरात राई यायोक्खाले प्रस्तुत गरेको किरात स्वायत्त राज्यको मागलाई समर्थन र सहयोग गरी आएको छ । यस्ता कार्यहरू गरिरहँदा आदिवासी जनजातिको हक अधिकारलाई प्रतिविम्त्रित गर्ने आई एल ओ महासन्धीको कार्यान्वियन, गणतन्त्रको स्थापना, धर्मनिरपेक्षता, जातीय जनसङ्ख्याको आधारमा राज्यको तीनवटै अङ्गमा समानुपातिक प्रतिनिधित्व, जातीय, भाषिक, सांस्कृतिक र ऐतिहासिक पहिचानको आधारमा राज्यको पुनसंरचना गरिनु पर्ने विषयमा कियालाई साथ दिई आएको छ ।

**१४.१२. आकस्मिक सहयोगको कार्य**

बेलाबेलामा पर्ने अनेकौं दैबी प्रकोपलगायत प्रतिभा उन्नतिको मार्गमा लाग्न चाहने प्रतिभाहरूको उत्थानको लागि पनि फन्सीकीमले सक्दो मद्दत गर्दै आइरहेको छ । त्यसको विवरण निम्न रहेको छ -

१, लाखमनी हदी राई, (बाक्सिला हालकुम) २०६१ सालमा गाडीमा दुर्घट्ना भई बिरामी पर्दा फन्सीकीमले रू.२८,०४७।- (अठ्ठाइसहजार सत्चलीस) सहयोग संकलन गरी सहयोग गरेको छ ।

२. चतुरमनी सत्म राई, बाक्सिला लंखालाई निजको किड्नी उपचारको लागि २०७६ सालमा थ्रौसी खेली रू. ९०,०००।-(नब्बे हजार रूपैयाँ) रकम उपलब्ध गराएको छ ।

३. देबेस रङ्कासु राई, बाक्सिला माक्पालीडाँडालाई नेपाल आइडलमा प्रतिष्पर्धा गर्न राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा रहेका दुमी लगायत अन्य सुभेक्षुक मित्रहरूको आर्थिक सहयोग जुटाई प्रतिष्पर्धाको लागि सहज बनाउने कार्य गरिएको छ ।

४. जुना रत्कु राई, पाँचथर, रबीलाई नेपाली आइडलमा प्रतिष्पर्धा गर्नको लागि रू. २५,०००।- रकम सहयोग गरेको छ ।

५. किरात राई यायोक्खाले नाम चलेका विभिन्न कलेजहरूमार्फत ११ र १२ कक्षाको लागि दिलाउने छात्रबृत्तिहरूमा दुमी राईका सन्ततिहरूलाई पनि उपलब्ध गराउने कार्यमा शुरुदेखि नै लागीपरेको छ र पाइराखेका पनि छन् ।

६. दुर्घटना आगलागी जस्ता दुर्घट्नाहरूमा फन्सीकीमले सकेको मद्दत गर्ने गरेको र कियालाई सहयोगको लागि सिफारिश गर्दै आएको छ ।

**१५. आजीवन सदस्य बनाउने कार्य**

फन्सीकीमप्रति भित्रैबाट माया पलाओस, योसँग मेरो चुल्हा जोडिएको छ, यसको अहित हुँदा मेरो पनि अहित हुन्छ । त्यसैले यो मेरो पारिवारिक संस्था हो भन्ने भावनाबाट फन्सीकीम र दुमीहरूको वीच गहिरो अन्तरसम्बन्ध रहोस् भन्ने उद्देश्यले विधानतः जनही रूपैया १,०००।- शुल्क लिएर आजीवन सदस्यता बनाउने कार्य भैरहेको छ । हालसम्म दुमी किरात राई फन्सीकीमको आजीवन सदस्यहरू ८७ जना पुगिसकेको अवस्था छ ।

**१६. विभिन्न व्यक्तित्वहरू तथा संस्थालाई सम्मान**

नेपालको शिर उच्च राख्न कार्य गर्ने दुमी वा गैर दुमी व्यक्तित्वहरू, दुमी समुदायमा चेतना फैलाउने, भाषा, संस्कार संस्कृतिको हितमा योगदान गर्ने व्यक्तित्वहरूलाई फन्सीकीमको तर्फबाट इसिलिम पत्रिकामा धन्यवादसहित शुभनाम प्रकाशन गरिएको छ र अन्य केही व्यक्तित्वहरूलाई संस्थाको तर्फबाट विभिन्न प्रकारका मान, सम्मानपत्रहरूद्वारा निम्नानुसार सम्मानित गरिएको छ (विगत इसीलीम अंकमा प्रकाशित) ।



**१६.१. मानार्थ सदस्यताको रूपमा सम्मान**

विधानत फन्सीकीमलाई जिन्सी वा नगदीको रूपमा रूपैया २५,०००।- (पच्चीसहजार) बरावरको योगदान गर्ने र दुमीको लागि विशेष योगदान गर्ने दातालाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्ने र ताम्रपत्रद्वारा सम्मान गर्ने व्यवस्थाको शुरुआत गरियो । अहिलेसम्म विभिन्न व्यक्तित्वहरूलाई फन्सीकीमले मानार्थ सदस्यता प्रदान गरेको छ । विधान वमोजिम धेरै व्यक्तित्वहरू मानार्थ सदस्यताको लागि योग्य भैसक्नु भएको छ, तर संस्थाले निर्णय नगरिसकेको जानकारी गराइन्छ ।

**१६.२. प्रतिभावान व्यक्तित्वहरूलाई सम्मान**

खेलजगतबाट नेपालकै शिर उच्च राख्न सफल व्यक्तित्व, दुमीहरूको भाषा संस्कृतिको उत्थानमा योगदान गर्ने व्यक्ति तथा संस्था र आफ्नो शीप र क्षमताबाट गाउँघरलाई चेतना जगाउने व्यक्तित्वहरूलाई संस्थाले सम्मान गरेको छ ।

**१६.३. दुमी शब्दकोश निर्माणमा योगदान**

दुमी शब्दकोश निर्माण र प्रकाशन गर्ने फन्सीकीमको महान लक्ष्यमा अतुलनीय योगदान पुऱ्याउनु हुने विभिन्न व्यक्तित्वहरूलाई सम्मानपत्र, कदरपत्र र प्रशंसापत्रले सम्मान गरिएको छ ।

अन्य कतिपय दाताहरूलाई विभिन्न कारणहरूले प्रशंसापत्र दिलाउन सकिएको छैन । यसरी नै रू. ५०००।- भन्दा कम राशी प्रदान गर्नु हुने महानुभावहरूको नाम इसिलिममा उल्लेख गरिएको छ (विगत इसीलीम अंकमा प्रकाशित) ।

**१६.४. फन्सीकीम भवन र दुमकिम भवन निर्माणका लागि योगदान गर्ने व्यक्तित्वहरूलाई सम्मान**

दुमी किरात फन्सीकीम भवन निर्माणका निमित्त आर्थिक तथा भौतिक सहयोगद्वारा योगदान गर्ने विभिन्न व्यक्तित्वहरूलाई सम्मानपत्र, कदरपत्र र प्रशंसापत्रले सम्मान गरिएको छ (दाताहरूको नामावली विगत इसीलीम अंकमा प्रकाशित) ।

**१६.५. ऐतिहासिक केपिलासगढी र चिनागढी संरक्षणका निमित्त योगदान गर्ने व्यक्तित्वहरूलाई सम्मान**

लोप भैसकेको ऐतिहासिक केपिलासगढी संरक्षणको लागि भौतिक, आर्थिक योगदान गर्नुहुने महानुभावहरूलाई संस्थाले सम्मानपत्र, कदरपत्र र प्रशंसापत्रले सम्मान गरेको विवरण तल लेखिए अनुसार रहेको छ-

**१६.५.१. केपिलासगढी पर्यापर्यटन प्रवर्द्धन तथा जिर्णोद्धार समितिको योगदान :**

ऐतिहासिक केपिलासगढीमा केपिलासगढी पर्यापर्यटन प्रवर्द्धन तथा जिर्णोद्धार समितिको तर्फबाट गढीमा योगदान गर्ने दाता महानुभावहरूको नामावली ताम्रपत्रमा लेखी २०७६ मा प्रतिष्ठापित गरिदिएको छ ।

**१७. स्थानीय संगठनात्मक संरचना : दुमकिम देलकिमको गठन**

दुमी किरात राई फन्सीकीमको प्रारम्भमा दुईटा संरचना रहेको थियो । त्यसमा केन्द्रलाई फन्सीकीम र गाबिसको तहमा रहने तल्लो निकायलाई प्रारम्भिक कार्य समिति भनियो तर २०६२ सालपछि उक्त संरचना र नामलाईसमेत परिवर्तन गरी प्रारम्भिक कार्य समितिलाई दुमीभाषामा दुमकिम र दुमकिमका मातहतमा रहने समितिलाई देलकिम भन्नु पर्ने निर्णय गरियो । यसको पहिलो कार्यान्वयन २०६४ सालमा काठमाडौंमा श्री महेन्द्र हम्बुङ राईको अध्यक्षतामा दुमी किरात राई फन्सीकीम दुमकिमको गठन गरियो र सोही अनुसार दुमकिमको मातहतमा देलकिम गठन गर्न शुरुयात गरियो । अहिलेसम्म दुमकिम देलकिमको गठन भएका विवरण निम्नानुसार रहेको छ–

१. **दुमकिम गठन भएका स्थानहरू–** १. बाक्सिला, २. सप्तेश्वर, ३. जाल्पा, ४. खार्मी, ५. माक्पा, ६. नेर्पा, ७, दिक्तेल, ८.काठमाडौं, ९. धरान, १०. इलाम, मझुवा, ११. कुभिण्डे हाँचेका,

२. **देलकिम गठन भएका गाउँहरू–**

बाक्सिला क्षेत्र अन्तर्गत- १. गैरीगाउँ, २. डाँडागाउँ, ३. माक्पालीडाँडा, ४. हालकुम, ५. अङ्खा, ६. हायापु, ७. चोखुम, ८. सिम्पानी, ९. दशकते रहेका छन् । माक्पा अन्तर्गतका देलकिमहरू-माक्पा मुलगाउँ, बाक्चुवा, इलिम, लेवा, लुम्दु, नोरङ र बेप्ला तथा खार्मीमा साब्रु र निभारे । जालपामा खरदेल, दिक्तेलमा सोल्मा र सोल्मा डाँडागाउँमा देलकिम रहेको छ ।

३. बाह्य मुलुकमा हङकङ र यु.के मा फन्सीकीमका शाखाहरू रहेका छन् । (इसिलिम, २०६४ ७६-७७)

**१८. फन्सीकीममा इसिलिम सम्बृद्धिकोशको स्थापना**

फन्सीकीमलाई कसरी दरिलो बनाउन सकिन्छ भन्ने बारेमा शुरुदेखि नै पहलकदमी गर्ने कार्य जारी रहेको हो । त्यही सिलसिलामा सहकारी संस्थाको पनि स्थापना नगरिएको होइन । तर यी सबै प्रयत्नहरू बेकार भए । चिउला आउन नपाई नै त्यसका मुनाहरू निमोठिए । यद्यपि फन्सीकीम परिवारकै तर्फबाट इसिलिम सम्बृद्धि कोशहरू खडा गरिएका छन् । क्याप्टेन नैनबहादुर राई, डा नेत्रमणि राईहरूको पहलमा सबै कार्यकर्ताजनहरूले यसलाई उठाउन प्रयत्न भइरहेको छ । म आफैले पनि रूपैया ४२,०००।- बराबरको म आफै लेखक रहेको पुस्तक "दुमी राईहरूको समाजमा पाइने, मिथक, किंवदन्ती र लोककथा नामक" १४० वटा पुस्तक इसिलिम सम्बृद्धि कोशकै लागि उपलब्ध गराएको छु । हरेक प्रकाशनको विक्रिबाट आउने पुस्तक मूल्यबाट इसिलिमको आगामी प्रकाशनमा बल मिलोस भन्ने ध्येय कोशको रहेको छ । यो क्रमिक रूपमा बढाउँदै लैजाने कोष भएकाले यसमा सबैको योगदान रहन सके इसिलिम प्रकाशनलाई अरुसँग हात पसारी गुहार माग्न पर्दैनथ्यो ।

**१९. पदमबहादुर, चन्द्रशोभा, नरभक्त सत्म राई प्रतिभा उत्थान अक्षयकोश-२०७६**

आजसम्मको फन्सीकीमको इतिहासमा बल्ल एउटा अली ठूलो अक्षयकोशको व्यवस्था गरिएको छ । यो कोश २०७६ साल कार्तिकमा दुमी किरात राई फन्सीकीमको छैटौं महाधिवेशन जालपामा सम्पन्न हुँदा संस्थाका तात्कालीन अध्यक्ष यही स्तम्भकारले आफ्नै पिता, माता र दाजुको नामा **"पदमबहादुर, चन्द्रशोभा, नरभक्त सत्म राई प्रतिभा उत्थान अक्षयकोश-२०७६" स्थापना गरिएको हो । यसको जम्मा धनराशी १,००००१।- (एकलाख एक रूपैया रहेको** छ । दुमी राईहरूको धार्मीक, सांस्कृतिक, भाषिक, इतिहास, वंशावलीको क्षेत्रमा योगदान गर्ने प्रतिभावान व्यक्तिलाई यसको व्याजबाट बार्षिक रूपमा महिला र पुरूष गरी दुइजनालाई पुरस्कृति गरिनेछ । यो कोश मास्न पाइने छैन । वार्षिकरूपमा कोशको व्याजलाई सयप्रतिशत मानी ७५ प्रतिशत पुरस्कार, १० प्रतिशत कार्यालयगत खर्च र १५ प्रतिशत मूलधनमा थप गर्दै लैजाने व्यवस्था अक्षयकोशदाता र फन्सीकीमको वीच संभौता भएको छ । यो कोश एउटा सानो थाल्नी मात्र हो आगामी दिनमा फन्सीकीम संबृद्धि हुनको लागि यस्ता कोशहरू संस्थामा धेरै स्थापित हुनु आवश्यक छ र त्यो सुनौलो दिनको पर्खाइमा संस्था रहेको छ ।

**२०. फन्सीकीमका आगामी चुनौतीहरू**

फन्सीकीमले गर्नु पर्ने कार्यगत चुनौतीहरू बग्रेल्ती छन् । अहिले सडक र बिद्युत मात्रै बिकास हो भन्ने बुझाइमा कतिपय धार्मिक, सांस्कृतिक थलोहरूको संरक्षणमा संकट पर्दै गएको देखिएको छ । किरातको विरासत मानिने कतिपय साकेलाथानहरू बाटोले मिचेर पहिचान नै गुमीसकेको देखिन्छ । मौलिक किरात संस्कृति गुमेको उत्तम ठान्ने कतिपय धार्मिक सम्प्रदायहरूको भित्री चाहनामा अहिलेको विकासे कार्यक्रमले सहयोग पुऱ्याई रहेको देखिन्छ । दुमीहरू रैथाने भएकाले दुमीको बिरासत थाम्ने सम्पदाहरू धेरै हुनु स्वभाविक छ जो आँखाले देखिने र ह्रदयले देखिने दुबै छन् । ती दुवै सम्पदाहरू गुम्दा दुमीको पहिचान पनि गुम्दछ । तसर्थ यी नै सम्पदाहरूको संरक्षण र त्यसलाई प्रत्येक दुमीको मनमष्क्मिा पुऱ्याउनु नै अहिलेको चुनौती हो । त्यस्ता चुनौतीहरूलाई तल उल्लेख गर्नुपर्दा निम्न देखिन्छन् -

**२०.१. भाषा तथा पठन पाठन सम्बन्धी चुनौतीहरू**

दुमी किरात राई फन्सीकीम स्थापना भएको साढे दुईदशक पुगिसक्दा पनि अझै विद्यालयमा भाषा अध्ययनको लागि पाठ्यपुस्तक र सरकारी निकायसँग कार्यान्वयनको लागि प्रकृयागत थालनी गर्न नसक्नु, पाठ्यक्रममा के के रहने, पाठ्यपुस्तकको तयारी कसरी गर्ने, कसरी छाप्ने, आर्थिकभार कत्ति लाग्ने, कहाँ-कहाँ पढाई गर्ने, जनशक्ति कसरी तयार गर्ने, जनशक्ति प्रयोग गर्दा कत्ति खर्च लाग्छ, यो खर्च कसरी र कसले बेहोर्ने जस्ता अनगिन्ती समस्याहरू बारे हामी प्रष्ट नहुनु हाम्रा सामुमा चुनौतीको पहाड उभिएको छ ।

**२०.२. संस्कार संस्कृतिसम्बन्धी चुनौतीहरू**

जुन समस्या भाषाको विषयमा देखिएको छ ठिक त्यही अवस्था दुमीहरूको संस्कार संस्कृतिमा पनि रहेको छ । अहिलेसम्म एकिकृत ढङ्गको मुद् दुम, संस्कार संस्कृतिका दप्सी, बखान र प्रकृयागत पद्धतिहरूको क्रमिक रचनाहरू आउन नसक्नु कमजोरी देखिन्छ ।

फन्सीकीमले मौलिक संस्कृतिको लागि जोड दिइरहँदा समुदाय चाहिं परसंस्कृति र विश्वासको पिछलग्नु हुँदै जाने प्रकृतिले भोलीका दिन मौलिक संस्कृति नै जीवीत नहने संकेत देखा पर्न थालेको छ । त्यसैले यस क्षेत्रमा अव के गर्ने हो भन्ने कुराको अत्यन्त निर्णय हुन आवश्यक छ ।

किरात सभ्यताको प्रमाण मानिने ढुङ्गा, काठ, धातु, किरात संस्कृतिजन्य पुरानो सामग्रीहरू औजारहरू, कागजपत्रहरू लोपभैसकेको छ बाँकी रहेकोलाई पनि संरक्षण गर्न नसकिएको अवस्था छ । यस्ता सम्पदाहरूको संरक्षणलाई संस्थाकरण गरेर लैजान नसक्नु ठूलो कमजोरी रहेको छ ।

**२०.३. फन्सीकीमको संगठनात्मक सुधारको चुनौती**

फन्सीकीम केन्द्रीकृत ढङ्गले फगत एक्लो भएर केवल टाउकालाई मात्र बोझ दिनु वा लिनुको अर्थ मातहतका शाखाहरूलाई अनुउत्तरदायी बनाउनु हो । वर्तमानलाई हेर्दा पूर्वको धरान दुमकिमलाई छाडेर अन्य दुमकिमहरूको हालत हेर्दा सन्तुष्ट हुने ठाउँ छैन । खाजाबासमासमेत दुमकिम व्यवस्थित ढङ्गले सञ्चालन हुन सकेको छैन । अन्तको त झनै सपनातुल्य छ । रबिबजारमा दुमीहरूको बाक्लो वसोवास भएर पनि दुमकिम निर्माण भएको छैन । त्यस्तै इलामको गोर्खे, मझुवाका दुमकिमहरू र केन्द्रवीचको सम्बन्ध जीवीत नहुनाले ती चलाएमान छैनन् । काठमाडौंमा अनेकौं प्रयत्नको बाबजुद पनि दुमकिमले आजसम्म पूर्णता पाउन सकेको छैन । यसरी हेर्दा फन्सीकीम सन्तान बिनाको एकलो बाबु भइरहेको छ ।

आगामी दिनमा स्थानीय क्षेत्रमा दुमीभाषाको पठनपाठन गराउँदा दुमकिम र देलकिमले त्यसलाई कार्यान्वयनको जिम्मेवारी लिनु पर्ने हुन्छ । यही अवस्थामा यो कसरी संभव होला ? त्यतातिर कार्यकर्ताहरूको शोच बनिएको देखिदैन ।

**२०.४. ऐतिहासिक, सांस्कृतिक थातथलो पहिचान र संरक्षणको चुनौती**

सिम्पानीको डुङकुलु जसलाई दुमीको मक्का मदिना भन्न सकिन्छ, केपिलासगढी, चिनागढी दुमीभाषी, साम्पाङभाषी राईहरूको पुर्खौली राजनीतिक प्रशासनिक थातथलो हो । यसलाई सबैले साझा सम्पदाको रूपमा पहिचान गर्न सकेको देखिदैन ।

चुचुदह दुमीसमुदायमा हरसी, दिम्मचु, सरचु, वलक्पु र हमरुचुको पुर्खाहरूको शिकार खेल्ने, पानीखाने, आराम गर्ने, पशुपालन गर्ने थातथलो हो

जो आज बेबारिसे अवस्थामा रहेको छ । तोदिप्पु किम (बोब्ले ओडार) लुप्पो वंशका भाञ्जाहरू रत्कु, हदी र रङकासुको पुर्खा तोदिप्पुको घर एवं सोलापाँजा थाप्दा बस्ने घर हो यसलाई सडकले भत्काइसक्दा पनि कसैले खुलेर यो दुमीको सम्पत्ति हो भनेर बोल्न सकेका छैनन् । दुमी कार्यकर्ताहरू मुख हेराहेर गरेर बसेका छन् । आफूभन्दा अरुले नै बोलोस म किन छुच्चो हुने भन्ने प्रकारले मुखमा पानी हालेर बसेको देखिन्छ । यसरी साझा ऐतिहासिक सम्पदा कसरी संरक्षण होला ?

राइचु पोखरी राइसिङगो गाउँमाथि रहेको पोखरी गुरूङगाउँस्थित राइचु पाछी राईको उत्पत्तिथलो हो । त्यो लोप भैसकेको छ तर यसको उत्थान र संरक्षणको शोच कसैमा पलाएन । विभिन्न समयमा दिइएका सल्लाहको बाबजुद पनि राइचुहरूमा आफ्ना पुर्खाको सम्पदा संरक्षण गर्ने हैसियत र जाँगर देखिएन, फन्सीकीम पनि मुकदर्शक मात्र बनेको छ । अब त खेल मैदान नै बनीसकेकाले संरक्षणको संभावनाबाट टाढा भइसकेको छ ।

हौचुर गाविसमा रहेका भैंसेगढी वा पेर्मागढी अत्यन्त किरात गढी हो जसको सम्बन्ध दुमीको खबचुपाछासँग रहेको छ । यसको पनि कसैबाट संरक्षणको कुरा उठेन । माखिपा समाधिस्थल माक्पागाउँको मौलिक इतिहास हो । माखिपाको समाधिस्थल ध्वस्त भइसकेको छ तर त्यसबारे चासो दिएको देखिदैन ।

सशीढुङ्गा जालपाको एउटा जिउँदो इतिहास हो । अहिले संरक्षणको लागि सानो शुरुवात भएपनि यसले व्यवस्थित हुनु पर्ने धेरै काम बाँकी रहेको छ ।

विभिन्न दुमीगाउँहरूमा पुराना नयाँ साकेलाथानहरू, चारिकु सुबुकु मानिएका पँधेरो, चौतारोहरू कतै तोडिएका छन, कतै मिचिएका छन । यी सम्पदाहरू हिन्दूको शिवालय, बौद्धका गुम्बा र क्रिश्चियनका चर्च जस्तै हुन । यी गैर दुमी समुदायले आफ्नो सांस्कृतिकस्थल भत्कायो भने आगो बाल्छन् तर दुमीहरूले बाजेको चौतारो भत्काउँदा पनि नदेखे झैं गर्छन् । यो नदेखेको अभिनय गर्ने रोगको निदान अत्यन्त जरुरी भएको छ

ढालतरबार, पत्करु सिरानमा रहेको ढोलटाँसे, सप्तेश्वर फेदी दोभानको सप्तेश्वर महादेवथान, चिउरीखर्कको बाघेश्वरी महादेव सबै हाम्रा सम्पदा हुन ती सबैको संरक्षण हुन आवश्यक छ ।

**२०.५. बाह्यमुलुकमा रहेका दुमीजनसँगको सम्बन्ध**

अनेकौं कारणहरूले दुमीहरू आफ्नो थातथलो छाडेर अन्तै बसोवास गर्दै जाने परम्पराले नेपाल एकिकरण अघि र पछि विदेशिएका आसाम, दार्जिलिङ र भखरै हङकङ र यु के बसोवास गर्न लागेका दुमीहरूसँग फन्सीकीमको दिगो र निरन्तर सम्बन्ध हुने कार्यक्रमहरू केही आएका छैनन् केवल आपत पर्दा गुहार्ने ठाउँ मात्र भएको छ ।

खुसीमा होस वा दुःखमा संस्कृति संस्कार दुवैमा आवश्यक हुन्छ । तसर्थ त्यससम्बन्धी मुद्दुम र अनुष्ठानका विधिहरू उल्लेख भएको एउटा हातेपुस्तक अन्त्यन्त आवश्यक भएको छ । त्यसलाई पनि दुकिराफले चाँडोभन्दा चाँडो प्रकाशनमा ल्याउन आवश्यक भएको छ ।

गत ०७६ साल माघ महिनामा इलाम पचेबुङ्मा एकजना रत्कु दुमी जो धामी पनि थिए उनको देहान्त हुँदा बाटो लगाउन समस्या परेकाले "एकजना मृतसंस्कार जानेको कसैलाई पठाइदिनु पर्‍यो हामी बाटोखर्च बेहोर्छौं" भन्ने खबर गायक कुवेर राईबाट आयो यो स्तम्भकारलाई बाक्सिलामा । यसको लागि धरान दुमकिमलाई त्यस्तो मानिस पठाइदिन तु खबर गरियो तर दुःखको कुरा धरानमा त्यस्तो मानिस तत्काल अभाव भएकाले पठाउन नसकिने जानकारी गराए । हामीबाट काम हुन सकेन भनेर लज्जित भई



जवाफ फर्काउनु पर्‍यो । यसरी चाहिएको बेला केही सहयोग गर्न नसकिने अवस्थामा हामी रहेका छौं । त्यत्तिखेर कम्तिमा एउटा अनुष्ठान विधिका पुस्तकहरू हातहातमा भए दुमीहरू जहाँ रहेपनि त्यसले काम गर्थ्यो । त्यही कुरा आज हामीसँग छैन ।

**२०.६. लोकलयहरूको संरक्षणको जरुरी**

रेडियो ग्रामोफोन आदि आउन अगाडि नै किरात समाजमा लोकभाकाहरू यथावत थिए । ती आजपनि हाटबजार, मेलापात, बिबाह, दशैं, तिहार, उधौली, उभौली, एकादशी, मृतसंस्कार, भाका, तीर्थधाम आदिमा गुञ्जन्छन् । त्यसको संरक्षण पनि जरुरी भएको छ । त्यस्ता लोकभाका वा लयहरू निम्न छन्-

१. **हाक्पारे-** मेलापात, बिबाह, हाटबजार, गोठाले जीवनमा गायीने गीत
२. **मारुनी -** हरेक तिहार र एकादशीमा संस्कृतिको रूपमा लगाइने मारुनी नाच
३. **सिलक-** बिबाह, छेवर, गुन्युचोली जस्ता सांस्कृतिक कर्महरूमा गायीने चुड्के सिलक ।
४. **साकेला गीत संगीत -** दुमीहरूको साकेला संस्कृतिसँग सम्बन्धित गीत ।
५. **रिसिय-** धामी तायाहरूले तिधाम, छिदाम, छमदम आदिमा गायीने मुद्दुमी लयात्मक भाका
६. **धामी गीत-** तीर्थवर्तगर्दा ताल, कुण्ड, पोखरी वा पानीको शिर आदिमा धामी, ढोलेहरूले गाउने गीत ।

**२१. आर्थिक चुनौती**

हरेक कार्यहरू अन्तमा गएर पैसासँग जोडिन्छ । फन्सीकीम स्वयंसेवकहरूको बलले चलेको संस्था हो । त्यसैले यहाँ तलव र भत्ता प्राप्त हुँदैन । सबै कुरा तपाई हाम्रो पकेटको पैसा खर्च हुन्छ । पच्चीस छब्बीस वर्षदेखि फन्सीकीम चलेको यसरी नै हो । सम्मेलन खर्च, प्रकाशन, आकस्मिक सहयोग गर्नुपर्ने क्षेत्र सबै दुमीहरूको सद्भाव र कार्यकर्ताको बलले मात्र फन्सीकीम चलेको छ । तर भट्टीका खालमा बस्नेहरूले यो यथार्थ बुझीबुझी पनि पैसा खाएको देख्छन् ।

फन्सीकीमको हरेक कार्यलाई उतार्न दाँतबाट पसिना निकाल्नु पर्छ । तसर्थ उक्त आर्थिक समस्यालाई सरल बनाउनको लागि स्थायी आयस्रोतको खोजी गर्न आवश्यक छ ।

दुमीहरू आय आर्जनमा लगानी गरुन् र फाइदा प्राप्त गरुन्, अन्ततोगत्व यसले फन्सीकीमलाई पनि टेवा दिओस् भन्ने आशयले स्थापित रिजेन्सी बहुउद्देश्यीय सहकारी संस्था शिथिल भएर बसेको छ, यसलाई क्रियाशील बनाउने साहस जाग्न आवश्यक भएको छ ।

**२२. पहिचानमा आधारित स्थानीय संरचनामा दुमीहरू कहिले एक हुने ? भन्ने चुनौती**

किरात राईहरूको जमातमा दुमीले पहिचानको हकमा एकताको प्रदर्शन गर्न सकेको छैन । पहिचानको आधारमा स्थानीय संरचना निर्माण भएमा दुमी समुदायको लागि दुमी भाषा संस्कार संस्कृतिको योजनालाई एउटै बास्केटमा लैजान सक्छौं त्यसले हामीलाई नै सजिलो बनाउँछ भन्ने थियो । तर त्यो मौकालाई दुमी कार्यकर्ताहरूको दुरगामी शोच, योजना र चिन्तनको खडेरी र दुमीकै अदुरदर्शी राजनेताहरूको लोभलालच र अदुरदर्शीताको कारणले गुमाइसकेका छौं । आगामी दिनमा अब के कसो हुँदै जान्छ, हेर्दै जानुभन्दा अर्को विकल्प अहिले छैन । तर सोचौं यो एक चुनौती भएर उभिएको छ जे हुन्छ आगामी समयले बताउला । सबैलाई चेतना रहोस् ।

**२३. अन्य चुनौतिहरू**

- मौलिकतालाई विकृत नहुनेगरी संस्कृतिमा सुधार गर्दै मात लाग्ने खानपानमा खर्च घटाइनु पर्दछ ।
- अव्यवस्थित रूपमा चिहान राख्ने प्रथालाई अन्त्य

गर्दै चिहानको लागि निश्चित साझा ठाउँ तोकिनु पर्दछ ।

- लोपोन्मुख धार्मिक, सांस्कृतिक वस्तुहरूको संरक्षणका निमित्त सङ्ग्रहालयको व्यवस्था गर्न जनचेतना दिइनु पर्दछ ।
- ओडार, ठूला ढुङ्गा, चौतारो, कुवा, पँधेरो, पोखरी सबै किरातको सांस्कृतिक स्थल हुने भएकाले तोडफोड हुनबाट जोगाइनु पर्दछ ।
- किरात जडिबुटीको ज्ञान दिनु पर्दछ
- धामी निस्कने प्रथालाई हेयको दृष्टिले हेरिनु हुँदैन प्रोत्साहन गरिनु पर्दछ ।
- संकिर्ण चिन्तनबाट मुक्त भएर दुरदर्शी एवं फराकिलो चिन्तनमा सबै आउनु पर्दछ ।

**२४. अन्त्यमा**

जति काम गरियो दुमीहरूको हितको लागि भनेर गरियो भन्ने लागेको छ । यो कार्य युगको सन्देश थियो । त्यसैले प्रेरित गऱ्यो र काँधमा जिम्मेवारी र टाउकोमा इमानदारीतालाई ख्याल गरेर सकेको जति काम गरियो । पचासको दशकदेखि फन्सीकीमद्वारा परिलक्षित काम थालियो । छातीमा हात राखेर भनिँदैछ- उपलब्धि पनि भएकै छन् । त्यो दुमीहरूको माया र सद्भावको प्रतिफल नै हो । यस अवधिमा ती कामहरू नगरिएका भए दुमीहरूले धेरै कुराहरू गुमाइसकेका हुन्थे । त्यसबाट अलिकति भए पनि जोगिने काम भएको छ । वश आगामी दिनमा अझ नयाँ कार्य सम्पन्न गर्न उद्यत हुनेछन् दुमीहरू भन्ने आशा राख्ने ठाउँ फराकिलो छ भन्ने लागेको छ । तलवी काम गर्न उछिनपाछिन र प्रतिष्पर्धा हुन्छ, तर सामाजिक सेवाको काम गर्न निकै ध्यैर्यताका साथ त्याग हुनु पर्दछ । त्यो त्याग सबैमा पलाओस् । जीवनको केही समय दुमीको भलाइको लागि काम गरौं । पारुहाङ नायमले सबैलाई सद्बुद्धि दिउन् । शंका, उपशंका, कुठाराघात र दिग्भ्रमिकताबाट जोगाउन । कागले कान लग्यो भनेर कसैले भनेमा पहिले काम छामौं- कागको पछि नलागौं । सन्ततिहरूले आफ्ना खास पुर्खालाई चिनुन् र चिनाउन् । बश, डिरा ।

**सन्दर्भसूचि**


गुरुङ, ओम. (२०६७) "नेपालमा आदिवासी जनजाति आन्दोलनको इतिहास" *आदिवासी जनजाति,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर

भान्द्रीम, जर्ज. (१९९३). अ ग्रामर अफ दुमी, बर्लिन : माउण्टन डे ग्रुएटर,

राई, चतुरभक्त. (२०५६)."दुमी किरात राई, एक चिनारी, सामे, पाछा र वंशावलीसहित" *इसिलिम,* अङ्क-१.वर्ष राई, चतुरभक्त.(२०६८)."दुमी शब्दकोश निर्माणको पृष्ठभूमि र दुमी भाषी क्षेत्रमा आएका विदेशी विद्वानहरूको आगमन : एक ऐतिहासिक घट्ना विवेचना" *इसिलिम,* अङ्क-१४.वष, १३

राई, चतुरभक्त.(२०७४)."संस्था निर्माण : दुमी किरात राई फन्सीकीम एउटा भाषिक संस्थाको रूपमा : प्रकरण अध्ययन," *इसिलिम,* अङ्क-१७, वर्ष, १८


परिशिष्ट खण्ड

१. परिशिष्ट- १. फन्सीकीमको दर्ताको प्रमाण-पत्र

२. परिशिष्ट-२. दुमी शब्दकोश संग्रहका लागि भनी पहिलो मसलन्धको बिल

३. परिशिष्ट-३. इसिलिम पत्रिका प्रकाशनको लागि दर्ता प्रमाण-पत्र

४. परिशिष्ट ४. जग्गादाता चन्द्रप्रसाद दुमी राई र फन्सीकीम बीचको हङकङमा भएको संझौतापत्रको फोटोकपी । ❑





# खोक्चीलीप्पुको कथा




-जगत बहादुर सरचु दुमी राई

*पूर्व अध्यक्ष तथा वरिष्ठ सल्लाहकार*

*दुम्कीम, धरान, सुनसरी*


तुम्नको श्रीमती तेतेरेम, यी दुईजनाको छोरा पातेसुङ निजको श्रीमती देलेदुमा यिनीहरूको छोराछोरीमध्ये तोमा जेठी, खीयामा कान्छी र खक्चीलीप्पु । खक्चीलीप्पुको श्रीमती नागीलेम हो। खोक्चीलीप्पु र नागीलेमको छोरा खाँबोले किचिमारेको जेठा र कान्छा रनु । कान्छा रनुको छोरा छङ्क्पा छङ्क्पाको छोरा तुनिलु हो । तोमा, खीयामा, खक्चीलीप्पुको बाजे, बाबु, आमा मरिगयो। बजु तेतेरेम बाँचिरहेको थियो । बजु तेतेरेमले ति नाती नातेनालाई पालन पोषन गर्ने जिम्मा आयो । त्यति बेला अन्नको बिवै थिएन । गिठा ख्वाउन थालिन् । त्यहाँ नजिकै एउटी नाचुङ्मे बुढी थिईन । उनले गिठामा तितो लगाई दिईन् । भ्यागुर ख्वाउन थालिन, नसैनसो लगाई दिईन्। वन तरुल ख्वाउन थालिन, गहिरो भसाई दिईन्। जेनतेन तितै भए पनि गिठा ख्वाउदै केही समयसम्म नाती नातेनालाई पालिन् । नाचुङ्मे बुढीले दुःख दिई रहने हुनाले तेतेरेम बजुले हार खाएर आबो म पनि नाती नातेना पाल्नु सक्दिन भनेर आफू पनि मर्ने विचार गरिन् । नाती नातेनालाई मर्नु जान्छु भन्न थालिन् । नाती नातेनाले मर्नु हुँदैनभन्दा पनि नमानी आफ्नो ओडारे घर छाडेर जङ्गलमा गएर कचुरको सुकेको पत्ता ओछ्याएर सुइरहेछिन् । बेलुकी मरिन है भन्दै फर्की आउदी रहेछिन् । त्यसै गरी केही दिनसम्म आउनु जानु गर्थिन् । एक दिन त रातो टाउके क्षेपारोले विचार गरेछ । यो बुढी त मर्न आकी मर्न जान्दैन रहेछ भनेर तिमी त मर्न जान्दैनौ रहेछ मर्न म सिकाउछु मलाई हेरी बस। म मरेपछि तिमी पनि मर्छौ भने छ र क्षेपारोले अल्लोको सुकेको पत्ता माथि सुतेर काँचुली फेरि राखेछ । तेतेरेम बजुले चाँहि क्षेपारो मरेछ भनेर आफू पनि कचुरको पत्तामा सुतेर प्रण गएछ । नाती नातेनालाई पनि भनेकी रहेछिन् मलाई क्षेपारोले मर्न सिकाएको छ । आज चाँहि म फर्कन्दीना भनेर गएकी साँच्ची नै बजु नआएपछि नाती नातेना खोज्नु जाँदा कचुरको पत्तामाथि मरिरहेको भेटी दाह सस्कार गरेछन् । त्यसपछि तीन चेली, माईतीले धेरै दुःख कष्ट भोग्नु परेछ । नाचुङ्मे बुढीले खेदो लाको लाकै तोमा, खीयामा दिदी दुईले तितो भएपनि गिठा भ्यागुर पोलेर भाइलाई ख्वाउथिन् रे। त्यति बेलाको अन्न भनेको सुंगुरे कोदो दुमीमा तेलपुजा भनिन्छा त्यसैको खोले ख्वाउथिन् अरे । अरुको जाँतोमा रहेको पिठो उठाई ल्याएर खोले खान्थेन अरे। एक दिन त काःपीमा खोले बसाई राखेर दिदी दुई पानी लिन गएछन् । भाइ चाँहि खोले खान पाईयो भनेर रमाउदै अघेनोको वरिपरि नाच्न थालेछ । लामो अगुल्ठो टेकी पठाएर खोले घोप्टी गएछ । दिदी दुई आउँदा खोले घोप्टिरहेको, भाइ चाँहि अध्याँरो मुख गरी बसेको देखेर बल्ल-बल्ल मागेर ल्याएको पिठो आबो के खान्छस् भनेर कुटी दिएछा भाइ चाँहि लडीबडी गर्दै रुनु थालेछ । रुदारुदै निदाई गएछ । भरै दिदीले उठाउँदा उठेना ठगेको हो की मरेको हो । अब एउटा भाइ भएको पनि मरी गयो । हामी दुई पनि अब आफू-आफू पालिनु जङ्गलतिर जाँऊ भनेछन् र भाइलाई केराको बोक्राले छोपेर सिरानीमा चिण्डो र कर्द राखी दिएछ । नजिकै एउटा केराको विरुवा पनि रोपी राखेन्छ ताकी भाइ बौरियो भने खावस् भनेर दिदी बहिनी भाइको मृतात्माले शान्ति पावन भनी भाइको वरिपरि घुम्दै नाचिछन्। सिरानीमा राखेको चिण्डो टेक्यो ला भाइको टाउको फुट्यो केराको बोका टेक्यो भाइको हड्डी पनि भाँचियो भनेछन् । त्यस पश्चात उन्दुई पनि उडेर जङ्गलतिर लागेछन् । केही दिन सङ्गै बसेछिन् । एक दिन दिदीले भनेछिन् अब हामी दुई पनि आफू-आफू

नै बस्नुपर्छ । दिदीले बहिनीलाई भनिछिन्। तिमी कता जाने ? बहिनीले भनेछिन् म त अवलतिरै जान्छु । मामा घर पनि त्यतै छ भनिछिन् । दिदीले भनिन् मत लेखतिर जान्छु भनेछिन् । अब भेटिदैनौं होला । आफ्नो-आफ्नो नाउमा फूल रोपी राखौ भनी फूल रोपेछन् । अब बेला-बेला आएर यो फूल हेर्दै गर्नुपर्छ । जसको नाउको फूल ओईलिएको छ उ केही भयो भनेर जानु भनेपछि अब बहिनी अवलतिर जादैछौ मामा घर नजाउ गएपनि मामालाई न जिस्क्याउदै मामाले त खाईपो दिन्छ भनेर छुटेन्छ । दिदीको भनाई वास्ता नगरी मामाको घर गएर दिली पोप्पो मामालाई जिस्क्याउदो रहेछ । आँख्ले फुक्ले भन्दो रहेछ । मामा चाँहि सिपको काम गर्थे रे । एक दिन त मामाले खाईदिएछ । दिदीले फूल हेर्नु गएछ । बहिनीको फूल ओईलिएको देखेछ । र अब बहिनी केही भएछ भनेर बहिनी खोज्न अवलतिर लागेछिन् । कतै नभेटेपछि मामा घर गएर मामा बहिनी खीयामा यता आएको थियो देख्यौना ? भनी सोधिछिन् अह एता त आएन भनेछा तोमालाई सङ्खा लागेर जिद्दि गरेरै सोधिछिन् । मामाले भनेछ घरी-घरी आएर मलाई आँख्ले फुक्ले भनी बसिन् र खाईपो दिए भनेछ । खानु त खायौ उस्को हड्डीखुड्डी चाँहि कँहा छ त ? भनेछिन । मामाले उ पर ढुङ्गाको ओडारमा छ भनेछ । गएर हेर्दा भेटाईन पछि पोको पारेर आफू बसेको ठाउँ मलथुम्कामा निकालेर माटोको भाँडामा खरानी पानी घोलेर बहिनीको हड्डी डुवाएछ । त्यसपछि आकाश पत्ताल संसारको देबी देवताको नाम लिँदै बखान गर्नु थालेछिन् । त्यो बेला कपास पाखातिरै आफैं पलाउथ्यो अरे । कपासको धागो काड्दै बखान गर्दै बसेछिन् । केही बेरमा बहिनीको बुढी औलाको हड्डी काम्नु थालेछ । साथै अरु हड्डी पनि काम्दै आफ्नो-आफ्नो ठाउमा जोडिन थालेछ । मासु पनि लाग्नु थालेछ ।त्यसपछि काम्दै उठी निक्लेर नाना मत धेरै सुती गएछु भनिछिन् । नाना तोमाले मनेछिन् अँ सुत्छ्नी तिमीलाई त मामाले खाएर तिम्रो हड्डी फ्याकेको मैले उठाई ल्याएर जागाको भनिछिन्। त्यसपछि चाँहि एकै ठाउँ मालाथुम्कामा कपडा बुन्ने काम गर्दै सँगै बसेछन् ।

अर्कोतिर भाइ चाँहि ओडारमा छोपी राखेको केही घण्टामा बिउभेर दिदी दुईलाई डाक्न , खोज्न थालेछ । दिदी दुई नभेटेपछि रुँदै तितो गिठा भ्यागुर पोलेर खाँदै बसेछ । वनको केरा खोजेर खाँदै जीवन बिताउँदै बसेछ । एकातिर नाचुरमे बुढीले मार्न खोजी हिड्दो रहेछ । सधै भागी लुकी हिड्दा रहेछ दिदी दुईले सिरानीमा राखी दिएको कर्दले त्यो दिदी दुईले रोपी राखेको केरालाई छिट्टो बढ्छस् कि काटी दिउँ भन्दै कर्दले हाच्चा गर्दो रहेछ । केरा पनि बढी जादा रहेछ । छिट्टो पोसाउछस् कि काटी दिउँ भन्दो रहेछ । पोसाई जाँदो रहेछ । छिट्टो पाक्छस् कि काटी दिउँ भन्दो रहेछ पाकी हाल्दो रहेछ । केरा जङ्गली फलफूल खाँदै अलिक उमेर आउँदै गएपपछि चरा,माछा मारी खाने पेशा गर्न थालेछ । कसैले भन्छन् जालले कसैले भन्छन् पासोले । मेरो विचारमा त्यो बेलाको बुद्दीले जाल बुन्न जान्थेनान् र पासो नै होला भनेर पासो मैले लेखेको छु । यती बेला पनि जो सुकैले जाल बुन्न जान्दैनान् र अल्लोको डोरी बनाएर मुनिउ पासो खेल्न थालेछ । एक दिन त पासोमा लामो ढुङ्गा बाँधिएर आएछ । फुकाएर त्यही दहमा फालेछ अर्को दहमा लाउँदा पनि त्यही ढुङ्गा बाँधिएर आएछ । खोर्सानी पिनी खानु पो लानु पर्‍यो भनेर माछा बोक्ने फुर्लुङ (दुमीबाट थुतुपा) मा हालेर आफ्नो ओडारे घरमा ल्याएर अघेनो माथि सानो फुचुली (दुमीमा छ्याक्लो) मा राखी छोडेछ । भोली पल्ट देखि माछा मारेर आउँदा भात पाकी राखेको हुन्थ्यो र बाहिर निस्केर यो मेरो घरमा कसले भात पकाएको हो भन्दा त्यही नाचुर्मे बुढीले सुनेर मैले पकाको भनेछ । त्यसो भए आउन त बाँडेर खाउ भनी सधै बाँडी खाँदो रहेछन् । अर्की धर्मात्नी बुढीले थाहा पाएछिन् र यो अपराधीनीले टुहुराको भात खाँदैछ भनेर सुटुक्कै गएर भनेछ । त्यो भात आफैं खा है त्यो बुढीलाई नदे भनेछ । उसले पकाएको होईन भनेछ । त फेरि कसले पकाएको हो त भनेछ । तेरो घरमा एउटी लक्ष्मी पसेको छ भनेछिन्। भोली माछा मार्न जाने निहु गरेर ढोकाको छेउमा नाङ्लोले छोपिएर लुकी बस देख्छस् देखेपछि छिट्टो गएर दाहिने हातमा च्याप्पै समात है भनेछिन्। साँच्चै उसले राखेको ढुंगा पो पुक्लुक्कै लडिभरेछ । उठी निस्कदा त भर्खरको केटी पो भएछ । दगुर्दै गएर दाहिने हातमा समाते छ । केटीले भन्यो आगागा मलाई नसमात खोलामा मलाई धेरै फेर फ्याकिस्को मेरो जिउ दुख्छ भनेछिन् । म छोड्दै छोड्दिन जबतक बस्छु भन्दैनौ भनेछ । जिद्दि गर्दा गर्दा बस्छु भनेपछि छोडेछ । नागको छोरी रहेछ । नाम पनि नागीलेम रहेछ । आखेरीमा रहँदै बस्दै जाँदा गर्भ बसेर एउटा छोरा जन्मेछ । खक्चीलीप्पुभन्दा नागीलेम धेरै बुद्धिमानी थिएछ । खक्चीलीप्पुलाई भनेछ अब यस्तो ओडारमा बस्नु हुँदैन । बस्ने घर बनाउनु पर्छ । त्यो बेलासम्म छिट्फुट मानिस थिए तर सबै ओडरमै बस्थे । पहिलो घर खक्चीलीप्पुले नै बनाएको हो । नागीलेमले खक्चीलीप्पुलाई घरकाठ काट्न पठाउँदा चोखे बिनाको खाँबो ल्याएछ । नागीलेमले भनिन् यस्तो होईन त्यही छेउमा बसेको चिभे चराको पुच्छर देखाउँदै त्यस्तो काफे खाँबो ल्याउनु भनेपपछि काफे खाबो ल्याउनु थाल्यो । चौरीमा खाल्डो खन्न लगायो खोक्चीलीप्पुले काफे उधो पारेर गाड्दा त्यसरी होईन भनेर नागीलेमले सिकाउनु र सघाउनु नानी बोकेर गयो । दुई जना भएर खाँबो उखेल्यो सुल्टो बनाएर गाड्नु भन्दा बोकेको नानी खुस्केर खाल्डोमा पर्‍यो । अतालिएर खाँबो छोडी पठाउँदा खाँबोले नानी किच्यो तर खाँबो उखल्नु खोज्दा खाँबो दरूर भै खाँबो उखेलिएन । नानीको लेखन्त सम्झेर नयाँ घर बनाउँदा मान्छेको भोग खाँदो रहेछ भनेर अहिलेसम्म पनि नयाँ घर बनाउँदा कुखुरा काटेर काठपातलाई भोग दिने चलन छ । जुन तुन घर बनाई सकेन् र खक्चीलीप्पुको पेसा त उही सिकार खेल्ने नै थियो । एकदिन त डडेलीमा परी मरेको ढुक्कुर ल्याएर फोरफार गरी हेर्दा गाँडमा केही गेडागुडी देखेछ । खाने चिज पो हो कि भनेर नागीमाले घर छेउछावै छरेछ । पछि फल्दा अहिलेको पाड्दुरे कोदो रहेछ जसमा दुमीमा सिरबुजा भनिन्छ । त्यसपछि नागीलेम बिमारी भएछिन् । मामा दिली पोप्पोलाई कचुर काट्न लगायो । पोप्पोले भन्यो तिम्रो माईती बाबुले रिस गरेछ भन्यो । हुनु पनि आमा बाबुले थाहा नपाई खक्चीलीप्पुसँग आएको हो र अब के गर्नुपर्छ भन्दा माईती बाबुको रिस फार्नु बोल बिन्ति गर्नुलाई छम्दाम गर्नुपर्छ । छम्दाम गर्नको लागि चेली चाहिन्छ भनेपछि दिदी दुई मलाई सानैमा छोडेर गएको अब कसलाई खोज्नु पठाउनु भन्दा उडुस, उपियाँ, जुम्रा अरु कोही प्राणीहरू पठाए । कसैले ल्याउन नसक्दा अन्तिममा भाले पठायो । भालेले खोज्दै जाँदा भेटायो । तोमा, खीयामाको छेउमा गएर कुकुरी काँ खक्चीलीप्पु भन्ने आवाज निकालेर बास्यो। तोमा खीयामाले भनिन् ए हामी दुईको मरेको भाइको नाम पो भन्यो कसरी जान्यो सोधौन भनेर पछ्याउनु थालिन् । छेउमा आईपुग्दा उडेर पर पुगी हाल्ने फेरि त्यही आवाज निकालेर बास्दैं घर ल्याई पुर्‍यायो तर आँगनमा नआई लाजले घरको धुरीमा बसेछन्। चिनाजाना भै गयो तर नाना दुई भरन भनी अनेक अनुरोध गर्दा पनि भरेनन् । नागीलेमले पो विचार गरेछिन् नाना त गर्भेनी पो रहेछन् भनेर भकेम्लो राखी दिउन भनेर नाङ्लोमा भकेम्लो राखेपछि मुखमा पानी रसाएर भरिछन् । भेटघाटपछि छम्दाम थाले खोक्चीलीप्पु आफैं धामी रहेछ । आफैंले छम्दाम गरे चेली माईती अघेनोको वरिपरि घुम्दै नाचेन् । आँगनको वरिपरि घुम्दै नाची सोही चलन अहिले पनि हामीहरूले तिदाम, छिदाम, छम्दाम गरेको नागी गरेको हो । त्यो माईती नागलाई मानेको हो र छम्दाम सकेपछि तोमा खीयामा जङ्गल तिरै जाने पर्‍यो । अब भाइसँग धैरै समयमा भेट भयो के उपहार दिइराखौं त भन्दा दुवै बैनीले आठ-आठ वटा प्वाख उखेलेर जम्मा सोह्र वटा प्वाख माईतीलाई दिईराखेको हो भन्ने भनाई छ । सोही रीत अहिले पनि हामीले विवाहमा सोह्र थानबाट घटाएर सोह वटा प्वाखको सट्टामा काँस र तामाको दुई थान भाँडा चेलीबाट लिने गर्दछौं । यो कथा सुनेकै भरमा लेखेको छु । कोही लेख्न छुट्यो होला कोही लेखाई लामो हुन्छ भनेर छोडेको छु । मेरो लेखाईमा गल्ति पाउनु भयो भने दुमी दाजुभाइ, दिदी बहिनीहरूले मिलाएर पढिदिनु होला । अलनु । ❑

# सन्दर्भः व्यक्ति/व्यक्तित्व

*दुमी वंशका एक लब्धप्रतिष्ठित व्यक्तित्व तेक्वान्दो खेलाडी एवं प्रशिक्षक तथा नेपाली चलचित्रका सफल नायक श्री राजकुमार सत्म राईज्यूसँग दुकिराफ सदस्य सन्तोष दुमीद्वारा ईमेल मार्फत् लिइएको संक्षिप्त भेटवार्ताः*

पूर्वी नेपाल खोटाङ जिल्लाको उत्तरतिर रावाखोला र तापखोला कलकल झरझर एकनासले बगिरहेका छन् । यिनै दुईखोलाको बीच भू-भागमा हालको केपिलासगढी गाउँपालिका अवस्थित छ । यहीं गाउँपालिकाको वडा नं. ५ मा सुन्दर सप्तेश्वर गाउँ रहेको छ । यहीं सुन्दर गाउँमा एकजना दुमी व्यक्तित्वको जन्म भयो, वहाँ हुनुहुन्छ तेक्वान्दो खेलाडी तथा नेपाली चलचित्रका नायक राजकुमार राई । २०१७ सालमा पापा खड्ग बहादुर राई र आमा धनकुमारी राईको जेठा छोरा भै जन्मनु भएका राईले बालाजोबन गाउँघरमै बिताउनु भएको थियो । हाइस्कुल पढ्दै गर्दा २०३६ सालमा बेलायती सेनामा जागिर सुरू भै २०५० सालमा सेनाबाट अबकाश लिनु भएको थियो । सेनाको जीवन कालमा नै तेक्वान्दो खेल यात्रा सुरू गर्नु भएका राईले खेलकुदबाट नेपाललाई राष्ट्रिय अन्तर्राष्ट्रिय पदकहरू पनि दिलाउनु भएको छ। साथै वहाँले नेपाली चलचित्र 'द कमाण्डो' मा अभिनय गरिसक्नु भएको छ भने "सोल अफ द कमाण्डो" वहाँद्वारा अभिनीत पछिल्लो नेपाली चलचित्र निर्माणाधीन अबस्थामा रहेको छ । दुमी वंशभित्र जन्मिकन खेलकुद र चलचित्रको माध्यमबाट दुमी राईहरूको शिर उचो राख्नु हुने वहाँ हाल सपरिवार क्यानडा बस्दै आउनु भएता पनि आफ्नो बंश र पुर्खाहरूको खातिरदार गरिरहने गर्नुहुन्छ । उनै दुमी व्यक्तित्वसँग "पाँच प्रश्न कुराकानी" को लागि दुकिराफ प्रतिनिधी गायक संगीतकार सन्तोष दुमी ले गर्नु भएको कुराकानी प्रस्तुत छ ।



**इसीलीमः तपाई को बाल्यकाल साथै स्कुले जीवनबारे सारमा बताइदिनु हुनोस् न।**

उत्तरः मेरो बाल्यकाल वा स्कुले जीवन बारेमा बताउनु पर्दा अत्यन्तै रमाइलो गरी बितेका पलहरू मेरा मानसपटला घुमिरहन्छ । हामी साथीभाइहरू भाले जुधाई खेल्थ्यौ, मलाई पढाई लेखाईमा भन्दा खेलकुदमा असाध्यै रूचि भएको कारण म हरेक खेलकुदको गतिबिधिहरूमा भाग लिने गर्दथें । दौड, भलिबल, लम्जम्प, हाइजम्प, ट्रिपल जम्प जस्ता खेलकुदका गतिविधिहरूमा भाग लिने गर्दथें । हाइजम्पमा भने अब्बल हुन सकिरहेको थिइनँ म, कारण मभन्दा अग्रज दिपेन्द्र राईले जित्नु हुन्थ्यो । स्कुल जाँदा फर्कंदा सधै फोपोको छोरा राम कुमार राईसंगै हुन्थ्यौं । पापा आमाले स्कुल पठाउनु हुन्थ्यो, कहिलेकाहीं स्कुल नगइकन दिनभरी घर नजिकैको खरवनमा सुतेर पनि फर्कन्थ्यौं, तर त्यसो गर्दा अलि बेरपछि भने भोकले सताउँदा दिन ढल्न निक्कै लामो समय कुर्नुपरेझैं लाग्ने गर्थ्यो । त्यस्तै कहिले चाहिं स्कुल नगइकन खोलातिर माछा मार्न जान्थ्यौं, अचम्मको कुरा चाहिं मैले कहिले पनि माछा मार्न भने





सक्तिनथें । एकचोटि खोलामा खेल्न जाँदा बाटोमा एउटा रूख चढी लड्दा हातै पनि भाँचिपठाइयो ।

बाल्यकालका यस किसिमका तीतामीठा सम्झनाहरू धेरै छन् । त्यतिखेर मलाई गोरू जोत्न, हलो बाँध्न, डोकोनाम्लो बुन्ने काम गर्न सबै आउँथ्यो, तर पनि मनमा एउटा कुरा भने सधै खेल्ने गर्थ्यो, अब हलो कोदालो गरेर जीवन चल्दैन, स्कुल पढेर पनि केही नहुने कारण, र स्कुल पनि ढिला पढ्न सुरू गरेकाले 'पढि गुनी के काम, हलो जोती माम' भन्ने उखानले हाम्रो दिमाग नै बिगारेको थियो । मैले २, ३ बर्ष स्कुल नै छाडिसकेको थिएँ । यतिखेरसम्म पनि मेरो ठूली नाना रानीमाया राईलाई म धेरै सम्झन्छु । वहाँकै प्रेरणाले मैले फेरि स्कुल पढ्न सुरूवात गरें । यदि मैले पढाइलाई निरन्तरता नदिएको हुन्थें भने अझैसम्म पनि सायदै म गाउँघरतिरै साधारण खेतीपाती मै सीमित रहने थिएँ कि !

**इसीलीमः यहाँको बेलायती सेनामा प्रवेश, तितामिठा अनुभव अनुभूति साथै यहाँको तेक्वान्दो खेल यात्राको बेलिबिस्तार लगाइदिनु हुन्छकि ?**

उत्तरः अहिले भेना पर्नुहुन्छ, पहिलाको साथी मोहन राईज्युले भर्ती हुने सल्लाह दिनु भयो र गल्लावालकहाँ पनि लानुभयो, गल्लावालमा म पास भएँ । उतिखेरको गल्लावाल सिम्पानीको चुचु चित्रबहादुर राई हुनुहुन्थ्यो । त्यसपछि ARO हुँदै धरान क्याम्पसम्म आउने पास पाइयो । धरान झर्दा मेरो पेपे (दाजे) गोपाल राईले मलाई लिएर झरेका थिए, मेरो जीवनमा घर छाडेर हिंडेको यो पहिलो यात्रा थियो । धरान क्याम्पमा झरेपछि पनि म बेलायती सेनामा जानको लागि छनौटमा परें । सात आठ सय प्रतिस्पर्धीबाट छनौटमा परेर २०३६ सालमा म बेलायती सेनामा भर्ना भएँ, र त्यसपछि हङकङ गएर तालिम सुरू भयो र नौ महिनापछि म 2/2 GR मा गएँ । त्यही बेलादेखि नै मेरो तेक्वान्दो खेलको सुरुवात पनि भयो । मेरो पहिलो गुरूजी रबि थापाज्यु, त्यसपछि प्रताप लिम्बु, स्विबा लेप्चाद्वारा प्रशिक्षण भएको थियो । खेल्दै जाँदा मेरो पहिलो पटकको प्रतियोगीता सन् १९८३ (बि सं २०३८) सालमा भएको थियो । त्यतिखेर म तेश्रो भएको थिएँ । त्यसपछि भने म लगातार ४ पटक सम्म ब्रिटिस आर्मी च्याम्पियन भएँ । सन् १९८४ मा हङकङ नेश्नल च्याम्पियनसीपमा तेश्रो, १९८५ मा हङकङ च्याम्पियन स्वर्ण पदक पाएको थिएं । १९८४ मा नै फिलिपिन्समा छैटौ एसियन च्याम्पियन सिपमा हङकङ टिमबाट सहभागी भएको थिएं, थ्यसै गरी १९८५ मा सातौ वर्ल्ड तेक्वान्दो च्याम्पियनसीपमा हङकङबाट नै सहभागीता जनाएको थिएँ । १९८५ मा दशौं एशियन ग्याममा नेपालबाट पहिलो पटक अन्तर्राष्ट्रिय काश्य पदक जितेको छु । त्यसपछि

तत्कालीन राजा वीरेन्द्रबाट गोर्खा दक्षिणवाहु पाँचौं पनि पाएको थिएँ । त्यसपछि एकैचोटि १९९९ मा आठौं । South Asian Game मा नेपाल लाई स्वर्ण पदक दिलाएको थिएं । त्यसवापत तत्कालीन राजाले गोर्खा दक्षिणवाहु तेश्रोले सम्मान गरेका थिए । यस्तै तितामिठा कुराले जीवन चल्दै गर्दा २०५० सालमा म बेलायती सेनाबाट पेन्सन आएँ ।

**इसीलीमः बेलायती सेनाबाट सेवा अबकास पछिका दिनहरू, काठमाण्डु बसाई साथै चलचित्र यात्राको कहानी सुनाइदिनुस् न ।**

उत्तरः बेलायती सेनाबाट सेवा अबकासपछि नेपाल आइयो । नेपालमा पनि छ महिना जति तात्कालीन श्री ५ को सरकारको खेलकुद परिषदमा कर्मचारी भैयो, तर त्यहाँ पनि जागिर खाएर बस्ने त्यस्तो सजिलो वातावरण नभएपछि फेरि विदेशतिरै लागियो । हाल म क्यानडामा सपरिवार बसोबास गर्दै आइरहेको छु । १९९८ मा मद्वारा अभिनित पहिलो नेपाली चलचित्र "द कमाण्डो" को निर्माण भएको थियो । यसको निर्माता नेत्र कुमार राई, हरि चाम्लिङ र बसन्ती राई हुनुहुन्थ्यो भने सङ्गीत सचिन सिं को त्यस्तै चलचित्रको निर्देशन जे. बि. राई ले गर्नु भएको थियो ।

**इसीलीमः हाल के गर्दै हुनुहुन्छ ? भावी योजनाहरूबारे बताइदिनु हुन्छकि ?**

उत्तरः हाल म क्यानडामा यही मेरो तेक्वान्दो खेलकै प्रशिक्षक भएर YMCA भन्ने संस्थामा काम गरिरहेको छु । साथै फिल्म सम्बन्धी अध्यन अनुसन्धान पनि गरिरहेको छु । मनको भावनाहरूलाई कहिले काही गीतको माध्यम बाट पोख्ने गरेको छु । मेरा आधा दर्जन बढी गीतहरू बिभिन्न चर्चित कलाकार हरूबाट स्वरबद्ध भै रेकर्ड भै सकेका छन् । त्यसैगरी मद्वारा अभिनित पछिल्लो चलचित्र 'सोल अफ द कमाण्डो' को निर्माण कार्य सम्पन्न भै धमाधम सम्पादन कार्य भैरहेको छ । एक्सन तथा पारिवारिक सेन्टिमेन्टको यस चलचित्रको कथा मिलन राईको रहेको छ, बीरबहादुर राई (युबराज) को निर्देशनमा बनेको यस चलचित्रमा द्वन्द एन बि महर्जनको छ भने सङ्गीत सन्तोष दुमीको रहेको छ । कोभिड-१९ को कारण चलचित्र प्रदर्शनमा थोरै ढिला भएता पनि सम्पूर्ण दुमी दरदाजुभाइ तथा आम नेपालीहरूले यो चलचित्र हेर्नु हुनेछ भन्ने आशा पनि लिएको छु । खास भाबी योजनामा चलचित्र सम्बन्धी कामलाई नै प्राथमिकतामा राखेको छु र आफ्ना तेक्वान्दो कामलाई नै निरन्तरता दिनेछु ।

**इसीलीमः दुमी राईहरूको गौरबशाली संस्था दुकिराफ तथा इसीलीम परिवारलाई यहाँको अमूल्य सल्लाह सुझाव राखिदिनुस् न ।**

उत्तरः दुमी राईहरूको गौरबशाली संस्था दुकिराफमा पछिल्लो समय धेरै सक्रिय भाइबैनी, दाजुभाइको सक्रीय उपस्थिती रहेको जस्तो लाग्छ, संस्थाले गरिआएका कामहरू अझ ससक्त ढङ्गले बढाउनु पर्दछ । समय भनेको अति मूल्यवान हुन्छ, यसलाई खेर जान दिनु हुन्न । कति कुराहरू हामीले समयमा गरेनौ भने त्यस्को फल पाइँदैन । बर्षा याममा लाउने बालीलाई हिउँदमा लगाएर खोजि पाइन्न । बिशेष केपिलासडाँडा भनेको हाम्रो पैत्रिक सम्पति हुन् । त्यस्को जगेडाको लागि संस्थाले पहल कदमी गर्नु पर्छ जस्तो लाग्छ । दुमीहरूको मुखपत्र को रूपमा प्रकाशित हुँदै आइरहेको एक मात्र पत्रिका इसीलीमको निरन्तरताको लागि म शुभकामना दिन चाहन्छु ।

**इसीलीमः अन्तमा, मैले सोध्न भुलेको तपाईलाई भन्न मन लागेका केही कुरा छन् कि ?**

उत्तरः अन्तमा, सबै भाइ-बैनी नानीहरूलाई म के सल्लाह दिन चाहन्छु भने, जे बन्न चाहनु हुन्छ, जे गर्न चाहनु हुन्छ, त्यसैमा नै निरन्तरता दिदै अघि बढ्नु होला । समय अनुसार चल्नुस्, समयको सदुपयोग गर्नुहोस् । बुढापाका मान्छेहरूको सल्लाह लिनुहोस्, अर्ति सुन्नुस्, हिजो थिएन भने आज हुने थिएन, आज नभए भोलि हुँदैन । हाम्रा पुर्खा नभए हामी नै पनि हुने थिएनौं । हाम्रा पुर्खाले हामीलाई जन्म दिएका हुन्, र न हामीले आजको दुनियामा यो बैज्ञानिक चमत्कार देख्न पाएका छौं । हामीले हाम्रो पृष्ठभूमि/धरातललाई कहिल्यै पनि भुल्नु हुन्न,



भनाईको मतलब मान्छेको बिकासको साथसाथै चाहना, ईच्छा र सोचाईहरू परिवर्तन हुन सक्लान् तर, रगतको नाता कहिले परिबर्तन हुँदैन । म जुन देशमा गएर बसेता पनि दुमी राई हुँ, किराँत हु भन्न छाड्नु हुन्न, जे जति सकिन्छ आफ्नो तर्फबाट दुमी किरातको लागि सहयोग गरौं । भविश्यमा आउने हाम्रो सन्ततिहरूका लागि हामीप्रति गर्व गर्ने एउटा बाटो बनाऔं । फुटेर होइन जुटेर काम गरौं, लडेको भाइलाई उठाऔं, अघि बढेका दाजुभाइलाई हौसला दिदै अझै उत्साहित र प्रेरित गरौं । दाजुभाइको सफलतामा डाहा होइन खुशी भएर रम्न सकौं । यही मेरो सल्लाह सुझाव छ तर, बडो जान्ने नभनी दिनु होला है त ! ❑

जय दुमी किरात राई ।

**Essay**

# Hope



**- Shrishti Halaksu**

'Hope' this word is stronger than I have ever thought. The more I am trying to understand every tiny things of life the more closer and deeper I am connected with it.

Hope gives us smile and gives us believe to try again and again.

I see an old granny in the chilly weather early morning waiting for people to come and but her flowers near Pashupati temple .She is doing all this just keeping hope that someone will come and buy flowers of her. A child going to school hoping to get success in her /his dream. A bigger on the footpath hoping for money, a person waiting for someone hoping for good life together, a couple getting married hoping for bright future together. A patient visits to doctor hoping to live more being healthy.

Everyone have that hope in everyone's life. Everyone working day to day life keeping that hope alive.

This is word is connected so deeply with emotions and feelings. A mother who had lost her child and a woman lost her husband and a lover who had lost his/her love ones are still hoping if their person would come back.

Hope gives us positive thought and energy to push ourselves for our works and dreams and live more.

Lastly, hoping that everyone's hope will be true someday and don't let your hope die and move forward no matter how many challenges the life will give. ❑

**भूल सुधारः** २०७३ कार्तिक ९, १०, ११ मा सम्पन्न दुकिराफ पाचौं महाधिवेशन सहयोगार्थ माक्पालीडाँडा बाक्सिला निवासी सन्जु रङकासु दुमी राईज्यूबाट रु. ५,०००।- स-धन्यवाद प्राप्त भयो ।

# किरात माङखिमको एक पक्ष : आधार सात तले

-सचेन राई, दुमी
दार्जिलिङ, घुम

माङखिम अथवा देवगृह/देवघर/किरात राई जातिको इतिहास, संस्कृति, परम्परा र साहित्यले देखाइराखेको /बताइदिइ राखेको पूज्य स्थल, यो माङखिम यस विषयको तथ्यआधार र वैज्ञानिकता हामीले खोजेर, अध्ययन गरेर, शोधकार्य गरेर पत्तो लगाउनु पर्दछ । केवल दन्तेकथा जस्तो मात्र भनेर लेखेर हुँदैन । यस बारे केही प्रयास गर्ने धृष्टता राखेको छु ।

किरात मन्दिर अथवा किरात राई माङखिम कति ठाउँ तीनतले बनाएका छन् कति ठाउँ नौ तले पनि अनि कति जग्गामा भने सात तले पनि बनाएका होलान् । वस्तुत : किराँत मन्दिर कति तले हुनुपर्ने हो सो बारे तथ्यपरक आधारहरूको विवरणयुक्त लेखहरू आज पर्यन्त यो लेखकले कहीँ/कतै पढ्न र देख्न पाएको छैन । यहाँ तले अथवा तला भन्नाले भवन नै भनिएको होइन । एउटै भवनभित्र तलाहरूको नमुना अथवा प्राय मात्र पनि हुनु सक्छ भनी बुझिदिनु पर्छ । विशेषतः किरात राई माङखिम साततले भवन निर्माण गर्न नसके पनि एउटै भवनभित्र स-साना सातवटा तलाको घर (मिनी स्ट्रक्चर) जस्ता बनाउन सकिन्छ, बनाउँदा हुन्छ । सात तला हुनुपर्ने अनिवार्यता र आवश्यकता किन ? भन्ने प्रश्नको स्पष्टिकरण दिन यहाँ विविध खोजन एवं तथ्यपरक आधारहरू प्रस्तुत गर्ने धृष्टता राख्दछु ।

किरात जातिको धर्म, विश्वास, संस्कृति र पारस्परिक प्रकृतिको ब्रह्माण्डसित अनि प्राचीन शास्त्र एवं मिथकसित नजिकको सम्बन्ध छ, अथवा वायु, जल, माटो, अग्नि, ज्योति आदि पन्चतत्वसित किरात जातिको संस्कृति र परम्परा घनिष्ट सम्बन्ध छ भन्नुमा त्रुटि नहोला । सात तले मन्दिरको सम्बन्ध पृथ्वीको अवस्थितिसित छ भन्ने तथ्यको उदाहरण दिन पर्दा पृथ्वीको वायुमण्डलको बनावटी र भौगोलिक अवस्थितिको आधारमा हामी सातवटा स्तर पाउँन सक्छौं । ती हुन-

१. Troposphere (Atmosphere)
पृथ्वीदेखि माथि सुरु हुने वायुमण्डलको प्रथम स्तर निम्नतम ग्यासीय पत्र (स्तर) पृथ्वीदेखि माथि १० (दस) कि.मि. सम्मको क्षेत्र हो ।

२. Stratosphere (समतापमण्डल)
यो वायुमण्डलको दोस्रो स्तर (पत्र) विषुवत रेखादेखि १६ (सोह्र) कि.मि. माथि अक्षांशको ८ कि.मि. माथि अनि उत्तर र दक्षिण ध्रुवीय क्षेत्रदेखि ६ कि.मि. माथि देखिको स्तर अथवा तला हो ।

३. Mesosphere (ओजन क्षेत्र)
यो क्षेत्र वायुमण्डलको ओजनपत्रभित्र पर्छ । पृथ्वीदेखि १७-८० कि. मि. भित्र अवस्थित यो तेस्रो तला हो ।

४. Ionosphere (   )
पृथ्वीदेखि ८० (असी) कि.मि. माथिदेखि ६५० कि.मि. सम्मको दुरी भित्रको यो चौथो तला हो ।

५. Exosphere (   )
६६० कि. मि. माथिको रेखादेखि वायुमण्डलको बाहिरी सीमा रेखा भित्रको यो क्षेत्र पाँचौं स्तर हो ।

६. Magnetshperre ( ) पृथ्वीदेखि ४०,००० (चालीसहजार) कि.मि. देखि ६४,००० कि.मि. भित्र पर्ने यो पाँचौं तला चुम्बकीय क्षेत्र हो जहाँदेखि पर/माथि अन्तरिक्ष क्षेत्र शुरु हुन्छ ।

७. Eqigravisphere ( ) अन्तरिक्षमा गुरुत्वाकर्षण स्थिर (constant) रहने क्षेत्र पृथ्वीदेखि बाहिरी भाग वरिपरी रहेको हुन्छ ।

उपरोक्त सात तले पृथ्वीको वायुमण्डललाई ध्यानमा राख्दै मानिसको शरीरको अद्भूत बनावटलाई पनि प्राचीन कालका किराती भौतिक विशेषज्ञ, परा-भौतिक एवं जैव वैज्ञानिकहरूले हाम्रो शरीरलाई लेखाजोखा गर्दै अर्थात सुक्ष्मतम अध्ययन गर्दै सात-सातवटा स्तरमा विश्लेषण गरेका छन् । मानिसको शरीर एक सूक्ष्म ब्रह्माण्ड (Mini Univers) हो । ब्रह्माण्डमा जति तत्वहरू छन् त्यति नै हाम्रो शरीरमा पनि उपलब्ध छन् : अथवा सारा पृथ्वीमा प्राप्य पञ्चतत्व मानव शरीरमा विद्यमान छ ।

तसर्थ पारा जैविक अध्येताहरूको मतानुसार मानव शरीरमा नाभी (केन्द्रक /Nucleus) देखि माथि सातलोक (सातवटा स्तर/तला) हुन्छन् भन्ने भनाई छ, ती हुन-

क. १. भूलोक - नाभीक्षेत्र
२. भूर्वलोक - पेट क्षेत्र
३. महरलोक - तल्लो छाती
४. जनलोक - माथिल्लो छाती (मुटु, फोक्सो क्षेत्र)
५. तपलोक - जिब्रो, किलकिले क्षेत्र
६. लोकालोक - अनुहार, नाक, कान, आँखा, गाला, निधारसम्म
७. परमलोक - (परमधाम) गिदी, मस्तिष्क, टुपीसम्म ।

ख. नाभीदेखि तलका स्तरहरू-
१. अतल - तल्लो पेट
२. बितल- जाँघ, लिङ्गस्थान आदि
३. सुतल- फिला
४. तलातल - घुँडा र घुँडादेखि केही मुनीसम्म
५. महातल - पासुला, छेपारी, नलीखुट्टासम्म
६. रसातल -गेडी, धरनासो र पैतालाको माथिल्लो भाग
७. पाताल - पैताला

उपरोक्त सात-सात लोकको समागमलाई चौध भुवन अनि सम्पूर्ण भागलाई मोठ तीन भागमा वर्गीकरण गरेर तीन लोक भनिएकाले तीन त्रीलोक चौध भुवन भन्ने शब्दहरू अधिक मानिसहरूले सुनेकै छन् तथा सामवेद, स्वस्थानी कथा र अठार पुराणमा पनि यो विषय वर्णित/उल्लेखित छ ।

अव हामी शिवजी र सतीदेवी पट्टि पनि आऊँ । यसलाई मिथम भनौं या दन्तेकथा अथवा शास्त्रीय कथा नै भनौ जुन किस्सा आर्यन - अनार्यन धेरैले सुनेर या पढ्दै आएका होलान । के भने शिवजीले पार्वतीलाई विवाह गरेपछि पनि कताकता पार्वतीप्रति शंका गरेको हुन्छ । जालनधर्की पत्नी बृन्दा यद्यपि अति सुन्दरी साथै पतिव्रता त छँदै थिइन् तथापि जालन्धरले पार्वतीलाई नै अति सुन्दरी देख्छन्, सायद बेला-मौकामा दर्शन गर्न पनि जान्थे होलान् । शिवजीले पार्वतीको सतित्व, सत्यता, पवित्रता र पतिव्रता जाँच्नको निम्ति किरात रुप धारण गरी वासस्थान क्षेत्रदेखि बाहिर टाढा टाढा लाग्छन् । यही मौका छोपी जालन्धरले पनि शिवजीको रुप धारण गरी पार्वतीलाई भुलाउन आउँछन् तर पार्वतीको पतिव्रता शक्तिले शिवजी रुप धारण गरेको जालन्धरलाई चिनिहाल्छिन् र अति कालो भयंकर रुप धारण गरी जालन्धरलाई बेहोस् बनाउँछिन् तर हराएको आफ्नो पतिलाई बोलाउनु र पाउनुको निम्ति सात तलाको मन्दिर बनाई सातवटै लिङ्गो राखी शिवजीको आराधना गरेकी हुनाले किराती मन्दिर सो समय अथवा आदिकालदेखि नै साततले हुनुपर्ने भन्ने प्राचीन लोकोक्ति अध्यावधि प्रचलनमा छ । यो सात तले लिङ्गो र धरतीको पूजा नेपालभित्र अवस्थित श्लेष्मान्तक वनमा गरिएको वा राखिएको थियो भन्ने कथा रामायण र स्वस्थानीको कथाभित्र छ भनिएको छ (स्व. रामचन्द्र शर्मा ८४ वर्ष सन् २००५) मा) ।

राई परिवारमा कोही मरौ परेको समयमा हाम्रा कतिपय माङपाहरूले घुङरिङको डण्ठीमा एक

जगा सात तला फुर्का उँभो फर्केको अनि अर्कोमा सातवटै फुर्का उँधोपट्टि फर्केको बनाएर आफ्नो कुरामा बखान्दै रीति पालन गर्छन् यसमा केही तथ्य लुकेर बसेकै होला ।

तिब्बती-बर्मन परिवारसित किराती जातिको वंश परम्परागत सम्बन्ध रहेकाले या दुई बृहत वंशको कतिपय परिपाटी मिल्दो-जुल्दो हुन्छ । बौद्ध धर्म परम्परा अनुसार सबै बौद्ध धर्मावलम्बीहरूले उनीहरूको आ-आफ्नो घरको पूजा स्थान (छेसम) मा सातवटा बटुकामा पानी चढाउने प्रथा छ । यी सात बटुकाको पानीभित्र प्रत्येकको प्रतीकात्मक अर्थ जडित छ । ती हुनः-आघ्यम, पाघ्यम, पुष्पे, धुपे, आलोके, गन्धे र नैवेध । अर्थात क्रमैसँग तिब्बती भाषामा छ्योयेन, स्यपशील, मेतोक, दुग्योई, म्हामे, ड्छ्याप र खोल्सी । (डि.टी. जिम्बा एवं योञ्जन, सुनाखरी १०-११ अगस्त २०११) । यी सातवटा स-साना भाँडाहरूले मानिसको शरीरको सात भागका अङ्गहरूको प्रतीक दर्शाएको हुन्छ अथवा सृष्टिको सात प्रकारको अवस्थितिलाई अथवा ब्रह्माजीको सात प्रकारको क्रमिक भागलाई प्रतीकात्मक रूपमा देखाएको हुन्छ । भनेपछि किरात जातिको सात तले मन्दिर अनि सात तले शारीरिक गठनसित उपरोक्त सात बटुका पानीको पनि केही न केही सम्बन्ध निश्चय नै छ ।

सिक्किमको गेजिङ र पेलिङ्वीचमा अवस्थित पेमायाङ्ची गुम्बाभित्र सात तले मन्दिरको नमूना छ । अंशुवर्माले निर्माण गरेको कैलासकुट भवन सात तले थियो भन्ने किंवदन्ती इतिहास कहीं लिखित रूपमा छ ।

विश्व प्रसिद्ध नाटककार सेक्सपियरको अध्ययन अनुसार मानिसको जीवनमा Seven Ages / Seven Phases हुन्छ भनिएको छ -Wosom-Dec / 09 pages 55 ) । आध्यात्मिक दृष्टिकोण अनुसार सातवटा विषयलाई मान्यता दिँदै भनिएको छ -Soul-आत्मा) को सातवटा सांकेतिक गुणहरू हुन्छन्, ती हुन- Bliss, Joy, Love, Knowledge, Power, Peace अनि Purity. (Vol. xxv No. 12 Prajapita Brahmakuris Ishwariya Vishwa Vidhyalaya)।

सात तले, सात चक्रे अथवा सात स्तरीय विषयलाई योग शास्त्रीहरू तथा सोभियत वैज्ञानिकहरूले पनि मान्यता दिइएको बुझिन्छ । योग शास्त्रमा वर्णित चक्र प्रणाली अन्तर्गत सोभियत वैज्ञानिकहरूले शरीरमा जैव उर्जा निस्कने विशेष सात सय पोइण्ट वारे चर्चा गरेका छन् । यस चक्र प्रणालीबाट विशेषसार निकाल्दा शरीरमा विशेष सात प्रमुख चक्र विद्यमान छन् जसबाट ब्रह्माण्डव्यापी उर्जा प्रवेश गरिरहेको हुन्छ । यसैले शरीरको प्राकृतिक उर्जा शरीरभित्रैको सात तले अथवा सात चक्रमै प्रविष्ट भएको बुझिन्छ ।

दुमी राई भाषामा लाइतेन भन्ने शब्द छ जसको अर्थ हुन्छ ब्रह्माण्डभित्रको सबैभन्दा माथिल्लो तलामा अवस्थित सातौं संसार, अथवा सत्यलोक अथवा ब्रह्मालोक । दुमी-नेपाली-अङ्ग्रेजी शब्दकोशको अङ्ग्रेजीमा- 7'th Part of Brahmalok भनेर अर्थ्याइएको छ । यसबाट पनि ब्रह्माण्डमा सात तला रहेछन् भन्ने आधार पाउँछौं ।

अर्को एउटा विशेष स्रोत (गोबिन्द खनाल) बाट पनि के बुझिएको छ भने पृथ्वी बसेको ब्रह्माण्डमा वायू जम्मा ४९ प्रकारका हुन्छन् । सो ४९ प्रकारका वायूलाई मोठ सात भागमा विभक्त गरिएको छ ती हुन-अनिमा, महिमा, गरिमा, संडिमा... आदि आदि । यी सात प्रकारका वायू उपरोक्त सात तले लोकबाट प्राप्त वायुहरू हुन । उपरोक्त सातलोके ब्रह्माण्ड, साततले शरीर, सात प्रकारका वायू, सात बटुकै पानी आदिसित देवी पार्वतीले बनाएको सात तले मन्दिरसित सम्बन्धित भएकोले खम्बु किरात पनि सात तलेकै ढाँचामा बनाएको भनिएको हुनुपर्ने हो । खर्साङ महकुमा अन्तर्गत तर दार्जीलिङदेखि धेरै



नजिकमा अवस्थित एक खण्ड विकास क्षेत्र मिरिक कृष्णनगरमा निर्मित माङखिममा नौ तलेको अनुरूप सामखा बेदी उठाइएको छ । त्यस माङखिमको ढाँचा (Design) का कालिगड विशेषतः दुई जना थिए । ती दुवैलाई नौ तलेको आधार सोध्दा हामीलाई त्यस्तो खास ज्ञान त छैन तर ब्रह्माण्डमा नौ वटा ग्रहहरू भएकाले नौ तलेकै नमूना अनुसार बनाएका हौं भन्ने जवाफ दिएका थिए । कतिपय बिजुवा फेदेङमाहरूले आफ्नो मुन्धुममा धरती माथि नौ तला धरती मुनि नौ तला भन्दै ससी गाएको कुरो सुनिएको छ तर ती तला के-के हुन्, कसरी बन्यो त्यस बारे यो वार्ताकार अनभिज्ञ छन् जतिको सात तलैमा यथेष्ट तथ्यहरू प्राप्त गरिएको छ ।

हामी बसेको पृथ्वीको धरातलमा सातवटा प्लेटहरू बसेका छन् भन्ने तथ्य भूगर्भवेत्ताहरूले भनिसकेका छन् । सातवटै प्लेटहरू हुनुपर्नेमा के तथ्य होला ? ती मध्ये उत्तर भारत, पूर्वी भारत, नेपाल अथवा हिमालल अञ्चलमा हिमालयन/तिब्बतीय प्लेट (टाइटनिक ?) बसेको छ भन्छन् । यी सातवटा प्लेटहरूको सामयिक चलाचलमा अथवा सम्बन्धित प्लेटको अवस्थिति र घर्षणमा आधारित छ पृथ्वीको सतहमा हल्लने भूकम्प । खम्बु राईको साम्खा/सेरेलु/सुप्तुलुङको मुनि एउटा सानो चप्लेटी ढुङ्गा राखिएको हुन्छ । धरती मुनिको सात वटा प्लेटमध्ये सो एक प्लेट नमुनाको निम्ति हाम्रो माङखिमको धरातलको रूपमा राखिएको हो ? यसमा वैज्ञानिक/मिथकीय/भूगर्भ शास्त्रीय कडी अथवा यस्तै केही न केही आधार रहेको हुनुपर्छ ।

यहाँ बाइबलको सातदिने सृष्टि कार्यक्रम, सात दिने सप्ताह अवधि, विवाहमा सातफेरा लाउने विधि, सप्तकोशी नदी, सात रङ्गे इन्द्रेणी वारे चर्चा गरिन । यिनीहरूमा वैज्ञानिक, भौगोलिक, वायुगत तथ्यहरू भएता पनि यसभित्र कहीं मिथकीय तथ्यहरू पनि के नहोलान? भन्ने प्रश्नहरूमा चर्चा गरिएन ।

हामी मानिसको शरीरमा, रगतमा इन्द्रेणीको भैं सात रंग हुन्छ भनी कतै कहीं सुनेको छु तर यसको सही खोजी गर्न सकिएको छैन । समयमा यसको पनि कहीं, कसैबाट खोजी होला । जे हो उपरोक्त विविध आधारभूत तथ्यहरू र किरात माङखिमको निर्माण प्रक्रिया बीचमा आधिकारिक सम्बन्ध रहेको हुनुपर्छ, तथापि यदि कसैले तीन तलेको रूप दिएर माङखिम बनाएका छन् भने पनि त्यसलाई भूल भयो भन्न सकिदैन यस कारणले किनभने माथि भने बमोजिम चौध भूवनवाट सार निकालेर मोठ तीन भागमा विभक्त गरी आकाश, पृथ्वी र पाताललाई तीन त्रिलोक भनी भनिएको सर्वविदित छ । अनि यदि कसैले, कतै कहीं नौ तले मन्दिर बनाएका छन् भने पनि ब्रह्माण्डको नौ वटा ग्रहहरूको आधारमा नै बनाएका होलान्, उहाँहरूले यो साततले अथवा सात स्तरको तथ्य ज्ञान नभएकाले त्यसरी बनाएको हुन सक्छ, यसलाई पनि कुनै प्रतिवाद नगर्ने यो लेखको मनसाय छ ।

वस्तुत : अबो उप्रान्त जस-जसले किरात खम्बु माङखिम निर्माण गर्न चाहान्छन् उहाँहरूले यो लेखमा वर्णित विविध आधारलाई आत्मसात गर्दै सात तलेकै ढाँचामा साँचो हालेर निर्माण गरेको खण्डमा तथ्यपरक आधारहरूको सबुत भएकोले अन्य कसैबाट कुनै विरोधात्मक प्रश्नहरू उठ्ने, उठाउने सम्भावना नहोला । साथै सबै क्षेत्र, शाखातिर निर्माण गरिने/गरिएको माङखिमको भित्री बनावटी, ढाँचा वा प्रारूपमा एकरूपता (Uniformity) ल्याउन सकिन्छ कि भन्ने ध्येय, अभिप्रायः र उद्देश्यले यी प्रस्ताव, सुझाव, मन्तव्य आदि व्यक्त गर्न चाहन्छ यो वार्ताकारले । उप्रान्त यहाँहरूको निर्णय । ❑

॥नीरी॥

**जानकारीः** दुमी किरात राई वंश अन्तर्गतका सात सामे तथा २१ पाछाहरू (हरहरं-छारीमु, रावाहख-वजीतु, सहसह खादीलु) रावा आसपासमा "खाजाबासमा, मसुंपाफेकुबा दिखानेहौला" थातथलोमा रहेका छन् ।

# म र मेरो दुमी वंशप्रतिको चासो र चिन्तन



-मेनु सत्म राई

साँझ निक्कै छिप्पिँदै जानाले बाहिर चकमन्न अँध्यारो छ । हिउँदे पुस महिना, त्यसमाथि पनि काठमाण्डौ खाल्डोको कठ्यांग्रिने जाडो खपिनसक्नु छ । सम्भवतः घरबाहिर चारैतिर तुसारोले छपक्कै छोपिसक्यो होला, अड्कल काट्छु । दराजबाट डायरी झिकेर कलमलाई घिसार्ने कोसिस गर्छु । शब्दहरू पटक्कै फुर्दैन । हातका औंलाहरू बरफ हुन लागेछन् । कताकता म न्यानो स्मृतिभित्र हराउन थालेछु । केही दिन अघिको बाक्सिला सम्मको संस्मरणीय यात्रा र त्यहाँको मेरो छोटो बसाइलाई अक्षरमा उतार्ने इच्छाशक्ति जागेर आउँछ । घरिघरि टेबलको टिस्यूपेपर तानेर नाक पुछ्न भने छाडेको छुइनँ ।

दुईदिन अघिदेखि रुघामार्की लागेर शरीर सञ्चो छैन । बिहानीले दिनको संकेत गर्छ भनेजस्तै आजको पुस्ताले भोलिको सन्ततिलाई मार्ग निर्देशन गर्छ भन्ने यथार्थ भनाई मेरो आत्मबोध बनेर आज मभित्र सल्बलाइरहेछ । आफैँभित्र काउकुति लागेर लडिबुडि गरिरहेको छु, र आफूले आफैलाई छाम्न र ठम्याउन आतुर छु ।

आफ्नो भाषा-संस्कार र कला-संस्कृति प्रतिको जागरुकता शब्दभरी छताछुल्ल पोखाउन मन लाग्छ । म र मेरो दुमी वंशसँगको आत्मियता विम्ब र प्रतिविम्बमाथि झल्काउने रहर जाग्छ । सांस्कृतिक धरातलको तल फेदीमा कहिँकतै कुहिरोमा हराएको काग जस्तो रुमल्लिरहेको मेरो विगत र वर्तमान केलाउँदै तितो पराकाष्ठा नाघेर वास्तवमै अब सांस्कृतिक चेतनाको खुला मैदानमा आफूलाई एक नव यात्रीझैँ उभ्याउने तृष्णा जागेर आएको छ । पाश्चात्य संस्कृति प्रतिको असिम मोह र असुहाउँदो नक्कल गर्दागर्दै मैले आफ्नो भाषा र संस्कृतिलाई धेरै पर धकेलिसकेछु । सायद युवा अवस्थाको उन्माद यसको कारक हुन सक्छ, जुन पश्चिमी संस्कृतिसँग विशेष मोह राख्दछ ।

मेरो अज्ञात् मानसपटल ब्युँझिएकै हो त ? आफैँलाई प्रश्न गर्छु । छेउमा कफी सेलाइसकेछ । म त शब्दहरूसँग पौंठेजोरी खेल्न थालेछु । यो धर्तीमा पाइला टेकेको आज यतिका वर्षपछि म आफूलाई मेरो दुमी वंश, भाषा, संस्कार, कला र संस्कृतिको छत्रछायाँबाट अलग्गिनु परेको तितो यथार्थले काँडासरी बिझाउने गरेको छ । बसन्तमा चिसो हावाका झोंकाहरूसँग लहराउँदो वातावरणमा चञ्चलता सञ्चार गर्ने कलिला पालुवाहरू जस्तै मेरो सांस्कृतिक चेतना र अपनत्वको प्याँसले भित्रभित्रै जुर्मुराइरहेको आभाष हुन्छ । मधेसको तातो गर्मी अनि विविध जातजातिको बहुरङ्गी सामुदायिक परिवेशमा हुर्केको म ढिलै भएपनि आफ्नो दुमी वंश, संस्कार र संस्कृतिसँग नजिकिने अवसर पाउँदा हर्षको सीमा छैन ।

शैक्षिक अध्ययनको शिलशिलामा आफ्नो दुमी वंशसँग सम्बन्धित समाजशास्त्रीय अनुसन्धान विषयक शोधपत्रलाई पूर्णता दिने उद्देश्यले स्थलगत अवलोकन तथा तथ्यांक संकलनका निमित्त म बाक्सिला (खोटाङ) सम्म गएको थिएँ । उर्जाशील जीवनको अबिचलित यात्रामा अनगिन्ती गोरेटाहरू पार गर्ने क्रममा दुमी समुदाय माथिको मेरो अध्ययन एउटा नविन यात्राको थालनी पनि हो । २०७७ साल मंसिर महिनाको मुटु काम्ने जाडो भोगिरहँदा आफ्नो पुर्ख्यौली थातथलो अवलोकन गर्ने कुराले उत्साहित पनि थिएँ । आदरणीय दाइ चतुरभक्त राई ज्यू (पुर्व अध्यक्ष -दुकिराफ तथा किराया, सह-प्राध्यापक) सँग बर्षदिनअघि फोन वार्तालाप मार्फत गरिएको आपसी चिनजान तथा केही महिनाअघि किरात राई यायोख्खाको केन्द्रीय कार्यालय कोटेश्वरमा भएको महत्वपूर्ण भेटघाटको सार्थकता साबित बन्यो यस पटकको यात्रा ।

आदरणीय चतुरभक्त राई ज्यूले आफ्नो वंश उत्थानका लागि पुऱ्याउनुभएको योगदान अथाह एवं अतुलनीय छ । मेरो अनुसन्धानको हकमा उहाँले मलाई प्रदान गर्नुभएको मार्ग निर्देशनप्रति सदा आभारी रहनेछु । मंसिर १६ गतेका दिन बिहान ६:०० बजेतिर आदरणीय चतुरभक्त दाइ लगायत हामी सात जना यात्रुहरू सहित गाडी बाक्सिलातर्फ हुँइकियो । रिजर्भ गाडीभित्र बाक्सिलातर्फ धकेलिँदै गर्दा मनभित्र अनेक कुराहरू खेलिरहेका थिए ।

कानमा इएयरफोन खाँदन भने भुलेको थिइनँ । कानमा अंग्रेजी सङ्गित गुञ्जिन छाडेको थिएन । खै किन हो अंग्रेजी सङ्गित प्रतिको असामान्य मोहले अझै गाँजिरहेको र चुम्बक जस्तैगरी टाँसिएको थियो । काठमाण्डौबाट हिँडेको करीब १३ घण्टापछि साँझ ६:३० बजे जालपा ओरालो हुँदै तापखोला तरेर गाडी अम्बोटेतर्फ लागिसकेको थियो । एउटा नवजात शिशुझैँ कलिलो वास्तविकता पोको पारेर आफ्नो पुर्ख्यौली भुमी प्रवेश गर्दै थिएँ ।

यद्यपी दुमी संस्कार-संस्कृति प्रतिको चासो र चिन्तन जागृत नभएको भने होईन । मलाई तेतेम (ठूलीआमा) को घर आएपछि रोकिदिनुस् है भन्ने मेरो आग्रहमा गाडी अम्बोटेमा पुगेर रोकियो । तेतेमको घरलाई सिरान घर पनि भनिदो रहेछ । गाडीभित्र सवार अन्य सबैलाई बिदा मागी केही कपडाहरू र आवश्यक सामग्रीहरू सहितको सानो झोला बोकेर म सडकमुनी झरेँ । चकमन्न अँध्यारोमा सायद तेतेमले मलाई नचिन्नुभएकाले 'को हो ?' भन्ने प्रश्न गर्नुभयो । सोलार बत्तीको मधुरो उज्यालोमा एकआपसमा सात्क्षात्कार भइयो । लगभग १३ बर्ष पछिको यो भेट साँच्चिकै अविस्मरणीय बन्न पुग्यो । म सानो छँदा एक दुईपटक तेते (ठुलोबाबा) र तेतेम हाम्रो घर आउनुभाथ्यो ।

अब त धमिलो सम्झना बनेछ त्यो हाम्रो भेट । घरमा तेतेम र दाजे मात्र हुनुहुँदो रहेछ । तेतेमले हतार-हतार खाना बनाउन थाल्नुभयो । बात मार्ने सिलसिलामा मलाई गिलासभरी तातो दूध पिउन दिनुभयो । मनभित्र मिठो हार्दिकता र आतिथ्यताको गहिरो आभाष भइरहेको थियो । दिनभरी गाडीले थचारेर थाकेको शरीर पितृथलोमा पुगी सन्तुष्टिको लामो सास लिँदै ओछ्यानमा पल्टाएँ ।

भोलिपल्ट बिहान चहकिलो र न्यानो घामको किरणले छपक्कै ढाकिसक्दा पो बल्ल मेरो निन्द्रा खुल्यो । तल तापखोला सुसाइरहेको मन्द आवाज र वरपर सुरम्य वातावरणले मोहित त्यो क्षण बिर्सिनसक्नु र शब्दमा बयान गरिनसक्नु थियो । लामा लामा मसिना सुर्का परेका आकर्षक खेतका तरेलीहरू सिल्पिकारद्वारा सिंगारिएको कलाकृतिझैं साँच्चै मनमोहक देखिन्थ्यो । निलो जस्तापाताले छाएका चिटिक्क परेका कलात्मक घरहरूले गाउँको शोभा बढाएको देखिन्थ्यो । यथार्थमा चित्ताकार्षक थिए लोभै लाग्दो ती दृश्यहरू ।

तत्कालै स्टिलको गिलासभरी तातो दुध ल्याएर थमाइदिनुभयो, तेतेमले । दूधको अगानिक स्वादभन्दा बढी चाहिं न्यानो आत्मिप्यता जोडिएको प्रतित हुन्थ्यो त्यस बखतमा । संयोगवश म गएको भोलिपल्ट बाक्सिलाको बुधबारे हाटबजार परेछ ।

बजार भन्ने सुन्नासाथ मभित्र उत्साह जागेर आयो । सुनिसकेपछि म आफूलाई रोक्न सकिनँ । खाना खाइवरी म दाजेहरूका साथमा उकालो लागेँ । मधेसको समथर जमीनमा मात्र तातेताते गर्न सिकेको मेरा पाईतालाहरू पहाडको ठाडो उकाली गोरेटोसित कति पनि परिचित थिएन । जसोतसो लट्ठीको सहारामा अघि बढ्दै थिएँ ।

बाटोमा दाजेहरूले बाटोको छेवैमा लटरम्म फलिराखेको रसिलो अमला टिपेर दिनुभयो । मुखमा राखेर चपाउना साथ साँच्चै मौलिक स्वादसहितको अमिलो-टर्रो, तर असाध्य रसिलो थियो त्यो फल । करिब तीन घण्टाको लामो पैदल यात्रापछि झल्यास्स देखा पर्‍यो, डाँडाको नाकैमाथि तन्किएको एउटा सुन्दर बजार, तत्कालै दाजेहरूबाट थाहा भयो, त्यही रहेछ मेरो कल्पनामा नाचिरहेको बाक्सिला बजार । उकालो बाटोमा पर्ने रमिते डाँडामा बनाइएको केतुके चौतारोमा बसेर गाउँघरमा घुरेनैमा फलेर बोटैमा पाकेको अर्गानिक चिनीचम्पा प्रजातिको ताजा स्वादिलो केरा खाँदाको त्यो पल आजसम्म पनि स्मृतिमा ताजै छ ।

स्थानीयहरूका अनुसार कोरोना महामारीको कारण बाक्सिला बजार तुलनात्मक रूपमा पहिलाको भन्दा केही पातलिएको जानकारी पाएँ मैले । तथापि बजारमा भिडभाड बढ्ने क्रम भने जारी थियो । माटोको गाग्रोमा जमाएर राखेको चिसो पानीले प्याँस मेटाउन पाउँदा यो मन प्रफुल्ल भएर आयो । आफन्तजनसँग भेटघाट र बोलचाल गर्दैमा बेलुकीको ८:३० बजेको पत्तै भएन । हामी पुनः अम्बोटे झर्ने तरखरमा लाग्यौँ । बाटोमा अचुक अँध्यारो चारैतिर सन्नाटा छाएको थियो ।

मोबाईल लाईटको सहारामा तलतिर ओर्लदै गर्दा बाटो माथिपट्टिको तितेपाती टिपेर दाहिने कानमा सिउरिएमा भुत पिचास हट्ने वा आ-आफ्नो बाटो लाग्ने अनौठो रहस्य दाजेहरूले मलाई सुनाउनु हुँदा पुर्ख्यौली जनविश्वास र त्यसको वैज्ञानिक कारण खोज्नेभन्दानि त्यसको प्रभावले समाजमा कतिहद जरा गाडेको रहेछ भन्नेतिर मेरो ध्यान तानियो । यद्यपि आत्मसुरक्षा हुन्छ भन्ने परम्परागत मान्यतालाई मध्यनजर गर्दै मैले पनि उसैगरी दाहिने कानमा तितेपाति सिउरिन भ्याएँ ।

अर्को दिन बिहानको खाना सकेर मावली घर चिउरीखर्कतिर लागेँ । तल्लो घरको सानो भदैले मलाई माउलोसम्म पुर्‍याइदिने जिम्मेवारी पाएको थिए । जीवनको दुईदशक बढि समय बितिसक्दा पनि मावली जाने सौभाग्य जुरेको थिएन । बाटोमा भदैसँग गफिँदै गयौँ । बेहेरेसम्म पुग्दा मेरो शरीर पसिनाले निथ्रुक्क भिजिसकेको थियो । बारीको डिलमा बसेर पानी पिएँ । त्यतिबेलासम्म झोलाबाट चाउचाउ निकालेर कुरुम कुरुम पार्दै गरिरहेको सानो भदैलाई पुलुक्क हेरेँ । लगभग १२ बर्ष जति होला उनको उमेर, पढाइलेखाई चटक्क त्यागेर वस्तुभाउ र मेलापातमा भविष्य खोज्ने प्रयत्नमा थियो उनको बाल मानसपटल ।

स्कुल किन छोडेको भन्ने प्रश्न गरेँ । निनी हात्ती पढेर ठूलो भाको हो र ! म त ठूलो भएर विदेश जान्छु, र पैसा पो कमाउँछु । उनको प्रखर जवाफ मेरो कानमा ठोक्कियो । मनमनै अवाक् भएर हेरेँ । भविष्यको माटोमा इतिहास कोर्ने आजका यी भदैजस्ता कलिला बालकहरूको यस्तो मानसिकता कतिको जायज हो त ? पारिवारिक बाध्यता वा सामाजिक प्रभाव ? मनभित्र प्रश्नहरू उठ्न थाल्यो । एकोहोरो टोलाउन थालेँ । हातमा शैक्षिक प्रमाणपत्र बोकेर हरेक दिन काठमाण्डौको गल्ली र कार्यालयहरू धाउन विवश युवा जमात्को कथाव्यथाले गिज्यायो मलाई नै पनि ।

बेरोजगारीको हाँडीभित्र मकै भुटिए जस्तै भुटभुटिरहेका युवाहरूको विडम्वना सायद शब्दमा नअटाउला । सरकारमाथि आक्रोश पोख्न मन लाग्यो । बल्लतल्ल दुई घण्टापछि चिउरीखर्कस्थित नयाँ टोल पुगियो । घर वरिपरि लटरम्मै सुन्तलाको बोट, झुप्प फलेको भोगटेको रुख, घर पछाडि बोटमा झुण्डिरहेको जुनारका दानाहरू खुबै लोभलाग्दो देखिन्थ्यो । एक किसिमले गाउँघरको सुन्दरता तिनै वृक्षहरूले बढाएका रहेछन् । मेरो ममि जन्मेको, हुर्केको, खेलेको ठाउँ आज आफ्नै आँखाले नियाल्ने अवसर पाएँ । घरमा फोपो (काका) मात्र हुनुहुँदो रहेछ । एकछिन पछि अरू पनि आइपुग्नुभयो । किराती चलन अलनअनुसार नै साईनोपात केलाई चिनाजाना अनि ढोगभेट पनि गरियो ।

भाइले एक डाली सुन्तला टिपेर मेरो सामु राखिदिए, सुरुमा रहरले अनि पछि लोभैले अघाउञ्जेल खाएँ । नोनो (छेमा) ले मेरो लागि कोठा तयार पारिदिनुभयो । क्यामेरामा मावली घरका तस्विरहरू कैद गरेँ । बेलुका असाध्य चिसो बढेको महसुस गरेँ । आगो ताप्न खुसुक्क चुलोछेउ गएँ । चुलासामु जानअघि देउ-देवताले नसहने पो हुन् कि भनी नोनोलाई सोधेकी थिएँ । किनकि पहिलोचोटि यी सबै कुराहरू भोग्दै थिएँ । नोनोले 'डराउनु पर्दैन, हाम्रै रक्षा गर्ने देउता पो हुन् त' भनी सकारात्मक प्रतिक्रिया दिनुभयो ।

चुलामा आगो तापपछि बल्ल न्यानो मससुस भयो । भुटेको मकै-भटमास पोल्टोभरी बोकेर वनमा गाईवस्तु चराउन जाँदाको आफ्नो बालापनका गाथाहरू ममिले हामीलाई खुबै सुनाउने गर्नुहुन्थ्यो । आगो ताप्दै गर्दा ममिले सुनाउनुभएका ती जीवन्त कथाहरू आफैले भोगेजस्तो गरी सम्झिरहेँ । १९ गते बिहान बाक्सिलाबाट आदरणीय दाइ चतुरभक्त राई ज्यूको फोन आयो । केपिलासगढी भ्रमणका लागि भनेर दुकिराफ काठमाण्डौ तथा दुमकिम केपिलासगढीको संयुक्त टोली त्यतातर्फ निस्कन लागेको भन्ने थाहा पाएँ । मध्यदिन १२:३० बजे म र आदरणीय किकी रुद्र कुमार राई ज्यू छिटोछिटो दाम्थालाको घमाईलो बाटो हुँदै उकालियौँ । मलाई पहाडको बाटो हिँड्ने कम बानीले लामो-लामो सास लिदै थिएँ । करिब एक घण्टा उक्लिएपछि साक्सिला भन्ने ठाउँमा गएर बिसायौँ । केही समयको विश्रामपछि बाक्सिलाबाट दुकिराफ तथा दुमकिम टोली पनि आइपुग्नुभयो । एक आपसमा चिनजान भयो । दुकिराफ काठमाण्डौबाट संस्थाको विषेश कार्यक्रम लिएर पाल्नुभएका दुकिराफ अध्यक्ष आदरणीय कीकी डा.नेत्रमणी राईज्यू सँगको चिनजान वास्तवमै अविष्मरणीय रह्यो । उहाँको नरम मिजास तथा प्रभावशाली व्यत्तित्वबाट म प्रेरित भएँ ।

जाँदाजाँदै एउटा रमाईलो डाँडामा पुगेर हामीले त्यहाँस्थित इसीलीम, लालीगुराँश लगायत अन्य बोटबिरुवा सहित दुमी संस्थाको निसानी झण्डासमेत गाडिराखेको अग्लो र आर्कषक विशेष ठाउँमा सामुहिक रूपमा अबिर अर्पण गर्‍यौँ । छलफलकै क्रममा आदरणीय अध्यक्ष कीकी डा. नेत्रमणि राई ज्यूले उक्त डाँडालाई इसीलीम चो 'इसीलीम डाँडा' भनेर नामाकरण गर्नुहुँदा तत्कालै त्यहाँ उपस्थित सबैजनाले किरातीपन झल्किने यो मौलिक नामको डाँडालाई आगामी दिनमा संस्थागत रूपमा नै प्रचार-प्रसारसहित व्यापकतादिने सल्लाह समेत भएको थियो ।



*('इसीलीम चो' मा हामी सामुहिक तस्विर लिँदै ।)*

गढीमा पुगेर सामुहिक रूपमा ऐतिहासिक जेल अवलोकन गर्ने अवसर मिल्यो । जहाँ किराती सेनाहरूलाई कैद गरी राख्ने गरीन्थ्यो । त्यो चट्टान बाट निर्मित कलात्मक गुफा जस्तो देखिन्थ्यो । हामी मध्ये केहिले त्यस भित्र पसेर निरिक्षण गरीयो । शत्रुको आक्रमण बाट सुरक्षा मुकाबिला गर्न निर्मित खाल्डोहरू (खाईहरू) अवलोकन गरीरहँदा, आदरणीय चतुरभक्त राई ज्यूले मलाई सो ऐतिहासिक क्षेत्र सँग सम्बन्धित जानकारीहरू प्रदान गर्दै हुनुहुन्थ्यो ।

हाम्रो गौरवमय इतिहासको धरोहर एवम् पुर्खाहरूको साक्षि यस्ता सांस्कृक सम्पदा सबैको चासो र चिन्तनको विषय बन्नुपर्छ । गढीको मुख्य दरबार क्षेत्र भित्रको झारपात उखालेर थोरै सफा गर्ने मौका पनि पाईयो । विशिष्ट ऐतिहासिक अर्थ र महत्व राख्ने यस्ता स्थलहरूको पहिचान, संरक्षण र संर्वद्दन हामी सबैको साझा जिम्मेवारी पनि हो ।



(ऐतिहासिक गढीक्षेत्रको अवलोकन गर्ने क्रममा हामी)

दुकिराफ सह-कोषाध्यक्ष आदरणीय सरिता राई ज्यूले टुक्सेमा रक्सी लगायत अन्य पेय पदार्थ अनि ढाकाको पछ्यौराभरी खाजाभुजा हामी सबैजनालाई बाँड्नुभयो । सोही दिन साँझ बाक्सिला बजारस्थित दुमकीम भवन अगाडि केपिलासगढी गाउँपालिका आदरणीय अध्यक्ष श्री कृष्ण कुमार राई ज्यूसहित किरात चुलाघर निर्माण तथा सँग्रहालय स्थापनाबारे लामो छलफलका साथ केही महत्वपूर्ण निर्णयहरू गरिए ।

बैठक सकेपछि बाक्सिला भञ्ज्याङस्थित दुकिराफ सह-कोषाध्यक्ष ज्यूको घरमा नै हामी सबैजनालाई खानापिनको व्यवस्था गरियो । त्यहाँबाट छुटेर आदरणीय व्यक्तित्वहरू दाइ चतुरभक्त राईज्यू तथा कीकी डा. नेत्रमणि दुमीराई ज्यूका साथमा म पनि दाइको घरतर्फ लाग्यौं । हामी सुत्न जानुअघि केही समय उहाँहरू दुवै जनाले मलाई ज्ञानको अथाह सागर बाँड्नुभयो । उहाँहरूसँगको त्यो अर्थपुर्ण एवं महत्वपूर्ण वार्तालापले मभित्रको चिन्तन-मननमा नै नयाँ आयाम थपिदियो ।

मनको गहिराईमा अटसमटस भइबसेका उत्सुक्तालाई मत्थर पार्ने सितल चौतारी फेला परेको महसुस गरेँ मैले । ओछ्यानमा निदाउनुअघि म आफूलाई भाग्यमानी ठान्दै थिएँ । बाक्सिलाको दोस्रो दिनको बसाईमा मैले 'चुचु दह' तथा 'दुंकुलु' (दुमी वंशको इतिहाससित जोडिएको तलपट्टि ओढारसहितको ठूलो चप्लेटी ढुङ्गा) को अवलोकन गर्ने अवसर पाएँ । उकालो-ओरालो गर्दै गोरेटो बाटोमा तय गरिएको पैदल यात्रा केही कठिन त अवश्य थियो नै, तर पनि उत्साह र जोश-जागरको भने कुनै कमी थिएन हामीमा । बाटोमा सबैजना गफिदै गयौं । सिमपानी भएर जाँदैगर्दा बाटोमा दुंकुलुमा पुगी क्यामेरामा तस्विरहरू कैद गरियो ।





(दुंकुलुस्थित सामुहिक तस्विरमा दुकिराफ काठमाण्डौ तथा दुमकिम बाक्सिलाका पदाधिकारी/सदस्यहरू)

हाम्रो संस्कार तथा सांस्कृतिक धरोहर उक्त स्थान इतिहासको बलियो प्रमाण र साक्षी पनि हो । करिब एक घण्टाको पैदल यात्रापछि हामी चुचु दहमा पुग्यौं । पौराणिक कालमा हाम्रा पुर्खाहरूले जिविकोपार्जनका लागि शिकार खेल्ने गर्दथे । जसका निमित्त सोही दहभित्र पसी बाघको रूप धारण गरी बाहिर निस्कने र शिकार गरेर फर्किसकेपछि पुनः सोही दहभित्र हाम्फालेर मानिस भई निस्कने गर्थे भन्ने किवंदन्ति रहेछ । तथापि पहिले त्यहाँ पानीको दह भएको र जमिनमुनि पानीको मुल बग्ने गरेको, तर अहिले त्यो संरचना जमिनमा परिणत भएको कुरा त्यहाँको स्थानीय एक जना दाइले बताउनुभयो ।



(किरात ऐतिहासिक चुचु दह क्षेत्रको एक तस्विर)

त्यही दिन साँझ सबैसँग बिदावारी भएर म सप्तेश्वर पुगेर रोकिएँ । भोलिपल्ट बिहान पोक्लुतर्फ लागेँ । आदरणीय नक्छो चुचु (बाजे) अष्टबहादुर राई ज्यूसँग भेट गर्न उकालो चढ्दै गर्दा उहाँको घर अहिले थानागाउँ सरेको कुरा जानकारी पाएँ । त्यो सुन्नासाथ म फेरि त्यतैतिर मोडिएँ । बाक्सिलामा आदरणीय चतुरभक्त राई ज्यू ले टिपाउनुभएको दुमी नक्छो तथा पुर्खाहरूको नामवली हातमा बोकेर अघि बढ्दै थिएँ । सोधीखोजी गर्दै बल्ल चुचुको घर पुगेँ । उहाँ पिँढीमा बसेर रामायण पढिरहनुभएको रहेछ । मैले बाटैदेखि अभिवादन गरेँ । आपसी चिनजानपछि उहाँले पनि नजिकको आफ्नो वंश मानी रामायणका केही श्लोकहरू वाचन गरेर सुनाउनुभयो । उहाँसित गरेको लगभग चार घण्टा लामो वार्तालाप मेरो अध्ययन स्रोतको हिसाबले एकदमै उपयोगी रह्यो । उहाँले सुम्निमा र पारुहाङदेखि नानातोमा, नानाखेमा र खक्चिलिपुसम्मको वृत्तान्त खोल्नुभयो । मैले पनि चाख मानेरै मोबाइलमा रेकर्ड गरेँ । भ्याएसम्म डायरीमा पनि टिपोट गरेँ । त्यहाँबाट बिदाबारी भइवरी म डुङ्डुङतर्फ लागेँ । आदरणीय रुद्र कीकी पनि बाटोमै आइपुग्नुभएछ । आदरणीय कीकी डिल्लीशेर राई ज्यूको घरमा पुगेर चिनजान सँगै एक घण्टाजति कुराकानी भयो । उहाँले मारुनी नाच र दुमी संस्कारबारे धेरै कुरा प्रकाश पार्नुभयो । त्यहाँ खाना खाइवरी दिउँसोको करीब ३:०० बजेतिर रुद्र कीकी र म दारेगौंडातिर लाग्यौं । त्यहाँ आदरणीय कीकी टेकवीर राई ज्यूसँग भेटवार्ता भयो ।

मेरो मावली चुचु श्रद्धेय स्व. चुचु धनरूप राईज्यूद्वारा दुमी संस्कार तथा संस्कृति सम्बन्धि लिखित सामग्री कीकीले सहर्ष मेरो हातमा थमाइदिनुभयो । त्यसबाट मैले आवश्यक तस्विरहरू खिचेँ । रात पर्न लागेको कारण हामी त्यहाँबाट बिदा मागेर फटाफट अम्बोटेतर्फ लाग्यौं । बेलुकी ८:३० बजे तेतेमको घर पुगेर थकाई मारियो । काठमाण्डौबाट हिँडेको सातौं

दिन बिहान खाजा खाएर म दाजेसँग मोटरसाइकलमा बाक्सिलातर्फ प्रस्थान गरें । आदरणीय चतुरभक्त दाइले अघिल्लो दिन नै 'भोलि मेरो घरमा निक्लनु है नानी !' भनी फोन गर्नुभएको थियो । बिहान ९:०० बजेतिर त्यहाँ पुग्दा नुवागी पुजा हुँदै रहेछ । नुवागी पुजा किरात समुदायमा बर्षेनी नयाँ बाली ग्रहण गर्नु अघि सम्पन्न गरिने एक परम्परागत पितृपूजा हो भन्ने तथ्य त हामी सबैलाई अवगतै छ । जीवनमा पहिलो पल्ट म आफूले नुवागी पुजाको प्रत्यक्ष अवलोकन गर्दै थिएँ । आदरणीय व्यक्तित्वहरू नक्छो चुचु बम ब. राई ज्यू, कीकी दान ब.राई ज्यू, तथा कीकी राम कु. राई ज्यू सँग आपसी चिनजान भयो । उहाँहरूले मलाई दुमी भाषा, संस्कार र संस्कृतिको बारेमा विभिन्न जानकारीहरू दिनुभयो । दुमी वंशको जन्म, मृत्यु तथा विवाह संस्कारको सन्दर्भमा उहाँहरूले क्रमबद्ध रूपमा प्रष्ट पारिदिनुभयो । निकै लामो कुराकानी भयो । दुकिराफ उपाध्यक्ष आदरणीय भाउजु जानुका राईज्यूले त्यहाँ उपस्थित सबैलाई मिठो खाना खुवाउनुभयो । त्यो साँझ म त्यहिँ रोकिएँ । भोलिपल्ट बिहान खाजा खाइवरी बिदा मागेर त्यहाँबाट सप्तेश्वर वडा कार्यालयमा झरें । जनसाङख्यिक तथ्यांक लिने उद्देश्यले म त्यहाँ पुगेको थिएँ । यद्यपि अपेक्षित ताजा तथ्याङ्क भने उपलब्ध हुन सकेन । बेलुका अम्बोटे झरेर त्यतै बसें ।

काठमाण्डौबाट हिँडेको आठौं दिनमा म बिहान ८:०० बजेतिर सबैसँग बिदावारी भएर काठमाण्डौतर्फ हुइकिएँ । बाटोभरि आफ्नो पुर्ख्यौली थातथलोमा पुगेर संकलन गरेका अथाह ज्ञान, गहिरो आत्मियता, न्यानो स्नेह, असीम सहृयता र भरपूर सहयोगका पोकाहरू कुम्लो कसेर मनभित्र चिन्तन-मनन गरिरहें । कानमा इयरफोन खाँदेकै थिएँ । एकतमासले सँगीत गुञ्जिरहेको थियो । बेलुकी ९:०० बजेतिर काठमाण्डौ आइपुग्दा शहरको कोलाहल, गाडीको चाप, फोहोरका थुप्रोहरूबाट फैलिरहेको दूर्गन्ध, स्वार्थको व्यापार उफ् सास निसास्सिरहेको थियो । शान्त तलाउबाट कसैले दलदले हिलोमा लगेर फालिदिएको जस्तो भान भयो । सुनौलो भविष्यको खोजीमा बर्षेनी भारी सङ्ख्यामा काठमाण्डौ भित्रिने युवाहरूको संघर्षको कथाव्यथाहरू कागजमा कोरिनसक्नु छ ।

मेरो दुमी संस्कार र संस्कृति सम्बन्धी सुक्ष्म खोज र चासोले आज मभित्र थप नयाँ उर्जा मिलेको छ । पश्चिमी संस्कृति र आधुनिकताको चरम बिन्दुसँग सम्झौता गर्न रुचाउने युवा पुस्ता आफ्नो जातीय पहिचानको संरक्षणको लागि सक्रीय हुन सकेको खण्डमा विश्व जनजातीय अभियानले एउटा युगान्तकारी निर्णायक मोड लिन सक्छ । जातीय हकहीतको पक्षमा एउटा नयाँ क्रान्ती नै पनि सुरु हुन्छ भन्ने लाग्छ । अल्पसङ्ख्यक, लोपोन्मुख सूचीमा परिसकेको हाम्रो दुमी भाषा, संस्कार, कला तथा संस्कृति यसरी संकटमा पर्दै जानु हाम्रो लागि खुशीको विषय हुन सक्ला कसरी, र स्विकार्ने के गरी ! आफ्नो अस्तित्व लोप हुँदै जाने हो कि भन्ने बिडम्वनामा अल्मलिनेभन्दा सुधारतर्फ उन्मुख हुनुपर्छ भन्ने मेरो मान्यता हो ।

यद्यपि दुमी वंशको संरक्षण तथा हकहीतका लागि 'दुकिराफ' संस्थाबाट हुँदै आएका परिणामुखी पहलहरू वास्तवमै प्रशंसनीय छन् । यसैमा मलाई गर्व पनि लाग्छ, र म आफूले पनि सकेको र जानेकोसम्म यतिखेर नै केही गरिहालौं कि भनेर नै जोसिएको पनि छु । स सम्झन्छु, र विचार्छु, आफूजस्तै केही जोशिला युवा जमातले हात र साथ दिन तत्पर हुने भए त... ! बाहिर कुकुर भुकेको आवाजले म झसङ्ग हुन्छु । रातको १२:०० बजिसकेछ । कलम बन्द गर्ने निधो गर्छु । भोलिको शुभ आगमनको कामना गर्दै कलम र डायरीलाई थन्क्याउँछु । नीरी । (समाप्त ।) ❑





# अमरलता र किरात मिथक



-सुमन दीम्मचु दुमी राई
*उप-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय*
*देल: लाम्दीजा, चोखुम, खोटाङ*
*दुकिराफ परामर्शक*

**अमरलता र किरात मिथकको सम्बन्ध**

किरात शब्द जति पुरानो छ, त्यति नै पुरानो सभ्यता; सभ्यतासँगै त्यति नै पुरानो मिथकहरू छन् । त्यस कारण पनि सभ्यता र मिथक परिपूरक हुन् किरातीहरूको जीवनमा । किरात समुदायमा सभ्यतासँगै जोडिन्छ प्रकृति पनि । प्रकृतिको महत्व अनन्य छ हाम्रो समुदायमा । किरातीहरूले प्रकृतिलाई विभिन्न रुपमा प्रयोग गर्दछन् । त्यसैले किरातीहरू प्रकृतिसँग नजिक अनि प्रकृति पूजक हुन् भन्नेमा कुनै दुई मत छैन । अतः किरातीहरूले प्रकृतिबाट हावा, पानी, वनस्पति, आहार, बास र कपास प्राप्त गर्दछन् । विभिन्न वनस्पतिहरू किरात समुदायभित्र; त्यसमा पनि दुमी राईहरूले विशेष गरी औषधी, जडिबुटी, खाद्य, सांस्कृतिक सामाग्रीहरू, घर एवम् गोठ बनाउन प्रयोग गरिने सामाग्रीहरू, दैनिक काजमा प्रयोग हुने साथै धार्मिक कार्यमा प्रयोग हुने सामाग्रीहरू आदि प्रकृतिबाट प्राप्त गर्दछन् । अतः दुमी राईहरूको जीवनमा वनस्पतिको महव अपार छ ।

दुमी राईहरूले प्रयोग गर्ने वनस्पतिहरू मध्ये अमरलता एक प्रमुख हो । पुर्खादेखि सन्तानहरूमा मौलिक ज्ञान (Indigenous Knowledge) प्रदान गरिने प्रथा दुमी राईहरूमा पनि पाइन्छ । यो ज्ञान-सागर सार्ने काम पुस्तौपुस्ता चलिआएको छ । दुमी राईहरूले अझै पनि यस्ता मौलिक ज्ञानको प्रयोग दैनिक जीवनमा गरेको देखिन्छ तर यो प्रथा लोप हुँदैछ विस्तारै-विस्तारै । यस सन्दर्भमा अमरलताको चर्चा यहाँ गर्न खोजिएको छ । अमरलताको वैज्ञानिक नाम कुस्कुटा रीफ्लेक्सा *(Cuscutareflexa)* हो । यो विशेष प्रकारको वनस्पति हो । जसको जरा र पात हुँदैन । यो प्रायः पहेलो रङ्गको हुन्छ भने यसको फूल सानो र सेतो रङ्गको हुन्छ । यो परजिवी वनस्पति हो । त्यसैले यो अरु विरुवामाथि भर पर्दछ । यो प्रायः सिमली अनि अन्य विरुवाहरूको बोटमाथि पुरै छोपेर छरिएर रहेको देखिन्छ ।

**औषधी मूलक अमरलता**

दुमी राईहरूले यस वनस्पतीलाई औषधी एवम् जडिबुटीको रुपमा प्रयोग गरेको पाइन्छ । विशेष गरी यसको प्रयोग विभिन्न रोगका विरुद्ध गर्दछन् । जस्तै; ज्वरो, जन्डिस, पिसाब पोल्ने, बाथरोग, शरीर पोल्ने, मिर्गौलाको समस्या आदि । अतः अमरलता एक औषधी जन्य वनस्पति हो ।

**भुतप्रेत, सिहाँवायु र नराम्रो शक्ति हटाउन अमरलताको प्रयोग**

दुमी राईहरूले भुतप्रेत, सिहाँवायु र नराम्रो शक्ति हटाउन अमरलताको प्रयोग गर्दछन् भने भुतप्रेत नलागोस् भनी नाबालक-नाबालिकाको कोक्रोमा अमरलता राख्ने चलन छ । अझै पनि बाटोघाटोमा हिड्दा यसको प्रयोग गरिन्छ ।

**अमरलता एवम् मिथक**

अमरलताको गुण र महिमा किरात मिथकमा पनि वर्णन गरेको पाइन्छ । यो मिथक प्रायःजसो लोप हुँदैछ । त्यसैले यसबारे जानकारी दिन खोजिएको छ । जसलाई नयाँ पुस्ताले बुझ्न जरुरी छ ।

किरात मिथक अनुसार किरातीहरू शक्ति सम्पन्न एक समुदाय थिए । विभिन्न शक्तिहरूको स्रोतहरू मध्ये प्रकृति एक थियो भने विभिन्न देवी-देवतालगायत जिवजन्तुहरूलाई शक्तिका स्रोत

मान्दथे । आज पनि किरातीहरू यिनीहरूलाई शक्तिको रुपमा पुज्दछन् । त्यसैले दुमी राईहरू प्रकृति पुजक हुन् अन्य किरातीहरू जस्तै । प्रागः ऐतिहासिक कालमा किरात दुमी राईहरू शिकार खेल्दथे अनि शिकार गरी मारिएका पशुपंक्षीहरूलाई पोली-पकाई पहिला पितृहरूलाई चढाएर मात्र प्रसादको रुपमा ग्रहण गर्दथे । जुन संस्कार आजसम्म पनि हामी दुमी राईहरूको समूदायमा चलिरहेको छ ।

किरात दुमी राईहरूको मिथकमा अमरलताको उत्पतिको वर्णन गरेको पाइन्छ । किरात दुमी राईहरूको पुर्खाहरू परिवारसँग आफूले शिकार गरी ल्याएको पशुपंक्षीहरू पितृहरूलाई चढाएरमात्र खान्थे । हरेक दिन जस्तै एक दिन हाम्रो पुर्खाहरू शिकार गर्न जाने बेलामा एक जना बाहुन ईष्ट आइपुगेछ । कुरा गर्ने सिलसिलामा बाहुनले पनि सँगै जाने ईच्छा प्रकट गरेछ । त्यस बाहुन सँगै शिकार खेल्न सबै जना जङ्गल गएछन् । बाहुनले जङ्गलमा गाई चरेको देखेछ । त्यसपछि बाहुन हाम्रो पुर्खाको छेउमा बिस्तारै चाल मारेर आएछ अनि साउती मार्दै भनेछ "मित्र, त्यहाँ पर एउटा हरिण चर्दै छ । तिमी त्यसलाई मार न, तिमीले मार्‍यौ भने आज तिम्रा परिवारहरू खुशी हुनेछन् र दुई-चार दिनको लागि भोजनको राम्रो व्यवस्था पनि हुनेछ ।" बाहुनको कुरा सुनेपछि हाम्रो पुर्खाले पनि मन-मनै सोचेछ "यो इष्टले आज ठिकै भन्यो । आज मज्जाले शिकार गर्छु र परिवारलाई खुशी बनाउछु ।" बाहुनले लोभ देखाएपछि, बाहुनले भने बमोजिम र देखाएअनुसार त्यो ठाउँतिर हाम्रो पुर्खा चाल मारेर शिकार गर्न गएछ र झाडीमा लुकेर हाम्रो पुर्खाले हेर्दा चरिरहेको जनावर छ भनेर त थाहा पायो तर बाक्लो झाडी भएकोले त्यो जनावर कुन जनावर हो ? भनेर छुट्याउन सकेन रहेछ । त्यो दिन समय धेरै अबेला भईसकेको साथै हरिण नै जस्तो टाढाबाट देखेछ । त्यसपछि धनुबाण जनावरतिर ताकेर तीर चलाएछ र बाण लागि शिकार ढलेछ । त्यसपछि शिकार भएको ठाउँतिर दौडिएर लम्केछ । शिकारको नजिक पुगेर हेर्दा त गाई पो मारेको रहेछ !! त्यो देखेर हाम्रो पुर्खालाई धर्म संकट परेछ । बाहुनले फसायो भन्ने थाहा पाएपछि बाहुनलाई रिसको झोकमा बोलाएछ र बाहुन पनि लुसुलुसु मरेको गाईको छेउमा आएछ । आफूले गल्ती गरेको र हाम्रो पुर्खा रिसाएको देखेपछि डराउँदै भनेछ "मित्र, आज मेरो ठूलो भुल भयो । तिमीले मार्न सक्दैनौ होलाभन्ने सोचेर मैले तिमीलाई गाईलाई हरिण हो भनेर भन्देको थिए । मलाई माफ गरिदेउ ।" यो सुनेर हाम्रो पुर्खाले भनेछ "तिमी बाहुन भएर पनि यसरी झुट बोल्ने हो ? गाई हाम्रो आमा सरह हो र मान्थ्यौ तर तेरो झुटले गर्दा आज म पापी भएँ अन्जानमा । हाम्रो शक्ति स्वरुप गाईलाई झुट बोली मार्न लगाईस् तर पनि अब हाम्रो संस्कार अनुसार शिकार गरेको पशुपंक्षी पितृलाई चढाएर खानै पर्ने हुन्छ ।" यति भनेपछि बाहुनलाई डोरीले बाधेर एक कुनामा राखेछन् । त्यसपछि हाम्रो पुर्खाहरू गाई मारेकोले पछुताउँदै शिकारलाई भाग-बिलो लगाएछन् । रिस मरी नसकेकोले हाम्रो पुर्खाहरूले बाहुनलाई समातेर गाईको आन्द्राको माला बनाई काँध र काखीमुनि पर्ने गरी आन्द्राको माला लगाई दिएछन् । बाँकी आन्द्राहरू चाहिँ फ्याँकिदिएछन् । त्यो बाँकी आन्द्राहरू सिमलीलगायत बोटबिरुवामा अड्केछ ।

त्यस समयदेखि मात्र हाम्रो पुर्खाहरूले गोरुको मासु खान थालेका र खानु परेको साथै चुलामा चढाउनु पर्ने संस्कार बसेको हो भन्ने गर्दछन् हाम्रो पुर्खाहरू । त्यसैले आजकल बाहुनले लगाउने जनै र अमरलता दुवै गाई माताको आन्द्रा हो भनि टिप्पणी गर्छन् पुर्खाहरू ।

अतः अमरलताको महत्व जडिबुटीको रुपमा प्रयोगमा आउने गुणिलो वनस्पति हुनाका साथै गोरुको मासुलाई चुलामा चढाएर हाम्रो पुर्खाहरूलाई अर्पण गरी शक्ति माग्ने चलन छ दुमी राईहरूको समुदायमा ।

।।नीरी।। ❑




# हार्दिक श्रद्धाञ्जली

दुमी किरात राईहरूको भाषा, संस्कार, संस्कृति, संरक्षण र संवर्द्धन गर्न सदा तत्पर दुमी वंशका नोक्छो/ताया/ताङ्कु/पुर्खा/वंशावली ज्ञाताहरूको असामयीक पितृबास भएको दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै दिवंगत आत्माको बलमदेलमा बास होस् भनी सिमेभुमे, सुप्तुलु, युङ्खुलु एवम् सुम्नीमा-पारूहाङसँग प्रार्थना गर्दै भावपूर्ण **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं ।



**स्व. नन्दराज हलक्सु दुमी राई**
माकीपा, नोरोदेल
जन्मः वि.सं. १९९० असार
पितृबासः वि.सं. २०७७ असोज ४



**स्व. चतुरमाया वलक्पा दुमी राई**
माकीपा, बाक्चुवा
जन्मः वि.सं. ..........
पितृबासः वि.सं. २०७७ पुस १८



**स्व. ताया सिंह बहादुर वलक्पा दुमी राई**
माकीपा, बेप्ला, खुइसु
जन्मः वि.सं. १९९३/१२/२७
पितृबासः वि.सं. २०७६/०७/२६



**स्व. पुर्खा हर्क बहादुर खारुबु दुमी राई**
माकीपा, बेप्ला, खाम्ला
जन्मः वि.सं. १९९४ चैत्र २ गते
पितृबासः वि.सं. २०७६ कार्तिक ११



**स्व. रुद्र ब. लुप्पो दुमी राई**
लाम्दीजा सिम्पानी
जन्मः वि.सं. १९८१ पुस
पितृबासः वि.सं. २०७७/०३/१६



**स्व. भक्ति शोभा चाम्लीङ**
लाम्दीजा सिम्पानी
जन्मः वि.सं. १९८६
पितृबासः वि.सं. २०७५/०५/२५



**स्व. पुर्खा चन्द्र कुमार लुप्पो(काजी)**
लाम्दिजा
जन्मः वि.सं. २०००/१०/१७ सोमबार
पितृबासः वि.सं. २०७७/०६/०२



**स्व. ताया धनसेर मुरह दुमी राई**
लाम्दिजा, हल्खुम
जन्मः वि.सं. १९९५ असोज
पितृबासः वि.सं. २०७६/०९/२५

**दुमी किरात राई फन्सीकीम तथा इसीलीम परिवार**

# साल्दाइलाई चिठ्ठी !



**-हेमन्त खवचु दुमी राई**
*दि.रु.म.-१२, जालपा*

साल्दाइ !
हाम्रो गाउँ अहिले अर्कै भएको छ रे हो ?
अस्तिसम्म उही पुरानो समाज
हिजोसम्म त्यही मौलिक संस्कृति
आज आएर दुप्लाएको छ रे हो ?

मैले सुनेको साल्दाइ !
गाउँको सारा वनजंगलहरू अहिले
दाउरा काटेर उजाड भएको छ रे हो ?
पानीको मुहान फुटेर बग्ने खोल्साहरू अहिले
सुकेर सारा गाउँभरी खडेरी छाएको छ रे हो ?
माथिल्लो घरको ठूल्दाइ वस्तु चरण नपाएर
अहिले निराश हुनु भएको छ रे हो ?
तल्ल घरको साल्दाइले पनि बाखाभेडाहरू
पल्लो गाउँको कार्कीलाई दिएका छन् रे हो ?

के साल्दाइ
गाउँमा वृक्षारोपण गर्नेहरू नहँदा अहिले
जंगलको हरियाली हराएको छ रे हो ?
शिक्षित युवाहरू बाहिर विदेशिनाले अहिले
पानीको मुहान संरक्षण नभएको रे हो ?
अनि ठूल्दाइ अहिले वस्तु चरण खोज्दै
अर्को गाउँ जाने भन्दै छन् रे हो ?
साल्दाइको भेडाबाखा पनि ति दाइलाई सम्झेर
कार्की कहाँ रोइबसेको छ रे हो ?

त्यतिमात्र होइन साल्दाइ !
संस्कृतिको पूजा गर्ने ठाउँहरूमा अहिले
युवाहरू मायापिरतीका पूजा गर्दै हिड्छन् रे हो ?
सोइसोइलाका गीतहरू बिर्सेर अहिले
नानाथरीका गीतहरू गाउँदै हिड्छन् रे हो ?
गाउँका बहिनीहरूले आजकाल सबै
चौबन्दी चोली फालिसकेको छन् रे हो ?
अनि दाजुभाइहरूले पनि अहिले
दौरा सुरुवाल कता पुऱ्याएका छन् रे हो ?

के साँच्चै साल्दाइ !
संस्कृतिको महत्व थाहा नभएर अहिले
त्यस ठाउँको संरक्षण नभएको रे हो ?
गाउँमा दौतरीहरू नहुँदा अहिले
पुरानो भाकाहरू लोप हुन लागेको रे हो ?
गाउँका चेलीबेटीले वेवास्ता गरेका कारण
चौवन्दी फरिया शहर पसेका रे हो ?
दौरा, सुरुवाल पनि अहिले सबै
पुरानो दौतरी सबै हराएको छ रे हो ?

यदि त्यो कुरा साँचो हो भने साल्दाइ
हामी सबै मिलेर वृक्षारोपण गरौं पाखामा
अनि हरियाली र सुन्दर जंगल हुनेछ ।
पानीको मुहान संरक्षण गरौं सबै मिलि
अनि फेरि पहिले जस्तै पानीको मूल फुट्नेछ ।

माथिल्लो घरको ठूल्दाइलाई भन्दिनु
वस्तुस चरण हामी आफैंले बनाउनु पर्छ ।
तल्लो घरे सान्दाइलाई नि भनिदिनु
ति भेँडाबाखा फेरि ल्याउनु पर्छ ।



अनि यसो गरौं साल्दाइ !
हामीले समाज र संस्कृतिको बारेमा बताई दिऊँ
ताकि हाम्रो संस्कृतिको जगेर्ना गर्न सकुन् ।
हामीले सोइसोइलामा ईतिहास खोज्न सिकाऊँ
ताकि युवाहरूले हामी भूमी पुत्र हौं भन्न सकुन् ।
हामी सबै चौवन्दी फरिया लिएर गाउँ पसौं
ताकी हाम्रो पितापुर्खाहरूले गर्व गर्ने ठाउँ होस् ।
हामीले दौरा सुरुवाललाई पनि सँगै लैजाऊँ
ताकी सबै हाम्रो पहिचान बुझ्न सकुन् ।

त्यसपछि साल्दाइ !
हाम्रो गाउँ, समाजमात्र हेर्न लायक हुने छ ।
रमणीय वातावरण अनि त्यस्तै संस्कृति ॥
पहिचान सहित ईतिहास हुनेछ
हद्दै जाने छ त्यस्ता सबै विकृति ॥
॥नीरी॥ ❑

---

मनोभाव

# आत्मकथा



**-सन्तोष दुमी**

हे सुम्निमा पारूहाङ ! अब म सफल गीत गायन यात्राको शिखर मै हुँ त ? म फेमस पपुलर भएकै हो त ? पुग नपुग करिब २०६० जति त पुगे होलान् मेरा रेकर्ड गीत संगीत । सुमन सागरजंग केङ्डसीङ को भिडियो डेरेक्सन मा साथी राजा राजेन्द्र पोखरेल को गीत गाए देखिन मैले मेरो संगीत यात्रामा पछाडी फर्केर हेर्नु परेको छैन । कार्यक्रमको लस्कर छ, भोजपुर एकैछिन पछि खोटाङ, बेलुकी धरान घरेलु महोत्सवमा गाउन पुगै पर्ने पारिश्रमिक अग्रिम लिइसकिएको छ । भोलिपल्ट बिहान झापा झिलझिले महोत्सवपछि लगत्तै बेलबारीमा बिशेष प्रस्तुती नि छ । हे भगवान ! म सफल भएकै हो त ? भोलि पश्चिम गुल्मी महोत्सवमा पुग्नु छ, त्यसपछि अर्घाखाँचीको सदरमुकाम सन्धीखर्कमा कार्यक्रम सकाएर सिधै काठमाण्डु आउने योजना छ । विदेशको कार्यक्रमको छुट्टै सेड्युअल छ ।

घरमा समय दिन पाको हैन, डोटिको कार्यक्रम मेरो सहयोगी भाइलाई नै डील गर्न लगाई सकेपछी आज हल्का टुच्च बस्नु पऱ्यो साथीहरूसँग यही वेलबारिमा, जाडोको महिना । दुई चार डाईहार्ट फ्यानहरूसँग फोटो खिचाई सकेर कार्यक्रम आयोजक साथीहरूसँग एक फूल चिभास खोलिउँ, चियर्स ! साथीहरूले आपसमा गिलास ठोकाए, एक जना साथीको गिलास चुकेछ, मेरो नाकमा चिस्स लाग्यो, अम्लिसो कुचोको टुप्पोले मेरो नाकमा पृथ्वीमाङ घोचिरंदो रैछन्, उठ्नोस् पापा आज फनपार्क जाने भनेको हैन ? ❑

# तीन चुल्हा



-दुर्गा बहादुर ब्रस्पा मुरहचु दुमी राई
*उपाध्यक्ष दुम्कीम धरान*

राई जातीहरूको मुख्य निशाना हो गौरवशाली पवित्र तीन चुल्हा २।
चुल्हाको महत्व नबुझेसम्म हुँदैन हाम्रो पितृपूर्खाहरूको सपना पुरा २।
नबुझेसम्म केही होईन देखिन्छ त्यो टिपी ल्याएको ढुंगा जस्तो २।
बुझेपछि वर्णन गरी सक्नु छैन यो पवित्र तीन चुल्हा ढुंगाको महत्व २।
तीन चुल्हा ढुङ्गाको नाम दुमी भाषामा भनिन्छ सुप्तुलु २।
हाम्रो पितृपूर्खाहरूको थापी खाने भाँडो हो यो दुमी भाषामा भनिन्छ थुप्सुलु २।
त्यसैले त पूर्खाहरूको सम्पती हो यो जतन गरी जोगाएर राखी दिनु २।
राई जातीहरूको तीन चुल्हा ढुङ्गा जगेडा गरी राखौं मुख्य निशाना चिनो २।
मन्दिर पनि, संस्कार पनि, पुर्खा पनि हाम्रो यो पवित्र तीन चुल्हा २।
पुर्खाहरूको सपना विपरीत नगरौं हामीहरू कसैले पनि झुट्टा कुरा २।
प्रकृतिका पुजक हौं हामी त्यही चुल्हा हो हाम्रो सर्वश्व संस्कार संस्कृती २।
अर्काको संस्कारको नक्कल गरेर नभित्र्याउँ कसैले पनि विसंगती र विकृती २।
त्यसैले त हामीहरूले अर्काको नक्कल भुलेर पनि कहिल्यै नगरौं २।
नक्कल गर्ने नै हो भने आफ्नै संस्कार संस्कृतीको नक्कल गरौं २।
नक्कल गर्ने नै हो भने आफ्नै भाषा र भेष भुषाको नक्कल गरौं २।
आफ्नो पवित्र संस्कार हुँदा हुँदै अर्काको संस्कारमा लम्पसार नपरौं २।
संस्कार बिनाको वेवारिसे हुँदै होईन हामी पनि हाम्रो पनि संस्कार छ नै २।
हाम्रो पूर्खाहरूले संस्कारको रुपमा मानी आएको पवित्र तीन चुल्हा ढुंगा सही हो नै २।
त्यसैले त पूर्खाहरूको सपना विपरित अन्यथा नसोचौं पवित्र छ यो तीन चुल्हा २।
तीन चुल्हाको महत्व नबुझेसम्म हुँदैन है पितृपुर्खाहरूको सपना पुरा २।
बिना पूर्खा बीच बाटोमा उत्पती भएको हुँदै होईन पूर्खाको सन्तान हौं हामी पनि २।
पवित्र तीन चुल्हाकै धर्म संस्कारको आशिवार्दले फैलाएका हौं सबै हामी पनि २।
पूर्खाहरूले देखाएको बाटो बिरायौं भने लाग्नेछ हामीलाई ठूलो अपराध २।
पूर्खाले देखाएको बाटो नबिराई हिडौं हुनेछ हाम्रो फली फापै फलीफाप २।

।।नीरी।। ❑





# मेरो पहिचान



-विजया सत्म दुमी राई
*दि.रु.म.-१२, खरदेल, जालपा*

पहिचान
के हो मेरो पहिचान ?
म सोध्छु यो आकाशलाई
प्रश्न गर्छु यो धरतीलाई
को हुँ म ?
के हो मेरो पहिचान ?

कोही भन्छन्
पानीमुनी पौडिरहने, पौडिरहने
कुनै भुरो हुँ रे म त,
कोही भन्छन्
नील गगनमा उडिरहने, उडिरहने
कुनै पन्छी हु रे म त,
कोही भन्छन्
चैते बतासले उडाइ ल्याएको
पराग हुँ रे,
तर कोही भन्छन् मेरो सालनाल यही भूमिमा
गडेको छ रे,
त्यसैले सोध्दै छु म
के हो मेरो पहिचान ?

अझ गडेको छ नडभित्र
मैले खन्नेको माटो
मैले खनेको बाटो
यी गोरेटोहरू कोरेको मैले नै हुँ
आज बटुवाहरू नखरा पार्दैछन्
काँचो दाउरा अँगेनामा झोसी
धुँवा-धुँवा पार्दै छन् यहाँ
मैले लगाएको बाली आज
मैलाई भाग लाइदैछ
डालो लिई हातमा अनि
अंश मेरो थाप्दैछु म

अनि खोज्दैछु यहाँ
के हो मेरो पहिचान ?

कोही भन्छन्
रावा खोलाले दुधकोशीमा मिसायो रे
मेरो सभ्यताको कथा
कोही भन्छन्
आँधीले नै उडायो रे
मेरा पूर्वजको गाथा,
कोही भन्छन्
धमिरा पो लागेको रे
बिझाई रहने, बल्झिरहने मनभित्रको व्यथा

पूर्खाको पाइला पछ्याउदै पुगे
हतुवागढी र चिनागढी
इतिहास खोतल्दै टेके
चिलिमढुंगा र जायजुम डाँडा,
अनि प्रश्न गरे
आखिर के हो मेरो पहिचान ?

माहुरीको नयाँ रानो
फेरि पनि निस्किछाड्यो
खोज्दैछ रे नयाँ बास
धमिलो पानीमा झनै

माछा मार्ने दाउमा मछुवा
कनिका छरी जाल थाप्ने
सिकारीको चाल यहाँ ।
जालमा पर्ने मछली मै हुँ कि
पिँजडाको मैना पो हुँ ?
के हो मेरो पहिचान ?

एक्लो छु
म यहाँ एक्लो छु
कालीचूक यो अन्धकारमा
ठडाउँदै छु अनि प्रश्न चिन्ह ।
अचानक,
मैले मेरा पितृको स्वर सुनेँ
मेरा पुर्खाहरू गड्गडाएर भने,

"मैदानभन्दा चौडा हुनुपर्छ छाती तेरो
गर्वले उच्च रहनुपर्छ शिर तेरो
किनकी,
यो धरती तेरै हो
यो आकाश तेरै हो
यी पाखा पखेरा
यी खेतका कान्ला
सबै तेरै हुन्
तेरै हुन सबै ।"
तैपनि म भ्रममै रहेँ
चिच्याइ-चिच्याइ सोधी नै रहेँ
के हो मेरो पहिचान ?
के हो मेरो पहिचान ??

।।नीरी।। ❑


# हार्दिक शुभकामना

छीरीयाम्लो तोसी (सकला उधौली) तथा किरात यले थो ५०८१ को शुभ उपलक्ष्यमा देश-विदेशमा रहनु भएको सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दै सुप्तुलु, युडखुलु, रिमेम, नायम, एवं सुम्नीमा पारुहाङले हामी सबैको रक्षा गरुन् भन्ने कामना गर्दछौं ।




**गणेशभक्त सत्म दुमीराई/**
**बाल कुमारी खारुबु दुमीराई**
तथा सपरिवार
केपिलासगढी सप्तेश्वर-५ हालः भक्तपुर






# चुलो




**-सहजित हजुरचु दुमी राई**
ऐसेलुखर्क ७ माक्पा, इलिम
हालः काठमाण्डौ ६ त्रिवेणी चोक, कपन ।


ढुङ्गा जब चुलो बन्छ
तब बदलिन्छ सामान्य ढुङ्गो पुज्य चुलामा ।
त्यही बेलादेखि, त्यही दिनदेखि
ती ढुङ्गा, ढुङ्गा मात्र रहँदैनन्
र हुँदैनन् पथ्थर मात्र पनि
पवित्र चारकुने मफेरीभित्र
पुर्खाको नियममा बस्छन्
अनि, रखवारी गरिरहन्छ चुला ।
याम-याममा
चोखो मर्चा चाहिन्छ चुलालाई
छेका-छेकामा पुकार्नु पर्छ उसलाई
बालीनाली सप्रुन् भन्नको खातिर
लालाबालामा आशिषको खातिर
घर सप्रियोस् र परदेश नबिग्रिउन्को खातिर
अनि सहकाल रहिरहोस् भन्नको खातिर
हो, सबै चाहनाहरूमा
भरोसा बन्छ तीनचुला ।

पितृ प्रकृत्ति र परम्पराको सेरोफेरो
किरात सभ्यताको गर्बिलो यात्राहरूमा
कथित धर्महरूको "कु" मा परे होलान् चुला
सुनिन्छ
आस र त्रासको दोधारमा
कतै फ्याँकिए रे "जी" कोठाहरू
उखेखिए रे तीनचुलाहरू
नचाइए रे बाख्रा पाठा
छर्काइयो रे गहुँत
र लिपिए रे गोबरहरू
आफ्नै इतिहासको इतिश्री लेख्दै

गठन भए होलान् नयाँ मण्डली
गाइए होलान् भजन-किर्तन्
तर चुला सुनिरहेछ यी सब
चुला देखिरहेछ ती याबत् कुरा

धार्मिक निरपेक्षाताको जग्जगिमा
समानता र स्वतन्त्राको बहस भैरहँदा
आफ्नै मुन्धुमी शैलीमा
सग्लो इतिहास देखाउँदै
बरू आफ्नै पैरबी गरिरहन्छ चुला ॥

चुला विश्वास, चुला एउटा आस्था
सागरमा मिसिने अनगिन्ती नदीहरूझैं
निर्मल, निश्चल हिमनदी जस्तैं
उद्गम र लक्ष्यको प्रष्टता बोकेर
अटल, अनवरत
सिचिंत गरिरहेछ मष्तिष्कहरूमा
इतिहासको कालखण्डबाट पाठ सिकेर
क्षितिजको दुरगामी उज्जालो खोज्दै
भातृत्वको दीर्घ सम्बन्ध खातिर
एकताको पक्षमा दीक्षित गरिरहेछ चुला ।।। ❑

# यस्तै छ संस्कृति र पहिचान



-निलप्रसाद रदु राईचु
*दि.रु.म.न.पा. १२, जालपा, खोटाङ*

(१) आज हैन हिजोकै रे किरातको प्रकृति पुज्ने मुन्दुम
ढोल, झ्याम्टा, धनुवाण किरातको संस्कृति र पहिचान ।
त्यति मात्र हैन चिण्डो, कठुवा र माटोको हाडी
मादल, बाँसुरी, बिनायो, मुचुङ्गा, झ्याली मजुरा पनि ।
हुन्छ गुन्यूचोली, फरिया, दौरा सुरुवाल टोपीको पनि शान
खुकुरी, भाला, छुरी मुन्दुमी पुर्खाको हतियार र पहिचान ।
यस्तै छ संस्कृति र पहिचान

(२) आज मुन्दुममा चाहिने वानस्पातिक बोट विरुवाहरू मासी सके
किन, कसरी रोप्ने ? संरक्षण गर्ने ? ज्ञानसीप कुनै किरातीले भुली सके ।
लोप हुन लाग्यो कहाँ, कति छ ? लहरा, पाङ्ग्रा, स्याउली, काउलो, फुर्के ढोटहरू
किरात मुन्दुमका बारीमा छ, छैन ?टोटला, अमृसो, भर्ला र सुनाखरीका बोटहरू ।
अब युवा पुस्ताले दौरा सुरुवालको तुना बाँध्न भुली सके
छोरीचेलीले गुन्यूचोली, सारी र पटुकी बाँध्न भुली सके ।
यस्तै छ संस्कृति र पहिचान

(३) भन्न छाडेको छैन युवाले पहिचान र भाषा संकलन
पढे लेखेको पनि छ युवाले भाषा बोल्दछ फोपो होईन अंकल ।
तर उसले एपा, एमा र चुचु भन्न चाहिँ भुलेको छैन
पहिचान शब्द भुलेको छैन तर बानी व्यवहार भाषा शब्द भुलेको छ ।
पढे लेखेको युवालाई राजा महाराजाको इतिहास थाहा छ
वंश पुस्तावली, इतिहास थाहा छैन खोज्न बुझ्न अझ धेरै बाँकी छ ।
यस्तै छ संस्कृति र पहिचान, धन्यवाद ।

॥समाप्त ॥ ❑





# यो मेरो विछोडको कविता



-डम्बर बहादुर हलक्सु दुमी राई
*माकीपा, नोरोदेल, ऐसेलुखर्क*

किन खायो मलाई रातदिन शोकले
श्रीमती लगि गयो क्यान्सरको रोगले
दुःख लाग्छ मलाई जिन्दगीमा कति
सम्झन्छु मनमा गुन्छु छैन मेरो श्रीमती ।

धामी, डाक्टर, औषधीमा कति खर्च भयो
त्यही बेथाले छ वर्षमा ज्यानै लिई गयो ।
छोराले विदेशबाट पैसा पठायो आमा बचाउँ भनी
खर्च भयो तीन लाख बढी गयो गनीगनी ।

पैतीस वर्ष जीवन बिताइयो श्रीमतीसँग
छत्तीसमा लागेपछि भयो मेरो लंगभंग
चरी बनी हंस उड्यो भुरुरु बस्यो है नियानमा
खोक्रो लास मट्टीमुनी पस्यो है चिहानमा ।

चौवीस घण्टा बित्यो मेरो रातदिन गोठमा
सम्झी किन रुएँ म त जीवनको विछोडमा
जन्म होईन कर्म मेरो अभागी पाएछु जुनी
छपन्न वर्षमा नै श्रीमती पसिगयो मट्टीमुनी

ईश्वर पनि विसुर हुँदो रहेछ सम्झन्छु मनमा
हृदय रुन्छ मेरो सम्झेर एक्लो जीवनमा ।
हाँसो होइन आँसुमा डुबियो कमाइएन धन
जीन्दगी मेरो विछोड भयो एक दिन नबाभ्की कन

भेट भैयो कसको छोरी, कसको होला चेली
बाचुन्जेल जीवन बिताउनु पर्‍यो यसरी हाँसीखेली
गर्छु खान्छु किन धर्म चुक्यो ईष्टमित्रमाथि
श्रीमान, छोराछारी, दाजुभाइ छाडिकन भूत भयो साथी ।

छोराछोरी सबैलाई माया गर्दै हेर श्रीमती मर्‍यो
लाउँला, खाउँला भन्दै थियो तर कुन दैवले हर्‍यो
मेरो विपना पनि सपना भयो संसारै अधेरो होला
सत्तरी वर्ष आयु थियो छपन्नमा नै बिताई दियो चोला
क्यान्सरले मुटु खायो कुटुकुटु गरेर

छोराछोरी रुन्छन् धुरुधुरु आमालाई हेरेर ।
हे रामलिला छ मनमा बारम्बार
माया र प्रेममा डुबेको झुटो हो यो संसार

जंगलमा वस्तु हेर्दै मैले कविता लेखे
विपनाको कालो अक्षर सपनामा देखे
उमेर पैसठ्ठी पुग्यो तर मेरो पढाई छैन
मलाई कवि भन्छन् होला तर म कवि होइन ।

दिनमा दशफेर आँसुले कालो अनुहार धुएर
एक्लो जीवन जंगलको बासमा म बस्छु रुएर
श्रीमती मर्‍यो, आमा मर्‍यो नसम्झनु भन्छु यो कुरा
बाबु मरेपछि हेर म भए तीन टुहुरा

नभनौं भन्नु त आँतमा हृदय थाल्छ रुनु
वरपिपल जोरै चौतारीमा एक्लो जीवन नहुनु ।
वनको चरी वनमा रमाउँछ चिरबिर कराउँदै
म कानले सुन्छु, आँखाले हेर्छु मेरो मन रुन्छ भेडा चराउँदै
हे ईश्वर मलाई जन्म दियौ माताको कोखैमा
छोराको जुनि बिताउनु पर्‍यो यो मनको सोखैमा
चुढाइ दियौ बन्दन झै यो प्रेमको लहर
यो एक्लो जीवन बिताउनु थिएन यो मेरो रहर
कालो मसीले कपीमा कलमले लेखेर
भेटेझैं लाग्छ मलाई मनमा सपनामा देखेर ।
॥नीरी॥ ❑

# उद्यान



-युबराज दुमी रदु "छिद्र"

एउटा उद्यान छ
जो सँधै सबैको नजरमा खाली छ ।
एउटा उद्यान
जहाँ बेआकार चित्रहरू
म देख्ने गर्छु ।

उद्यान र आकार
जो सबैले देख्छन्
र सबैले देख्दैनन् !
त्यहींभित्र
म आफूलाई पनि पाउँछु र बोल्छु पनि ।
ऊ भन्छ ! म ज्युदैछु !!
म भन्छु ! म बाँचेको छु!!

जब ऊ आँखा तर्मराउछ र
म हात लम्काउछु
उसभित्र एउटा ढुकढुकी रहेछ ।
ती बेआकार चित्रहरूको ढुकढुकी
तानेर ममा त्यो
आकार निकाल्ने जाँगर म सार्छु ।
ऊ अँगाल्छ, सुम्सुम्याउछ र सुक्सुकाउँछ ।
एउटा बिधिर्ण पिडाबोधले
थलिएको रोदन ।

भन्छ खुसुक्क कानैमा
योभित्र निक्कै धेरै सपनाहरू छन् ।
सामल सकिएको पर्देशी झैं म
अक्कलका झोलाहरू खोतल्छु
त्यहाँ ती उद्यानभन्दा पनि
निक्कै रित्तो पाउँछु आफैंलाइ !
एक जमर्को अरु कोट्याउछु !
केही आशाका गुन्द्रुक र रहल
आकांक्षाका नुनहरू पाउँछु ।
अनि एउटा साहस बटुलेर
सम्झाउछु उस्तै उस्तै छौं हामी ।

निरन्तर सोध्छन् ऊ .....
चट्याङ भोगेको छौ तिमीले ?
पहिरो खेपेको छौ र तिमीले ?
टुसारो ?
तापमान ?
रगत निस्किन्छ तिमीबाट ?
आँसु छ के तिम्रो ?
साहस ....
साहस हुनु पर्छ चोट खप्न पनि
साहस चाहिन्छ
अँध्यारोमा हिँड्न पनि ।

यी डङ्कुर प्रश्नहरूमा
मेरो छाती च्यातिन सुरु गर्छ
मेरो शिर चर्किन सुरु गर्छ ।
सबै सबैको खाली उद्यान
पिर र मर्काले भरिएको उद्यान ।
निराश नबनाउने हेतुले
बाँकी उत्तरहरू जोहो गर्ने जमर्को गर्छु ।
मान्छे खोइ ! अनि मान्छेहरू खोइ !! मान्छेमा मान्छे चाहिँ खोइ !!!

अबिरामको तलासले म मर्छु आफैंभित्र
भिडभित्रको रित्तो जमिन टेकेर
उभिएपनि भासिन्छु त्यतै कतै निक्कै गहिरो,
आवाज हराएको सन्नाटामा बेजोड चिच्याउछु
दबिएको आवाज भित्र



यतै कतै छ एक सारङ्गी !
बिनायो, मुर्चुङ्गा .....
भैगो, कथा हो कथाको कथालाई !
म बढेनी ! हुर्केको म किन खोज्ने यी ?
स्वयंको प्रश्न सुनेर स्वयम् नै झन्डै ढलें
मैले विचार रोपिन कतै कहिल्यै नत्र अहिले फल्थ्यो कि !!

खोरियाको अल्गो थुम्की
बर्सातको समय छ,
बर्खे घुम हुनुपर्छ नि तिमीसङ्ग !
सुनगोरिको रीचीबुङ खोइ ?
इन्द्रेणी रङ्गका कभङ्सी बटुल्नेहरू
एक ताँती देख्छु, कर्म सगर चढेको खोइ ?

हावाको एक उद्‌बेग ओइरिन्छ र डगमगाउछ मलाई ।
तारेभिरको चट्टान अङ्गालो मारेर झुन्डिन्छु ।

बिडम्बनाको हैसियत ओछ्याएर
लम्पसार हुन मन लाग्छ ।
कठै, किन हुन्थ्यो त्यस्तो !
रगत र आँसु दुवै छम्न मभित्र ।
चटयाङ्ग र बज्र सहने छाती छ मसँग ।
नखियाएको नौका भए पनि
यो बबन्डर तर्ने हिम्मतहरू रहेछन् मसँग ।
उठेर भन्छु,
आकाश तिमी यहि बस्दै गर है !
म यो उद्यानमा भरी भराउ खुशी लिएर आउँछु । ❑

---

कविता

# प्रिय



-ई. उत्सव खवचु दुमी राई
*दि.रु.म.-१२, खरदेल, जालपा*

कति फुलिरहन्छ फूल, त्यही पाखा त्यही भीरमा
एउटा चाहिँ टिपिकन, सिउरी दिऊँ कि तिम्रो शिरमा ॥

ढल्की नाँच्ने डाँफेजस्तो, स्वर झनै कोइली जस्तो
एउटा फूल सिउरिदिए, हुन्थ्यो होला तिमी कस्तो ??

वन पाखा ढकमक, फुलिरहने गुँरास जस्तो
झनै मेरी मायालु त, कस्तुरीको सुवास जस्तो ॥

साँच्चै अकल्पनीय छौ, कविज्यूको कृति जस्तो
साँच्चै अनुपम छौ प्रिय, ईश्वरको सृष्टि जस्तो ॥

कति सुमधुर छौ प्रिय, गीतकारज्यूको गीत जस्तो
साँच्चै निर्दोष छौ प्रिय, अजर-अमर प्रित जस्तो ॥

नभइ देऊ है मेरी प्रिय, संसारको रीत जस्तो
नभइ देऊ है मेरी प्रिय, दिउसो सुक्ने शित जस्तो ॥

थाहा छैन तिम्रो हाम्रो, लेखेको छ भाग्य कस्तो
लागि रहन्छ प्रिय तिम्रो, सजाइ दिऊँ कि सिउँदो जस्तो ॥

कति फुलिरहन्छ फूल, त्यही पाखा त्यही भीरमा
एउटा चाहिँ टिपिकन, सिउरी दिऊँ कि तिम्रो शिरमा ॥
॥नीरी॥ ❑

# UNIMAGINED RIVAL(COVID-19)



- Sophi Rai

Oh! Dear Rival
We 'humans' have never heard and thought of you.
The reason of your uninvited presence was never knew.
You broke the ever going schedule of human race.
You forced the so called the 'powerful humans 'to lock up into the extreme mess.
Daily thousands of the lives have been lost.
You fearlessly stood like our life's new boss.
Almost nine months of your presence has passed away.
We 'humans' are still forced for home stay.
Wuhan was the place where you were first seen.
Hence you seemed to be on the world tour to the place where I have also never been.
True heroic personalities are working day and night.
We 'humans' are still praying for the new world with hopes of light.
How can you be so merciless to human's life??
Your presence is bringing difficulty for us to survive.
Now everyday is like a battle to defeat you.
As your existence for us is very new.
Physical and mental disorder is the another dreadful complication you brought.
But not to worry cause humans can resurvive even once they are caught.
Your presence is like my dreadful dream.
Battling you is not as easy as it seem.
However Dear Rival!! I am very grateful for teaching us to take break.
As this break insisted me to find the real me and get my life in shape.
Dear Rival!! Now let's stop the battle.
Once it gets stop then only the humans can peacefully settle... ❑





# ऊ



-रेनु राई
*काठमाण्डौ, नेपाल*

अँध्यारो कोठाभित्र धुमधुम्ती टोलाइरहेको उसलाई आज पटक्कै निन्द्रा लागेको छैन । कोठाभरी किताब र केही फाईलहरू छताछुल्ल छन् । कपडाहरू असरल्ल छरिएका छन् । एकतमासले फोनको घण्टि बजिरहेको छ । उसको तन्द्रा खुल्छ । घरबाट फोन आएको रहेछ। फोन उठाउने मन पटक्कै छैन उसलाई । एकछिनको वार्तालापपछि फोन काट्छ । अचानक उसको अनुहारमा पिडाका रेखाहरू दौडिन थाल्छन् । उसको शरीरभरी खलखल पसिना बगिरहेको छ । आज फेरि आमा बिरामी भएको खबरले उसलाई चिन्तित तुल्याएको छ ।

हरेक दिन काठमाण्डौको गल्ली र चोकहरूमा जागिरको लागि भौतारिँदा थाकेको उसको शरीर र मन मस्तिष्क झनै झकानिएको छ । चिम्सो आँखा भएको कारणले कुनै दिन अर्न्तवार्तामा छनौट नभएको तितो पलहरू एकाएक उसको स्मृतिमा बिझाउन आइपुग्छन् ।

ओहो फेरि चिम्सो आँखा भएको मान्छे पो आको ? कुनै कार्यालयको हाकिमले देखाएको भेदभावपूर्ण रुष्टता उसको आँखाअघि प्रष्ट नाच्न थाल्छन् । हिनताबोध हुन्छ उसलाई । कोठाको कुनामा पानीको बोतल लडिरहेको छ । भित्रदेखि नै उसलाई तिर्खा लागेको छ । तर त्यहाँसम्म पुगेर पानी पिउने हिम्मत बटुल्नसम्म हम्मे-हम्मे परेको छ उसलाई । हिजो मात्र घरबेटी आएर एक हप्ताभित्रमा भाडा नबुझाए घरबाट निकालिदिनेसम्मको धम्की दिएर गएको छ । उसलाई छट्पटि हुन्छ ।

एक बर्ष अघि पहाडको कुनै गाउँबाट ठूलो सपना बोकेर काठमाण्डौ आएको उसलाई दैनिकी चलाउन असाध्य कठिन छ । त्यसो त सुरु सुरुमा उसलाई पाखे, बेसोमति, भद्धा आदि नामले पुकनिहरूको पनि कुनै कमी थिएन । घरबाट ऋण काढेर बाबुआमाले पठाएको पैसाले के थेग्न सक्थ्यो र राजधानीको महंगी । न त कोही आफन्त नै छन् उसलाई सहारा दिने ।

हातमा शैक्षिक प्रमाणपत्र बोकेर फित्ते चप्पलमा काठमाण्डौको सडक चहार्न हिम्मत भने हारेको छैन अझै । वर्तमान र भविष्यको दोसाँधमा अल्झिएर नमिठो तन्द्रामा आफैलाई धिकार्दै एक्लै बर्बराइरहेको छ । ❑

# Glimpse from my past



-Neehangma Halaksu

*Grade SKG. Event: Friday drawing competition,*

Looking around to fellows. Wow, she drew such a wonderful picture. A picture of barbies. At the moment I was looking down on myself. Simply, I took a pencil and drew a small butterfly at the left top corner of the sheet. It just took me a minute. I began to praise other drawings. Really, those were amusing. Afterward, the result got me blown. I was the winner of the competition.

Nowadays i reconcile my present with my past and could find the difference. Self-love is self-support at every low and high time. Now I build inner confidence and a real voice. the voice of the unknown unheard. Every step I take now I believe in it. At that competition what made me win was my realness, my true-self. being focused on self with own real thoughts makes a big difference in life. the creation is praised than mimicry. actually, we are much stronger and brave than we thought we are. Re-connecting that event in the present life, I found myself believing in myself, discovering new hobbies, getting loved, inspired, and praised by dear ones. Loving things I do and being more positive is the goal. The magical things start happening when we take the first step to new things. Sharing the problems with papa ama is my biggest strength. Little girl now is able to share things with her parents. No more like the past doubt in my mind is washed away by the strong sense of belief I had. LAW OF ATTRACTION; mind attracts the mindset we have, it's like a magnet.

I believe in self-realization as art. The art which can captivate many homos-sapiens. It can make a better version of the same people. Self-realization has made me more patient, positive, confident, and social. In my past, I had it very low. Change is inevitable. I hope all of us will learn from past experiences. Embracing it for the better, and it is worthy.

YOU ARE STRONGER! ❑





# कठै ती नारी योद्धा



-बिनु राई

*धरान, नेपाल*

उनी यतिबेला
नयाँ नेपालको जँघारमा
चर्को नारी मुक्ति नारा सुनेर
समान अधिकार र अस्तित्व सम्झी
खुशीको आँसु चुहाउँछिन् ।

अनि
घर, आँगन, गोठ
पँधेरो छोडेर
समाजमा शिर ठाडो पारी
हिँड्न सक्ने सम्झन्छिन् ।

त्यो
नारी मुक्ति नारा
नारीका प्रतिबिम्व बनी
भूतकालमा झल्किन्छ,
घरेलु हिंसा, दाईजो प्रथा,
छाउपडि प्रथा, बलात्कार आदि आदि ।

यि कालो नारी यथार्थ
हो त्यही इतिहास
नारीको सालिक बन्दछ ।
र
सँधै नारीमुक्ति नाराबाट
नारी मुक्ति परिवर्तन
पूर्व फर्केर नियाल्दा
व्यवहारमा शिथिल देखिन्छ ।

मनौं तराईको शिथिल नारी बिरामी झैं
बल्ल सपना खुल्छ
अब,
मधुर प्रकाश
नारी शोषित कालो कोठा, कोठीहरूबाट
दलिन हुँदै
समान स्वतन्त्रताका लागि
लालायित छन् । ❑

---

कविता

# बुवा



सुशान्त हलक्सु

आमालाई धर्ती भन्नेहरूले ।
बुबालाई कहिल्यै आकाश भनेनन् ।

धेरै नै सुन्छौ आमाका वेदना ।
गीत पनि गाउने गर्छौं आमकै शीर्षकमा ।
बुबाको गर्दैनौ कुनै गुनगान ।
खै किन हो किन अचम्मको यो संसार ।
जन्म दिने आमाको कुरा त छदै छ ।
कर्म दिने बुवाको अस्तित्व हराउँदैछ ।
बुवाको मिहिनेती पसिना कति अमूल्य।
उनको परिश्रमी कुरा गर्दा हुन्छ मन प्रफुल्ल ।
जिन्दगीका कुरा बुझेका छन् बुवाले ।
तर बुवाको मर्म बुझ्छ पो त कसले ।
( अलनु ) ❑

## गजल



**-सुजन राई**
*उदयपुर, नेपाल*

किरातीको जमघट बिच पहिलोपल्ट देखैं उनलाई ।
चिम्सो आँखा, थेप्चो नाकमा फिका देखैं जुनलाई ।

संघीयताको बहस सुन्दा भक्कानिएँ आज फेरि,
कसी लाउन खोज्या देखैं अकबरी सुनलाई ।

सिधा सोझो, छलछाम छैन विश्वासको पक्का,
ठूलो छाती, ठुलो मन छ अंगाल्छु गुनलाई ।

गोरो मुहार मुस्कुराउँदा चञ्चलता छायो,
संघीयता या अखण्डता छान्ने होला कुनलाई ।❑

---

कविता

## समय



**संयोग हलक्सु दुमी राई**
*कक्षा : ५, प्यारागन पब्लिक स्कूल*
*तिलगंगा, काठमाण्डौ*

खै समय पनि कस्तो-कस्तो
सूर्य ग्रहण लागेको दिन जस्तो
कहिले यो धर्ती फुट्ने गरी हल्लिने
कहिले बाढी पहिरोले दुनियाँको ज्यान लिने
खै समय पनि कस्तो-कस्तो

अमूल्य मानव जीवन भयो सस्तो
आजभोलि कोरोना भन्ने रोग आयो
वुहानबाट शुरु भई संसार भरी छायो
खै घर भित्रै थुनिएको पनि धेरै महिना भयो
करोडौं मानिस रोगी भए, लाखौंको त ज्यानै गयो
खै समय पनि कस्तो-कस्तो

दिन हो या रात थाहै नभए जस्तो
स्कुलमा साथीहरूसँग रमाएका दिनहरू
गुरुले माया गरी सिकाएका क्षणहरू
सबै कल्पना मै बितिरहेका छन्
ती अमूल्य दिनहरू
खै समय पनि कस्तो–कस्तो
अमूल्य हाम्रो जीवन भयो पिँजडाको सुगा जस्तो ॥
॥नीरी॥ ❑




# हार्दिक शुभकामना

छीरीयाम्लो तोसी (सकला उधौली) तथा किरात यले थो ५०८१ को शुभ उपलक्ष्यमा देश-विदेशमा रहनु भएको सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दै सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्नीमा पारुहाङले हामी सबैको रक्षा गरुन् भन्ने कामना गर्दछौं ।



**कटक दिम्मचु दुमीराई/कमला राणा साम्पाङ राई**
तथा सपरिवार
दि.रु.म.न.पा. खार्मी बिखेर्कु-११,
हालः टोखा न.पा-३ काठमाण्डौ

# हार्दिक शुभकामना

छीरीयाम्लो तोसी (सकला उधौली) तथा किरात यले थो ५०८१ को शुभ उपलक्ष्यमा देश-विदेशमा रहनु भएको सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दै सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्नीमा पारुहाङले हामी सबैको रक्षा गरुन् भन्ने कामना गर्दछु ।

**अम्बर मुरह दुमी राई**
तथा सपरिवार
केपिलासगढी गा.पा.-४, लाम्दीजा हल्खुम

# इसीलीम समृद्धि कोष

दुमी किरात राई फन्सीकीमबाट प्रकाशन हुँदै आएका पुस्तक सामाग्रीहरूको प्रकाशन खर्च व्यवस्थापन गर्नको लागि सञ्चालनमा रहेको कोष दुमी समृद्धि कोष हो । वि.सं. २०७४ सालभन्दा पहिले इसीलीम प्रकाशन खर्च व्यवस्थापन संस्थाको मूल खाताबाट हुँदै आएको थियो । इसीलीम-२०७४, वर्ष-१८, अंक-१७ प्रकाशन गर्नको लागि संस्थाको खाताबाट रू. १,२०,०००/- (अक्षेरुपी एक लाख बीस हजार रुपैयाँ) रकम निकालिएको थियो । त्यसपछिका अंकहरू क्रमशः १८, १९ र २० औं अंकको खर्च भने दुमी समृद्धि कोषबाट हुँदै आएको छ । इसीलीम बाहेक दुमी जीसी भाग-१, दुमी ब्र चप्लाम भाग-१, दुमी किरात राई फन्सीकीम विधान-२०७६, कार्य पुस्तिका डायरी प्रकाशन यही कोषबाट भएको छ । तपाई हाम्रो हातमा आइपुगेको इसीलीम २१-२२ औं अंक प्रकाशन यही कोषबाट भएको हो ।

प्रकाशित इसीलीमका हरेक अंकहरू पूर्ण रुपमा विक्रीवितरण नहुँदा कोषमा जम्मा हुने रकम कम रहेको देखिन्छ । विक्रीवितरण हुन बाँकी पुस्तकहरू सुरक्षितसाथ रहेका छन् । दु.कि.रा.फ.द्धारा प्रकाशित इसीलीम, इसीलीममा प्रकाशित शुभकामना सन्देश, विज्ञापन, श्रद्धाञ्जली, दुमी-नेपाली-अंग्रेजी शब्दकोश, दुमी जीसी, दुमी ब्र चप्लाम, फन्सीकीम विधानको साथै दुमी मिथक, हीदुक्मालगायत संस्थागत रुपमा विक्रिवितरण भएका पुस्तकहरूबाट प्राप्त सम्पूर्ण रकम यस कोषमा जम्मा गरिदै आएको छ । रावावेशी गा.पा.-१, हाँचेकाबाट इसीलीम समृद्धि कोषको लागि प्राप्त रकमसमेत यसै कोषमा जम्मा भएको छ ।

दु.कि.रा.फ. बाट विक्री भएका सम्पूर्ण पुस्तकहरू र खर्चको पूर्ण विवरण इसीलीममा प्रकाशन हुँदै आएको छ । यहाँ यस कोषबाट हालसम्म भएका खर्च र हाल कोषमा रहेको मौज्दात रकमको विवरण प्रस्तुत गरिएको छ ।

| क्र.स. | विवरण | जम्मा खर्च रकम (रू.) | मौज्दात (रू.) | कैफियत |
|---|---|---|---|---|
| १. | इसीलीम २०७४, अंक-१८, वर्ष-१८ | ६७,३१०/- | ८४,७९७/- | |
| २. | इसीलीम २०७५, अंक-१९, वर्ष-१९ | १,१५,८७०/- | | |
| ३. | इसीलीम २०७६, अंक-२०, वर्ष-२० | ७३,७००/- | | |
| ४. | दुमी ब्र चप्लाम भाग-१, २०७४ | ४२,५०२/- | | |
| ५. | दुमी जीसी भाग-१ | ३८,०००/- | | |
| ६. | दु.कि.रा.फ. विधान-२०७६ | १३,५००/- | | |
| ७. | कार्य पुस्तिका-२०७६ | ५,०००/- | | |
| ८. | इसीलीम पुरानो अंक बेण्डिङ (१-६, ७-११, १२-१४ अंक-५/५ सेट | ६,७४०/- | | |
| | जम्मा | ३,६२,६२२/- | ८४,७९७/- | |

इसीलीम-२०७६, अंक-२०, वर्ष-२० प्रकाशन खर्च विवरण

| क्र.स. | विवरण | खर्च (रू.) | कैफियत |
|---|---|---|---|
| १ | इसीलीमको प्रेस (५०० प्रति) | ६१,९००/- | |
| २ | टाईपिङ तथा सम्पादन | रु. ७,०००/- | |
| ३ | यातायात तथा सञ्चार | रु. १,२४०/- | |
| ४ | विविध | रु. ३,५६०/- | |
| | जम्मा | ७३,७००/- | |



इसीलीम-२०७६, वर्ष-२०, अंक-२० मा शुभकामना सन्देश, श्रद्धाञ्जली तथा विज्ञापनदाताहरूको नामावली र प्राप्त रकम विवरणः

| क्र.स. | शुभकामना तथा विज्ञापनदाता | रकम (रू.) | रसिद नं. | भुक्तानी लिने | कैफियत |
|---|---|---|---|---|---|
| १ | रत्नमाया साम्पाङ दुमी राई तथा स-परिवार | ३,०००/- | ३० | कीर्ति | दुमी समृद्धि कोषमा जम्मा गरिएको-२०७६/०८/१३ |
| २ | ऋषिश्वर सरचु दुमी/राम्री दुमी राई तथा स-परिवार | १,५००/- | ४५ | | |
| ३. | सन्तोष दुमी | ५,०००/- | ३१ | | |
| ४. | डा. नेत्रमणि दुमी राई | २,०००/- | ४६ | | |
| ५. | मौलीशोभा श्रद्धाञ्जली (१९ औ अंक) | १०,०००/- | ३२ | | |
| | जम्मा | २१,५००/- | | | |

इसीलीम -२०७६, वर्ष-२०, अंक-२० को बिक्री वितरण तालिका (दुमी समृद्धि कोषमा जम्मा गरिएको मितिसहित)

| क्र.स. | विवरण | इसीलीम प्रति | रकम (रू.) | रसिद नं. | भुक्तानी लिने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सि.एस. राई | ५ | ७५०/- | ३३ | किर्ति | २०७६/०८/१३ |
| २. | झमक बहादुर राई | १ | १५०/- | ३६ | | |
| ३. | ऋषिश्वर राई | ५ | ७५०/- | ३७ | | |
| ४. | सन्तोष दुमी | ५ | ७५०/- | ४० | | २०७६/११/०५ |
| ५. | दौ बहादुर राई | १ | १५०/- | ४३ | | |
| ६. | सिक्किम रङ्कस्थित पुस्तकालय | ५ | १,००८/- | | डा. नेत्रमणि | २०७७/०९/२६ |
| ७. | दुम्कीम धरान | १०० | ११,२५०/- | | डा. नेत्रमणि | २०७७/१०/०५) |
| | जम्मा | १२२ | १४,८०८/- | | | |

दुमी मिथक.... को बिक्री वितरण तालिका (दुमी समृद्धि कोषमा जम्मा गरिएको मितिसहित)

| क्र.स. | विवरण | प्रति | रकम (रू.) | रसिद नं. | भुक्तानी लिने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बलराम राई | १ | २५०/- | ८९८ | कीर्ति | २०७५/०६/१४ |
| २. | लोकेन्द्र राई | १ | २५०/- | ८९९ | | |
| ३. | अक्ष कुमार राई | १ | २५०/- | ९११ | | |
| ४. | उमेश राई | ३ | ७५०/- | ९१२ | | |
| ५. | हिरामणि राई | १ | २५०/- | ९१५ | | |
| ६. | शुभ राई | १ | २५०/- | ९१६ | | |
| ७. | सन्तोष दुमी | १ | २५०/- | ३९ | | |
| ८. | शुभ राई | ४ | १,०००/- | ९२० | | |
| ९. | ऋषिश्वर राई | १ | २५०/- | ९१९ | | |
| १० | केनिज राई | १ | ३५०/- | ९२१ | | |
| ११. | कृष्ण कुमार हदी दुमी राई | १ | ३५० /- | ९२४ | | २०७५/०६/२८ |
| १२. | प्रयास दुमी राई | १ | ३५० /- | ९३९ | | |
| १३. | रणशेर राई | १ | ३५०/- | ९४० | | २०७५/१२/१७ |
| १४. | दुम्कीम धरान | ३० | ९,०००/- | | तेजमाया | फन्सीकीम रा.वा.बैं. खातामा २०७६/०५/०२ जम्मा भएको |
| १५. | सिक्किम रङकस्थित पुस्तकालय | ५ | १,४७०/- | | डा. नेत्रमणि | २०७७/०९/२६ |
| | जम्मा | ५३ | १५,१२०/- | | | |

हिदुक्मा कविता संग्रह-२०७५ को बिक्री वितरण तालिका (दुमी समृद्धि कोषमा जम्मा गरिएको मितिसहित)

| क्र.स. | विवरण | प्रति | रकम (रू.) | रसिद नं. | भुक्तानी लिने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बलराम राई | १ | १००/- | ८९८ | किर्ति | २०७५/०६/१४ |
| २. | लोकेन्द्र राई | १ | १००/- | ८९९ | | |
| ३. | अक्ष कुमार राई | १ | १००/- | ९११ | | |
| ४. | उमेश राई | १ | १००/- | ९११ | | |
| ६. | शुभ राई | १ | १००/- | ९१६ | | |
| ७. | सन्तोष दुमी | १ | १५०/- | ३९ | | |
| ८. | ऋषिश्वर राई | १ | १००/- | ९१९ | | |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | कृष्ण कुमार हदी दुमी राई | १ | १५० /- | ९२४ | किर्ति | २०७५/०६/२८ |
| १३. | प्रयास दुमी राई | १ | १५०/- | ९३९ | | २०७५/१२/१७ |
| १४. | बम बहादुर राई | १ | १५०/- | ०१ | | २०७६/०८/१३ |
| | जम्मा | १४ | १,२००/- | | | |

पुरानो इसीलीम अंक तथा अन्य पुस्तक बिक्री (दुमी समृद्धि कोषमा जम्मा गरिएको मितिसहित)

| क्र.स. | विवरण | इसीलीम प्रति | रकम (रू.) | रसिद नं. | भुक्तानी लिने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सि.एस. राई | अंक-१२, १३, १४, १५, १६, १७, १९-१/१ | ७००/- | ३५ | कीर्ति | २०७६/०८/१३ |
| २. | सन्तोष दुमी | अंक-१९- १५ | १,८००/- | ३८ | | २०७६/०८/१३ |
| ३. | दौ बहादुर राई | अंक-१-१४ सम्मको बेण्डिङ प्रति | १,८००/- | ४३ | | २०७६/११/०५ |
| ४. | दुम्कीम तरहरा | अंक-१९-५० | ७,५००/- | | डा. नेत्रमणि | २०७६/०७/१७ |
| ५. | सिक्किम रङकस्थित पुस्तकालय | अंक १-७, ८-११, १२-१४ व्याण्डिङ-२ सेट | २,५२०/- | | डा. नेत्रमणि | २०७७/०९/२६ |
| ६. | सिक्किम रङकस्थित पुस्तकालय | अंक-१५, १६, १७, १८, १९-५ प्रति | ५,०४०/- | | डा. नेत्रमणि | २०७७/०९/२६ |
| ७. | शब्दकोश | ५ | २,१००/- | | | |
| ८. | कथा | ५ | ८४०/- | | | |
| | जम्मा | | २२,३००/- | | | |

दुमी जीसी (दुमी समृद्धि कोषमा जम्मा गरिएको मितिसहित)

| क्र.स. | विवरण | प्रति | रकम (रू.) | रसिद नं. | भुक्तानी लिने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | दुम्कीम धरानमार्फत | ३४ | ५,१००/- | ९४४ | कीर्ति | २०७५/१२/१७ |
| २. | दुम्कीम जालपामार्फत | ५० | ७,५००/- | ९४६ र ४७ | | २०७६/०२/०५ |
| ३. | देलकीम माक्पामार्फत | २२ | ३,३००/- | ९४९ | | |
| ४. | प्रेम शंकर राई | १ | १५०/- | ९५० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | भि. जस ब. राई | " | " | ०२ | | २०७६/०८/१३ |
| ६. | सरिता राई | " | " | १० | कीर्ति | २०७६/०२/०५ |
| ७. | अस्मिता राई | " | " | ११ | | |
| ८. | गणेशभक्त राई | " | " | १२ | | |
| ९. | मधुकला राई | " | " | १३ | | |
| १०. | जानुका राई | " | " | १४ | | |
| ११. | चतुरभक्त राई | " | " | १५ | | |
| १२. | गोपी राई | " | " | १६ | | |
| १३. | अर्पणा राई | " | " | १७ | | |
| १४. | सन्तोष दुमी | " | " | १८ | | |
| १५. | भैरव राई | " | " | १९ | | |
| १६. | बज्र कुमार राई | " | " | २० | | |
| १७. | बबी राई | " | " | २१ | | |
| १८. | मातेराज राई | " | " | २२ | | |
| १९. | दौ बहादुर राई | " | " | २३ | | |
| २०. | कुल बहादुर राई | " | " | २४ | | |
| २१. | ऋषिश्वर राई | " | " | २५ | | |
| २२. | सुरेश राई | " | " | २६ | | |
| २३. | अक्ष राई | " | " | २७ | | |
| २४. | शुभ राई | " | " | २८ | | |
| २५. | दुम्कीम काठमाडौं | १७ | २,२५०/- | २९ | | २०७६/०८/१३ |
| २६. | सि.एस. राई | १ | १५०/- | ३४ | | |
| २७. | सिक्किम रङकस्थित पुस्तकालय | ५ | ६३०/- | | डा. नेत्रमणि | २०७७/०९/२६ |
| | जम्मा | १४५ | २२,३८०/- | | | |

**दुमी ब्र चप्लाम बिक्री वितरण (दुमी समृद्धि कोषमा जम्मा गरिएको मितिसहित)**

| क्र.स. | विवरण | प्रति | रकम (रू.) | रसिद नं. | भुक्तानी लिने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | दुम्कीम धरानमार्फत | २१ | २,१००/- | ९४५ | कीर्ति | २०७५/१२/१७ |
| २. | दुम्कीम जालपामार्फत | ५० | ५,०००/- | ९४६ र ४७ | | २०७६/०२/०५ |
| ३. | देलकीम माक्पामार्फत | २२ | २,२००/- | ९४९ | | |
| ४. | प्रेम शंकर राई | १ | १००/- | ९५० | | |
| ५. | सरिता राई | " | " | १० | | |
| ६. | अस्मिता राई | " | " | ११ | | |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | गणेशभक्त राई | " | " | १२ | | २०७६/०२/०५ |
| ८. | मधुकला राई | " | " | १३ | | |
| ९. | जानुका राई | " | " | १४ | | |
| १०. | चतुरभक्त राई | " | " | १५ | | |
| ११. | गोपी राई | " | " | १६ | | |
| १२. | अर्पणा राई | " | " | १७ | | |
| १३. | सन्तोष दुमी | " | " | १८ | | |
| १४. | भैरव राई | " | " | १९ | | |
| १५. | बज्र कुमार राई | " | " | २० | | |
| १६. | बबी राई | " | " | २१ | | |
| १७. | मातेराज राई | " | " | २२ | | |
| १८. | दौ बहादुर राई | " | " | २३ | | |
| १९. | कुल बहादुर राई | " | " | २४ | | |
| २०. | ऋषिश्वर राई | " | " | २५ | | |
| २१. | सुरेश राई | " | " | २६ | | |
| २२. | अक्ष राई | " | " | २७ | | |
| २३. | शुभ राई | " | " | २८ | | |
| २४. | चतुरभक्त राई | १ (दो.सं.) | १५०/- | ०८ | कीर्ति कुमार | २०७६/०८/१३ |
| २५. | बलराम राई | " | " | ०९ | | |
| २६. | दुम्कीम काठमाडौं | १७ | १,७००/- | २९ | | |
| २७. | सि.एस. राई | १ | १५०/- | ३४ | | |
| २८. | दुम्कीम धरान | ५० | ५,०००/- | | तेजमाया | फन्सीकीम रा.वा.बैं. खातामा २०७६/०५/०२ जम्मा भएको |
| २९. | सिक्किम रङकस्थित पुस्तकालय | ५ (दो.स.) | ६३०/- | | डा. नेत्रमणि | २०७७/०९/२६) |
| | जम्मा | १८२ | १८,३००/- | | | |

**रावाबेशी गा.पा.-१, हाचेकाबाट इसीलीम समृद्धि कोषको लागि मासिक रु.१००/- को दरले संकलित रकम विवरण-२०७५/२०७६**

| क्र.स. | नाम, थर | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लोकेन्द्र सतम | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ८००/- | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | भिम ब. सत्म | १०० | १०० | | | | | | | २००/- | सम्पूर्ण रकम दुमी समृद्धि कोषमा जम्मा गरिएको |
| ३ | डिल्लीशेर सत्म | १०० | १०० | | | | | | | २००/- | |
| ४ | हिरामणि सत्म | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ८००/- | |
| ५ | चुस्त ब. सत्म | १०० | १०० | | | | | | | २००/- | |
| ६ | गिरीराज सत्म | १०० | १०० | १०० | | | | | | ३००/- | |
| ७ | नारायण( सुवास)सत्म | १०० | १०० | | | | | | | २००/- | |
| ८ | कुमार सिंह सत्म | १०० | १०० | १०० | १०० | १०० | | | | ५००/- | |
| | जम्मा | ८०० | ८०० | ४०० | ३०० | ३०० | २०० | २०० | २०० | ३,२००/- | |

**सुरुवातकर्ता: लोकेन्द्र+हिरामणिबाट प्राप्त रू.१,०००/-रुपैयाँ र रु.३,२००/- गरी जम्मा रू.४,२००/-दुमी समृद्धि कोषमा जम्मा भएको।**

**दुमी (इसीलीम) समृद्धि कोषको लागि दु.कि.रा.फ.के.का.स.पदाधिकारीहरुबाट मासिक रु.१००/- को दरले संकलित मासिक लेवी रकम विवरण-२०७६-२०७७-२०७८**

| क्र.स. | नाम, थर | विवरण | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | डा. नेत्रमणि राई | वि.सं. २०७६ साल पुसदेखि २०७८ साल मंसिर महिनासम्म | २,४००/- | |
| २ | तेजमाया राई | वि.सं. २०७६ साल पुसदेखि २०७६ साल फाल्गुण महिनासम्म | ३००/- | |
| ३ | कीर्ति कुमार राई | वि.सं. २०७६ साल पुसदेखि २०७७ साल पुस महिनासम्म | १,३००/- | |
| ४ | अनिता राई | वि.सं. २०७६ साल पुसदेखि २०७७ साल बैशाख महिनासम्म | ५००/- | |
| ५ | ऋषिश्वर राई | वि.सं. २०७६ साल पुसदेखि २०७७ साल चैत्र महिनासम्म | १,६००/- | |
| ६ | दुर्गाशोभा राई | वि.सं. २०७६ साल पुसदेखि २०७७ साल बैशाख महिनासम्म | ५००/- | |
| ७ | सन्तोष दुमी | वि.सं. २०७६ साल पुसदेखि २०७८ साल मंसिर महिनासम्म | २,४००/- | |
| ८ | नविन राई | वि.सं. २०७६ साल पुस-माघ महिनासम्म | २००/- | |
| ९. | मातेराज राई | वि.सं. २०७६ साल पुसदेखि २०७८ साल मंसिर महिनासम्म | २,४००/- | |
| १०. | मौलीधन राई | वि.सं. २०७६ साल फाल्गुण-चैत्र महिनासम्म | २००/- | इ.बैंकिङबाट रा.वा.बैंमा जम्मा गर्नुभएको |
| | जम्मा | | ११,८००/- | |



**दुमी वंश कोष २०७७**

| क्र.स. | नाम | रकम | |
|---|---|---|---|
| १. | शुभ रकांसु | ५,०००।- | प्रतिबद्धता |
| २. | डा. राज कुमार सत्म | ३,००५। | प्रतिबद्धता |
| ३. | समिर रंकाशु | ३,००६। | ,, |
| ४. | गणेश भक्त सत्म | ५,०५५।- | प्राप्त |
| ५. | डा. नेत्रमणी हलक्सु | ५,५५५। | ,, |
| ६. | ईश्वरमान हलक्सु | २,००५। | ,, |
| ७. | सुमन दिम्मचु | १,००५। | ,, |
| ८. | मौलीधन छाचुङ | १,००५। | ,, |
| ९. | असार खारबु | १,०५०। | ,, |
| १०. | तेजमाया मुरह | ३,०१५। | ,, |
| ११. | ऋषिश्वर सरचु | ३,२६६। | ,, |
| १२. | नविन रकांसु | ३,००५ | ,, |
| १३. | सन्तोष सत्म | ३,३३३। | ,, |
| १४. | मातेराज सत्म | ३,३३४। | ,, |
| १५. | उमेश लुप्पो | ३,००५। | ,, |
| १६. | सुरेश सत्म | ३,३३५। | ,, |
| १७. | ईन्द्र खारुवु | ५००। | ,, |
| १८. | बलिन्द्र सत्म | १,००५। | ,, |
| १९. | बबि खारुवु | १,०५०। | ,, |
| २०. | चतुरमान हलक्सु | १,०१०। | ,, |
| २१. | मदन सत्म | १,०००। | ,, |
| २२. | मेम्भक्त सत्म | ५००। | ,, |
| २३. | अम्भक्त सत्म | ५००। | ,, |
| २४. | मनिकुमार थुलुङ राई | १,१५०। | ,, |
| २५. | डिल्लीनाथ थुलुंङ राई | १,०५०। | ,, |
| २६. | विष्णु कुमार चाम्लिङ राई | १,५०५। | ,, |
| २७. | धौलाविर बालक्पा | १३,४८२। | ,, |
| २८. | चिज बहादुर सत्म | ५०५। | ,, |
| २९. | अनिता हदी | २,१०५। | ,, |

-सम्पादक

# दुमी किरात राई फन्सीकीम छैटौ महाधिबेशन २०७६ कार्तिक २,३,४ खोटाङ जालपामा सम्पन्न ।

आर्थिक सहयोग दाताहरूको विवरण ।

| क्र.स. | नाम | ठेगाना | | रकम |
|---|---|---|---|---|
| १. | मौलिधान राई | जाल्पा-८ | खोटाङ | ५०० |
| २. | भानु राई | खार्मी-३ | खोटाङ | ५०० |
| ३. | शखधन राई | खार्मी | खोटाङ | ५०० |
| ४. | शभकुमार राई | खार्मी | खोटाङ | २५०० |
| ५. | प्रकाश राई | खार्मी-३ | खोटाङ | ५०० |
| ६. | लक्ष्मी राई | खार्मी-३ | खोटाङ | ३०० |
| ७. | सुमित्रा राई | खार्मी-३ | खोटाङ | २५० |
| ८. | भुपेन्द्र राई | खार्मी-३ | खोटाङ | ५०० |
| ९. | दिलकुमार राई | खार्मी-३ | खोटाङ | १०० |
| १०. | सुशिला राई | खार्मी-३ | खोटाङ | २०० |
| ११. | लाक्ष्मीध्वज राई | जाल्पा | खोटाङ | १०० |
| १२. | तिर्थकुमार गुरुङ | जाल्पा | खोटाङ | १०० |
| १३. | राजकुमार राई | जाल्पा | खोटाङ | १००० |
| १४. | दान ब. राई | जाल्पा | खोटाङ | ५०० |
| १५. | इमान राई | जाल्पा | खोटाङ | ५०० |
| १६. | शान्ता राई | - | काठमाण्डौ | १००० |
| १७. | ध्नशाभा राई | जाल्पा | खोटाङ | ५०० |
| १८. | लक्ष्मी राई | जाल्पा | खोटाङ | ५०० |
| १९. | सन्जीव राई | जाल्पा | खोटाङ | ५०० |
| २०. | असलमान राई (खालिङ) | जाल्पा | | १०० |
| २१. | सर्व श्रेष्ठ | जाल्पा | खोटाङ | १०० |
| २२. | समला राई | जाल्पा | खोटाङ | १२० |
| २३. | पदम तामाङ्ग | जाल्पा | खोटाङ | १०० |
| २४. | अन्जु राई | जाल्पा | खोटाङ | ५०० |
| २५. | सन्जय राई | खार्मी | खोटाङ | ५०० |
| २६. | जयश्वर राई | जाल्पा | खोटाङ | ५०० |
| २७. | हेमन्त राई | जाल्पा | खोटाङ | १०० |
| २८. | ज्ञान ब. श्रेष्ठ | - | खोटाङ | १०० |
| २९. | मनोज राई | जाल्पा | खोटाङ | २०० |
| ३०. | यादव गरुङ | रावावंशी-६ | खोटाङ | ३०० |
| ३१. | चन्द्र बा. चौधरी | जाल्पा | - | १०० |
| ३२. | चलुका राई | जाल्पा | खोटाङ | ५०० |
| ३३. | धर्मराज राई | जाल्पा | खोटाङ | ५०० |
| ३४. | विकास राई | जाल्पा | खोटाङ | २५० |
| ३५. | युबराज राई | - | खोटाङ | १०५० |
| ३६. | छत्र बा. राई | बाक्सिला | खोटाङ | ५५० |
| ३७. | रेबीका राई | सुकेधारा | खोटाङ | ५५० |
| ३८. | प्रमीला राई | सुकेधारा | खोटाङ | ३०५ |
| ३९. | सुमन तामाङ्ग | चबहिल | खोटाङ | १०० |
| ४०. | रबी राई | | खोटाङ | ५०५ |
| ४१. | अङ्लाक्पा राई | सुड्देल | खोटाङ | १५० |
| ४२. | रुपे राई | बाक्सिला | खोटाङ | ५५० |
| ४३. | आशामाया राई | बाक्सिला | खोटाङ | २५० |
| ४४. | गनेश राई | ऐसेलुखर्क | खोटाङ | २००० |
| ४५. | दिपक राई | जाल्पा | खोटाङ | ५० |
| ४६. | मिलन राई | जाल्पा | खोटाङ | ५० |
| ४७. | ठिका ब. श्रेष्ठ | जाल्पा | खोटाङ | ५० |
| ४८. | मनमाया गुरुङ | जाल्पा | खोटाङ | ५० |
| ४९. | विष्णुमाया आचार्य | दिक्तेल | खोटाङ | ५० |
| ५०. | देविमाया गुरुङ | जाल्पा | खोटाङ | ५० |
| ५१. | धनकुमार राई | जाल्पा | खोटाङ | ५० |
| ५२. | विनोद राई | ऐसेलुखर्क | खोटाङ | ५० |
| ५३. | चैतन्य राई | जाल्पा | खोटाङ | ५० |
| ५४. | गुणराज श्रेष्ठ | जाल्पा | खोटाङ | ५० |
| ५५. | मनकुमार वि.क. | खार्मी | खोटाङ | ५० |
| ५६. | पुण्यराज श्रेष्ठ | जाल्पा | खोटाङ | ५० |
| ५७. | सविना श्रेष्ठ | जाल्पा | खोटाङ | ५० |
| ५८. | चन्द्रकला श्रेष्ठ | जाल्पा | खोटाङ | ५० |
| ५९. | मनोज राई | जाल्पा | खोटाङ | ५० |
| ६०. | तारा राई | जाल्पा | खोटाङ | ५० |
| ६१. | एमा राई | जाल्पा | खोटाङ | ५० |
| ६२. | हिरालाल राई | जाल्पा | खोटाङ | ५० |
| ६३. | शम्भु ब. राई | महेशवरी | खोटाङ | १००० |
| ६४. | गंगा राई | खार्मी | खोटाङ | ५० |
| ६५. | लक्ष्मी राई | जाल्पा | खोटाङ | ५० |

| | | | | |
|---|---|---|---|---|
| ६६. | ज्ञानु राई | सप्तेश्वर | खोटाङ | ५० |
| ६७. | मनिराज याद | - | खोटाङ | ५० |
| ६८. | रविन्द्र भट्टाराई | ममातिम | खोटाङ | ५० |
| ६९. | दिलिप कुमार चौधरी | - | सप्तरी | ५५ |
| ७०. | अक्षकुमार राई | - | काठमाण्डौ | २००० |
| ७१. | कौशिला राई | धरान | सुनसरी | ५०० |
| ७२. | हरिकुमार राई | इटरी | सुनसरी | ५०० |
| ७३. | धनप्रसाद राई | बाक्सिला | लेटाङ मोरङ | ६००० |
| ७४. | सर्वाजित राई | धरान-१९ | सुनसरी | १००० |
| ७५. | इन्द्रकुमार राई | - | दिक्तेल | ३०० |
| ७६. | बर्षा राई | धरान | - | १५० |
| ७७. | सरिता नाछिरिङ | बालकुमारी | - | १०२५ |
| ७८. | प्रताप सिङ नाछिरिङ | लजिनपाट | - | १०५५ |
| ७९. | परविन कुमार राई | - | ललितपुर | ५०० |
| ८०. | एण्डु नाछिरिङ राई | सुकेधारा | - | २०० |
| ८१. | सकुन दुमी राई | - | सुकेधारा | २०० |
| ८२. | आशा चाम्लिङ | कोटेश्वर | - | २०० |
| ८३. | रत्नमाया दुमी राई | केपिलासगढी | खोटाङ | २०० |
| ८४. | पद्नशाभा राई | बाक्सिला | खोटाङ | १०० |
| ८५. | तुफान राई | बाक्सिला | खोटाङ | १०० |
| ८६. | धनसेर तामाङ्ग | बाक्सिला | खोटाङ | १०० |
| ८७. | श्री कमलप्रसाद राई | बाक्सिला | खोटाङ | १५५० |
| ८८. | श्री काँसीराज राई | महादेव चोक | सुनसरी | १५५० |
| ८९. | धनराज तामाङ्ग | बाक्सिला | खोटाङ | १०० |
| ९०. | इन्द्र तामाङ्ग | बाक्सिला | खोटाङ | १०० |
| ९१. | नन्दराज तामाङ्ग | बाक्सिला | खोटाङ | १०० |
| ९२. | मनकुमार दुमी राई | ढोलाहिन्टी | भोजपुर | १००० |
| ९३. | कालि बहादुर राई | ढोलाहिन्टी | ललितपुर | ५०० |
| ९४. | रमेस काजि राई | ढोलाहिन्टी | ललितपुर | ५०० |
| ९५. | जयराम राई | - | खोटाङ | २५०० |
| ९६. | जितेन्द्र राई | लामाखु-८ | खोटाङ | ५००० |
| ९७. | साइएस | ढोलाहिन्टी | ललितपुर | २५० |
| ९८. | अमित रार्य | सामालुङ | खोटाङ | २००० |
| ९९. | जैकुमार राई | ढोलाहिन्टी | ललितपुर | १००० |
| १००. | आई बी राई | खोटाङ | ललितपुर | १००० |



| | | | | |
|---|---|---|---|---|
| १०१. | अगमसेर राई | धुलिखेल | ललितपुर | १००० |
| १०२. | सिताराम राई | नेर्पा | खोटाङ | ११०० |
| १०३. | आग्ने नविना राई | खोटाङ | खोटाङ | १११० |
| १०४. | रत्नमाया साम्पाङ दमी राई | महाराजगञ्ज | काठमाडौं | ५००५ |
| १०५. | निर्मला | नेर्पा | खोटाङ | १००५ |
| १०६. | अभि भुषण किरात | - | - | १००० |
| १०७. | जनक राई | खोटाङ | - | ५०० |
| १०८. | डिल्ली राई | रत्यल बोरीबोट | खोटाङ | १००० |
| १०९. | जस बहादुर दुमी राई | नुनथाला | खोटाङ | १०५५ |
| ११०. | बिमला राई | धरान | खोटाङ | १००० |
| १११. | राजेन्द्र राई | धरान | सुनसरी | ५०० |
| ११२. | हिन्द्रहाङ | - | - | १००० |
| ११३. | नविन राई | भोजपुर | दिपेनी | ११११ |
| ११४. | उत्तर कुमार राई | - | सुनसरी | १००० |
| ११५. | | | | |
| ११६. | कमला राई | धरान | - | ५०० |
| ११७. | सौमती राई | धरान | - | ५०० |
| ११८. | रमेस राई | धरान | - | २००० |
| ११९. | विकास राई | धरान | सुनसरी | १००० |
| १२०. | देउ कुमार राई | धरान | सुनसरी | १००० |
| १२१. | विमला लिम्बु | धरान-८ | - | ५०० |
| १२२. | बिरी दुमी राई | धरान | - | ५०० |
| १२३. | हिरा कुमारी गुरुङ | - | - | १००० |
| १२४. | लक्ष्मी गुरुङ | धरान-८ | - | |
| १२५. | चन्द्रकला गुरुङ | धरान-८ | सुनसरी | ११०० |
| १२६. | रमेश कुमार राई | धरान-८ | सुनसरी | ५०५ |
| १२७. | निमीवा राई | धरान-८ | सुनसरी | २५० |
| १२८. | सबिर राई | धरान-८ | - | ५०० |
| १२९. | सरला साम्पाङ राई | धरान | - | ५०० |
| १३०. | उषा राई | धरान-८ | - | ५०० |
| १३१. | कुमार सिहं | आरुवारी | काठमाडौं | २००५ |
| १३२. | ईश्वरमान राई | आरुवारी | काठमाडौं | ३०१५ |
| १३३. | सविना राई | आरुवारी | काठमाडौं | १००५ |
| १३४. | डा.नेत्रमाजि राई | आरुवारी | काठमाडौं | ५०४५ |
| १३५. | कुल वहादुर राई | वासवारी | काठमाडौं | १००० |

| | | | | |
|---|---|---|---|---|
| | | काठमाडौं | काठमाडौं | २०० |
| १३६. | राकेश राई | हलेसी | खोटाङ | २०० |
| १३७. | दिनेश राई | केपिलासगढी-५ | खोटाङ | ५००० |
| १३८. | चतुरभक्त राई | बाक्सिला | खोटाङ | १००० |
| १३९. | जानुका राई | केपिलासगढी | खोटाङ | २००० |
| १४०. | राजकुमार+विजय राई | भक्तपुर | भक्तपुर | १००० |
| १४१. | डा. सरोज राई | धरान | सुनसरी | २५०० |
| १४२. | खड्गवहादुर राई | सप्तेश्वर | खोटाङ | ५०० |
| १४३. | विशाल राई सत्म | सप्तेश्वर | खोटाङ | ५०० |
| १४४. | रविन दिनेश राई | माक्पा-१ | खोटाङ | १०० |
| १४५. | मबिन दुमी वलक्पा | सप्तेश्वर-५ | खोटाङ | १०० |
| १४६. | गणेशभक्त राई/सव्य | सप्तेश्वर-५ | खोटाङ | ५०० |
| १४७. | बाल कु.राई (सत्य) | ढोलाहिटी | ललितपुर | ५२६६ |
| १४८. | रिखीश्वर राई | नुनथला | खोटाङ (लु.पु.) | १०५५ |
| १४९. | महेन्द्र दुमी राई | नेर्पा | खोटाङ | ५००० |
| १५०. | मनि कुमार राई | दार्पा (ल.पु) | खोटाङ (ल.पु.) | १००० |
| १५१. | सुमन राई | ढोलाहिटी | ललितपुर | ५०० |
| १५२. | टिका-राई | भैसेपाटी | ललितपुर | १००० |
| १५३. | बसन्त राई | भैसेपाटी | ललितपुर | १००० |
| १५४. | आभा कुलुङ पदम राई | - | नखिपोट | १००० |
| १५५. | मिलन राई चाम्लिङ | भोजपुर | - | १००० |
| १५६. | बसन्त कुमार राई | भोजपुर | भोजपुर | १५०० |
| १५७. | यात्री प्रभाद वान्तावा राई | बुइपा | खोटाङ | ३०० |
| १५८. | रामकुमार राई | देवीस्थान -३ | खोटाङ | १००५ |
| १५९. | भुपेन्द्र पुमा राई | - | खोटाङ | १००० |
| १६०. | कपिल राई | ललितपुर | उदयपुर | ११०० |
| १६१. | रोसन चाम्लिङ | ललितपुर-१४ | ललितपुर | १००० |
| १६२. | गणेश राई | मित्रटोल | ललितपुर | १००० |
| १६३. | कुमार हाङखिम राई | | नखिपोट | १००० |
| १६४. | दिनेश राई | खोटाङ | - | १२०० |
| १६५. | जगत राम-पदमकला | चोखुम | खोटाङ | ५००० |
| १६६. | खम्वा सिं राई | - | खोटाङ | ५०० |
| १६७. | गोपाल हेली राई | - | ललितपुर | ५०० |
| १६८. | टिका राम राई | लगनखेल | ललितपुर | ५०० |
| १६९. | अमित राई | - | ल.पु. | २५० |
| १७०. | सपना राई | | | |



| | | | | |
|---|---|---|---|---|
| १७१. | मिना राई | सातदोबाटो | ल.पु. | २५० |
| १७२. | राजु राई | भैसेपाटी | ललितपुर | २०० |
| १७३. | प्रेम राई | सप्तेश्वर | खोटाङ | २००० |
| १७४. | रोहित राई | लगनखेल | ललितपुर | २०० |
| १७५. | जगत बहादुर राई | धरान-१९ | सुनसरी | ५०० |
| १७६. | दुर्ग बहादुर राई | - | सुनसरी | ५०० |
| १७७. | गंगा राई | - | सुनसरी | ५०० |
| १७८. | वीर व. राई | - | सुनसरी | ५०० |
| १७९. | मदन राई | - | सुनसरी | ५०० |
| १८०. | जस मती राई | - | सुनसरी | ५०० |
| १८१. | प्रताप राई | - | सुनसरी | ५०० |
| १८२. | राज राई | - | सुनसरी | ५०० |
| १८३. | प्रेम कुमार राई | | सुनसरी | ५०० |
| १८४. | लंकामनि राई | - | सुनसरी | ५०० |
| १८५. | बुद्ध राई | - | सुनसरी | ५०० |
| १८६. | दीप ब. राई | - | सुनसरी | ५०५ |
| १२६ | श्री श्याम बहादुर कुलुङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | ५१०।- |
| १२७ | श्री देवराज रावत | धरान १७ बेलगाछी चौक | ५१०।- |
| १२८ | श्री नाम नखुलेको | धरान ८ (सुनसरी) | ५१०।- |



| | | | |
|---|---|---|---|
| १२९ | श्रीमती सुक मायाँ लिम्बु | धरान ८ बम्जनटोल (सुनसरी) | ५०५।- |
| १३० | श्री जोगिन्द्र तामाङ | धरान ८ बम्जनटोल (सुनसरी) | ५०५।- |
| १३१ | श्री तिर्थराज राई | धरान ८ सिधार्थ मार्ग (सुनसरी) | ५०५।- |
| १३२ | श्रीमती शशिको आमा | धरान ८ सिधार्थ मार्ग (सुनसरी) | ५०५।- |
| १३३ | श्री नाम नखुलेको | धरान ८ (सुनसरी) | ५०५।- |
| १३४ | श्री योगेश मुरहचु दुमी राई | धरान १५ महादेव चौक | ५०५।- |
| १३५ | श्री प्रतिराम छाचुङ दुमी राई | ईटहरी २० बहुभाषीक टोल (सनसरी) | ५०५।- |
| १३६ | श्री ईन्द्र कुमार बान्तवा राई | ईटहरी २० बहुभाषीक टोल (सुनसरी) | ५०५।- |
| १३७ | श्री धन देव बान्तवा राई | ईटहरी २० बहुभाषीक टोल (सुनसरी) | ५०५।- |
| १३८ | श्री मधुराज साम्पाङ राई | ईटहरी २० बहुभाषीक टोल (सुनसरी) | ५०५।- |
| १३९ | श्री सेबेन कुमार साम्पाङ राई | ईटहरी २० बहुभाषीक टोल (सुनसरी) | ५०५।- |
| १४० | श्री टेक कुमार साम्पाङ राई | ईटहरी २० बहुभाषीक टोल (सुनसरी) | ५०५।- |
| १४१ | श्र संजिव खालिङ राई | धरन ५ देउराली चौक (सुनसरी) | ५०५।- |
| १४२ | श्री उद्धिम् चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | ५०५।- |
| १४३ | श्री रोजी बान्तवा राई | धरान १७ डाँडाघोपा (सुनसरी) | ५०५।- |
| १४४ | श्री सुमी हाङ राई | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | ५०५।- |
| १४५ | श्री शालिक सतासक चाम्लिङ राई | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | ५०५।- |
| १४६ | श्री सुरेन्द्र, शुनिता बान्तवा राई | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | ५०५।- |
| १४७ | श्री टिका लिम्बु | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | ५०५।- |
| १४८ | श्री छेम्बिहाङ बान्तवा राई | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | ५०५।- |
| १४९ | श्री रत्न, ज्ञानु जीमी राई | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | ५०५।- |
| १५० | श्री धन बहादुर साम्पाङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | ५०५।- |
| १५१ | श्री कृष्ण कुमार साम्पाङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | ५०५।- |
| | जम्मा | | ११,४३५।- |

| | | | |
|---|---|---|---|
| १५२ | श्री रमेश कुमार बान्तवा राई | धरान ८ सिधार्थ मार्ग (सुनसरी) | ५०५।- |
| १५३ | श्री नाम नखुलेको | धरान ८ (सुनसरी) | ५०५।- |
| १५४ | श्री बृख बहादुर राई | धरान ८ सिधार्थ मार्ग (सुनसरी) | ५००।- |
| १५५ | श्री छत्र बहादुर सरचु दुमी राई | धरान १५ पुष्पाञ्जली मार्ग (सुनसरी) | ५००।- |
| १५६ | श्रीमती रामको आमा | धरान १५ नयाँ सडक (सुनसरी) | ५००।- |
| १५७ | श्री दिनेश सरचु दुमी राई | धरान ८ धन्कुटे रोड (सुनसरी) | ५००।- |
| १५८ | श्री सिंह बहादुर तामाङ | धरान ८ बम्जनटोल (सुनसरी) | ५००।- |
| १५९ | श्री पदम खालिङ राई | धरान ५ देउराली किराँतचौक(सुनसरी) | ५००।- |
| १६० | श्री रन्जीत खनाल | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | ५००।- |
| १६१ | श्री एकराज चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | ४२५।- |
| १६२ | श्री कैलास मान राई | धरान १७ डाँडाघोपा (सुनसरी) | ४१०।- |

| | | | |
|---|---|---|---|
| १६३ | श्री लाल बहादुर मगर | धरान १७ डाँडाघोपा (सुनसरी) | ३७०।- |
| १६४ | श्री बिष्णु कुमार साम्पाङ राई | इटहरी २० बहुभाषीक टोल (सुनसरी) | ३५०।- |
| १६५ | श्रीमती रोमा राई | धरान ८ बम्जनटोल (सुनसरी) | ३१०।- |
| १६६ | श्री पूर्ण खालिङ राई | धरान ५ देउराली कि.चौ.(सुनसरी) | ३१०।- |
| १६७ | श्री कुसुम लिम्बु | धरान ५ देउराली कि.चौ.(सुनसरी) | ३१०।- |
| १६८ | श्रीमती देबी मायाँ तामाङ | धरान ८ बम्जनटोल (सुनसरी) | ३०५।- |
| १६९ | श्रीमती अन्जना तामाङ | धरान ८ बम्जनटोल (सुनसरी) | ३०५।- |
| १७० | श्रीमती दिना चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | २५५।- |
| १७१ | श्रीमती याङजी तामाङ | धरान ८ बम्जनटोल (सुनसरी) | २५०।- |
| १७२ | श्री हीरामान माझी | इटहरी २० बहुसभाषीक टोल(सुनसरी) | २५०।- |
| १७३ | श्री बालाजित चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | २५०।- |
| १७४ | श्री दिपक तामाङ | धरान ८ बम्जनटोल (सुनसरी) | २२५।- |
| १७५ | श्री फडिन्द्र बान्तवा राई | ईटहरी २० बहुभाषीक टोल(सुनसरी) | २१०।- |
| १७६ | श्री धनराज तामाङ | धरान ८ बम्जनटोल (सुनसरी) | २१०।- |
| १७७ | श्री थाम बहादुर सरचु दुमी राई | ईटहरी २० बहाभाषीक टोल(सुनसरी) | २१०।- |
| १७८ | श्रीमती जसमायाँ तामाङ | ईटहरी २० बहुभाषीक टोल(सुनसरी) | २१०।- |
| १७९ | श्रीमती सरु साक्या | धरान १७ बेलगाछी मार्ग (सुनसरी) | २१०।- |
| १८० | श्री रोशन साम्पाङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | २०५।- |
| १८१ | श्री पदम् सुनुवार | धरान १७ डाँडाघोपा (सुनसरी) | २०५।- |
| १८२ | श्री जय बहादुर चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | २०५।- |
| १८३ | श्रीमती प्रमिला बान्तवा राई | धरान १७ डाँडाघोपा (सुनसरी) | २०५।- |
| १८४ | श्री हर्क बहादुर लिम्बु | इटहरी २० चौतारी चौक(सुनसरी) | २००।- |
| १८५ | श्री ओम बि.क. | धरान १७ डाँडाघोपा (सुनसरी) | २००।- |
| १८६ | श्री योगेन्द्र चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | २००।- |
| १८७ | श्री खिल बहादुर मगर | धरान १७ डाँडाघोपा (सुनसरी) | २००।- |
| १८८ | श्री लिला बुढाथोकी | धरान १७ डाँडाघोपा (सुनसरी) | २००।- |
| १८९ | श्रीमती निर कुमारी चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | २००।- |
| | जम्मा | | ११,९०५।- |
| १९० | श्री निरकास चाम्लिङ राई | धरान १७ डाँडाघोपा (सुनसरी) | १६०।- |
| १९१ | श्री दिनानाथ भट्टराई | ईटहरी २० बहुभाषीक टोल(सुनसरी) | १५०।- |
| १९२ | लक्ष्मण तामाङ | धरान ५ देउराली चौक (सुनसरी) | १००।- |
| | जम्मा | | ४१०।- |
| कुल १) १,२६,६८५।-, २) ५४,८५३।-, ३) ३४,९८५।-, ४) १९,४३५।-, ५) ११,९०५।-, ६) ४१०।- | | | २,४८,२७३।- |





# दुमी किरात राई फन्सिकिम दुमकीम धरान संस्थाले २०७७-७८ भित्र गरेको संक्षिप्त गतिविधि विवरण यस प्रकार रहेकोछ

अध्यक्ष महोदय, दु.कि.रा.फ केन्द्रीय कार्यालय, तथा देश बिदेशमा रहनुभएका सम्पूर्ण दुमी राई बन्धुहरू संसारलाई क्षतबिछेद गर्ने गरि फैलिएको कोभिड १९ कोरोना को कारणले गर्दा हाम्रो दुमी किरात राई फन्सिकिम दुमकीम धराललले सौंचे जस्तो र माईनेटीङमा पारित गरिएको जस्तो कार्य गतिविधिहरू गर्न नसकिएको जानकारी गराउदछु । तथापि दुमकीम धरानले भौतिक दुरी, सामाजिक माप दण्ड नियम कानुन पालन गर्दै भएपनि बैठक बस्ने, संस्था लाई अगाडि बढाउने कार्यहरू गर्दै आएको छासंस्थाको लागि आर्थिक बिकाश गर्ने, दुमकीम धरानको आप् ञ्नो नियम कानुन बिधान  अनुसार दुमी बन्धुहरूलाई बिपत  परेमा आर्थिक सहयोग गर्ने भएकोमा तल विवरणमा भएका व्यक्तिहरूलाई वहाहरूको घरमा गई आर्थिक तथा भौतिक सहयोग गरिएको जानकारी गराउँदछु ।

बिशेषत यस समय संसारमा फैलिएको कोभिड १९ कोरोना भाईरसले अति अप्ठ्यारो स्थिति पारेको र पारिरहेको बेला नेपाल  सरकारले  राहत बितरण गरेता पनि केहि त्यसमा थप राहत हाम्रो संस्थाले पनि वितरण गर्नै पर्ने अबस्था भएकोले धरान भित्र  रहेका अप्ठ्यारोमा परेका दुमि राईहरू, भाडामा बसेर अध्ययन गरिरहेका विद्यार्थी वर्ग  तथा दुमकीम भवन रहेको धरान १५ गर्बलाल मार्ग, दुमी चौक वरिपरिका घर परिवारलाई हाम्रो संस्थाले सकेसम्मको रु. ५९,०८५।- अक्षेरी उनन्साठी हजार पचासी रुपैयाँ बराबरको दाल, चामल, नुन, तेल, न्यूटेला जम्मा ६४ चौसठ्ठी घर परिवारलाई मितिः-०७४।२।२३ गते सुक्रबार दुमी चौक स्थित दुमि भवनमा धरान १५ का वडा अध्यक्ष श्री नरेश कुमार ईवारमज्यूको प्रमुख आतिथ्यमा दुमकीम धरानका अध्यक्ष श्री कृपा राईको अध्यक्षेता र दुमकिम धरानको सम्पूर्ण पधाधिकारी सदस्यहरूको उपस्थितिमा वितरण सम्पन्न गरिएको जानकारी गराउदछु। ६४ घर परिवारको नामावली  तथा दुःख बिमार परेको व्यक्तिहरूलाई आर्थिक सहयोग गरिएको नामावली पनि तल उल्लेख गरिएको र आउने दिनहरूमा पनि यस्तै कार्यहरू गरिने बिश्वाश पनि तपाईहरूलाई दिलाउनु चाहन्छु । तपाई देशबिदेशमा रहनु भएका सम्पूर्ण दुमी राईहरूमा पनि ईच्छा भएमा हाम्रो संस्थालाई सकेसम्म सहयोग गर्नहुन पनि हार्दिक अनुरोध गर्दछु ।

सचिव, दुमकीम धरन, प्रेम कुमार मुरहचु दुमी राई

बिबरणः-

(१) श्री छत्र बहादुर सरचु दुमी राई धरान १५ क्यान्सर रोगी रु. १०,०००।-

(२) श्री भरस रंकासु दुमि राई केपिलास गा,पा,४ बाक्सिला डाँडा गाउँ क्यान्सर रोगी रु. ५०००।-

(३) कोभिड १९ कोरोना भईरसको कारण राहत बितरण जम्मा ६४ घर परिवारलाई

| सि.नं. | नाम थर | ठेगाना | राहत परिमाण विवरण | | | | | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | चामल के.जी | दाल के.जी | नुम के.जी | तेल लिटर | निउटेला के.जी | |
| १ | योगेश राई | धरान १५ | १० | १ | १ | १ | ½ | |
| २ | दीनेश राई | धरान ८ | १० | १ | १ | १ | ,, | |
| ३ | जित बहादुर राई | धरान १९ | १० | १ | १ | १ | ,, | |
| ४ | सन्दीप राई | धरान १७ | १० | १ | १ | १ | ,, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | दीनेश राई | धरान १७ | १० | १ | १ | १ | ,, | |
| ६ | देउकी राई | धरान १७ | १० | १ | १ | १ | ,, | |
| ७ | रोमी राई | धरान ११ | १० | १ | १ | १ | ,, | |
| ८ | नारायण राई | धरान १७ | १० | १ | १ | १ | ,, | |
| ९ | लाल बहादुर राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| १० | धनी राज राई | धरान ११ | १० | १ | १ | १ | ,, | |
| ११ | हर्क राज राई | धरान १७ | १० | १ | १ | १ | ½ | |
| १२ | धनी राम राई | धरान १७ | १० | १ | १ | १ | ,, | |
| १३ | सुस्मा राई | धरान ५ | १० | १ | १ | १ | ,, | |
| १४ | अमृता परियार | धरान १५ | १० | १ | १ | १ | ,, | |
| १५ | अमित राई | धरान ८ | १० | १ | १ | १ | ,, | |
| १६ | मनीराज राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| १७ | मनीषा राई | धरन १५ | १० | १ | १ | १ | ,, | |
| १८ | जेनीशा राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| १९ | बलराम राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २० | रोजेश राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २१ | दिल बहादुर राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २२ | च्यामुन राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २३ | पूर्ण राई | धरन १५ | १० | १ | १ | १ | ,, | |
| २४ | चन्द्रकला राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २५ | धर्म सिंह लिम्बु | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २६ | दिप बहादुर राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २७ | किरण लिम्बु | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २८ | सुमन लिम्बु | धरान १५ | १० | १ | १ | १ | ,, | |
| २९ | मिना राई | धरन १५ | १० | १ | १ | १ | ,, | |
| ३० | राज कुमार राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ३१ | समेश बिष्ट | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ३२ | बिष्णु तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ३३ | रोहीत धामी | धरान १५ | १० | १ | १ | १ | ,, | |



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | तारा राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ३५ | गोपाल कार्की | धरन १५ | १० | १ | १ | १ | ,, | |
| ३६ | फुर्बा तामा तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ३७ | बिरु तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ३८ | दिलकुमारी तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ३९ | उमा कार्की | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४० | बिनोद लामीछाने | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४१ | लोकनाथलामीछाने | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४२ | पुनम बि.क. | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४३ | निर्मला परियार | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४४ | कुमारी तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४५ | सम्यू तामाङ | धरन १५ | १० | १ | १ | १ | ,, | |
| ४६ | गोबिन्द बि.क | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४७ | सबिन तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४८ | मन मायाँ तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ४९ | चन्द्रकला तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ५० | भोटी मायाँ राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ५१ | मुना बि.क. | धरन १५ | १० | १ | १ | १ | ,, | |
| ५२ | चन्द्र कुमारी प्रधान | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ५३ | प्रमिला बिश्वकर्मा | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ५४ | चन्द्र कला राई | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ५५ | मैया मगर | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ५६ | तारा रसाईली | धरान १५ | १० | १ | १ | १ | ½ | |
| ५७ | रहर शोभा राई | धरान ८ | १० | १ | १ | १ | ,, | |
| ५८ | सबीना राई | धरान ८ | १० | १ | १ | १ | ,, | |
| ५९ | मोहन पौडेल | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ६० | सरीता बि.क. | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ६१ | दोर्जे तामाङ | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ६२ | दिपा लामा | धरान १५ | १० | १ | १ | १ | ,, | |
| ६३ | हर्क बहादुर राई | धरान ५ | १० | १ | १ | १ | ,, | |
| ६४ | अबिन राई | धरान १६ | १० | १ | १ | १ | ,, | |

# स्थानीय समसामयिक प्रतिवेदन

भनिन्छ, धर्म, संस्कार र भाषाभन्दा अलग जो कोही रहन सकिन्न । नेपालको विभिन्न जातजातिहरू मध्ये आफ्नै छुट्टै मौलिक परम्परा अगाल्दै आएका दुई दर्जनभन्दा बढी किरात राईहरूभित्र ७ सामे २१ पाछा भएको किरात राई जाति दुमी राई हो ।

दुमी राईहरू संख्यात्मक रुपमा थोरै भए पनि धर्म, संस्कार, संस्कृति, ऐतिहासिक थातथलो आदिले धनी मानिन्छ । खोटाङ जिल्लाको साविकको खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर र माक्पा गा.वि.सं.हरूमा आफ्नो थातथलोको रुपमा बसोबास गर्दै आइरहेको दुमी राईहरू आफ्नो मातृभाषामा पछाडि पर्दै आएको तीतो सत्य हो । तथापि हाल शैक्षिक, प्रशासनिक, आर्थिक तथा सामाजिक रुपमा क्रमिक रुपमा माथि उक्लिदै गरेको सुधारात्मक अवस्था रहेको छ ।

दुमी भाषा, संस्कारलाई सिर्जनशील तथा शसक्त बनाउने उद्देश्यका साथ मिति २०७७ साल पौष १४ गते मंगलबारको दिन सप्तेश्वर स्थित ऐतिहासिक स्थान दारेगौडामा दुमी किरात राई फन्सीकीम पूर्व केन्द्रीय अध्यक्ष तथा संस्थाको संस्थापक सल्लाहकार श्रद्धय चतुरभक्त सत्म दुमी राई तथा दुमी किरात राई फन्सीकीम केन्द्रीय अध्यक्ष श्रद्धय गुरु डा. नेत्रमणी हलक्सु दुमी राईको उपस्थितिमा दुमी भाषा, संस्कारलाई शसक्त बनाउन अन्तरक्रिया, प्रशिक्षण तथा छलफल भएको हो ।

उक्त छलफलमा स्थानीय अग्रज पुर्खाहरू, स्थानीय नोक्छोहरू, स्थानीय शिक्षक तथा बुद्धिजिवीको उपस्थिती रहेको थियो । उक्त प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रममा संस्थाको संस्थापक तथा सल्लाहकार चतुरभक्त सत्म दुमी राईले खा.जा.बा.स.मा. मध्ये "सप्तेश्वर दुम्कीम" निकै निस्कृय रहेको कुरा बताउनु भयो । सप्तेश्वर आफैँमा भौगोलिक हिसाबले केन्द्र रहेको भएपनि यहाँ कुनै नयाँ गतिविधि नदेख्दा आफू यसै ठाँउको र आफ्नो जीवन यही संस्थाको समग्र हितको लागि व्यतित भए पनि सप्तेश्वरमा त्यस्तो सक्रियता नदेखेको राईले बताउनु भयो । धेरै समय पछिको छलफल तथा अर्न्तक्रिया पश्चात सप्तेश्वरमा दुमी भाषा, संस्कारलाई जिवन्त दिन एउटा उर्जाशील "दुमी भाषा, संस्कार सम्बर्द्धन सहयोग समिति सप्तेश्वर" निमार्ण गर्ने निष्कर्षमा पुगियो । सप्तेश्वर दारेगौडा निवासी **सिताराम सत्म दुमी राई**को संयोजकत्वमा ११ सदस्सिय सहयोग समिति गठन गरिएको हो ।

उक्त समिति सदस्यहरूमा *जित बहादुर सत्म दुमी राई , प्रेमकुमार दुमी सत्म राई, मिनराज सत्म दुमी राई, ज्ञानु सत्म दुमी, हेमबहादु सत्म दुमी राई, राज सत्म दुमी, मिना सत्म दुमी राई, मनिकुमार दुमी राई, अनिल दुमी राइ, ईश्वर सत्म दुमी राई* **रहनु भएको** छ । यस समितिले आउने दिनमा ससक्त र सक्रिय भई सृर्जनात्मक काम गर्ने प्रतिबद्धता गर्दै सप्तेश्वरको दारेगौडा आसपासमा दुम्कीम भवनको लागि निःशुल्क जग्गा समेत व्यवस्थापन गर्ने प्रतिबद्धता गरेको छ ।

सफलताको पहिलो खुडकिलो भनेको आफैँबाट सुरु हुन जरुरी भए जस्तै आसा गरौँ अबको दिनमा दुमी भाषा, संस्कार प्रबर्द्धनप्रति सम्पुर्ण दुमी वंश भाषामय तथा संकारमय बन्नेछ शुभकामना ।

।।नीरी।। ❑

**राष्ट्रिय जनगणना २०७८ मा सही तथ्यांक संकलनार्थमा सक्रिय सहभागिता जनाऔँ ।**

- *आफू गणक/सुपरिवेक्षक बनेर/बन्न प्रेरित गरेर*
- *तथ्यांक संकलन कार्यमा जात-राई मातृभाषा- दुमी, पुर्ख्यौली भाषा- दुमी, धर्म- किरात तथा दोस्रो भाषा- कोयी/साम्पाङ/थुलुङ/चाम्लिङ आदि लेखौँ/लेखाऔँ ।*



# कार्य क्षेत्रमा दुमी विद्यार्थी तथा शिक्षकको एक विश्लेषण



- ज्ञानु सत्म दुमी राई
*थर्पुडाँडा मा.वि., सप्तेश्वर*

नेपालको संविधान अनुसार नेपालको सामुदायिक विद्यालयहरूलाई मातृभाषामा विद्यालय सञ्चालन तथा स्थानीय पाठ्यक्रम निमार्ण र प्रयोग गर्ने जिम्मा स्थानीय तहलाई दिइएको छ । जस अनुसार नेपालको विभिन्न प्रदेशका विभिन्न स्थानीय तहहरूले विभिन्न मातृभाषाको पाठ्यक्रम तथा पाठ्य पुस्तक प्रकाशनमा ल्याई पठनपाठन गराइरहेका छन् । यसै सन्दर्भमा दुमी राईहरूको दुमी भाषा पाठ्यक्रम बन्ने प्रक्रियामा रहेको हुँदा यस श्री थर्पुडाँडा मा.बि.को दुमी शिक्षक तथा यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरू दुमी राई अधिकांस भएकोले यो विवरण सामान्य तालिकिकरण गर्ने जमर्को गरिएको छ । अन्य अर्थ लागे क्षमा चाहन्छु ।

**श्री थर्पुडाँडा मा.वि.को शै.स.२०७७ को विद्यार्थीहरूको विवरण**

| कक्षा | जम्मा विद्यार्थी संख्या | राई विद्यार्थी संख्या | दुमी राई विद्यार्थी संख्या | अन्य(नाछिरिङ, अम्बुले, बाहिङ, कोयी) |
|---|---|---|---|---|
| बा.वि.के. | ३० | २१ | २० | १ |
| १ | २३ | १६ | १४ | २ |
| २ | २४ | १६ | १५ | १ |
| ३ | १८ | ८ | ७ | १ |
| ४ | २१ | १३ | ११ | २ |
| ५ | २५ | १५ | १२ | ३ |
| ६ | २३ | १५ | ९ | ६ |
| ७ | २२ | १४ | ९ | ५ |
| ८ | ४० | २४ | २१ | ३ |
| ९ | २८ | १३ | ११ | २ |
| १० | २३ | १५ | ८ | ७ |
| जम्मा | २७७ | १७० | १३७ | ३३ |

माथि उल्लेखित तालिकामा जम्मा विद्यार्थीहरूको ६१.३७% राई विद्यार्थीहरू, जम्मा राई विद्यार्थीहरू मध्येको दुमी राई ८०.५%, जम्मा विद्यार्थी संख्यामा ४९.५% दुमी राई विद्यार्थीहरू र राई विद्यार्थी संख्यामा १९.४% अन्य राई विद्यार्थीहरू रहेको देखिन्छ । तेस्तै जम्मा विद्यार्थी संख्याको १२% अन्य (नाछिरिङ, अम्बुले, बाहिङ, कोयी) राई विद्यार्थीहरू रहेको देखिन्छ ।

माथि उल्लेखित तथ्याङ्कलाई हेर्दा यस विद्यालयमा आनुपातिक हिसाबले दुमी राई विद्यार्थीहरूको बाहूल्यता रहेको देखिन्छ।

**यस विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचरीहरूको विवरण**

| क.सं. | जम्मा शिक्षक कर्मचारी | राई शिक्षक कर्मचारी | दुमी शिक्षक कर्मचारी | अन्य राई |
|---|---|---|---|---|
| १ | १५ | ९ | ७ | २ |

माथिको शिक्षक तथा कर्मचारीहरूको विवरणलाई हेर्दा जम्मा शिक्षक तथा कर्मचारीको तुलनामा दुमी राई शिक्षकहरू ४६.७ %, राई शिक्षक तथा कर्मचारीको तुलनामा ७७.८ % रहेको छ भने राई शिक्षकहरूका तुलनामा अन्य राईहरू २२.२ % रहेको छ। ❑

# शैक्षिक भ्रमण-२०७६

**- रेडस्टार सत्म दुमी राई**
*केपिलासगढी-५, सप्तेश्वर*
*श्री थर्पुडाँडा मा.वि., कक्षा- ९*
*-थर्पुडाँडा मा.वि. को शैक्षिक भ्रमण-२०७६, गन्तव्य स्थान केपिलासगढी (भ्रमण प्रतिवेदन)*

**१. परिचय**

इतिहासले भविष्यको मार्ग निर्देशन गर्दछ। इतिहास निमार्ण र सत्यतथ्य कुराहरूको पहिचान गर्न सामग्रीहरूको संकलन, तिनीहरूको तुलनात्मक अध्ययन र मूल्याङ्कन गर्नु अति महत्वपूर्ण हुन्छ। घटनाहरूबाट शिक्षा लिएर समाज र राष्ट्रलाई मार्ग निर्धारण गर्न पनि इतिहास अति आवश्यक छ। तथापि एउटा मात्र स्रोत सामग्रीका आधारमा लेखिएको इतिहासमा सत्यताको नजिक पुग्न सकिदैन। इतिहासका स्रोतहरू राष्ट्रका पहिचान हुन। तसर्थ तिनीहरूको संरक्षण गर्नु आजको आवश्यकता हो। यहाँ थर्पुडाँडा मा.वि. को शैक्षिक भ्रमण- २०७७, केपिलासगढी दरवार क्षेत्रको भ्रमण प्रतिवेदन तयार गरिएको छ।

**२. भ्रमणको उद्देश्यः**

- ऐतिहासिक केपिलासगढी दरवार क्षेत्रको स्थलगत भ्रमण गरी स्रोतको खोजी।

**३. अध्ययन विधिः**

- स्थलगत अवलोकन, अन्तरवार्ता, सामुहिक छलफल ।

**४. तथ्याङकको स्रोतः**

क. प्राथमिक स्रोतः दुमी किरात राई फन्सीकीम केन्द्रीय पूर्व अध्यक्ष तथा सस्थाको सल्लाहकार पूर्व सहायक प्राध्यापक श्री चतुरभक्त सत्म दुमी राई

ख. द्वितीय स्रोतः अर्धभाषिक दुमी भाषिक पत्रिका इसीलीम।

**४.पत्ता लागेका कुराः**

क. १५ जना किराती (दुमी) राजाहरूले शासन गरेका थिए।
ख. पहिलो राजा कबिलास र अन्तिम राजा निगुहाङ।
ग. प्राकृतिक कैदी खाना।
घ. प्राकृतिक हातहतियार भण्डार गृह।
ङ. प्राकृतिक सुरक्षा पोष्ट।
च. सेनाहरूको परेट मैदान।
छ. पृथ्वीनारायण शाहले एकीकरणको क्रममा किरात शासनको अन्त्य।



**५.संक्षेपमा वर्णनः**

सामाजिक आर्थिक स्थितिको वर्णनलाई विशेष रुपमा लिईन्छ। साथै उक्त वृतान्तमा नेपालमा हिन्दुधर्मको चर्चा पनि महत्वपुर्ण रहेको छ।

अभिलेख : कागजमा लेखिएको लेखोटहरूबाट विभिन्न तथ्यहरू फेला परेका छन्।

मुद्रा : माटो, छाला, तामा, चाँदी, सुन आदिको मुद्रा बनेको पाईन्छ। यसबाट विगतको सामाजिक स्थिति पत्ता लगाउन सकिन्छ।

धर्मग्रन्थ : विगतका रीति पद्धतिहरूको सुरुवात र अन्य व्यवस्थाबारे जानकारी दिईन्छ।

**६. इतिहासको स्रोत संरक्षणको उपायहरूः**

- इतिहासको स्रोतहरूलाई अभिलेखिकरण गर्ने।
- पुस्तकालय तथा संग्राहलय निमार्ण गरी संरक्षण गर्ने।
- विभिन्न स्थानमा प्राप्त स्रोतलाई संकलन गर्ने।
- स्रोतलाई राष्ट्रियकरण गर्ने।
- विद्युतीय फाईल निमार्ण गर्ने।

**७. निष्कर्षः**

इतिहासको खोजी र अध्ययन, अनुसन्धान एक सिर्जनशील कार्य हो। इतिहासले व्यक्तिलाई उर्जासिल बनाई सफलतामा पुऱ्याउछ। इतिहासको संरक्षण गरी भविष्यका सन्ततिलाई हस्तान्तरण गरी मार्गदर्शन गर्न सकिन्छ।

॥नीरी॥ ❑

**हार्दिक बधाई तथा शुभकामना**

**अन्तर्राष्ट्रिय मातृभाषा दिवस-२०१९ को अवसरमा आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान द्वारा "मातृभाषा सेवा पुरस्कार २०७५" दुकिराफ संस्थाको वर्तमान महा-सचिव तेजमाया मुरह दुमी राईले प्राप्त गर्नु भएकोमा उहाँलाई मातृभाषाको उत्थान एवं उन्नयन कार्यमा दत्तचित्त भई सेवा गर्नमा सदैव प्रेरणा मिलिरहोस् भन्ने हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।**

**इसीलीम परिवार**

## दुमकीम माकीपा पर्यटन क्षेत्र निर्माण कार्य सुरु

ऐसेलुखर्क गाउँपालिका वडा नं.-७, माक्पामा माकीपा पर्यटन क्षेत्रको निर्माण कार्य सुरु भएको छ । आ.व. २०७६/७७ मा विनियोजित गाउँपालिकाको रू.३०,००,०००/-(तीस लाख रुपैयाँ) रुपैयाँ बजेटबाट सुरु भएको पर्यटन क्षेत्र दूरी बेप्लाको जालपा देवीस्थानदेखि लुम्दुडाँडासम्म करिब १ किलोमिटर रहने छ । हाल पहिलो चरणमा माकी कुकुरको प्रतिमा, प्रतिमा स्थानको साथै स्वीमिङ पुल निर्माण भइरहेको उक्त क्षेत्रमा गान्पा, रतेपा, यलम्बर, सुम्नीमा, पारुहाङलगायतको प्रतिमाका साथै बौद्ध चैत्य, शिव मन्दिर, स्वीमिङ पुल, चिल्ड्रेन पार्कसमेत बनाउने भावी योजना रहेको निर्माण समिति अध्यक्ष भुमिनन्द थुलुङ राईले जानकारी दिनुभयो ।



हालको माक्पा क्षेत्रमा बाक्सिला सिम्पानी (दुमीलु) बाट माकी नामको कुकुर सिकार खेल्दै यस क्षेत्रमा आएको र उक्त कुकुरलाई पछ्याउदै हलक्सु, खारुबु, वालक्पा र हजुर गरी चार पाछा दुमी राईरूको पुर्खा गान्पा र रतेपा आई बसोबास गरेकाले उक्त माकी कुकुरको नामबाट माकीपा हुँदै हाल माक्पा नामाकरण भएको कुरा दुमी पुर्खाहरू बताउँछन् । यस ऐतिहासिक क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी आन्तरिक र बाह्रय पर्यटक भित्र्याई रोजगारी सिर्जना र आयआर्जनमा वृद्धि गर्ने लक्ष्य रहेको ७ नम्बर वडा अध्यक्ष श्री फुलकमल सत्म दुमी राईले बताउनुभयो ।

## तोसु नाँच सम्पन्न

दुमी किरात राई फन्सीकीम देल्कीम नोरोङको आयोजनामा मंसिर २२ गते सोमबार भूमे पुजा गरी तोसु (साकेला) नाँच सम्पन्न भएको छ । दुमी राईहरूको मात्र बसोबास रहेको नोरोङ गाउँमा हरेक वर्ष उभौली (धीरीयाम्लो) को अवसरमा जेठ २२ र उधौली (छीरीयाम्लो) को अवसरमा मंसिर २२ मा भुमे पूजा गरी तोसु नाच्ने प्रचलन रही आएको छ ।

## नु:रुकुको जिर्णोदार कार्य सुरु

ऐसेलुखर्क गा.पा.-७, माक्पा (साविक माक्पा गा.वि.स.-६) नोरोङ गाउँको ऐतिहासिक थलो नु:रुकुको उत्खनन तथा जिर्णोदार कार्य सुरु भएको छ । पुस १६ गते देल्कीम नोरोङमा सम्पन्न अन्तरक्रियात्मक कार्यक्रमको निर्णय अनुसार देल्कीम नोरोङको अगुवाईमा पुस १८ र २५ गते शनिवार उत्खनन तथा जिर्णोदार कार्य भएको हो । नु:रु-बाघ, कु- पानी मिलेर बाघले खाने पानीको कुवा अर्थात नु:रुकु भनिएको दुमी पुर्खाहरू बताउनु हुन्छ । कुवा पूर्ण रुपमा हराइसकेको भएता पनि कुवाको पानी भेरर बोक्नको लागि बनाइएको चौतारोको निसानीको आधारमा कुवाको खोजी गरिएको थियो । बारीको कान्लाभित्र करिब २.५ मिटर गहिराइमा भेटिएको कुवामा पानी बार्न लगाइएको बार ढुंगा, वरिपरि लगाइएको ढुंगाको गारो र पानी समेत भेटिएको छ ।

नोरोङ गाउँमा दुमी पुर्खाहरू आउनु पूर्व बाघले खाने पानीको कुवा रहेको र उक्त कुवालाई नु:रुकु भनिएको हो । कुवाको नामबाट गाउँको नाम नु:रुकु रहेको र नु:रुकुबाट अप्रभंश हुँदै नोरोकु, नोरोङ हुँदै हाल नोरुङ समेत भनिदै आएको छ । नोरोङ गाउँमा आउने दुमी पुर्खाहरूले सबैभन्दा पहिले यही नु:रुकुको पानी खाएको र कालान्तरमा जमिन भासिदै जाँदा पानी सुकेको र कुवा समेत पुरिदै जाँदा नु:रुकु हराएको कुरा ७२ वर्षीय श्री फुर्वलाल हलक्सु दुमी राईले बताउनु भयो । नोरोङ गाउँको इतिहास, आफ्नो





पुर्खाहरूको इतिहास र दुमी संस्कार, संस्कृतिसँग समेत प्रत्यक्ष सरोकार राख्ने ऐतिहासिक थलोको संरक्षण, सम्वर्द्धन गर्नको लागि नु:रुकुको खोजी गरिएको देल्कीम सदस्य श्री कुल बहादुर हलक्सु दुमी राईले बताउनु भयो ।

## अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न

दुमी किरात राई फन्सीकीम दुम्कीम माक्पामा वि.सं. २०७७ पुस १५ गते बुधबार एक दिने अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ । दुम्कीम अध्यक्ष श्री सन्तकुमार हजुर दुमी राईको अध्यक्षतामा भएको अन्तरक्रियात्मक कार्यक्रममा देल्कीम माक्पा, बेप्ला, नोरोङका पदाधिकारीका साथै, इलीम, बाक्चुवा, लुम्दु, लेवाबाट दुमी अगुवाहरूका साथै थुलुङ पाहुनाहरूको समेत सहभागीता रहेको थियो ।

माक्पा माध्यमिक विद्यालयले उपलब्ध गराएको पुस्तकालय हलमा सम्पन्न अन्तरक्रियात्मक कार्यक्रममा विभिन्न दुमी अगुवा, बुद्धिजिवी, शिक्षक, पुर्खाहरूले दुमी भाषा, संस्कार, संस्कृति सम्बन्धी आ-आफ्नो धारणा राख्नु भएको थियो । कार्यक्रममा दुमी किरात राई फन्सीकीम संस्थापक एवं पूर्व अध्यक्ष तथा संरक्षक श्री चतुभक्त सत्म दुमी राई र फन्सीकीम अध्यक्ष श्री डा. नेत्रमणि हलक्सु दुमी राई अतिथि रहनु भएको थियो ।

कार्यक्रममा माकीपा क्षेत्रमा बसोबासरत दुमी जनसंख्या तथ्यांक टिपोट तथा संकलन वि.सं. २०७७ साल माघ मसान्तभित्र गरी सक्ने, आगामी २०७८ को राष्ट्रिय जनगणनामा जातीमा राई, थरमा दुमी, भातृभाषामा दुमी, पुर्खौली भाषामा दुमी, दोस्रो भाषामा थुलुङ, नाछिरिङ, खालिङ आदि र धर्ममा किरात लेख्ने लेखाउने, दुमी भाषामा रहेका स्थान नामहरूको अभिलेखीकरण गर्ने र वि.सं. २०७७ साल पुस २२ गतेभित्र फन्सीकीमलाई उपलब्ध गराउने, माकीपा क्षेत्रभित्र हुने विकास निर्माणका कार्यहरूमा स्थानीय तहसँग समन्वय गरी ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक महत्वका स्थानहरूको संरक्षण, सम्वर्द्धनमा पहल गर्ने, वि.सं. २०७७ साल चैत्रमसान्तसम्ममा दुमी मुददुमको ड्राफ्ट तयार गरी सक्ने लगायतका निर्णय भएको छ ।



त्यसैगरी देल्कीम नोरोङमा वि.सं. २०७७ पुस १६ गते बिहीबार देल्कीम नोरोङका अध्यक्ष श्री टेक बहादुर राईको अध्यक्षमा भएको अन्तरक्रियात्मक कार्यक्रममा दुम्कीम माक्पामा भएका निर्णयहरूलाई कार्यान्वयन गर्दै नोरोङ गाउँभित्रका हरेक घरपरिवार, गाउँटोलमा अनिवार्य रुपमा दुमी भाषा बोलचाल गर्ने गराउने, नोरोङ गाउँको ऐतिहासिक थलो नु:रुकुको १८ गते शनिबार सबै जना जम्मा भई खोज तथा उत्खनन गरी जिर्णोदार गर्ने निर्णय भयो ।

दुमी थातथलोबाट दुमी भाषा, संस्कार-संस्कृति हराउँदै गएको वर्तमान अवस्थामा नोरोङ गाउँले आफ्नो भाषा, संस्कार-संस्कृति जोगाएर राखेको र भविष्यमा नोरोङ गाउँ दुमी भाषा, संस्कार-संस्कृतिको लागि विद्यालयभन्दा पनि विश्वविद्यालय, महाविद्यालय हो भन्नुभयो । ❑

# दुमी किरात राई फन्सीकीम दुम्कीम, जालपा दि.रु.म. न.पा.-१२, खोटाङको गतिविधिहरू

दुमी किरात राई फन्सीकीम केन्द्रीय कार्य समितिको अनौपचारिक रुपमा विक्रम सम्बत २०५५ अघिनै कार्य प्रारम्भ भएको र २०५५ सालमा विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय खोटाङमा दर्ता भएको दुमी किरात राईहरूको संस्था हो । दर्ता तथा स्थापना पश्चात यो २२ वर्षमा दुमी फन्सीकीमले विभिन्न कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ । यसैको क्षेत्रिय तथा भातृ संस्था दुम्कीम जालपा २०६५/०६६ सालतिर गठन तथा पुन गठन गर्दै आएर अहिले निरन्तर ३ कार्यकाल संचालन भइरहेको छ । दुकिराफ दुम्कीम जालपाले विभिन्न आवश्यकता, समस्याहरूको बावजुद आफ्नै पहलमा निर्धारित कार्यक्रमहरू पुरा गर्नलाई विधान, सिद्धान्त र आदर्श दुमीको पहिचान, ऐतिहासिक गढी थुम, थातथलो, उत्पतिथलो आदिको संरक्षण तथा सम्बर्द्धन गर्ने, भाषा, धर्म, संस्कृति संस्कारहरूको ऐतिहासिक खोज तथा अनुसन्धान गर्ने जस्ता कामहरू गरिरहेको छ ।

उद्धेश्य :-

- भाषा, धर्म, संस्कार-संस्कृतिको र ऐतिहासिक थातथलाको संरक्षण र सम्वर्द्धन गर्ने ।
- दुमकीमको संस्थागत विकास गर्ने ।

यस दुम्कीम जालपाको दोस्रो कार्यकाल २०७३ जेठ १७ मा पुन गठन तेस्रो कार्यकाल २०७६ जेठ २५ गतेदेखि हालसम्मका गतिविधि तथा उपलब्धीहरू यस प्रकार रहेको छ ।

१. संस्थागत विवरण

- विशिष्ठ सल्लाहकार सदस्य संख्या ३
- सल्लाहकार सदस्य संख्या ७
- कार्य समिति सदस्य संख्या १३ जना (५ महिला र ८ पुरुष)

**दुम्कीम जालपा, खोटाङको पदाधिकारी विवरण- २०७६**

| क्र.सं. | पदाधिकारीहरूको नाम, थर | पद | लिङग | | पाछा | सामे |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | |
| १. | रत्न कुमार राई | अध्यक्ष | | | हम्रुचु | बुसुरु |
| २. | प्रेम कुमार राई | उपाध्यक्ष | | | हम्रुचु | बुसुरु |
| ३. | निल प्रसाद राई | सचिव | | | राईचु | छाचुपु |
| ४. | सरस्वती राई | सह सचिव | | | राईचु | छेकुमा |
| ५. | चन्द्र कुमारी राई | कोषाध्यक्ष | | | सरचु | रुमाया |
| ६. | पञ्चवीर राई | सह कोषाध्यक्ष | | | खबचु | छाचुपु |
| ७. | रमेश राई | सदस्य | | | जिपुचु | छाचुपु |
| ८. | अतम्बर राई | सदस्य | | | तुरुचु | वाछपा |
| ९. | प्रेम राई | सदस्य | | | राईचु | छाचुपु |
| १०. | तेज बहादुर राई | सदस्य | | | राईचु | छाचुपु |
| ११. | विबासरी राई | सदस्य | | | छाचुङ | छेकुमा |
| १२. | सन्तोषी राई | सदस्य | | | रिप्लचु | रुमाया |
| १३. | चन्द्रकला राई | सदस्य | | | हम्रुचु | रुमाया |
| | जम्मा | | ५ | ८ | | |



२. संगठन सम्बन्धि विवरण

(समग्र कार्यक्रम संचालन गर्न यस वर्ष ४ वटा विभाग गठन गरिएको छ ।)

- भाषा, धर्म तथा संस्कृति विभाग/समिति
- आर्थिक विकास विभाग/समिति
- शिक्षा तथा संचार व्यवस्थापन विभाग/समिति
- संरक्षण तथा निर्माण विभाग/समिति

३. प्रशासनिक विवरण

- दुम्कीम स्थापना /गठन मिति -२०६५/०६६
- दोस्रो पुनः गठन २०७३/०२/१७ (११ सदस्यीय)
- तेस्रो कार्य समितिको निर्वाचन - २०७६ जेठ २५ गते अधिवेशनबाट
- अघिल्लो कार्य समितिको नियमित बैठक संख्या-१२
- हालको कार्य समितिको नियमित बैठक संख्या-४
- कार्यालय संचालन - सम्पर्क कार्यालय कार्यक्रम र बैठकको दिन मात्र खुल्नेछ ।

५. प्रगती

दोस्रो तथा तेस्रो कार्यकालमा सम्पन्न भएका गरेका क्रियाकलापहरूको विस्तृत तथा तथ्यांकीय गतिविधि निम्नानुसार रहेको छ ।

| क्र.सं. | गतिविधिहरू | लक्ष्य | प्रगती | कैफियत |
|---|---|---|---|---|
| १. | दुम्कीमको संस्थागत विकास कोष अभिबृद्धि (कार्य समितिका सदस्यले मासिक रु.२५। वचत र नगद सहयोग रसिदबाट) | | | |
| २ | देलकीम गठन २०७३ असोज | ७ | ६ | |
| ३ | दुमी किरात राई फन्सीकीम पाँचौं महाधिवेसन २०७३ कार्तिकमा बाक्सिलामा दुम्कीम जालपाको सहभागीता | १ | १ | ५जना प्रतिनिधि र १ वटा सांस्कृतिक टोलीको प्रस्तुती |
| ४ | दुकिराफ.को सहजीकरणमा जालपास्थित दुमीका पाछाहरूको वंशावली सच्याउनमा दुम्कीमको सहयोग | | | |
| ५ | सम्पर्क कार्यालयको व्यवस्थापन | १ | १ | स्व. जस ब. राईचुको घर |
| ६ | दुमकीम जालपा लोनालम ५०७८/०७९ (दुम्कीम भित्तेपात्रो २०७५) | १ पटक | १ | ५०० प्रति प्रकाशन |
| ७ | दुकिराफद्वारा आयोजित दुमी भाषा प्रयोग तथा प्रबर्द्धन कक्षा संचालनमा सहभागी ४ जनाले भाग लिएको | | | मिति २०७५/११/१८ देखि २०७६/०१/२८ सम्म |

| | | | | |
|---|---|---|---|---|
| ८ | दिरुम. नपा.१२ जालपाले गरेको नेपाल हुचिल तथा लाटकोसेरो महत्सव २०७५ मा सौजन्य (१ वटा ब्यानर सहयोग गरिएको) | | १ | |
| ९ | दुमी भाषा प्रबर्द्धन कक्षा संचालन २ दिने (२०७५।१२।२३ देखि २४गते) आयोजक दुकिराफ, मातृ भाषा नेपाल र हिमाली आदिबासी समाज नेपाल) | १ वटा | | ४४ जनाले भाग लिएको |
| १० | किरात राई यायोक्खा प्रारम्भिक कार्य समिति चिउरीडाँडा दोर्पाको आयोजनामा मिति २०७६/२/१३ - १४ गते राष्ट्रव्यापी साकेला सिली प्रतियोगीतामा दुम्कीम जालपाको सहभागीता | | १ | १३ जनाको १ टोली पठाईएको । |
| ११ | दुकिराफले बाक्सिलामा मिति २०७६/२/३१ मा आयोजना गरेको खुला साकेला सिली प्रदर्शनीमा जालपा दुमकीम सहभागीता | | | |
| १२ | किरात राई यायोक्खाको आठौं महाधिवेसन दिक्तेलमा दुम्कीम जालपाको सहभागीता | | १ | १ जना सदस्यले भाग लिएको । |
| १३ | दुकिराफ.के.का.स.को ऐतिहासिक छैंठौं महाधिवेसन मिति २०७६/०७/२ देखि ४ सम्म दुमकीम जालपाले व्यवस्थापन तथा आर्थिक लागत सहभागीता सो अवधिका उपलब्धि जालपा जरङखास्थित संझौता ढुंगाको उद्घाटन गर्न सफल | | | |
| १४ | दुकिराफ.के.का.स. केपिलासगढी बाक्सिलामा मिति २०७६/०९/१२ गते बैठक तथा छलफल कार्यक्रममा दुम्कीम जालपाको सहभागीता | | | जनाले भाग लिएको |
| १५ | दिरुम. न.पा.१२ जालपाको अनुदानमा दुम्कीम जालपाको कार्यालय स्तरउन्नति योजना वजेट रु.५०,०००। को सम्पन्न | | | सचिव निल प्रसाद राईको निवासमा कार्यालय सारेको । |
| १६ | संघीय संसदीय वजेटको सडक ट्र्याक निर्माण योजना (मिति २०७७/०३/२६-२७ मा जालपा ससर्का बरडाँडा हुसुङ्खा हुदै जरङ्खा दुमी सम्झौता ढुंगा सडक ट्र्याक निर्माणमा योजना उपभोक्ता समितिको सहकार्यमा १ दिनको व्यवस्थापन खर्च (खाना, खाजा) लागत सहभागीता दुम्कीम जालपाबाट ।) | | | |



अन्तमा, दुमी किरात राई फन्सीकीम दुम्कीम जालपा तथा सम्पुर्ण दुमीजनलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दलहरू, नगरपालिका, गाउँपालिका र सहयोगी निकायहरू साथै विभिन्न संघ, संस्था र स्थानीय व्यापारी तथा सल्लाहकार बुद्विजीविहरूप्रति हार्दिकताका साथ धन्यवाद ज्ञापन गर्दै आगामी कार्यक्रममा दुमी किरात राई फन्सीकीम दुमकीम जालपाले ल्याउने विभिन्न कार्यक्रमहरू संचालन गर्न बिगत वर्षहरूमा जस्तै सहयोगको अपेक्षा राख्दै यस फन्सीकीम ऐतिहासिक छैंठौ महाअधिवेसन २०७६ मा आफ्नो व्यस्त समयको बाबजुद पनि उपस्थित भई यस कार्यक्रमलाई सफल पारिदिनु भएकोमा प्रमुख अतिथि र सम्पूर्ण अतिथि महानुभावहरूमा दुमकीम जालपा, खोटाङ र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रतिवेदन यही अन्त गरेका छौं ।

सेवा, छीलछील (नमस्कार, धन्यवाद)

**दुकिराफ दुम्कीम जालपा कार्य समिति**

अध्यक्षः रत्न कुमार हम्रुचु दुमी राई
उपाध्क्षः प्रेम कुमार हम्रुचु दुमी राई
सचिवः निल कुमार राइचु दुमी राई
सह-सचिवः सरस्वती राइचु दुमी राई
कोषाध्यक्षः चन्द्र कुमारी हम्रचु दुमी राई
सह-कोषाध्यक्षः सन्तवीर खबचु दुमी राई
सदस्यः रमेश जिपुचु दुमी राई
,, अतम्वर तुरचु दुमी राई
,, प्रेम राइचु दुमी राई
,, बिवासरी छाचुङ दुमी राई ❑


# हार्दिक बधाई तथा शुभकामना

**किरात राई लेखक संघद्धारा छीरीयाम्लो (उधौली) को अवसर आयोजित साकेला महोत्सव-२०७७ खुल्ला कविता प्रतियोगीतामा दुमी वंशका एक नवोदित कवि प्रयाश दुमी राईले लेख्नुभएको सीली शीर्षकको कविताले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएकोमा प्रयाश दुमी राईलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी साहित्यीक यात्रा सफल र निरन्तर रुपमा अघि बढोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।**

**इसीलीम परिवार**

# दुमी किरात राई फन्सीकीम, दुमकीम, लाम्दीजाको गतिविधि

**१. यलम्बर दिवश औपचारिक शुरुवात**

गत २०७६ साल माघ १ गतेबाट ऐतिहासिक केपिलासगढीमा औपचारिक रूपमा यलम्बर दिवस तथा किरात नयाँ वर्ष धुमधाम मनाउने चलनको शुरुवात गरिएको छ । दुकिराफ, दुम्कीम लाम्दीजाको व्यवस्थापनमा सम्पन्न यस कार्यक्रममा विभिन्न देलकीम, सत्म रिड्दु रुसुकीम र केपिलासढी गाउँपालिकाले समेत उल्लेख्य सहयोग गर्दैआएको छ ।

केपिलासगढी गा.पा. प्रमुख श्री कृष्ण कुमार लुप्पो दुमीराई, प्रमुख प्रशासकीय अधिकृत श्री छवीलाल हम्रूचु दुमीराई, वडा न. २, ३, ४ र ५ का अध्यक्षहरूदेखि लिएर ८६ वर्षिय बयोवृद्ध पुर्खा श्री जुक्तबहादुर दिम्मचु राई, किरायाका पूर्व नक्छो श्री अष्टबहादुर हदी दुमीराई, नक्छो श्री बिर्ख बहादुर दुमीराई लगायतका विशिष्ट व्यक्तित्वहरूको आतिथ्यता रहेको यस कार्यक्रममा देशभरका ७५३ स्थानीय तहहरूमध्ये दुमी समुदायबाट निर्वाचित एकमात्र स्थानीय तह प्रमुख श्री कृष्ण कुमार लुप्पो दुमीराई र सह-प्राध्यापक (त्रिवि) एवं दुकिराफ संस्थापक/निवर्तमान अध्यक्ष तथा संरक्षक श्री चतुरभक्त सत्म दुमीराईको संयुक्त बाहुलीबाट केपिलासगढी दरबारक्षेत्रभित्र दुकिराफको झन्डा फहराउने तथा केपिलासगढी संरक्षणका निमित्त ३ रोपनी ११ आना जग्गा निःशुल्क दान गर्नुहुने दानवीर व्यक्तित्व श्री अष्टबहादुर हदी दुमीराईको सम्मान चौतारो उद्घाटन गरिएको छ ।

२०७६ जेठ-असार महिनामा प्रदेश नं. १ को बजेटद्वारा केपिलासगढी दुमकीम र केपिलासगढी संरक्षण तथा पुनर्उद्धार समितिको सक्रियतामा पर्या-पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत जिर्णोद्धार गरिएको यस स्थानमा हरेक वर्ष साउन २ गते र माघ १ गते नियमित रूपमा मेला लाग्ने गरेको छ भने विभिन्न समयमा थप संरचना निर्माण तथा सूचनापाटीहरू राखिएपछि हाल शैक्षिक भ्रमण, ऐतिहासिक साँस्कृतिक अध्ययन र मनोरन्जनात्मक घुमफिरको लोकप्रीय गन्तव्यको रूपमा स्थापित हुँदै गइरहेको छ ।

**२. केन्द्रीय भवन प्राङगणमा सुबुलु (शक्तिशिला) स्थापना**

दुकिराफ केन्द्रीय भवन लाम्दीजाको आँगनमा एक अनौठो पुरातात्विक आकर्षक ढुङ्गा स्थापना गरिएको छ । नारी-पुरुष मानव आकृतिहरू हातहतियारसहित मुखामुख गरी उभिएफैँ देखिने यस अनुपम कलात्मक ढुङ्गा तीन वर्ष अघि सप्तेस्वर बाक्सिला सडक खन्ने क्रममा बाघचाले डाँडा भन्ने स्थानमा पहिलोचोटी देखा परेको थियो । दुई वर्षसम्म अलपत्र अवस्थामा रहेको यो ढुङ्गाको संरक्षणमा स्थानीय कसैले चासो नदेखाएपछि दुमकीम लाम्दीजाको निर्णयअनुसार मिति २०७६ फागुन २२ गते बिहिबारका दिन केन्द्रीय भवन प्राङ्गणमा संरक्षणार्थ स्थापना गरिएको हो । स्थापनाका क्रममा दुकिराफ संरक्षक श्री चतुरभक्त राई, पूर्व केन्द्रीय सह-कोषाध्य श्री दुर्गा बहादुर राई, पूर्व के. सदस्य पदम राईलगायत गैरीगाउँवासी दुमीजनको तीन दिनसम्मको कडा परिश्रमको फलस्वरूप स्थापित यस ढुङ्गा किरातहरूको भनाईमा भुमे र गैर किरातहरूको शक्तिपुन्जको स्वरूप मानिएको हुनाले यसलाई सुबुलु 'शक्तिशिला' नाम दिइएको छ ।

**३. जनगणना २०७८ सम्बन्धि चेतनामूलक अभियान सञ्चालन**

यही २०७८ साल जेठ-असार महिनामा सम्पन्न गरिने बाह्रौं राष्ट्रिय जनगणनामा दुमी किरात राईहरूको सत्य र तथ्यपरक तथ्याङ्क आउन सकोस् भन्ने उद्देश्यले नेपाली भाषामा ४ वटा फ्लेक्सहरू बनाई बाक्सिला बजार प्रवेश गर्ने नाकाहरूमा राखिएको छ भने तथा ३०० पर्चा बनाई प्रचारप्रसार गरिएको छ । दुकिराफ दुम्कीमको तर्फबाट दुमी प्रोफाइल बनाउने योजना बनाइएको भएतापनि विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको आतङ्कका कारण हाललाई स्थगीत गरिएको छ ।

**४. चुचुदह संरक्षण अध्ययन भ्रमण**

खार्मी क्षेत्रका पाँच पाछाका दुमीहरूको जिउँदो इतिहाससँग जोडिएको चुचुदह/चाप्चादह कहाँ र कुन हो भन्ने विषयमा पछिल्लो समय उठ्न थालेको विवाद हल गराउने उद्देश्यले दुमकीमको टोलीले गत २०७६ चैत्र ८ गते शनिबार र २०७७ पौष १३ गते सोमबारका दिन विभिन्न स्थानीय ज्ञाता पुर्खाहरू तथा अध्येताहरूसँग स्थलगत भ्रमण र अध्यायन अवलोकन गरी सत्यतथ्य जानकारी लिने काम गरेको छ । अध्ययन भ्रमण पश्चात त्यहाँको इतिहास उजागर गर्ने प्रकारको सान्दर्भिक संरचना/पूर्वाधार विकासमा लाग्नुपर्ने निश्कर्षका साथ एक चुचुदह संरक्षण, जिर्णोद्धार तथा विकास समिति गठन गर्ने उद्देश्यले केलासी, चोखुम, बिखर्कु, रुद(ध)ालुङतिर सरसल्लाह शुरु गरिएको छ ।

**५ छेन्ताङगे समाधिस्थल संरक्षण**

लाम्दिजामा दुकिराफ केन्द्रीय भवनको पश्चिमतर्फ रहेको सात पुस्ता अघि नेपाल दरबारसम्म पुगी रानीको उपचार गरेको इतिहास भएका रावाखोला क्षेत्रकै सबभन्दा सिपालु र चर्चित नक्छो छेन्ताङ्गेको समाधिस्थललाई केही वर्षअघि मैदान सम्याउने क्रममा केही क्षति पुग्न गएकोमा पुनः जिर्णोद्धार गरी संरक्षण गरिएको छ । स्मरण रहोस्, उनीपछि उनका शाखा सन्तानमा पाँचजना प्रख्यात धामीहरू उत्रिएका थिए र हाल साक्सिला गाउँमा रहेका लुप्पो पाछाका दुमीहरू उनैका सन्तान हुन् ।

**६. भुमे स्थापना तथा मौलिक दुमी सिली प्रशिक्षण कार्यक्रम :**

लाम्दीजा क्षेत्रका अधिकाँश गाउँहरूमा सिली नाच्न र भूमेपुजा गर्न छाडिएको कटुसत्यतालाई ध्यानमा राखी २०७७ सालको बैशाख महिनामा दस्क(ख)ते गाउँमा भूमे स्थापना गरी उभौली तथा उधौलीमा साकेला नाच्ने चलनको शुरुवात गरिएको छ भने गैरीगाउँ, हल्कुम आदि पुराना भुमेस्थानहरूमा उधौलीमा समेत पूजा र सिली नाच्ने प्रचलनको थालनी गरिएको छ । त्यसैगरी आसपासका छिमेकी गाउँहरूसँग पूजा र सिली कार्यक्रम नजुधोस् भन्ने उद्देश्यले आपसी कार्यक्रम तालिका पनि निर्माण गर्ने काम गरिएको छ । ❑

# दुमी किरात राई फनिसकीम दुमकीम खार्मी गठन

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११, खार्मी दुमकीमको निम्नअनुसार समिति गठन भएको छ ।

| क्र.सं. | पद | नाम थर |
|---|---|---|
| १ | अध्यक्ष | श्री राजबहादुर दुमी राई |
| २ | उपाध्यक्ष | श्री दिलकुमार दुमी राई |
| ३ | " | श्री रमेश दुमी राई |
| ४ | सचिव | श्री प्रकाश दुमी राई |
| ५ | सह-सचिव | श्री देवीकला दुमी राई |
| ६ | कोषाध्यक्ष | श्री सिर्जना दुमी राई |
| ७ | सहकोषाध्यक्ष | श्री धिरेन दुमी राई |
| ८ | सदस्य | श्री हर्कराज दुमी राई |
| ९ | " | श्री ढकमणी दुमी राई |
| १० | " | श्री कुलबहादुर दुमी राई |
| ११ | " | श्री सरस्वती दुमी राई |
| १२ | " | श्री चन्द्रप्रसाद दुमी राई |
| १३ | " | श्री उमेश दुमी राई |
| १४ | " | श्री शिवजी दुमी राई |

सल्लाहकार हरूको नामावली

| क्र.सं | पद | नाम थर |
|---|---|---|
| १ | सल्लाहकार | श्री कृष्णकिशोर दुमी राई |

| | | |
|---|---|---|
| २ | ,, | श्री ध्यान बहादुर दुमी राई |
| ३ | ,, | श्री बलराम दुमी राई |
| ४ | ,, | श्री अलेख बहादुर दुमी राई |
| ५ | ,, | श्री दिलबहादुर दुमी राई |
| ६ | ,, | श्री रामचन्द्र दुमी राई |
| ७ | ,, | श्री गञ्ज बहादुर दुमी राई |
| ८ | ,, | श्री धनचन्द्र दुमी राई |
| ९ | ,, | श्री हर्कराज दुमी राइ |
| १० | ,, | श्री श्याम कुमार दुमी राई |

## दुमी किरात राई फन्सीकीम

आजीवन सदस्य नामावली २०७७ माघ २४ गते शनिबार

| क्र.सं. | नाम | ठेगाना | हाल |
|---|---|---|---|
| ८०. | श्री सुमन दिम्मचु | चोखुम, खोटाङ | चाबहिल, काठमाण्डौ |
| ८१. | श्री दिनेश मुरह | दम्कु, खोटाङ | काठमाण्डौ |
| ८२. | श्री कीर्ति कुमार हलक्सु | माक्पा, नोरोदेल, खोटाङ | |
| ८३. | श्री गिनिता हलक्सु | माक्पा, नोरोदेल, खोटाङ | आरुबारी, काठमाण्डौ |
| ८४. | श्री दुर्गा शोभा रंकासु | हल्कुम, लाम्दीजा, खोटाङ | भीमसेनगोला, काठमाण्डौ |
| ८५. | श्री अनिता हदी | हल्कुम, लाम्दीजा, खोटाङ | भीमसेनगोला, काठमाण्डौ |
| ८६. | श्री मेनु सत्म राई | दारेगौंडा, खोटाङ | गोकर्ण, काठमाण्डौ |
| ८७. | श्री सन्तोष दुमी | सप्तेश्वर, खोटाङ | बनियाटार, काठमाण्डौ |
| ८८. | | | क्रमशः ४ |


# हार्दिक शुभकामना

अर्धवार्षिक दुमी भाषिक पत्रिका इसीलीमको २१ र २२ औं अङक प्रकाशन हुन गइरहेको तथा किरात यले थो ५०८१ को शुभ अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दै सीमेभूमे, सुप्तुलु, युङखुलु एवम् सुम्नीमा-पारुहाङले हामी सबैको रक्षा गरुन् भन्ने कामना गर्दछौं ।



**बन्दना अर्गानिक कृषि फार्म प्रा. लि.**

गोकर्णेश्वर न.पा.-२, नयाँ पाटी

प्रो. मातेराज सत्म दुमी राई






# दुमी भाषामा रहेका स्थान नामहरू

**बेप्ला क्षेत्र**

१. खाम्ला
२. लीलादेल
३. राप्छाकु
४. खुइसुङ
५. हीमाकु
७. रुवाकु
८. चउखुकु
९. साम्सर्माकु
१०. डीमा होमा
११. ओदास्कु
१२. साउनेकु
१३. सुदेलकु
१४. छेन्तानीकु
१५. दोखक्पु
१६. रीलक्कु
१७. दलस्कु
१८. च्यार्खुकु
१९. बीसारु
२०. फाम्तापा
२१. बुसु
२२. दुम्नी
२३. खुडी नुमुरु
२४. सतीनुपो सुलुम
२५. माखी ख्लीबापो सुलुम
२७. गोवा हुनुपो नुमुरु
२८. महाकुम नुमुरु
२९. बीमाने नुमुरु
३०. डीमा होमा

**इलीम क्षेत्र**

१. हेलेकु चरेकु
२. ललीकु
३. छीर्कुमीर्कु
४. दीबु
५. हलकुफार
६. चर्सीबु
७. बार्सीफार
८. काल्सीफार
९. लीगसी दु
१०. रुवाकु
११. सुबुकु
१२. पातलकु
१३. दीलक्तु लु
१४. साम्फे लु

*संकलकः बिर बहादुर हजुर दुमी राई, भुपध्वज हजुर दुमी राई, धन बहादुर हजुर दुमी राई*

**बाक्चुवा क्षेत्र**

१. छीलु

बाक्चुवा गाउँबाट पूर्वतफ १ कि.मि. टाढा छीलु भन्ने स्थान रहेको छ । जुन स्थानमा सूर्यको प्रकाश कम लाग्ने भूगोल भएको, सेपिलो, ओसिलो भएको हुँदा दुमी भाषामा छीलु, छीली नामाकरण भएको पाइन्छ ।

२. चारीकु
३. हुन्दुपु
४. बाक्चुवा
५. युङ्खुली

**नोरोङ क्षेत्र**

१. कङकु धाम्रो
२. कोलोक्सी
३. फुसुनम्सा
४. रुचङकु
५. जुपेसी
६. दालीलु
७. लोसे
८. ग्रनम्दु
९. दुलुपा
१०. नोरोकु
११. खाराकु
१२. हेलेकु
१३. साउरीम
१४. घीवा
१५. चोमा
१६. बन्पा
१७. कुरसी पाखा
१८. बीच्चो
१९. दोचेर्कु
२०. पोक्चेमा
२१. रेलु
२२. खस्सा कङकु
२३. सोङगारा

संकलन- देल्कीम नोरो

❑

## ढोल बनाइयो

देल्कीम नोरोङले तोसु (साकेला) नाचको लागि ५ वटा ढोल बनाएको छ। हरेक वर्ष मनाइने उभौली (धीरीयाम्लो) र उधौली (छीरीयाम्लो) मा नाचिने तोसु (साकेला) नाचको लागि गत उभौली (धीरीयाम्लो) को अवसरमा उक्त ढोल बनाइएको हो। कोभिड-१९ को कारण हुन गएको लकडाउनको सदुपयोग गर्दै देल्कीम नोरोङको अगुवाइमा तीन दिन लगाएर ढोल बनाइएको हो।

रुख काट्ने र खोप्ने काममा प्रयास दुमी राई, निरोज दुमी राई, बिवेक दुमी राई, किर्ति कुमार दुमी राई, सन्तोष दुमी राई, गोकुल दुमी राई, नबिन दुमी राई, टेक बहादुर दुमी राई, अरुण दुमी राई, हुतराज दुमी राई, कविराज दुमी राई, लोचन दुमी राई, बसन्त दुमी राई, ढोल मोहोर्ने काममा उदिप दुमी राई, खेमराज दुमी राई, चक्र बहादुर दुमी राई, ख्याम कुमार दुमी राई, ईश्वर दुमी राई, डम्बर दुमी राई, टंक बहादुर दुमी राई, प्रेम कुमार दुमी राई, हिराकाजी दुमी राई, मिलन दुमी राई, सिजन दुमी राई, टिकाराम दुमी राई, टंकराज दुमी राई, धन कुमार दुमी राई, ज्ञान बहादुर दुमी राई र पुर्खा जस बहादुर दुमी राई संलग्न रहनु भएको थियो।





### दु.कि.रा.फ. छैटौं महाधिवेशन सम्पन्न

दुमी किरात राई फन्सीकीमको छैटौं केन्द्रीय महाधिवेशन सम्पन्न भएको छ। वि.सं. २०७६ साल कार्तिक २ र ३ गते दिक्तेल रुपाकोट मझुवागढी न.पा.-१२ जालपामा भएको महाधिवेशनमा तीन वर्षको लागि डा. नेत्रमणि हलक्सु दुमी राईको नेतृत्वमा २१ सदस्यीय केन्द्रीय कार्य समिति चयन भएको छ। महाधिवेशन उद्‌घाटन समारोहको प्रमुख अतिथी केपीलासगढी गा.पा. अध्यक्ष श्री कृष्ण कुमार राई रहनु भएको थियो।

कार्यक्रममा राष्ट्रिय तथा स्थानीय कलाकारहरूको सांगीतिक प्रस्तुती रहेको थियो। लब्धप्रतिष्ठित संगीतकार तथा गायक कुवेर रत्कु दुमी राईले गीत गाएर मनोरञ्जन प्रदान गर्नुभयो। जालपा मा.वि. र ज्योती मा.वि.का विद्यार्थी भाइबहिनीहरूले साकेला नाचको साथै अन्य नृत्य प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर, माक्पा, धरान, काठमाडौ, भोजपुर, दार्जीलिङ, सिक्किमलगायतका ठाउँहरूबाट दुमी प्रतिनिधिहरूको सहभागीता रहेको थियो।

### विभिन्न व्यक्तित्वहरू सम्मानित

दिक्तेल रुपाकोट मझुवागढी न.पा.-१२ जालपामा आयोजित दुमी किरात राई फन्सीकीमको छैटौं महाधिवेशनको अवसरमा जालपा क्षेत्रका दुमी समुदायभित्रका सबैभन्दा जेष्ठ एक महिला र एक पुरुष व्यक्तित्वलाई सम्मान गरिएको छ। दि.रु.म.न.पा.-१२ जालपाका ९७ वर्षिय लाल ब.जीपुचु दुमी राई र ९३ वर्षिय पत्थरशिला छाचुङ दुमी राई सम्मानित हुनु भएको हो। प्रमुख अतिथी श्री कृष्ण कुमार राई तथा संस्थाका अध्यक्ष श्री चतुरभक्त दुमी राइले फेटा तथा दोसल्ला ओढाएर सम्मान गर्नुभएको हो।

त्यसै गरी सुमधुर स्वरका धनी लब्धप्रतिष्ठित संगीतकर्मी तथा गायक कुवेर रत्कु छछपा दुमी राई र प्राज्ञिक व्यक्तित्व श्री सचेन सत्म दुमी राई पनि सम्मानित हुनु भएको छ। 'मायाले मूलबाटो भुलेछ' जस्ता कालजयी गीत गाउनु भएका गायक राई र चार दशकको सफल अध्यापनपछि प्रधानाध्यापककै जिम्मेवारीबाट अनिवार्य अवकाश लिनुभएका प्राज्ञिक राईलाई दु.कि.रा.फ. अध्यक्ष श्री चतुरभक्त दुमी राई र प्रमुख अतिथी श्री कृष्ण कुमार दुमी राईले फेटा गुथाइ सम्मानपत्रका साथ सम्मान गर्नुभएको हो। गायक राई रावाखोला बाक्सिलाबाट पाँच पुस्ता अघि इलामको श्रीअन्तु तत्कालीन वडा नं. ७, हाल सूर्योदय नगरपालिकामा परिवारसहित बसोबासरत हुनुहुन्छ। आजभन्दा तीन पुस्ता अघिमात्र खोटाङ बाक्सिलाबाट दार्जिलिङ बसाई सरी गएका जगमान सत्म रिङ्दु दुमी राईको नाती सचेन सत्म दुमी राई हाल दार्जिलिङको घुम सुकिया बस्तीमा बसोवास गरिरहनु भएको छ।

### दोलोकुम्मा अक्षय कोष स्थापनार्थ रकम सङकलन

किरातीहरूको महान चाड उधौली (छीरीयाम्लो) तथा उभौली (धीरीयाम्लो) लाई व्यवस्थित गर्न तथा आर्थिक व्यवस्थापन गर्न एक दोलोकुम्मा अक्षय कोषको स्थापनाको लागि रकम संकलन कार्य सुरु भएको छ। कोषको लागि पहिलो चरणमा संस्थाकै पदाधिकारीहरूबाट सुरु गरिएको यस कोषमा तपसिल बमोजिम रकम प्राप्त भएको छ।

**तपसिल**

१. डा. नेत्रमणि दुमी राई -रू. ११,१११/-
२. सन्तोष दुमी -रू. १,१११/-
३. रत्नमाया साम्पाङ दुमी राई -रू.६,१००/-
४. सुरेस दुमी राई -रू. २,०२०/-

५. अनिता दुमी राई -रू.५,५००/-
६. मातेराज दुमी राई -रू.६,००५/-
७. तेजमाया दुमी राई -रू.२,००५/-
८. नवीन दुमी राई -रू.२,००५/-
९. दौ बहादुर दुमी राई -रू.२,१६५/-
१०. सरिता दुमी राई-रू.१,००५/-
११. गणेशभक्त दुमी राई रू.२०,१०५/-

**सौजन्यमा आल्मारी (र्‍याक) र भित्ते घडी प्राप्त**

दुमी किरात राई फन्सीकीम सम्पर्क कार्यालय काठमाडौंको लागि श्री मणिकुमार थुलुङ राईबाट दुई वटा आलमारी (र्‍याक) उपहारस्वरुप प्राप्त भएको छ। राईले गत पुस २ गते बुधबार दु.कि.रा.फ.लाई उक्त सामाग्री हस्तान्तरण गर्नुभएको हो । यसले फन्सीकीमले प्रकाशन गर्ने आएको इसीलीमलगायतका सामाग्रीहरूको व्यवस्थापन गर्न सहज भएको छ।

त्यसै गरी दुमी किरात राई फन्सीकीम, दुम्कीम काठमाडौं सदस्य मेनु सत्म दुमी राईले किरात यले थो ५०८१ को अवसरमा दु.कि.रा.फ.लाई भित्ते घडी उपहार स्वरुप प्रदान गर्नुभयो।

**ससीलु दु.कि.रा.फ.संरक्षणमा**

खबचु र हमरुचुका पुर्खाहरूबिच भाइ सरह एकता कायम गर्न, आपसमा विवाह नगर्न र पारस्परिक सहयोग प्राप्त गर्न भनी सम्झौता भएको ढुंगा ससीलु (सम्झौताढुंगा) दु.कि.रा.फ.लाई प्राप्त भएको छ । वि.सं. २०७६ कार्तिक २ र ३ गते जालपामा सम्पन्न दुकिराफ छैटौं महाधिवेशनको अवसरमा दिक्तेल रुपाकोट मझुवागढी न.पा.-१२ जालपा निवासी श्री सुसे थुलुङ जरंखाली राईको परिवारले उक्त ऐतिहासिक थलो **ससीलु** निःशुल्क रुपमा फन्सीकीमलाई हस्तान्तरण गर्नुभएको हो।

**मातृभाषा कविता वाचन**

अन्तर्राष्ट्रिय मातृभाषा दिवस २०२० को अवसरमा नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान काठमाण्डौंद्वारा आयोजना भएको राष्ट्रिय मातृभाषा कविता महोत्सव-२०७६ मा तेजमाया मुरह दुमी राईद्वारा "सुलीचुङ चो" नामक कविता वाचन भएको थियो।

**दुमी वनभोज कार्यक्रम आयोजना**

दुमी किरात राई फन्सीकीम र दुम्कीम काठमाडौंको संयूक्त आयोजनामा काठमाडौंस्थित गोकर्ण शान्तिपार्कमा चौथो दुमी वनभोज (दुमी साउलोजा) कार्यक्रम सम्पन्न भएको छ। यले थो ५०८० को अवसरमा शुभकामना आदान-प्रदान गर्न वि.सं. २०७६ साल माघ ११ गते शनिबार साउलो जा कार्यक्रमको आयोजना गरिएको हो। कार्यक्रममा उपत्यकाबासी दुमीजनका साथै साम्पाङ, कोयीलगायत अन्य आफन्तजनको सहभागीता रहेको थियो।

**चिनागढीमा जगा खरिद**

केपिलासगढी गा.पा. अन्तर्गत पर्ने ऐतिहासिक गढीडाँडामा पर्ने चिनागढीमा फन्सीकीमले जग्गा खरिद गरेको छ। केपिलासगढी तथा चिनागढी क्षेत्रमा जग्गा खरिद गरी गढी क्षेत्रको क्षेत्रफल बढाउनेतर्फ संस्था प्रयासरत रहेको अवस्थामा स्थानीय खत्रीबन्धुबाट रू.३,३०,०००/-(अक्षरुपी तीन लाख रुपैयाँ) मा संस्थाले जग्गा खरिद गरेको हो।

**फन्सीकीम भवन निर्माण कार्य सम्पन्न**

दुमी किरात राई फन्सीकीम केन्द्रीय कार्यालय बाक्सिला खोटाङको भवनमा बरण्डा, बाहिरी कौसी, भर्‍याङ र चौघेरा निर्माण कार्य सम्पन्न भएको छ। वि.सं. २०६६ साल जेठ २० गते संस्थाको चौथो महाधिवेशन उद्घाटनसँगै शिलान्यास गरी निर्माण कार्य



सुरु गरिएको फन्सीकीम भवन २०७३ साल कार्तिक ८ गते पाँचौ महाधिवेशनसँगै उद्घाटन गरिएको थियो। २०७६ साल कार्तिक ३ गते सम्पन्न छैटौं महाधिवेशनपश्चात भवनको बाँकी निर्माण कार्यलाई निरन्तरता दिई निर्माण कार्य सम्पन्न भएको हो।

**दु.कि.रा.फ. विधान संशोधन**

दुमी किरात राई फन्सीकीम विधान -२०५५ संशोधन गरी प्रकाशन गरिएको छ । संशोधन गरी दुकिराफ-२०५५ (चौथौ संशोधन-२०७६) जम्मा ५०० प्रति प्रकाशन गरिएको हो। सचेत एवं जिज्ञासु दुमी समुदायबीच संस्थाको संशोधित विधान पुर्‍याउने उद्देश्यका साथ संस्थागत रुपमा विधान बिक्रीवितरण भइरहेको छ।

**यलखोममा फन्सीकीम कार्यालय व्यवस्थापन**

यलखोममा दुमी किरात राई फन्सीकीम सम्पर्क कार्यालय व्यवस्थापन गरिएको छ। काठमाडौंस्थित कपन लाखेपोखरीमा रहेको कार्यालयमा संस्थाको सम्पूर्ण सामाग्रीहरू व्यवस्थापन गरिएको छ। सम्पर्क कार्यालय व्यवस्थापनपछि संस्थाको नियमित बैठक तथा छलफल कार्यक्रम आफ्नै कार्यालयमा हुँदै आएको छ।

**युट्युव च्यानल सञ्चालनमा**

दुमी किरात राई फन्सीकीमको आधिकारिक युट्युव च्यानल सञ्चालनमा आएको छ। संस्थाको विगत, वर्तमान र भावी कार्यदिशाको साथै दुमी व्यक्तित्वहरूको अनुभव, अनुभूति र दृष्टिकोणहरू समुदायमा पुर्‍याउने उद्देश्यले संचालनमा ल्याइएको च्यानलमा हालसम्म छैटौं श्रृंखलासम्म दुमी व्यक्तित्वहरूको अनुभव, अनुभूति र दृष्टिकोणहरू समावेश गरी सकिएको छ। युट्युवमा गई Dukirafa chanal सर्च गरी जहाँसुकै बाट हेर्न र सुन्न सकिन्छ।

**दु.कि.रा.फ. वेभ साईट पुनःसञ्चालनमा**

दुमी किरात राई फन्सीकीम संस्थाको नाममा आफ्नै वेभ साईट पुनः सञ्चालनमा आएको छ। दुमी वंश एवं समुदायको इतिवृति एवं संस्थाको गतिविधिलाई पुनर्ताजकीकरण एवं दस्तावेजीकरण गर्नको लागि आधिकारिक रुपमा संस्थाको वेभ साईट सञ्चालनमा ल्याइएको हो । विगतका वर्षहरूमा संस्थाको नाममा वेभ साईट सञ्चालन गरिएको भएता पनि विविध कारण निरन्तरता दिन सकिएको थिएन। संस्थाको रू.२५,०००/- हजार लागतमा हाल आएर www.dumikiratrai.org.np नामको वेभसाइट पुनः सञ्चालनमा ल्याइएको हो।

**सहयोग समिति गठन**

दुमी भाषा, संस्कार सम्वर्द्धन गर्ने उद्देश्यका साथ दुम्कीम सप्तेश्वरमा "दुमी भाषा, संस्कार सम्वर्द्धन सहयोग समिति सप्तेश्वर" गठन भएको छ। सप्तेश्वर दारेगौडा निवासी **सिताराम सत्म दुमी राई**को संयोजकत्वमा ११ सदस्सीय सहयोग समिति गठन गरिएको हो। समिति सदस्यहरूमा जित बहादुर सत्म दुमी राई , प्रेमकुमार दुमी सत्म राई, मिनराज सत्म दुमी राई, ज्ञानु सत्म दुमी, हेमबहादु सत्म दुमी राई, राज सत्म दुमी, मिना सत्म दुमी राई, मनिकुमार दुमी राई, अनिल दुमी राइ, ईश्वर सत्म दुमी राई रहनु भएको छ। गत पुस १४ गते मंगलबार दुकिराफ पूर्व अध्यक्ष तथा संरक्षक चतुरभक्त सत्म दुमी राई र दुकिराफ अध्यक्ष डा. नेत्रमणि हलक्सु दुमी राईको उपस्थितीमा उक्त समिति गठन गरिएको हो। ❑

# दुमी किरात राई फन्सीकीम प्रथम बार्षिक प्रतिवेदन २०७७ कार्तिक ८ गते शनिबार

झाराबी सेवा,

बर्षदिन अघि (२०७६ साल कातिक ०३ गते आईतबारको दिन) जालपा, खोटाङमा सम्पन्न दुमी संस्था 'दुकिराफ' को छैटौं महाधिवेशन पश्चात् संस्थाको तर्फबाट भए/गरिएका समसामयिक गतिविधिहरूको संक्षेपिकृत विवरणसहित बार्षिक संस्थागत प्रतिवेदनको सार देहाय बमोजिम प्रस्तुत छ।

**(१) संरक्षक, संस्थापक, सल्लाहकार, परामर्शक मनोनयन**

दुमी संस्था 'दुकिराफ' लाई अपेक्षित दिशा र गतिमा सुव्यवस्थित एवं सामुहिक अपनत्वका साथ अघि बढाउने सिलसिलामा संस्थाप्रति जिम्मेवार, शुभेच्छुक एवं जिज्ञासु स्थानीय लब्ध प्रतिष्ठित अग्रज एवं जेष्ठ दुमी व्यक्तित्वहरू मध्येबाट विधानतः संस्थाको संरक्षक, सल्लाहकार, परामर्शक आदिको मनोनयन गर्ने कार्य जारी छ।

**(२) संस्थागत मासिक नियमित बैठक**

स्थानीय तहमा देलकीम, दुमकीम र फन्सीकीम पदाधिकारी एवं यथासम्भव संरक्षक, सल्लाहकार र परामर्शकहरूबीच सहअस्तित्व, सहकार्य एवं आपसी सहजीकरणको माध्यमबाट स्वस्फूर्त (मासिक पहिलो शनिबारका दिन) बैठक सञ्चालन गर्ने परिपाटिको विकास गरिएको छ। दुमी समुदाय र संस्थाको उपस्थिति रहेको सबै ठाउँमा नियमित बैठक बसी योजना तथा कार्यक्रमको कार्यान्वयन, मूल्याङ्कन एवं समीक्षा गरिँदै आइएको छ। (यस सन्दर्भमा "कोभिड १९ को प्रकोप" को कारण विगत बैसाख महिनादेखि भर्चुअल बैठक मार्फत कार्यसमिति तथा अन्य जिज्ञासुजन समेतको उपस्थितिबीच नियमित रूपमा मासिक बैठकलाई निरन्तरता दिने काम हुँदै आएको छ।)

**(३) २०७६ सालको देउसीभैलो**

दिपावलीको अवसरमा रावाखोले दुमी लोकभाकामा आधारित मारुनी नाचका साथ दुमी बसोबास क्षेत्रमा देउसी (भैलो कार्यक्रम सम्पन्नन गरिएको छ। सो अवसरमा यलखोममा दुमी तथा गैरदुमीजनबाट दान(दक्षिणा स्वरूप प्राप्तारसंकलित रकममध्येबाट खर्च कटाइ बचत मौजदात रू. १,१८,९७०।- (एक लाख अठार हजार नौसय सत्तरी रूपैयाँ) 'दुकिराफ' संस्थाको विभिन्न कोषहरूमध्येको एक संस्कार-संस्कृति विभाग अन्तर्गतको कला तथा साङ्गीतिक (गीत-सङ्गीत) कोषमा समायोजन गरिएको छ। विस्तृत विवरण आगामी इसीलीम अंक २१-२२ मा प्रस्तुत गरिने छ।)

**(४) साकेला उधौली २०७६**

यसै बर्षदेखि यलखोममा बैसाखे र मंसिरे पुर्णेको दिन गोकर्णस्थित शान्तिपार्क भुमेस्थलमा र त्यसपछिको शनिबार उपत्यकाको केन्द्रविन्दु मानिने टुँडिखेलमा भव्यतापूर्वक ठेट दुमी साकेला/तोसी सीली सम्पन्न गर्ने कार्यको सुरुवात गरिएको छ। यसरी नै दुमी थातथलो 'खाजाबासमा' अन्तर्गतका दुमी गाउँहरू लगायत सुनसरी (धरान, तरहरा तथा अन्य ठाउँहरू) र अन्य विभिन्न दुमी सघन बसोबास क्षेत्रहरूमा दुमी समुदायको स्वस्फूर्त उपस्थितिबीच ठेट रावाखोले 'दुमी साकेला सीली' सम्पन्न गरिएको छ।

**(५) २०७६ सालको दुमी वनभोज कार्यक्रम**

उपत्यकाबासी दुमीजनका साथै साम्पाङ र कोयी लगायत अन्य उल्लेख्य शुभचिन्तक आफन्तजन समेतको स्वस्फूर्त एवं सौहार्द्रपूर्ण उपस्थितिबीच यलखोमस्थित शान्तिपार्क गोकर्णमा चौथो दुमी वनभोज कार्यक्रम सम्पन्न गरियो। सो कार्यक्रमबाट उठेको रकममा खर्च कटाई बचत मौजदात रू. १४,६००।- (चौध हजार छसय रूपैयाँ) दोलोकुम्मा समृद्धि कोषमा मिलान गरिएको छ।

हालसम्म दोलोकुम्मा कोष रू १,०३,५०८।- (एक लाख तीन हजार पाँचसय आठ रूपैयाँ) दाताहरूबाट कोषमा संकलन गर्ने क्रम जारी छ। दोलोकुम्मा कोषबारेको विस्तृत विवरण आगामी इसीलीम अंक २१-२२ मा प्रस्तुत गरिने छ।

**(६) चिनागढीमा जग्गा खरिद**

गढीडाँडा (केपिलासगढी तथा चिनागढी गरी दुवैको सोलोढोलो क्षेत्र) अन्तर्गतको चिनागढीमा केपिलासगढी पर्यापर्यटन प्रवर्द्धन तथा जिर्णोद्धार कार्यक्रमबाट बचत रू. १,००,०००।- र अमेरिकाबाट संस्थाका परामर्शक श्री धौलवीर वलक्पा दुमीराईज्यूद्वारा संकलित रकममध्येबाट रू. २,३०,०००।- समेत गरी जम्मा रू. ३,३०,०००।- (तीन लाख तीस हजार रूपैयाँ) मा स्थानीय खत्रीबन्धुबाट संस्थाको नाममा जग्गा खरिद गरी गढीक्षेत्रको विस्तार गर्ने ऐतिहासिक कार्यको निरन्तरता जारि छ। केपिलासगढी तथा चिनागढी दुवैतर्फ सम्भव भएसम्म क्रमशः जग्गा खरिद गरी गढीक्षेत्रको क्षेत्रफल बढाउनेतर्फ संस्था प्रयासरत रहिआएकै छ। (विस्तृत विवरण आगामी इसीलीम अंक २१-२२ मा प्रस्तुत गरिने छ।)

**(७) फन्सीकीम भवन निर्माणकार्य सम्पन्न**

विगत २०६६ साल जेठ २० गतेको दिन लाम्दीजा (बाक्सिला, खोटाङ) स्थित फन्सीकीम डाँडामा संस्थाको चौथो महाधिवेशन उद्घाटनसँगै शिलान्यास गरी निर्माण कार्य सुरु गरिएको दुमी फन्सीकीम भवन २०७३ साल कातिक ८ गते पाँचौं महाधिवेशनसँगै उद्घाटन गरिएकोमा २०७६ साल कातिक ३ गते सम्पन्न छैटौं महाधिवेशन पश्चात् मौजुदा निर्माण कार्यलाई निरन्तरता दिई बरण्डा, बाहिरी मञ्च तथा कौसी, भऱ्याङ र चौघेरा निर्माण कार्य सम्पन्न गरिएको छ। सो कार्यका निम्ति 'दुकिराफ' दुमकीम केपिलासगढीको साथमा संरक्षक, संस्थापक एवं निवर्तमान अध्यक्ष श्री चतुरभक्त सत्म दुमीराईसज्यूको प्रमुख भूमिका रहेको छ। (विस्तृत विवरण आगामी इसीलीम अंक २१-२२ मा प्रस्तुत गरिने छ।)

**(८) संस्थाको पहिलो पूर्ण बैठक**

२०७६ साल पुस १२ गते शनिबारको दिन सिङ्गो 'खाजाबासमा' क्षेत्रका दुमी संस्थाका पदाधिकारी एवं पूर्वपदाधिकारीजनको उपस्थितिबीच संस्थाको पहिलो पूर्णबैठक फन्सीकीम भवन बाक्सिला, खोटाङमा सम्पन्न गरियो। सो कार्यक्रम मार्फत् संस्थागत भावी (अल्पकालीन, मध्यकालीन र दीर्घकालीन) योजना तथा कार्यक्रम प्रस्तुत एवं पारित गरियो। यसबीच थातथलो र अन्य क्षेत्रमा आलोपालो गरी संस्थागत अर्धबार्षिक भेलाको आयोजना गर्ने घरसल्लाह गरियो।

**(९) गडीडाँडा अवलोकन**

२०७६ साल पुस १२ गते शनिबारको दिन 'दुमी किरात राई फन्सीकीम' को पूर्णबैठकमा सहभागी हुने सिलसिलामा प्रभात कालीन अवसरको सदुपयोग गर्दै संस्थासँग आवद्ध स्थानीय दुमी बन्धुहरूका साथ भ्रमणदलका व्यक्तिव्यक्तित्वहरू, पदाधिकारी एवं अन्य शुभेच्छुकहरूद्वारा गढीडाँडा (केपिलासगढी-चिनागढी) को वर्तमान वस्तुस्थितिको अवलोकन गरियो। सिङ्गो दुमी वंशको ऐतिहासिक धरोहर गढीडाँडाको इतिवृतको बारेमा इसीलीम अंक एक (२०५६: ३१-३२) र अंक बीस (२०७६: १-१८) मा विस्तृत चर्चा उपलब्ध छ।

**(१०) 'दुकिराफ' विधान संशोधन**

दुमीजनमा संस्थागत सुस्पष्टताको लागि 'दुकिराफ' विधान २०५५ (चौथो संशोधन २०७६) पुनः प्रकाशन गरिएको छ। सचेत एवं जिज्ञासु दुमी समुदायबीच संस्थाको संशोधित विधान र सहभागी कार्यपुस्तिका पुऱ्याउने क्रम जारी छ। (संस्थाको विधान अध्ययन गरी आगामी २०७९ साल कातिकमा

आसन्न सातौं महाधिवेशनमा संशोधनको लागि प्रतिक्रिया पठाउन हुन हार्दिक अनुरोध पनि गरिन्छ ।)

**(११) 'दुकिराफ' दुम्कीम खार्मी पुनर्गठन**

२०७६ साल पुस १० गते बिहीबारको दिन दिक्तेसल-रूपाकोट-मझुवागढी वडा नं १२, खार्मीमा स्थानीय दुमीजनको उपस्थितिबीच 'दुकिराफ' दुम्कीम खार्मीको पुनर्गठन गरियो । सो अवसरमा २१ सदस्यीय 'दुकिराफ' मा सह-कोषाध्यक्ष र सदस्य क्रमशः श्री शुभकुमार दुमीराई र श्री प्रताप दुमीराईको नाम सिफारिस गरी पदपूर्ति गरिएको छ । दुमी थातथलोअन्तर्गतको एक ऐतिहासिक सो क्षेत्रको स्थलगत भ्रमण तथा दुमी वंशसँग सात्क्षात्कार गर्ने अवसर जुटाउनु भएकोमा 'दुकिराफ' पूर्व वरिष्ठ उपाध्यक्ष एवं वर्तमान सदस्य श्री ऋृषिश्वर सरचु दुमीराईज्यूलाई संस्थागत विशेष आभार ।

**(१२) 'दुकिराफ' दुम्कीम सप्तेश्वर**

२०७६ साल पुस ११ गते शुक्रबार 'दुकिराफ' दुम्कीम सप्तेश्वरको मौजुदा वस्तुस्थितिको ताजा जानकारी लिदै शिघ्रातिशिघ्र मौजुदा दुम्कीम कार्यसमितिमा पुनर्गठन गरी अझ सक्रियता बढाउने निश्कर्ष सहित सप्तेश्वर उत्तरी क्षेत्रका दुमी वंशसँग भेटघाट कार्यसाम्पन्न भएको छ । सो भेटघाटको अवसर जुटाउनु हुने 'दुकिराफ' सदस्य श्री सन्तोष दुमी र दुकिराफ दुम्कीम यलखोलका सदस्य सचिव श्री सुरेश सत्म दुमीराईलाई संस्थागत विशेष आभार ।

**(१३) आर्थिक एकद्वार प्रणाली**

'दुकिराफ' संस्थाको नाममा रहेका जति पनि आर्थिक गतिविधि एवं मौजुदा हरहिसाबहरू एकद्वार प्रणालीमा ल्याउने उद्देश्यसहित हालमा पाँच सदस्यीय कोष व्यवस्थापन समितिमार्फत हरहिसाबको परिचालन गर्ने एकद्वार प्रणालीको विकास गरिएको छ । हालसम्म विभिन्न शीर्षकमा कुल रकम रू. ११,३३,७४७।- (एघार लाख तेत्तीस हजार सातसय सत्चालीस रूपैयाँ) रहेको छ । तीमध्ये विशेष मुख्य शीर्षकहरू:

(१) दुमी समृद्धि कोष रू. ४५,२००।- (पैतालीस हजार दुईसय रूपैयाँ) (हरेक दुमीजनबाट मासिक न्युनतम रू १००।- का दरले नियमित संकलन गरिदै पनि छ ।)

(२) इसीलीम समृद्धि कोष रू ५३,९८५।- (त्रिपन्नन हजार नौसय पचासी रूपैयाँ) (इसीलीम प्रकाशनार्थ सञ्चाश्लित कोष ।)

(३) इसीलीम संरक्षणरअक्षय कोष रू ५०,०००।- (क्या . नैनबहादुरको नाममा श्रीमती रत्नषमाया साम्पाङ राई तथा परिवारबाट २०७५ देखि संस्थाको नाममा हस्तान्तरण गरिएको ।)

(४) इसीलीम संरक्षणरअक्षय कोष रू ५०,०००।- (पचास हजार रूपैयाँ) ('दुकिराफ' संस्थागत कोषबाट संकलन गरिएको ।)

(५) संरक्षक अक्षय कोष रू १,००,००१।- (एक लाख एक रूपैयाँ) (संस्थापक एवं निवर्तमान अध्यक्ष तथा संरक्षक श्री चतुरभक्त सत्म दुमीराई र उपाध्यक्ष श्री जानुका रंकासु दुमीराई तथा सपरिवारको तर्फबाट संस्थाको नाममा २०६७ सालमा संस्थाको नाममा हस्तान्तरण गरिएको ।)

(विस्तृत विवरण आगामी इसीलीम अंक २१-२२ मा प्रस्तुत गरिने छ) ।

**(१४) 'दुकिराफ' युट्युईब च्यानल**

हालसालै दुमी संस्थाको आधिकारिक युट्युब च्यानल सुरु गरिएको छ । संस्थाको विगत, वर्तमान र भावी कार्यदिशाको साथै दुमी व्यक्तित् वहरूको अनुभव, अनुभूति र दृष्टिकोणहरू समुदायमा खुलस्त पार्ने उद्देसश्यले 'दुकिराफ' युट्युब च्यानल (Dukirafa Channel) कार्यान्वयन आई पाँचौं श्रृङ्खला पार गरिसकेको अवस्था छ । साथमा यस च्यानललाई नियमित पुनर्ताजकीकरण गर्दै लैजाने संस्थागत निर्णय पनि छँदैछ ।



**(१५) 'दुकिराफ' वेभ साईड सञ्चाजलन**

दुमी वंश एवं समुदायको इतिवृति एवं 'दुकिराफ' संस्थाको गतिविधिलाई पुनर्ताजकीकरण एवं दस्तावेजीकरण गर्ने ध्येयले बिगतमा 'दुकिराफ' संस्थाको नाममा वेभसाईट सञ्चालन गरिएकोमा विविध कारण त्यसलाई निरन्तरता दिन सकिएको थिएन । हाल आएर www.dumikiratrai.org.np नामको वेभसाईट पुनः सञ्चालनमा ल्याइएको छ ।

**(१६) भूमेस्थलमा दुमी संलग्निता**

प्रकृतिप्रेमी किरात समुदायअन्तर्गतको दुमी वंश एवं 'दुकिराफ' संस्था यलखोमको गोकर्णस्थित शान्तीपार्क, भूमेस्थलमा हाल निर्माणाधीन भूमेथान र ट्रसका लागि 'आदिवासी किरात समाज' को एक हिंस्सेदारको रूपमा निरन्तर संलग्न रहिआएको छ । साथमा हाल आएर त्यहाँस्थित सामुदायिक वन क्षेत्रभित्र दुमी समुदाय र संस्थाको पहलमा साकेला सीली नाचको लागि साकेलास्थल सम्याउने काम सम्पन्न गरिएको छ ।

**(१७) आर्थिक समायोजन**

संस्थाको आर्थिक पक्षलाई सुस्पष्ट एवं विश्वसनीय बनाउन इसीलीम अंक १५ (२०७०:९४) मा उल्लेखित रिजेन्सी सहकारी संस्थामा 'दुकिराफ' संस्थाको हिसाब रू. ९,०४,२६०।- (नौलाख चार हजार दुईसय साठी रूपैयाँ) भन्दा बढी नै रहेको रकम असुल-उपर गर्नेबारे सम्बद्ध व्यक्तिहरूसँग संस्थागत प्रयास र पहल हुँदै नै छ ।

**(१८) जनसम्पर्क तथा तथ्यात्त्कस पुनर्ताजकीकरण**

दुमी संस्था 'दुकिराफ' को मुलभूत उद्देरश्य स्वरूप संस्थाप्रति हरदुमीजनको आस्था एवं विश्वा स जगाउन थातथलोदेखि देश-विदेश वा भोट-पर्देशमा रहिआउनु भएका दुमी वंशसँग नियमित सम्पर्क स्थापित गरी दुमी समुदाय र संस्थाको बढोत्तरीमा समसामयिक एवं सम्भावित विविध विषयमा संवाद जारी छ । दुमी जनसङ्ख्या तथा दुमी क्षेत्रमा रहेका विद्यालय र विद्यार्थी सङ्ख्यादको तथ्याङ्क संकलन कार्य समेत जारी छ ।

**(१९) कार्ययोजनाको प्राथमिकीकरण**

दुमी संस्थाका पदाधिकारीहरू संभवभएसम्म संस्थाको तिनै निकायः देल्कीम, दुम्कीम र फन्सीकीम सधैं सँगसँगै नियमित बैठक बसी संस्थाका संरक्षक, संस्थापक, सल्लाहकार, परामर्शक एवं समुदायसँग आपसी घरसल्लाहद्धारा नै स्थानीय आवश्यकताको आधारमा संस्थाद्वारा गर्नुपर्ने छोटो, मध्य र दीर्घ कालीन योजनाहरू सिङ्गो दुमी वंशको शान बढाउने र समुदायको पहिचान खुलाउने सहकार्यमा सँगसँगै जुट्दै रहेको अवस्था छ ।

**(२०) दुमी भाषा र भाषाकक्षा**

'दुकिराफ' दुम्कीम धरानको प्रयास र पहलमा बिगत समयदेखि नै धरानमा रहनु भएका जिज्ञासु दुमीजनको चाहना अनुरूप दुमीभाषा कक्षा नियमित सञ्चाालन हुँदै आएकोमा पछिल्लो समयमा प्रतिकूल परिस्थितिको कारण भाषाकक्षा स्थगीत गरिएको भए पनि दुमी भाषाको क्षेत्रीय भेद र तिनको समायोजनबारे भने नियमित छलफल तथा विचार अन्तरक्रिया भइनै रहेको छ । ('दुकिराफ' संस्थाद्वारा 'दुमी जीसी भाग १' प्रकाशनसँगै लाम्दीजा, जालपा, माक्पा, नोरुङ, धरान, यलखोममा दुमी भाषा प्रयोगात्मक कक्षाको सफलतापूर्वक सञ्चालन गरिएको थियो ।)

**(२१) संस्थागत प्रकाशन तयारी**

लकडाउनको यो सुवर्ण अवसरको सदुपयोग गरी यो संकटपूर्ण अवस्था मत्थर हुनासाथ दुमी संस्थाद्वारा 'दुमी व्याकरण', 'दुमी जीसी भाग-२' र 'इसीलीम अंक २१' प्रकाशन गर्नेतर्फ संस्थागत प्रयास हुँदै गरेको अवस्था छ । गाउँ-सहरमा तिनको प्रयोग एवं दुमी भाषाको संरक्षण, संवर्द्धन र विकासमा स्थानीय सरकारसँग समन्वय गरिदै ल्याइएको छ । यथासम्भव दुमी भाषामा स्थानीय पाठ्यरक्रम पाठ्

यएपुस्तक निर्माण एवं भाषा कक्षा सञ्चायलनको गुरुयोजना तयारी गरिँदै छ ।

**(२२) यलखोममा कार्यालय व्यवस्थापन**

येलखोममा कपन-फैंकास्थित लाखेपोखरीसँगैको स्पोर्ट्स हबसँगैको क्षेत्रमा 'दुकिराफ' संस्थाको नियमित कामकारवाहीलाई अगाडि बढाउन संस्थाको कार्यालय व्यवस्थापन गरिएको छ ।

**(२३) संस्थागत भावी कार्यदिशा**

(क) मातृभाषामा शिक्षा (पाठ्यरक्रम-पाठ्यमपुस्तक)
(ख) लाम्दीजामा किरात संग्रहालय निर्माण
(ग) दुम्कीम यलखोमको पूर्णता
(घ) सप्तेश्वोरमा दुमीभेला
(ङ) धरानमा दुमीभेला
(च) झापा, इलाम, इटहरी र भोजपुरमा दुमी संस्था विस्तार
(छ) जनगणना २०७८ को तयारी

वस्तुतः दुमी भाषा-संस्कार कला-संस्कृति र इतिहास-वंशावलीको संरक्षण, संवर्द्धन र विकासको खातिर क्रियाशील 'दुकिराफ' संस्थाद्वारा प्रक्षेपण गरिएका योजना र कार्यक्रमप्रति राय सल्लाह र सुझावको अपेक्षा सहित, अलनु !

पुनश्च : यस बार्षिक प्रतिवेदनको पृष्ठपोषणसहित विस्तृत विवरण आगामी इसीलीम अंक २१-२२ मा प्रस्तुत गरिनेछ ।)

अलनु ! ❑


हार्दिक शुभकामना

अर्धवार्षिक दुमी भाषिक पत्रिका इसीलीमको २१ र २२ औं अङ्क प्रकाशन हुन गइरहेको तथा किरात यले थो ५०८१ को शुभ अवसरमा देश-विदेशमा रहनु भएका दाजुभाइ, दिदीबहिनी, नरनाता, इष्टमित्रलगायत सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दै सीमेभूमे, सुप्तुलु, युङखुलु एवम् सुम्नीमा-पारुहाङले हामी सबैको रक्षा गरुन् भन्ने कामना गर्दछौं ।




श्री ऋषिश्वर दुमी राई/श्री राम्री दुमी राई
तथा स-परिवार
ललितपुर उ.प.न.पा.-२६
ढोलाहिटी, ललितपुर






# दुमी संस्था 'दुकिराफ' स्थापनापछिका दुई दशक



- डा. नेत्रमणि दुमी राई
अध्यक्षः दुकिराफ

**लेखसार (Abstract)**

मानव चोला र संघ-संस्था भनेका उस्ता-उस्तै हुन् । जन्मनु/जन्माउनु, हुर्कनु/हुर्काउनु र देहान्त हुनु/बिघटन हुनु, यी दुवैमा ढिलो-चाँडो स्वाभाविक चरणबद्ध प्रक्रिया अनिवार्य लागु हुन्छ । जन्म कतिखेर हुन्छ, टुङ्गो हुँदैन; जीन्दगीलाई कति परसम्म ठेल्न सकिन्छ, ठेगान छैन; अनि मरन के गरी हुन्छ, यसैनि भन्न सकिन्न । त्यसैले नै जन्म, कर्म र मरन यी सबै परिघटनाहरू प्राकृतिक भन्दानि संयोग नै मान्न सकिन्छ । व्यवहारतः यसो पनि भन्न करै लाग्छ; कुनै वंश, समाज वा सभ्यताको परिचायक भनेकै त्यस वंशका सचेत उत्तराधिकारीहरूद्वारा स्थापित संस्था नै त हो ।" अतः समाजले लिने दिशा र गति, वंशको श्रीवृद्धि र सभ्यताको विकास र विस्तारको लागि 'टेक्ने डाला र समाउने हाँगा' भनेकै संस्थाभन्दा अरु दोस्रो बिकल्प हुनै सक्ला र अरू केही ! अझ खुलेरै भनुङ, जतिनै पुल्पुल्याइराखेनि मानवचोलालाई चाहेर पनि तन्काउन वा लम्बाउन त सकिन्न नै, अपितु संस्थालाई भने जनचासोले भरथेग गर्न सके र जिज्ञासुजनको मतो मिले युगौयुगसम्मै पनि जीवन्त राख्न सकिन्छ, मानव चोलाभन्दानि निक्कै परसम्मै । दृष्टान्त हामीसामु ताजै छ, 'दुकिराफ' संस्थालाई नियाँली हेरे यसको छनक पाउन सकिन्छ ।

भनिन्छ, जीवनमा रिसाएर कहिल्यै पछाडि फर्की नहेर्नू, न त भएआतुर भएर अघिल्तिर नै तर्किहेर्नू, तर चनाखो भएर वरिपरि नियाल्न चाहिँ कदापि नबिर्सनू है ! हौ, आज त्यहि मोडमा छ दुमी संस्था 'दुकिराफ', र त्यसैको वरिपरि गोलबन्द छौं हामी दुमी वंश वा सिङ्गो दुमी समुदाय । आशा र अनुमान बाहेक २२ बर्षअघि केही थाहापत्तो थिएन, संस्थामा आजका कर्मठ युवा पुस्ताको हिम्मतिलो आँट र भरसिलो साथसहित यसरी जुर्मुराउलान् नै भनेर । चुपीपो बरथ 'पुर्खाको आशीर्वाद' नै भनुङ, यसबीचमा जतिसुकै सङ्कट र व्यवधान, हण्डर र ठक्कर, आरोप र अपजसहरूसँग मुकाबिला गर्दै भएपनि संस्थालाई मलजल र गोडमेल गरी यसको प्राण धान्नसम्म सकिएको छ । अन्ततः आजको दिनसम्म आइपुग्दा खुशी प्रकट गर्नैपर्ने हुन्छ, अब आइन्दा हामीले दुमी संस्थालाई चलाउनुको सट्टामा यसले सिङ्गो दुमी वंशको हीत र रक्षा गर्न सक्ने हैसियत राख्दछ । केवल समुदाय एवं शुभेच्छुकहरूको आस्था र विश्वासको जगमा उभिकन अबका दिनहरूमा यसले आफ्नो गन्तव्य आफै तय गर्नेछ । तपाइँ-हाम्रो साझा अभिभारा चाहिँ संस्था र समुदायबीच पुलको भूमिका निर्वाह गर्नेसम्म हो, आफ्नो वंशलाई वा आफैलाई चिन्ने हो । यसै आलोतातो संदर्भको सेरोफेरोमा एक संस्मरणात्मक टिप्पणीको रूपमा यो आलेख तयार पार्ने काम भएको छ ।

**रूपरेखा (Outline)**

यो लेख प्रत्यक्ष अनुभवको सार-संगालो हो; आफ्नै घरआँगन, चुलोचौका र मनमझेरीको बेलिविस्तार सहित आत्मप्रेरित अनुभूतिले सिर्जित स्वअभिव्यक्तिको दस्तावेज पनि हो । उर्जाशील दुमी वंश एवं जीवन्त दुमी संस्था 'दुकिराफ' मा साथसँगै रहेर दुईदशक बढी लामो यात्रा सङ्गालो एवं ताजा अनुभव-अनुभूतिको सँग्रह नै पनि हो । अझ खुलेरै

भन्नुपर्दा 'दुकिराफ' संस्था स्थापनापछि आजको अवस्थामा आइपुग्दासम्मको प्रत्यक्ष अनुभवको सग्लो तस्विर नै पनि मान्न सकिएला। जिज्ञासु पाठकजनलाई सहज र सरस होस् भन्ने हेतुले संस्थागत वस्तुस्थितिको विश्लेषणलाई प्रचलित विधि 'कधयत' को ढाँचामा प्रस्तुत गरिएको छ। यसर्थ प्रस्तुतिमा सरलताभित्रै चुरो समेटियोस् भन्नाखातिर सिङ्गो लेखलाई (१) पृष्ठभूमि, (२) 'कधयत' विश्लेषण विधि र (३) निष्कर्ष गरी मुख्य तीन खण्डमा व्यवस्थित गरिएको छ। संस्थागत अनन्त यात्राको यो सानो अंश मात्र भएकाले यसमा व्यक्त मेरा नितान्त व्यक्तिगत विचारहरू निरपेक्ष नभएर सापेक्ष रूपमा बुझिदिन, र समुदाय एवं संस्थालाई हरपल जगाइराख्नको लागि स्वस्फूर्त 'पाठक प्रतिक्रिया' को आग्रह/अपेक्षा समेत गर्दछु।

**(१) पृष्ठभूमि (Background)**

कुनै बेला यस्तो पनि थियो, उत्तरी खोटाङ जिल्लास्थित रावा-तापखोला वारि र पारिका दुमी वंशबीच नै पनि हामी एउटै दुमी वंश हौं, वा एकै वंशका सन्तान हौं भन्नेसम्म हेक्का थिएन। यसको बारेमा कतै चर्चा गरिंदा पनि त्यसको पुष्टि गर्ने कुनै आधिकारिक लिखित खस्तावेज नै पाइन्नथ्यो। अझ दुमी थातथलोदेखि बाहिरफेरो कतै निस्कँदा त 'के थरी राई हो ?' भन्ने कसैको जवाफमा 'दुमी राई' हो भनेको सुन्दा आश्चर्य मानी 'हन, दुमी पनि राई हुन्छ र !' भनिकन अचम्भित हुने गरिन्थ्यो। परन्तु, समयको माग भनुङ वा हामी दुमीजनको सौभाग्य, आज आएर हामीले सिङ्गो दुमी वंशको साझा चौतारी 'दुमी किरात राई फन्सीकीम' (जिप्रका खोटाङ द.नं. १२६/०५५) को माध्यमबाट थातथलोदेखि भोट-पर्देश वा देश-विदेशसम्मैका जम्मै दुमी वंशबीच आफ्नोपनको बारेमा एकअर्काबीच दिल खोलेर सोधीखोजी र भनसुन गर्न थालिसकिएको छ।

स्वादिष्ट भोजनबाट मिठै मिठो गरी बास्ना हर्हराउँछ भनेझैं असल र वृहत् दुमी सोंचले नै हामी सबै र सधै साथसँगै सहअस्तित्व र सहकार्यमा जुट्ने आनीबानीको विकास भैकेको छ। अझ कतिपय अवस्थामा त दुमी वंश वा आफ्नो कुल पहिल्याउन, सामे तथा पाछा खुट्याउन, साईनोपातको हेक्का राखी आफ्नो-पराई छुट्याउन तथा कुलको स्वाभिमान र वंशको अपनत्वमा समेटिन आतुर रहने गरेका छौं हामीहरू। परिणामतः दुमी संस्थाले आफ्नो समुदाय खोज्दै हिंड्ने युगको अन्त्यसँगै हरदुमीजनले आफ्नो किलाथला र स्वपहिचानको मियो दुमी संस्था 'दुकिराफ' प्रति सबैतिरबाट चासो लिन थालिएको छ। त्यो सरकारी निकायसँगको राय-सल्लाह वा सम्झौता/सिफारिसको कुरो होस् वा दुमी समुदाय बारेको भावी योजना र कार्यक्रम, किरात जीवनदर्शनको मर्म होस् कि हाम्रा लोकपरम्परा, वंशावलीको विषय होस् या दुमी मुन्दुमको सन्दर्भ, दुमी भाषा-संस्कार होस् कि पुर्ख्यौली रीतिपरम्परा वा कला-संस्कृति, दुमी ताया-पुर्खा या धामी-बिजुवा, दुमीजन्य सन्दर्भ सामग्री होस् या नयाँ नौलो सोधकार्य आदि-इत्यादि विषयमा जान्न बुझ्न र आधिकारिक जानकारीका लागि 'दुकिराफ' संस्थाको उपयोगीता र महत्व झनझन बढ्दै गइराखेकै छ।

समाज विकासको मार्गनिर्देशक सिद्धान्तले यसो पनि भन्छ, 'एक्लो यात्रा सहज किन हुन्थ्यो र, न त पूर्ण नै।' 'दुकिराफ' संस्थाको २२ बर्षे यात्रामा यो चरितार्थ हुँदै जाँदो छ पनि, आफूलाई नै बिर्सिएर संस्थालाई चिन्न नै गाह्रो मान्ने वा थाहा नपाएझैं गर्नेहरू समेत अन्ततः साह्रो-गाह्रो बीच संस्थालाई गुहार्न आइपुग्नेहरूको सूची नि निक्कै लामै बन्ला। साथमा, सामाजिक प्राणी भनाउँदो मानव जातिलाई पेटपालोमा जिउनका लागि गाँस, बास र कपासको खाँचो परेझैं जुग-जुगसम्म जिउनका लागि त वंशगत संस्था पनि त चाहियो नै। अझ सोझै भनुङ, मानव मात्र त्यस्तो अजीव प्राणीमा पर्दछ, जो अकालमा मर्नदेखि खुबै डराउँछ मात्र हैन ताकपरे भाग्छ पनि, र ऊ सधैं जुग-जुग बाँचिरहनको लागि के मात्र कसर बाँकी राख्दैन। अकुत सम्पति ओइर्याएनि आयुको एक पलनि किन्न सकिन्न है भनेर अरूलाई अर्ति उपदेशको पाउबिन्ती बिसाउन पछि नपर्ला बरू, संस्थाले चाहिँ जीवनपर्यन्त बचाउँछकि भन्नेतर्फ भने होसै किन फिर्थ्यो र उस्को ! यस किसिमको सामुहिक चिन्तन एवं प्रयासले एकातिर दुमी किरात वंशको पहिचान उजिल्याउने त छ नै, साथमा सिङ्गो वंशबीचको भावनात्मक सम्बन्धलाई अझ दरिलो, भरिलो र कसिलो पार्ने सेतुको काम पनि त गरेको छ नै। यसबारे वस्तुस्थितिको अरू विश्लेषण पनि गरिहेरौं कि !

**(२) 'swot' विश्लेषण विधि (swot analysis)**

दुमी संस्था दुमी किरात राई फन्सीकीम (दुकिराफ) ले २२ बर्षे यात्रामा अनगिन्ती आरोह-अवरोह पारगर्दै आजको अवस्थासम्म आइपुगेको छ। यसबीचमा दुमी वंश र 'दुकिराफ' संस्थाको लागि प्रत्यक्ष-परोक्ष तवरले निकै धेरैजना दुमी सन्ततिहरू तथा दुमीका शुभेच्छुकहरूले अतुलनीय योगदान पुर्याइआउनु भएको यथार्थलाई संस्थाले समुदायमाझ छर्लङ्गसँग राख्न सक्नु पर्छ, र इसीलीम नियमित अङ्कहरू मार्फत पस्कँदै गइराखेको पनि छ। समग्रमा सबैको साथसहयोग एवं शुभेच्छा नरहँदो त आजको संस्थागत सुन्दर मौका नै जुर्थ्यो कसरी ! संस्थाले अनगिन्ती सकारात्मक (Strength), नकारात्मक (Weakness), अवसर (Opportunity) र चुनौति (Threat) का अपार श्रृङखलाहरू पार गर्दै अनेक व्यावहारिक जटिलता व्यहोर्नु परेको नै किन नहोस्, यो त्यतिकै आजको अवस्थामा आइपुगेको चाहिं छैन, हैन। तिनको बारेमा अरू बढी खुल्दै पनि जाऊँ न है त !

**(अ) 'दुकिराफ' संस्थाको सवल पक्ष (Strength) चाहिं के-के हुन सक्लान् ?**

सर्वप्रथमतः हामी को हौं, के हौं र किन हौं भन्नेबारे सामुहिक र संस्थागत रूपमा चिन्तन गर्ने बानीको विकास हुँदै जानु आफैमा मूल उपलब्धि नै मान्न सकिन्छ। हामी अकारण कहींकतै एक्ला-एक्लै रम्ने-रमाउने व्यक्तिपरक पुरातन सोचबाट माथि उठेर आफ्नो दिग्गज दुमी वंश र भरोसायोग्य भावी सन्ततिहरूका लागि पदमार्ग पहिल्याउने सहकार्यमा जुट्नेतर्फ बल्ल हाम्रो साझा चिन्तनले मूर्त रूप लिन थालेको छ। आपसी सहअस्तित्वमा बाँच्नेतर्फ हाम्रा सारा ज्ञान र ध्यान तानिन थालिसकेका छन्। हामी किराती नै भयौं कसरी ? के चाहिँ त्यस्तो कुराहरू होलान्, जसले किरातभित्र दुमी वंशको पहिचान एवं अपनत्व झल्किएला ? कुन कुराले दुमी हुनुमा गर्व गर्न र अस्तित्व कायम गर्नमा सघाउ पुर्याउला त ? यतातिर सोच्नै पर्ने बाध्यकारी अवस्था सिर्जित हुँदै पनि जाँदो छ। वंसगत सहअस्तित्व एवं पितृथलोको भावनात्मक सम्बन्ध तथा तिनको संरक्षण, संवर्द्धन र विकासको सवालमा हाम्रो सामु आमरूपमा तेर्सिने यिनै यक्ष प्रश्नहरूले हामीलाई जिम्मेवार र सजग तुल्याएको अवस्था पनि जगजाहेर नै छ।

'दुकिराफ' संस्थाले २८ भाषी किरात समुदायबीच क्रियाशील रावाखोले राईको उपमासहित सगौरब दुमी पहिचान स्थापित गर्नमा मियोको काम गरिआएकै छ। आजको दिन हामी २५ भाषी किरात राई समूहमाझ जनसङ्ख्याको हिसाबले एघारौं स्थान (७,६३८ जना राष्ट्रिय जनगणना २०६८) मा पर्ने दुमी वंश वा थरअन्तर्गत सात सामे तथा २१ पाछा रहेको किटानीका साथ बताउन सक्ने भएका छौं। साथमा विश्वभर १५ हजारको हाराहारीमा फैलिएर रहेका दुमी समुदायमाझ आपसी चिनाजानी र सामुहिक अपनत्वको खोजीमा एकसाथ जुट्नु पर्छ भन्ने साझा भावनाको विकास हुँदै गएको पनि छ नै। सिङ्गो दुमी वंशको दिलदिमाग र नमनस्तिष्कमा 'मूलीढुङ्गो उही टुङ्गो' साझा थात्थलो भनेकै 'रावा आसपासमा, दुमी

खाजाबासमा' नै हो भनेर देशदुनियाँमा सिर ठाडो पारेर बताउन सक्ने भएका छौं । सामाजिक चेतना, सामुहिक भावना र संस्थागत सबलताको बारेमा हामी यसरी सगर्व खुलेर चर्चा गर्न सक्नुलाई नै पनि सामान्य उपलब्धी मात्र ठान्न हुन्न नै !

सिङ्गो किरात पहिचानको मूलआधार ' प्रकृतिको सम्मान, पितृको मान : भाषा-संस्कार र कला-संस्कृति किराती स्वाभिमान' हो भनी दिल खोलेरै भन्न सकेका छौं । हामी सबैजना यसैमा अडिग भएर नै दुमी ऐतिहासिक थातथलो अन्तर्गत हरेक छीरीयाम्लो 'उधौली' र धीरीयाम्लो उभौली' मा गावैंपिच्छे एकातिर प्रकृतिको प्रतिक भूमेथानमा श्रृष्टिकर्ता भूमिमातालाई, अर्कोतिर पितृको प्रतिक तीनचुला वा पितृचुलामा सम्भारकर्ता पितृहरूलाई विधिपूर्वक नियमित रूपमा मानमनितो गरिल्याइएकै छन् । सदियौंदेखि स्थापित रीतिपरम्परा एवं मौलिक विधिविधानले दुमी किरात वंशको ठेट पहिचान झल्काउछ नै । त्यसरी नै जन्म र मरणबीच आयुको हदबन्दीमा जिउने हरदुमी घरपरिवार सदस्यको जीवनपर्यन्त श्रृङखलावद्ध सम्पन्न गरिने मुख्य पाँच संस्कारहरू: (१) जन्म, (२) पास्नी/भातखुलाई, (३) गुन्यु-चोली/छेवर, (४) विवाह र (५) मरण कै सन्दर्भमा पनि हामीबीच चर्चा-परिचर्चासँगै अभिलेखन/प्रकाशन गर्नेतर्फनि संस्थाले लय समात्न थालिसकेको छ । यसबारे छुट्टै प्रसङ्गमा विस्तृत चर्चा गरौंला पनि ।

**(क) सामाजिक सञ्जाल (Social network)**

हाल आएर समस्त दुमीजनले 'आफू दुमी राई हुँ' भन्ने कुरो नै कसरी प्रमाणित गर्ने त ? भन्ने सन्दर्भमा अपनत्व एवं आफ्नो वंशको खोजी गर्ने र संस्थागत संरचनामा आफू जोडिने आनीबानीको विकास हुँदै गइराखेको छ । विभिन्न सामाजिक सञ्जालहरूमार्फत् आफू जहाँ रहेनि दुमीजनले आफ्नो वंश खोज्ने र वंशावलीमा जोड्ने-जोडिने लहर क्रमिक रूपमा बढ्दो छ । आफ्नो थातथलो कहाँ हो, आफू कुन पाछाको दुमी हो, नजिकका पाछाहरू कुन कुन होलान्, दुमी खुलुखुक्सु 'थातथलो' मा रीतिपरम्परा कस्तो छ, दुमीको रीदुम-हदुम 'संस्कार-संस्कृति' के हो, बलमदेल 'पितृबासस्थल' कहाँनेर पर्छ, आदिबारे सोधीखोजी गर्न थालिराखिएकै छ । जसलेगर्दा 'आफू कतै एक्लोपरी छटपटिँदै बाँचेरनि गुमनाम भइबस्ने कि बेलैमा आफ्नो वंश, समुदाय र संस्थामा जोडिएर युगयुगसम्म आफ्नो पहिचान स्थापित गरिराख्ने' भन्ने यक्षप्रश्न हामीसामू सदादिन खडा छ । संस्थालाई केवल अचेत समुदायको भीड वा लक्ष्यहीन झुण्डद्वारा व्यक्तिगत लाभहानीको सङ्कुचित दाउमा नराखेर यसले एकातिर वंशको हीतसँगै वर्तमान विश्वव्यापीकरणको सारसहित सामाजिक सञ्जालमा जोड्न र जोडिनका लागिसमेत पुलको काम गर्छ भने अर्कोतिर युगयुगसम्म आफ्नो वंशसँगै जोडिएर रहन सकिने सम्भावनाको ढोकानि स्वतः खोल्छ नै ।

**(ख) संस्थागत संरचना (Organizational structure)**

हाल आएर 'दुकिराफ' संस्था सर्बत्र केरा गाँजिएझैंगरी र दुबो मौलाएसरी झाँगिँदै र फैलिँदै जाँदो छ । संस्था र समुदायबीचको प्रगाढ सम्बन्धलाई विधिसम्मत विकास र विस्तार गर्ने ध्येयले संस्थागत संरचनालाई मुख्य तीनवटा निकायमा व्यवस्थित गरी योजनावद्ध ढङ्गले अघि बढाइएको छ । यसरी दुमी समुदायमाझ देल्कीम (गाउँस्तर), दुम्कीम (क्षेत्रीयस्तर) र फन्सीकीम (केन्द्रीयस्तर) मार्फत संस्थागत समन्वय एवं प्रभावकारितालाई अघि बढाइएको छ । जस्ले गर्दा 'दुकिराफ' संस्था सिङ्गो दुमी वंशको हीत तथा सामुहिक सहकार्यको लागि निर्बिकल्प निसानीको रूपमा स्थापित हुँदै पनि छ । जसका लागि पथप्रदर्शक पहरेदारको रूपमा विधानतः संस्थाका संरक्षक, सल्लाहकार तथा परामर्शक, संस्थापकहरू रहने गर्दछन् भने कार्यकारी निकायको रूपमा देल्कीम, दुम्कीम र फन्सीकीमका कर्मठ पदाधिकारीहरू रहने गर्दछन् । यसर्थ वर्तमानमा हरदुमीजनको आस्था र विश्वासको एकमात्र धरोहर नै दुमी संस्था मानिदै र ठानिदै ल्याइएको छ । व्यवहारमा उपर्युक्त तीन निकायहरूमध्ये देल्कीमको भूमिका र महत्वलाई सर्बोपरि मान्न सकिन्छ, जहाँ सम्पूर्ण जानकारीको स्रोतकेन्द्र रहेको स्पष्ट छ । यीबाहेक पनि स्थानीय युवा क्लब र सहयोग समितिहरूले समेत दुमी संस्थाको क्रियाशीलतामा हातमा हात, साथमा साथ दिई सक्रिय भूमिका निर्वाह गरिआएकै छन् ।

**(ग) भौतिक पूर्वाधार (Physical Infrastructure)**

मनको धनि र दयाको खानी दुमीजनसामू संस्थागत भौतिक पूर्वाधारलाई दरिलो र भरिलो तुल्याउने सुकर्ममा समस्त दुमी समुदाय तन, मन र धन दिएरै लागिपरेको अवस्था सगर्ब भन्न र भनाउन सकिने अवस्था छ । 'दुकिराफ' संस्थाको नाममा चल-अचल गरी भौतिक पूर्वाधारहरू चौतर्फी थपिने क्रम जारी छ । दुमी थातथलोमा अवस्थित कतिपय सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक निसानीहरू संरक्षण संवर्द्धनका साथ संस्थाको नाममा धमाधम दर्ज गरिँदै ल्याइएका छन् । 'खाजाबासमा' तथा अन्य दुमी क्षेत्रहरूमा समेत देल्कीम, दुम्कीम र फन्सीकीम जग्गा तथा भवन जोड्ने अभियानलाई तीब्रता दिँदै लगिएको छ । कतिपय गढीगौंडा, भूमेथान, युङ्खुलु, साकेलाथान, सांस्कृतिक स्थल, पुरातात्विक ऐतिहासिक धरोहर आदिको संरक्षण कार्यलाई पनि स्थानीय सरकारसँग समन्वय गर्दै कार्यान्वयन गरिँदै छन् । जसले गर्दा किरात समुदायमाझ सिङ्गो दुमी वंश र 'दुकिराफ' संस्था युद्धभूमिमा होमिएको सिपाहीझैं होस्टेमा हैंसे गर्दै अबिछिन्न रूपमा लागिपरेकै छन् ।

**(घ) आर्थिक गतिविधि (Financial activities)**

सचेत दुमीजनद्वारा दिलैदेखि माया गरिएको संस्था 'दुकिराफ' प्रति यसरी आशा र भरोसा गहिरिँदै जाँदैछ कि अब संस्थाले सानातिना आर्थिक सहयोगको लागि समुदायमाझ हात पसारिहिंड्ने अवस्थाको अन्त्य हुँदै गएको छ, न त आर्थिक पारदर्शिताबारे कसैले औंलो ठडाउने वा मुन्टो बटारी कुरो उछाल्ने मौकै पाऊन् । संस्थाले त केवल स्पष्ट र फराकिलो दृष्टिकोणका साथ योजना र कार्यक्रम चाहिं दिने हो, त्यो पनि जागरुक र जिज्ञासु उत्तराधिकार दुमी सन्ततिहरूकै लागि । समुदायले संस्थागत स्थायित्व र समुदायको हकहीतको लागि उद्देश्यमूलक कोषहरूको स्थापना गर्दै जाने हो, त्यो पनि स्थायी/अक्षय प्रकृतिको कोष मात्र । यसै सन्दर्भमा हाल आएर संस्थाले एकपछि अर्को गरी विविध शीर्षकमा (जस्तैः संरक्षक कोष, इसीलीम कोष, दुमी समृद्धि कोष, दुमी वंश कोष, जगेडा कोष आदि) अक्षय कोषहरू थप्दै र बढाउँदै लगेको अवस्था जगजाहेरै छ । जसको लागि संस्थाको अर्धबार्षिक/बार्षिक प्रतिवेदन हेर्न सकिन्छ ।

**(ङ) प्राज्ञिक गतिविधि (Academic activities)**

प्राज्ञिक सुकर्म समाज विकासको दर्पण हो, सभ्य समाजको द्योतक पनि हो । तसर्थ 'दुकिराफ' संस्थाको पहल, प्रयास र प्रेरणामा विविध प्रकारका नमुना प्राज्ञिक कार्यहरू सम्पन्न गरिदै ल्याइएको छ । भाषा-साहित्य, संस्कार-संस्कृति, वंशावली-इतिहास आदिबारेको खोजकार्यमा अभ्यस्त रहन थालेका छौं । योग्यता, क्षमता र दक्षतामा निपुणता; अनुभव, सहकार्य र सहिष्णुतामा निख्खरता तथा वंशगत, कार्यगत र संस्थागत समन्वयतालाई मूलमन्त्र मानी हरदुमीजन सहभाव र सहअस्तित्वमा रम्ने रमाउने बानीको विकास हुँदै पनि गएको छ । आजसम्मको सुझबुझ र सहभावले संस्थागत सामुहिक एवं प्राज्ञिक गरिमा कायम गरिल्याइएको पनि छ नै । दुमी समुदायभित्र वा बाहिरका अध्येताहरूद्वारा दुमीजन्य विषयवस्तुका सन्दर्भमा विभिन्न शीर्षकहरूमा विधागत खोज-अध्ययन कार्यहरू क्रमिक रूपमा गरिँदै छन् । विभिन्न शैक्षिक संस्थाहरूबाट विविध शीर्षकहरूमा सोधपत्रहरू तयार छन्, र कति तयार गरिँदै पनि छन्, अझ कति सोधग्रन्थहरू त देश-विदेशका

प्रसिद्ध प्रकाशकहरूद्वारा पुस्तकाकार दिइएका पनि छन् । यीबाहेक सरोकारवाला निकायहरूबाट समेत समसामयिक खोजकार्य गरी पुस्तकाकार दिइएका छन् । कति दुमीजन्य कृतिका पाण्डुलिपि तयारी अवस्थामा छन्, कति त प्रकाशकको हातैमा पुगिसकेका पनि छन् । अझ कतिपय जरूरी समसामयिक विषय र सन्दर्भका बारेमा काम थाँतिएर रहेका छन्, जसमा हाम्रो अर्जुन दृष्टि सोझिँदै पनि छन् ।

**(च) जनसाधनको विकास (Human resource development)**

अहिले हामी असल र सबल दुमी वंशको पहिचान स्थापित गर्ने ध्याउन्नमा छौं, भलै हामीले मुलुकको राजनीतिक संक्रमणकालीन अवस्थाको राप र तापसामू आफूलाई चुस्त दुरुस्त राख्न हम्मे-हम्मे परिराखेकै किन नहोस् । यसबीच संस्थागत उपलब्धीको खुशी बाँडिहाल्ने बेला त आइसकेको छैन नै, न त हामीसँग त्यसो गरिरहन फुर्सद नै छ । अपितु मानवीय व्यवहार न हो, हाम्रा सामाजिक परिवेश सदा 'एकपछि अर्को त्यसपछि चर्को' गरी कल्पनाको सोझो बाटोभन्दानि बक्ररेखामा नै अघि बढिरहने हो, त्यसोभएसिन् हामीमा समसामयिक र आकस्मिक परिघट्नाले पनि नयाँ नयाँ पाठ सिकाउँदो रहेछ नै । जसका लागि आजको युवा पुस्ताले अरूको देखासिकीसँगै आफ्नो अपनत्व बारेको प्रष्फुटनमा विशेष जोड दिनु आजको अपरिहार्यता हो भन्ने नै 'दुकिराफ' संस्थाको स्पष्ट धारणा रहिआएको छ । संस्थाले पाका पुस्तालाई सम्मान, युवा जमातलाई हौसला र नयाँ पुस्तालाई प्रोत्साहन दिन सक्नु पर्छ भन्नेमा स्पष्ट धारणा रहिआएकै पनि छ । यसैलाई मूलमन्त्र ठानी आजको समसामयिक सन्दर्भको व्यावहारिक विश्लेषण गर्नु अपरिहार्य भइनै सकेको छ । अन्ततः 'दुकिराफ' संस्थाले उपर्युक्त तिनैपुस्ताको मर्म र भावनालाई सम्बोधन गरी स्वस्फूर्त संलग्नताको लागि तरङ्ग सिर्जना पनि त गर्नु छ नै । हो यसैको लागि नै हामीले बार्षिक रूपमा दुमी दिवस मनाउने थीति बसाउने ध्याउन्नमा छौं ।

**(आ) 'दुकिराफ' संस्थाको सुधारात्मक पक्ष (Weakness) चाहिं के होलान् ?**

नेपालमा लोकतान्त्रिक अभ्यासले आकार लिन थालेको पुग-नपुग पाँच बर्ष बित्दैछ । सीधा हिसाबमा भन्दा ०७२ साल यता सार्बभौम नेपाली नागरिक भएर हामीले आफ्नो वंशहीतमा संविधान प्रदत्त धेरै उपलब्धीहरू हाँसिल गर्न सक्नु पर्थ्यो, जुन अपेक्षाकृत गतिविधिहरूलाई बिल्कुलै अघि बढाउन सकिराखिएको छैन । जसका लागि सरकारी निकायहरूबाट अझसम्म पनि अनेकन बाधाअड्चन ब्यहोर्नु परिराखेकै छन् । बिगतका शासन व्यवस्थामा जस्तै आजसम्म पनि प्रशासनिक एवं विधिप्रक्रियामा यावत बहानामा धागो गुजुल्टिएसरी अल्झो थाप्ने र भाँजो हाल्ने काम हुने गरेकै छन् । अर्कोतिर अर्थराजनीति, सामाजिक परिपाटी, सांस्कृतिक मूल्यमान्यता, विकास निर्माण, धर्मकर्म आदि नाममा समुदाय नै पनि नजानिदो गरी भाँडिएको मात्र नभई भित्ता र कित्ता काटना बिभक्त भइबसेकै छन् । जसले गर्दा वंशको हीतभन्दा पनि व्यक्तिगत स्वार्थ र पद-प्रतिष्ठाको छिनाझम्टीले समाज अनिर्णयको बन्दी भइबसेका बग्रेल्ती दृष्टान्तहरू पाइन्छन् । यसखाले अन्तर कलह र आपसी हानथापले संस्थागत ठोस उद्देश्यमा सीधा असर पर्ने नै भयो । 'दुकिराफ' संस्था पनि धेरथोर यो कटुसत्यबाट अछुतो नै किन रहन्थ्यो र !

संस्थामा लाग्दा एकातिर समय बर्बाद हुने अर्कोतिर पैसा खर्च मात्र हुने, कहिले विचार बाझिने वा कुरो नमिल्ने आदि कारण देखाई अझै पनि हाम्रा वंशभित्रका आशलाग्दा र भर गरिएका कति दुमीजन संस्थादेखि एक्लिएर हराइबसेका पनि भेटिन्छौं । कति चाहिँ सैद्धान्तिक सतही ज्ञानको भरमा संस्थामा पदको हानथापसँगै व्यावहारिक लापरबाहीको फन्दामा परी



गुमनाम परिबस्नु परेको, कति त संस्थाको सानातिना हरहिसाब मिलान गर्नतिरभन्दा उल्टै समुदाय र संस्थालाई नै धरापमा पार्ने र आफू चोखिने घृष्टतामा लागी संस्थामा देखा पर्न समेत असहज मान्ने गरेका पनि छौं, भलै उपर्युक्त बिकृत मानसिकता र निकृष्ठ व्यवहारबाट आफू जोगिँदै र संस्थालाई जोगाउँदै आजतक सबल र सफल रूपमा चलाएमान राख्न हामी सफल भएको सुखद अनुभूति बाँड्ने अवसर नै किन नजुरोस् ।

हामीमध्ये कोहीले यसरी पनि संस्थामा योगदान पुर्‍याइआएका छौं, जो संस्थामा मेरो भूमिका कम्जोर पो हुन गयो कि भन्नेतिरभन्दा पनि संस्थालाईः व्यक्तिगत समस्या सुनाउने, आफू अनुकूल बनाउन खोज्ने, आफ्नो कम्जोरी थोपर्ने सजिलो थलो ठान्ने गरेका पनि होलाऊँ । सामुहिक संस्थाको नाममा कुरोले आकाश धर्ती जोड्ने मात्र नभई तीनैलोकसम्मका मानवदेखि दानवसम्मलाई नै मख्ख पार्न खोज्ने अनि परिआउँदा आफू अन्त कतै अर्कै लोकमा बिराजमान भइबसेको जस्तो गरी कपटपूर्ण व्यवहार देखाउननि सरम नमान्ने, अनि हामी कहाँनेर चाहिं चुक्यौं त भन्ने समीक्षामा लुसुक्क भाग्ने पनि हामीहरू नै छौं । अपितु दुलियाँको बखान मात्र गरिरहने, तर आफ्नो घरैभित्रको संस्थामा भने वरको सिन्को पर नसार्ने र संस्थालाई आफू अनुकूल घिसार्न मात्र खोज्नु दूर्भाग्यपूर्ण कुरो हो, जसले सामुहिक प्रयासबीच घात गर्ने हुँदा यसखाले प्रवृतिको दोहोलो काढ्न हामी सबै कम्मर कसेर लाग्ने पनि गरिआएकै छौं । संस्थालाई बेलाबखतमा भइपरिआउने बाहनाको फुर्सदिलो माध्यम ठानिन र व्यक्तिगत लाभहानीको खेलाँची बन्न/बनाइनबाट जोगाउन सक्नु नै आजको आवश्यकता हो । कर्मठ दुमी सन्ततिहरूको कठोरतम त्यागबाट आजको अवस्थासम्म 'दुकिराफ' संस्थालाई क्रियाशील बनाउन र भनाउन सक्नुलाई सामुहिक दुमी जागरुकताको द्योतक नै मान्न सकिन्छ यसमा त आत्मा साँक्षी राखी कोही कसैको दुईमत नरहला नै ।

**(इ) कतै अवसर (Opportunity) पनि छन् कि ?**

संस्थाको सुरुवात आफैमा एउटा युगको माग र ऐतिहासिक अवसर नै मान्न सकिन्छ । यसको सुरुवाती चरणबारे कुरो गर्दा निक्कै लामो पृष्ठभूमि बन्न सक्छ (जुन संस्थापक/निवर्तमान अध्यक्ष एवं संस्थाका संरक्षकज्यूको विस्तृत लेखमार्फत् प्रष्ट खुल्ने नै छ) । यो लेखनी भने संस्थाको स्थापनापछिका इतिवृतबारे केन्द्रीत रहने छ । जुनसुकै कुरोको सृष्टिसँगै हुर्कन र पूर्ण जीवनका लागि अनुकूल वातावरणको आवश्यकता पर्ने प्राकृतिक नियम संस्था सञ्चालनमा पनि लागु हुने नै भयो । समय परिस्थितिसँगै आफूलाई परिमार्जन र परिस्कृत हुँदै जान सकिएन भने व्यक्ति होस् वा संस्था, तिनै बिडम्बनापूर्ण प्रतिकूलताबीच कुनै दिन अस्तित्व नै लोप भइजानेमा शंका रहन्न । यसर्थ समाज विकासको क्रममा संस्थालाई परिणाममुखी तुल्याउन र समयसापेक्ष सृजनशील बनाउन हपरिहार्य नै मानिन्छ । नत्र यो वा त्यो बाहनामा संस्थालाई घाँडो ठान्ने, भनेको बखतमा एकाएक थलोमा हराउने, कुसाइतमा डाँडोमा कराउने जमातको सल्लाह चाहिँ छिटै पनि मिल्न जान्छ है !

अपितु उत्तर-आधुनिक चिन्तन 'सर्वव्यापक सोचका साथ स्थानीय कार्य सम्पादन' (think globally, act locally) लाई नै 'दुकिराफ' संस्थाले पनि आफ्नो कार्यशैलीको मूलभूत सिद्धान्तको रूपमा अङ्गिकार गरिआएको छ । दुमी समुदायमाझ हाल आएर स्थापित मान्यताहरूलाई र स्वपहिचानको विषयमा छलफल र बहस, चर्चा-परिचर्चा र विचार-विमर्श हुन थालेका छन् । कहिले भाषा प्रयोगको कुरा, कहिले संस्कार-संस्कृतिको संरक्षणको अपरिहार्यता र तिनको उपाय, कहिले चाहिँ स्थानीय पुरातात्विक ऐतिहासिक क्षेत्रको मौलिक नामहरू र तिनको जगेर्णा, कहिले कुलकुटुम्बको तथा रीतिपरम्पराको समीक्षा आजदबारे सारसमीक्षानि हुने नै भयो । के यी सबै सन्दर्भहरू

ऐतिहासिक साझा संस्था 'दुकिराफ' ले जुटाइदिएको अवसर होइनन् र ! आफू र आफ्नो वंशको बारेमा सोधीखोजी गर्नेबारे पनि दुमी गाउँठाउँहरूमा त्यति नै मात्रामा नियमित विचार अन्तरक्रियाहरू हुन थालेका छन् । तथापि प्रविधि सेवाको सदुपयोगसँगै कतिपय आफू र आफ्नो वंशको सरोकारजन्य जिज्ञासाहरूलाई विभिन्न सञ्जाल माध्यममार्फत् पनि सल्टाउन थालिसकिएका छन् । यस महत्वपूर्ण समय-परिस्थितिको उठान गर्न सम्भव भयो त केले ? 'दुकिराफ' संस्थाको माध्यमले ।

मूलतः दुमीले दुमीलाई चिन्ने, दुमीद्वारा दुमीका लागि सोच्ने र दुमीले दुमीकै निम्ति केही गर्ने साझा एवं निर्दिष्ट उद्देश्यका साथ स्थापित 'दुकिराफ' संस्थाले कसैलाई छुटाउन, भाउ दिन वा मानको खातिर भने कसैको पछि लाग्दै-लाग्दैन, बरु दुमी कुलअन्तर्गतका हरेक सदस्यलाई वंश पहिचानको साझा मुद्दामा साथसँगै हिंडाउन खोज्छ, कारण 'संस्था भनेको व्यक्ति विशेष न कसैको हो, कसैकोनि होइन भनुङ रनि हामी सबैको त अवश्य नै हो ।' यसर्थ संस्थागत विधि-विधान प्रदत्त योजना र कार्यक्रम (अल्पकालीन, मध्यकालीन र दीर्घकालीन) का साथ स्वस्फूर्त जुटेर हामी साथसँगै सधैं अघि बढौं नै भन्छ, 'दुकिराफ' संस्था । दुईदशक बढी संस्थागत सहयात्राबीच हामीले सामुहिक र सामाजिक हिसाबले संगालेका ताजा अनुभूतिहरू, तीतामीठा अनुभव र विस्मृतिका पानाहरू, यी सबै र सधैका लागि नै अभूतपूर्व मिलन र दुमी इतिहासमा दुर्लभ सुखद क्षण पनि ठहरिन सक्छ । यसलाई संयोग मात्र नमानेर वंशभेटको स्वर्णिम अवसर पनि त हुँदै हो नै ।

(ई) **कतै चुनौति (Threat) पनि छन् कि ?**

थुप्रै डाँडापाखाहरूले नै पर्वतमाला भरिएजस्तै निक्कै उतार-चढाव व्यहोरिकनै संस्थानि परिपक्व हुँदै जान्छ, जसै 'दुकिराफ' संस्था पनि यो कटुसत्यबाट अछुतो रहने कुरै भएन । उसो त संस्थागत गतिविधिमा परिपक्वता आउनको लागि चुनौति अनिवार्य छ, जुन आफैमा सुन्दर अवसरको जननी पनि हो । यसलाई बुद्धिमतापूर्ण सदुपयोग गर्न सके अवसर, चुनौतिदेखि उल्टै भाग्न थाले त्यसैनि समस्या हुने त भयो नै । त्यसैनि मानिसलाई चाहना र बाहनाको सीमाले कहिले पो छेक्थ्यो र, जसै चुनौतिको पर्खाल दयागरी आफै कहिले पो भुक्थ्यो र ! बरू त यसैको सदुपयोगले नै हो मानिसलाई सदा सत्मार्गमा लाग्न प्रेरित गराउने, अनि सफलताको सूत्र सिकाउने पनि । भन्नु-नभन्नु मात्र अलग कुरा हुन्, हरेक आदर्श व्यक्ति वा संस्थाको सफलताको कथा-कहानीमा यही सत्यताले बास गरेको हुन्छ । दुमी वंशको मौलिक पहिचानमा आन्तरिक र बाह्य प्रभावको कारण नजानिदो किसिमले चुनौतिहरू बढ्दै नगइराखेका पनि होइनन्, जुन सङ्घर्षको कथामा रमाउनेहरूका लागि त स्वागतयोग्य कुरो पनि हो नै क्यार ।

समयसापेक्ष समाजले लिने दिशा र गतिसँगै युगानुकूल अर्थ, परम्परा, राजनीति, धर्मकर्म आदि नाममा नै किन नहोस्, संस्थाले कति मात्र चुनौतिको पहाडहरूलाई नाघ्न पर्‍यो होला, समसामयिक एवं आकस्मिक आपत-बिपतका हावा-हुन्डरि पनि त व्होरिआएकै त हो । त्यो कष्टकर यात्राबीच कति सहयात्रीहरू अनेक नाम वा बहानामा बीचैमा छोडिए, कतिजना त सदाका लागिनै गुमाइए पनि, ती सबै कुराको संस्थागत टिपोट संरक्षित रहेनि आज नै लेखा लाइसाध्य छैन । अतितलाई नै मात्र सम्झेर उही कथाकहानी भनिबस्न र तिनै दिनहरू नै मात्र गनिबस्न फुर्सद हुने कुरो पनि त भएन हामीलाई, भलै हरेक सानातिना घटनाले नै इतिहास निर्माणमा टेवा पुऱ्याएको नै किन नहोस् ।

किरात पुर्खा खम्बुहाङ्देखि अहिले २५औं पुस्तासम्म आइपुग्दा दुमी समुदायमाझ थुप्रै विकृति र विसङ्गतिले जरा गाड्न नथालेका पनि होइनन् । त्यो युगान्तकारी परिवर्तन वा आधुनिकताको नाममा



नै किन नहोस्, परनिर्भरता र परजीविताको कारण आफ्नोपनबाट टाढिँदै अर्काको देखासिकीमा नै स्वाभिमानी कहलाउन खोज्ने प्रवृत्तिमा रम्न-झुम्न थालेकै हौं हामी । भाषा-संस्कार र कला-संस्कृति, कुल-कुटुम्ब र इतिहास-वंशावलीको संरक्षण, संवर्द्धन र विकासको खातिर मरिमेट्ने सिङ्गो दुमी वंश, समुदाय र संस्थाबीच समन्वयमा जुट्दै आज बाईसौं बर्ष पार गर्दासम्म समय परिस्थिति अनुसार कति विषय सन्दर्भहरू चोटिलो बन्दैगइराखै पनि छन् । तीमध्ये पनि संस्थाको स्थापना अघिपछिदेखि नै चर्चा-परिचर्चा हुने गरेको मूल मुद्दा भनेको स्थानीय विद्यालयहरूमा दुमी भाषामा पठान-पाठनको नै हो । जसको लागि आवश्यक पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखनसँगै तालिमप्राप्त आवश्यक जनशक्ति तयार गरी पठन-पाठन सुरु गर्ने र तिनको निरन्तर सुपरीवेक्षण तथा अनुगमन गर्नेतर्फ पनि ध्यान पुऱ्याउनु नै छ ।

(उ) **यो लेखनीको निष्कर्ष (Conclusion) चाहिं ?**

भनिन्छ, बिरुवा जुन दिनदेखि बढ्न छाड्छ नि, हो त्यहीबेलादेखि नै मर्ननि थाल्छ । संस्था सुसञ्चालनमा पनि त्यही प्राकृतिक नियम लागु हुने नै भयो । व्यवहारतः संस्था स्थापना गर्न जति कठिन छ, त्यसलाई कुशल व्यवस्थापनका साथ जीवन्तता दिन उतिनै सुझबुझको खाँचो पर्छ । समाज र संस्थाका पदाधिकारीबीच समन्वय गरी सबैजना जिम्मेवार हुन सक्नु नै पर्दछ, र न संस्था आज फुल्दोफल्दो अवस्थामा छ, लगातार समुदायको मन जित्दै र जनजनको मनमनमा स्थापित हुँदैपनि गइराखेकै छ । परिस्थिति र पात्र फेरिए होलान्, तर पनि संस्था आफ्नो उद्देश्यबाट बिचलित हुने कुरोनि रहेन । अनेकन समस्याका रूप र प्रकृति बदलिए होलान्, तर संस्थाले लिने दिशा र गतिमा बिचलन आउने कुनै गुन्जायस रहन्न । हामीलाई सदा प्रेरणा-हौसलाको लागि २२ बर्षसम्म यावत राप र तापले निखारिएको सेवामूलक भाषिक संस्था 'दुकिराफ' र उर्जाशील एवं सचेत दुमी समाज छन्, तब हामी विचलित भएर बीचैमा कतै भाग्न नै किन पर्‍यो र ! हाम्रा पितृहरूको आशीर्वाद नटुटेसम्म र उल्लेखित किरात मनोविज्ञानको बाटो नबिटुलिएसम्म यो नित्यकर्म युगयुगसम्मै निरन्तर चलिरहन्छ नै भन्नेमा सिङ्गो दुमी वंशको मनोकाङ्क्षा पनि रहिआएकै छ ।

कुनै ताका 'दुमी राई भन्ने पनि कुनै वंश हुन्छ र !' भनेर हामीलाई ठाडै सोधिंदा कता कता चसक्क दुख्थ्यो, भावनामा ठेस लागेको महसुस हुन्थ्यो, र भित्रभित्रै कुँडिन्थ्यो हाम्रो मन । आज संस्था स्थापनाको दुई दशकमा आस्थावान दुमी सन्ततिहरू एकतृत हुनेक्रम बढ्दो छ । घरैको संस्थामा स्वस्फूर्त आबद्धता जनाउनलाई आतुर छन् मनकारी दुमी मनहरू । संस्थाको सदस्यता लिएर, इसीलीममा नियमित लेख-रचना पठाएर, कोष संचयमा आफ्नो नाम दर्ज गरेर, आवश्यक परामर्श/राय-सल्लाह/संरक्षण दिएर वा अन्य कुन माध्यमले आफूले संस्थामा के गरी योगदान पुऱ्याउन सकिएला भनेर चौतर्फी जागरुक बन्दै र सोधीखोजी गर्दैछन् दानवीर दुमीजन । यस मानेमा हामी सिङ्गो दुमी वंशले 'आफूसँग जे जति छन्, भएकोमा गर्व गर्न सक्नु पर्छ, नकि गएकोमा खातिर गरिबस्ने' भन्ने मानसिक दरिद्रताको सङ्कुचित घेरालाई तोडिनाघ्न सकेको प्रतित हुन्छ नै ।

अन्ततः संस्था र समुदायबीच सुस्पष्ट विचारका साथ विश्वासको वातावरण र समान एवं सुस्पष्ट व्यवहारको अनुभूति हुनु नै पर्दछ, जबकि एकाध परिघटनालाई छोडेर 'ढुङ्गाभर माटो, माटोभर ढुङ्गा' को परिणतिले नै दुमी वंशको व्यापकता र 'दुकिराफ' संस्थाको सार्थकता खुल्दै पनि गएको छ । यसर्थ हाम्रा साझा चिन्तन-मननको सारलाई संस्थाको माध्यमबाट सदा यसरी पस्की आएकै पनि छौं, *'सानुवा चाम्सो तोइसीक्की : नुमुलु लम्सो प्रोइसीक्ती'* (अज्ञानतामा रुमलियौं, सचेत भई अघि बढौं ।), अलनु ! ।।नीरी (समाप्त ।)।। ❑

## इसीलीमपो तुम् (इसीलीमको भनाइ)

इसीलीम २०५६ थोबीका लान्हन्पोम गोता। तामघरीबी हीतो हीती-खोती मुसो ताम खीस्सी लाना बान्पोम् गोता । सक्थो यपाका ताम खीस्सी २१-२२ खे सेन्सी (थुल, साप्तेल, सुलाम) बी लन्चीम गोता । हीतोङा नुसानुवाआ दोक्सोकायो आखे मुना माचाम्पोनोम यो गोता ।

दुमीरदुचुआ छेमछेमआ कोक्कोक्सी आसीङपो यो गोता । दुमी पाखालायो मोदुङा ललुखाकायो सीङलम्सा मुहुत्नीम्ङा गोता । माम्आ इसीलीमपो तुतुहेम लाम्थीसीबी सोगुरमुक्साङा छुकु । लाम्लु गोभाल छीरीयाम्लोबी लान्थन्पोम्बी आतेम्बी धीरीयाम्लो लाम्लुङा लान्पोम गोता ।

मो छुक्नाबी खत्लबीका दुमो तेयोम कोभिड-१९ पो तुम ङा छुक्पाचु । खोयो इसीलीम खीस्सी २३ हुक्सा छीरीयाम्लोबीङा लाना चाप्तीये आक्सा लम गोता । ताम खीस्सीबी दुकिराफ छैटौं महाधिवेशनपो तुमकायो लान्पोम गोता । इसीलीम लास्सीबी बुलुताम्सी फ्लक्सा भाराबी अलनु आक्ता ।

नुमुलु सर्सा भारापो सोगुर्सीआ छोतेङा साम्फार्सो यो खुचीम गोता । तेसोकाङा भारा दुमीरदुचुपो नुमुलु सर्सो खनु आक्सा नुगोबीयो लम गोता। हीयोयो इसीलीम मीम्हक्सा भाराचुबी फन्सीकीम मन इसीलीम कीमनाम अलनु ङा आक्ता । हुक्सा सुलाम दुवाबी यो तेसोका ङा फ्लमुसो खक्ती आक्सा लम्गोता । ताम सुलाम-दुवाबी सुप्तुलु का युङ्खुलु कायो पाछु फीक्ता ।

अलनु ।

-चुरीसु

### भावार्थ (नेपाली अनुवाद)

इसीलीम प्रकाशन ०५६ सालदेखि जारी छ । यसबीचमा अनेक आरोह-अवरोह पार गर्दै यस अङ्क प्रस्तुत गर्न लागेका छौं । दुईवर्षपछि यो २१-२२ अंक फरक विशेषता (थुल, साप्तेल, सुलाम) सहित आएको छ । अनेक प्रयास गरिआएको भएतापनि अवश्य नै भनेझैं गर्न नसकिएको पनि पक्कै हो ।

दुमीजनले बेलाबेलामा मनज्ञानले देखेका कुराहरू सचेतापूर्वक हामीलाई सोध्ने गरिआऐका पनि छन् । गैरदुमीजनबाट पनि त्यतिनै मायागरी सोधिखोजी गरिने राख्नु भएको छ । जस्लेगर्दा इसीलीमको सह-यात्रामा हौसला बढाउने नै भयो । पहिलेतिर सरद ऋतुमा निकाल्दै गरेकोमा यसवर्ष बसन्त ऋतुको पूर्वसन्ध्यामै निकालेका छौं ।

त्यसो हुनुमा मुख्य कारक तत्वको रूपमा हालको कोभिड-१९ को प्रकोप नै रह्यो । तैपनि अंक २३ यथासक्य आउँदो सरद ऋतुमा नै निकाल्न सकिन्छकि भन्ने लागेको छ । यस अङ्कमा दुकिराफ छैटौं महाधिवेशनको सन्दर्भसहित निकालेका छौं । इसीलीम प्रकाशनमा आर्थिक सहयोग गर्नुहुने सबैप्रति कृतज्ञ छौं । जिज्ञासुजन सबैको हौसलाले हामीमा अनन्त उत्साह पनि बढ्दै गएको छ ।

यसरी नै सबै दुमीजनको चेतनास्तर वृदि हुँदै पनि जावोस् भन्ने लागेको छ । हरबखत इसीलीमलाई सम्झिरहनुहुने सबजनामा फन्सीकीम तथा इसीलीम परिवार आभारी रहनेछ । आगामी अभियानमा पनि यसरी नै साथ सहयोग रहने आशा जागेको छ । यस यात्रामा पितृ र प्रकृतिसँग आत्मबल माग्छौं ।

धन्यवाद ।

-सम्पादक




## किरातहरूको महान् चाड तोसी/साकेला सीली

किरात यले थो ५०८१ को पावन अवसरमा सम्पूर्ण आफन्तजन, इष्टमित्र, वात्तोछारीमा सुप्तुलु, युङ्खुलु, दुङ्कुलु एवम् सुम्निमा पारुहाङले सबैको रक्षा गरुन् ।

ईश्वरमान हलक्सु दुमी राई/
डम्बर कुमारी खालिङ राई
तथा सपरिवार
ऐसेलुखर्क गा.पा.-७, माकीपा, नोरोदेल ।

डा. नेत्रमणि दुमी राई/
सरिता कोयी राई
तथा सपरिवार
ऐसेलुखर्क गा.पा.-७, नोरोदेल ।

कुमारसिंह हलक्सु दुमी राई/
रविका थुलुङ राई
तथा सपरिवार
ऐसेलुखर्क गा.पा.-७, माकीपा, नोरोदेल ।

विष्णुकुमार चाम्लिङ राई/
हर्कशोभा दुमी राई
तथा सपरिवार
बैकुण्ठे भोजपुर ।

कीर्ति कुमार हलक्सु दुमी राई
तथा सपरिवार
ऐसेलुखर्क गा.पा.-७, नोरोदेल ।

सहजीत हजुरचु दुमी राई/
लक्ष्मी वलक्पा दुमी राई
तथा सपरिवार
ऐसेलुखर्क गा.पा.-७, इलीम ।

गुणराज हजुरचु दुमी राई/
सुशीला निरौला
तथा सपरिवार
ऐसेलुखर्क गा.पा.-७, इलीम ।

सूर्य बिक्रम हजुरचु दुमी राई/
रूपा छाचुङ दुमी राई
तथा सपरिवार
ऐसेलुखर्क गा.पा.-७, इलीम ।

# किरातहरूको महान् चाड

# साकेला सीली

किरात यले थो ५०८१ को पावन अवसरमा सम्पूर्ण आफन्तजन, इष्टमित्र, वात्तोछारीमा सुप्तुलु, युङ्खुलु, दुङ्कुलु एवम् सुम्निमा पारुहाङले सबैको रक्षा गरुन् ।



श्रीमती रत्नमाया साम्पाङ राई
तथा सपरिवार
महाराजगञ्ज, काठमाडौं



# किरातहरूको महान् चाड

# साकेला सीली

किरात यले थो ५०८१ को पावन अवसरमा सम्पूर्ण आफन्तजन, इष्टमित्र, वात्तोछारीमा सुप्तुलु, युङ्खुलु, दुङ्कुलु एवम् सुम्निमा पारुहाङले सबैको रक्षा गरुन् ।



डा. निर्मला दुमी राई/
डा. गौतम बान्तावा राई
तथा सपरिवार
महाराजगञ्ज, काठमाडौं